# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक **बालसाहित्यकार प्रमोद प्रधानका बालकविता कृतिहरूको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

प्रमोद प्रधानको जन्म वि.सं. २०१५ साल आश्विन महिनामा नेपालको प्रसिद्ध सहर विराटनगरमा भएको हो । विद्यार्थी जीवनदेखि नै साहित्यरचना गर्ने प्रमोद प्रधानको साहित्यिक यात्रा वि.सं. २०२९ मा नयाँ सन्देश साप्ताहिक समाचार पत्रमा पहिलोपटक 'एक टुक्रा' कविताबाट प्रारम्भ भएको पाइन्छ । साहित्यका विभिन्न विधामा कलम चलाउने प्रधानको लेखन र प्रकाशनको थालनी कविता विधाबाट भएको पाइन्छ । लेखनको थालनी वि.सं. २०२५ बाट भए पनि औपचारिक साहित्यिक यात्रा वि.सं. २०२९ बाट मात्रै भएको पाइन्छ । उनका कवितामा व्यक्ति जीवनका र सामाजिक जीवनका समस्याहरू देखाइएको छ । सरल एवं सुबोध शैलीमा अनुभूतिको कोमल अभिव्यक्ति दिदै उनले बालसाहित्यको क्षेत्रमा निकै उत्कृष्ट खुराकहरू दिएका छन् । प्रमोद प्रधानको बालसाहित्यकार व्यक्तित्व पनि प्रखर रहेको छ । बालसाहित्य तर्फ वि.सं. २०३५ सालदेखि रुचि देखाएको पाइन्छ । सुरुमा उनको 'नेपाली बालसाहित्य: विकासको धारा' शीर्षकको लेख रूपरेखामा छापिएको थियो भने वि.सं. २०४७ देखि बालकविता छापिन थालेको पाइन्छ । बालसाहित्यकार प्रमोद प्रधानको पहिलो बालकविताकृति **कान समात, कान** (वि.सं. २०५३) मा प्रकाशित भएको देखिन्छ । त्यस्तै गरी उनका अन्य प्रकाशित बालकविता कृतिहरूमा **सधैँभरि लुकामारी**

(२०६२), **कानाकाना कुर्र** (२०६२), **च्याइँ-च्याइँ सारङ्गी** (२०६६) र **मेरो साथी खोई** (२०६६) रहेका छन् ।

## १.४ समस्याकथन

गुणात्मक रूपमा उच्च मूल्य भएका बालसाहित्यकार प्रमोद प्रधानका बालकविता कृतिहरूको अध्ययन गर्दा आइपर्ने समस्याहरू नै मूल समस्याका रूपमा देखापर्ने हुनाले तिनै समस्याहरूलाई विशिष्टीकरणका रूपमा निम्नलिखित समस्याहरूमा समेटिएको छः

क) बालसाहित्यकार प्रमोद प्रधानको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

ख) बालसाहित्यको सिद्धान्त र नेपाली बालकविता कृतिहरूको ऐतिहासिकता के कस्तो छ ?

ग) बालसाहित्यकार प्रमोद प्रधानको बालकविता कृतिहरू के कस्ता रहेका छन् ?

घ) प्रमोद प्रधानको बालकविता कृतिहरूका प्राप्ति के कस्ता छन् ?

## १.५ शोधको उद्देश्य

शोधकार्यको क्रममा देखापरेका विभिन्न समस्याहरूका समाधान गर्न निम्नलिखित उद्देश्यहरू राखिएको छः

क) प्रमोद प्रधानको जीवनी र व्यक्तित्वका पाटाहरूको अध्ययन गर्नु,

ख) बालसाहित्यको सिद्धान्त र नेपाली बालकविताकृतिहरूको ऐतिहासिकताको निरूपण गर्नु,

ग) प्रमोद प्रधानका बालकविता कृतिहरूको अध्ययन गर्नु,

घ) प्रमोद प्रधान र उनका बालकविता कृतिहरूको प्राप्तिहरूको निर्क्योल गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली बालसाहित्यमा अविस्मरणीय योगदान पुऱ्याउने प्रमोद प्रधानको केही चर्चा -परिचर्चा हुँदाहुँदै पनि पूर्ण रूपमा चर्चा हुन नसकेका व्यक्तित्व हुन् । नेपाली बालसाहित्यको श्रीवृद्धिका लागि आफ्नो आधा जीवन खर्चिसकेका बालस्रष्टा प्रधानका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा जानकारी गराउँदै बालसाहित्यमा उनले पुऱ्याएको योगदानका बारेमा पनि चर्चा गरेको पाइन्छ । यिनका बालकविता कृतिहरूको विश्लेषण र मूल्याङ्कन पूर्ण रूपमा हुन सकेको पाइँदैन । यसै क्रममा प्रमोद प्रधानका बारेमा भएका चिनारी र कृतिहरूको अध्ययन यस प्रकार छः

१. युवराज नयाँघरेले **बालबालिकालाई कोसेली कान समात् कान** शीर्षकको लेख वि.सं. २०५३ भाद्र १७ को जनभावना साप्ताहिकमा प्रकाशित गरेका छन् । उनले यस लेखमा कवि प्रधानका बारेमा यसो भनेका छन्: 'प्रमोद प्रधान नेपाली साहित्यको कविता समालोचना विधामा सिर्जनशील नाम हो । सद्यः यिनी कान समात् कान लिएर बालकविता लेखनमा देखा परेका छन् । प्रधानका यी कविता अपेक्षाकृत बालमनोभावअनुसार बग्न सकेका छैनन् । कविताहरू शिक्षाप्रद छन् । साथै बालबालिकालाई सिर्जनशील हुन प्रेरित गर्ने खालका छन् ।'

२. वि.सं २०५३ कार्तिक ३ गतेको गोरखापत्रमा कृष्णराज खनालले **कान समात कान** शीर्षक समालेचकीय लेखमा प्रमोद प्रधान बालबालिकाका भावना, मर्म, चाहना र मनोविज्ञान बुझेर साहित्य सिर्जना गर्ने स्रष्टा हुन्' भनेका छन् ।

३. वि.सं. २०५४ को मिर्मिरे मासिक (वर्ष २५, अङ्क-११, पूर्णाङ्क १३८, फागुन) मा ध्रुब मधिकर्मीले **कान समात् कान को कृति परिक्रमा** शीर्षक लेख प्रकाशित गरेका छन् । यस लेखमा ध्रुव मधिकर्मी भन्छन्: 'कान समात् कानमा कवि प्रधानले बालबालिकाहरूको स्वभाव र जिज्ञासालाई ध्यानमा राखेर कविता रचना गरेका छन् । यी कविताहरू साना साना नानीहरूकै वरपर भेटिने

विषयहरूलाई समेटेर बालमनोभाव व्यक्तिने गरी सरल ढङ्गले लेखिएका छन् । यसै कारणले कवि प्रधान बालबालिकाका प्रिय बन्न सकेका छन् ।'

४. बालसाहित्य प्रवर्द्धन केन्दद्वारा प्रकाशित **बालसाहित्य पुस्तक सूची** (२०५८) को (पृ.५) मा 'कान समात् कान' कवितासङ्ग्रहबारे यसो भनिएको छ: 'कान समात् कान सरल बालकविताहरूको रोचक सङ्ग्रह हो । प्रकृति जीवजन्तु, बालक्रीडा आदि विषयतिर ध्यान दिएका छन् । कविता लयात्मक शैलीले गर्दा बालबालिकाहरूलाई वाचन गर्न सजिलो र मिठास बनेको छ ।'

५. त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, विराटनगर क्याम्पसका नेपाली शिक्षण विभागका शोधार्थी रुक्मिणा खनालले वि.सं. २०६१ मा **कवि प्रमोद प्रधानका कविताको अध्ययन** शीर्षकको शोधकार्य गरेकी छन् । उनले यस शोधमा कवि प्रधानका कविताहरूलाई विश्लेषण गरी उनको योगदान र मूल्याङ्कनको निरूपण गरेकी छन् । उनले प्रधानका कवितामा मानव मनका कथाव्यथा, विवशता, विषमता, राष्ट्रप्रेम र समाजका समस्या देखाइएको छ भनेकी छन् ।

६. वि.सं. २०६१ (दो.सं.) सालमा प्रकाशित **नेपाली बालसाहित्यको इतिहास** नामक विश्लेषणात्मक ग्रन्थको भूमिकामा चूडामणि बन्धु भन्छन्: 'नेपाली बालसाहित्यको ऐतिहासिक विवेचना गरिएको यो पुस्तक सबैको प्यारो छ र हुनु पनि पर्छ । नेपाली साहित्यमा परिचित लेखक प्रमोद प्रधानको यो विवेचनात्मक इतिहास नेपाली बालसाहित्यका शिक्षक, अन्वेषक, विद्यार्थी सबैका लागि आधार ग्रन्थ बन्नेछ भन्ने कुरामा कुनै शङ्का छैन ।' चूडामणि बन्धुले यो विश्लेषणात्मक ग्रन्थलाई ऐतिहासिक महत्त्वपूर्ण ग्रन्थ हो भनी यसको मूल्य निरूपण गरिदिएका छन् ।

७. वि.सं २०६२ सालको **सधैँभरि लुकामारी** नामक बालकवितासङ्ग्रहको प्रकाशनका क्रममा राष्ट्रकवि माधव घिमिरेले प्रमोद प्रधानका बालगीत, बालकविताका बारेमा आफ्ना विचार प्रस्तुत गरेका छन् । राष्ट्रकवि घिमिरेले प्रधानका 'यी बालकविता/बालगीत साना-साना नानीहरू जस्तै आकारमा छोटा

र भावमा मीठा, यी गीतहरू भाका, भाषा र भावका दृष्टिले बालबालिका सुहाउँदा छन्' भनेका छन् ।

८. वि.सं. २०६२ पुस १ को कान्तिपुर कोपिलामा उषा पराजुलीले **कानाकानाकुर्र** शीर्षक समालोचकीय लेखमा यसमा सङ्ग्रहित २० वटा कविताको विश्लेषण गर्दै 'प्रमोद प्रधानका कविताको विषवस्तु र प्रस्तुति बोधयुक्त छन् । कविताह शिक्षाप्रद र सन्देशमूलक छन् । बालमनोविज्ञानलाई बुझेर कविता सिर्जना गर्ने कविहरू मध्ये प्रधान पनि एक हुन्' भनेकी छन् ।

९. वि.सं. २०६३ मंसिर २२ गतेको कान्तिपुर दैनिक र कोपिला पत्रिकामा छोटा मीठा कविताको सँगालो भनी उनका बालसाहित्यिक कृतिहरूको सङ्क्षिप्त परिचय दिदैं लेख प्रकाशित भएको छ ।

१०. वि.सं. २०६४ सालको 'जनभावना' साप्ताहिक (वर्ष २६, अङ्क-१४ पत्रिकामा रामेश्वर राउत मातृदासले **बालसाहित्यमा प्रमोद प्रधानको योगदान** शीर्षक लेखमा प्रधानले बालसाहित्यमा पुऱ्याएको योगदानका बारेमा चर्चा गरेका छन् । 'बालसाहित्यकार प्रमोद प्रधान महान निष्ठावान र लगनशील साहित्यकार हुन् । बालसुलभ भाषा शैलीमा साहित्य रचना गर्ने हुनाले उनका कृतिहरू बालउपयोगी छन् । उनमा प्रकृतिलाई मानवीकृत गर्ने खुबी छ प्रधानका कविताबाट बालबालिकाले ज्ञान, सन्देश पाउनुका साथै सृजनशील हुने प्रेरणा पाउन सक्छन् । साहित्यकार प्रमोद प्रधानको सिर्जनात्मक यात्रा राष्ट्र र समाजलाई सकारात्मक फाँटमा फैलाउने मार्गमा उन्मुख रहेका छन् । नेपाली बालसाहित्यको भण्डारमा प्रधानको योगदान उच्च रहेको छ भनेका छन् ।'

११. वि.सं. २०६४ मा आर. एम. डङ्गोलले बाल-इन्द्रेणी मासिक पत्रिकामा गुन्गुनाउदैं खेल खेल्न मिल्ने कविताहरू **कानाकाना कुर्र** शीर्षकको लेखमा 'प्रमोद प्रधानको प्रकृतिका विविध रूप र रङ्ग हाम्रो वरिपरिको भौगोलिक स्वरूप चराचुरुङ्गी र जीवजन्तुका बारेमा बालबलिकाहरूलाई धेरै ज्ञान दिलाई

सिर्जनशील हुन प्रेरित गर्ने खालका कविताहरू यसमा सङ्ग्रहित गर्नुभएको छ' भनेका छन् ।

१२. वि.सं २०६४ मा प्रकाशित **नेपाली बालसाहित्यकार कोश** को (पृ. ५१) मा रामचन्द्र लम्साल र अच्युतशरण अर्यालले प्रमोद प्रधानलाई नेपाली साहित्यमा छुट्टै पहिचान भएको व्यक्तित्वको रूपमा चिनाएका छन् । नेपाली भाषा र साहित्य, नेपाली बालसाहित्य र समीक्षा साथै खोज अनुसन्धानमा समर्पित अग्रणी प्रतिभाका रूपमा प्रधानलाई चिनाएका छन् ।

१३. राज पाखेले 'सधैँभरि लुकामारीको परिक्रमा' शीर्षकको लेख वि.सं. २०६५ साल जेठ महिनाको मुना मासिक पत्रिकामा समालोचकीय लेख प्रकाशित गरेका छन् । राज पाखेले उक्त लेखमा सहज भाषा, सरल भाका र मिठासले भरिएका विभिन्न गीतमा बालबालिकाको मन जित्न सक्ने जादु छ साथै समृद्ध मुखियाको कलाले सुनमा सुगन्ध थपिएको छ' भनेका छन् ।

१४. मार्टिन चौतारी पब्लिकेशन काठमाडौँबाट प्रकाशित ग्रन्थ **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५) को भूमिकामा विश्वम्भर चञ्चलले प्रधानका बारेमा यसो भन्छन्: 'पत्रकारिताका क्षेत्रमा लगनशील भई लागिपरेका प्रधानले नेपाली बालसाहित्यलाई कर्म थलो बनाएका छन् । नेपाली बालसाहित्यमा 'नेपाली बालसाहित्यको इतिहास लेखेर चर्चामा आएका प्रधान अझै नेपाली अनुसन्धानका क्षेत्रमा बिर्सन नसकिने गुन लगाएका छन् । साथै यस पुस्तकले प्रमोद प्रधानको आफ्नो क्षेत्र र कर्तव्य प्रतिको मोह, त्याग र मिहिनेत स्पष्ट देखिन्छ । आजको भौतिकवादी युगमा विना कुनै लोभ र पारिश्रमिकले करिव १, २८० पुस्तकको बारेमा यसरी खोजीनीति र अनुसन्धान गरी यस्तो मूल्यवान् पुस्तक निकाल्ने साहस र मिहिनेत कसैले गर्छ भने त्यो व्यक्ति प्रधान जस्तै महान कहलिन्छ ।'

यसरी केही व्यक्ति तथा समालोचकहरूले विभिन्न पत्रपत्रिकाहरू र पुस्तकमा प्रमोद प्रधानका बाल कृतिहरूको सामान्य परिचय दिए पनि विस्तृत अध्ययन हुन सकेको छैन् । उनका बालकृतिहरूका बारेमा गरेका अध्ययन केवल सतही मात्र

भएकाले समग्र बाल साहित्यिक कृतिहरूको अध्ययन अपूरो नै रहेको छ । त्यसकारण यिनै अधुरो अध्ययनलाई केही पूरा गर्ने उद्देश्यले उनका बालकविता कृतिहरूको अध्ययन यस शोधपत्रमा गरिएको छ । यस शोधपत्रमा बालसाहित्यकार प्रमोद प्रधानका बालकविता कृतिहरूको समग्र विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

नेपाली बालसाहित्यको श्रीवृद्धिमा निरन्तर लागिपरेका प्रमोद प्रधानका साहित्यिक व्यक्तित्वका साथै बालकविता कृतिहरूको विवेचना र विश्लेषण गर्ने प्रयास गरिएको छ । उनका बालकविता कृतिहरूको उचित सर्वेक्षण गर्दै प्रधानका बालकविता प्रवृत्तिहरू केलाउन खोजिएको छ । समग्रमा उनका जीवनका विविध पाटाहरूको सर्वेक्षण गर्दै बालसाहित्यमा उनले पुऱ्याएको योगदानको निरूपणमा यो शोधपत्र सीमित रहेको छ ।

## १.८ शोधकार्यको औचित्य

शोधकार्यको अध्ययनबाट प्रमोद प्रधानलाई बालसाहित्यकारका रूपमा नेपाली बालसाहित्यमा चिनाउने प्रयास गरिएको छ । साथै उनको जीवनी व्यक्तित्वको अध्ययन गर्दै बाल कृतिहरूको अध्ययन तथा विश्लेषण गरिएको हुनाले भावी पुस्तालाई प्रधानले बालसाहित्यमा पुऱ्याएको योगदानका बारेमा यथार्थ एवम्, वस्तुगत जानकारी उपलब्ध भएको छ । यस शोधपत्रको अध्ययनबाट प्रधानका बालकविता कृतिका बारेमा जान्न चाहने जिज्ञासु पाठक वर्गलाई लाभ हुने खालका तथ्य प्रस्तुत गरिएको हुनाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व स्वतः देखिन्छ । नेपाली बालसाहित्यको ऐतिहासिक रूपरेखा र स्रष्टाका बारेमा जानकारी लिन यस शोधपत्रले सहयोग पुऱ्याउने छ । साथै प्रमोद प्रधानका बारेमा व्यक्तिगत तथा संस्थाले सुव्यवस्थित, प्रामाणिक रूपमा अध्ययन गर्न चाहेमा यस शोध कार्यले वैज्ञानिक तथ्यहरू थाहा पाउन सहयोग पुऱ्याउने भएकाले यस शोध कार्यको महत्व औचित्य पूर्ण रहेको छ ।

## १.९ शोध विधि

यस शोधपत्रमा सामग्री सङ्कलनका निम्ति प्राथमिक र द्वितीयक दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत सम्बन्धित शोधनायकसँगको अन्तर्वार्ता र सम्बन्धित कृतिहरू रहेका छन् ।

द्वितीयक स्रोतअन्तर्गत पुस्तकालय, पत्रपत्रिकाका टिप्पणी र शोध निर्देशकसँगको परामर्श आदिलाई ग्रहण गरिएको छ ।

## १.१० शोधको रूपरेखा

यस शोपत्रमा निम्न अनुसार अध्याय विभाजन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : प्रमोद प्रधानको जीवनी र व्यक्तित्वको अध्ययन

अध्याय तीनः बालसाहित्यको सैंद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको अध्ययन

अध्याय चार : प्रमोद प्रधानका बालकविता कृतिहरूको अध्ययन

अध्याय पाँच : प्रमोद प्रधानका बालकविता कृतिहरूको मूल्याङ्कन

अध्याय छ : उपसंहार

# अध्याय : दुई

# प्रमोद प्रधानको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१ परिचय

बहुमुखी व्यक्तित्वका धनी प्रमोद प्रधान नेपाली साहित्यमा परिचित नाम हो । वि. सं. २०२९ सालमा नयाँ सन्देश साप्ताहिक समाचार पत्रमा पहिलोपटक 'एक टुक्रा' कविता प्रकाशन गरेर नेपाली साहित्यमा देखा परेका हुन् । उनी विभिन्न संघ संस्थामा आबद्ध रहदैं साहित्य र पत्रकारिता क्षेत्रमा निरन्तर लागिपरेका छन् । प्रमोद प्रधानलाई कवि, समालोचक, निबन्धकार, बालसाहित्यकार र सम्पादकका रूपमा चिन्ने गरिन्छ । प्रमोद प्रधानको जन्म, शिक्षा दीक्षा, नोकरी जीवन र बहुआमिक व्यक्तित्वहरूलाई यस अध्यायमा निम्नलिखित बुँदाहरूमा अध्ययन गरिन्छ ।

### २.१.१ जन्म

प्रमोद प्रधानको जन्म वि. सं. २०१५ साल आश्विन महिना कृष्ण पक्ष शरद ऋतु तृतीय तिथि ५ घडी १३ पला भरूणी नक्षत्रमा बुधवारका दिन नेपालको प्रसिद्व सहर विराटनगरमा भएको हो ।[१] उनका बाल्यकाल कहिले विराटनगरमा र कहिले जनकपुरमा बितेका देखिन्छ । उनको बाल्यकाल स्नेहपूर्ण परिवेशमा बितेको कुरा प्रमोद प्रधान बाटै थाहा पाइन्छ । बाल्यअवस्था सबैको एकनासको हुदैंन । प्रमोद प्रधान बाल्यअवस्थामा सबैको प्रिय पात्रका थिए । परिवारको अथाह माया र उचित पालनको साथ बाल्यकाल बितेको थियो ।

### २.१.२ शिक्षादीक्षा

प्रमोद प्रधानका पिता जागिरे जीवन बिताएका र शिक्षाको महत्त्व बुझेका व्यक्ति थिए । आफूले म्याट्रिकसम्म मात्र पढे पनि छोराछोरी पढाउनुपर्छ भन्ने सोच राख्दथे । शिक्षाग्रहणका प्रेरणा प्रधानले आफ्नै बाबुबाट पाएको कुरा बताउँछन् । प्रमोद प्रधान सानैदेखि तीक्ष्ण वद्धि भएको र मेधावी भएकाले ४ वर्षको उमेरदेखि औपचारिक शिक्षा आरम्भ गराइयो । प्रमोदका बाबु जागिरे भएकाले एकै ठाउँमा उनको शिक्षा,

---

[१] प्रमोद प्रधानले उपलब्ध गराएको व्यक्तिगत विवरण अनुसार ।

दीक्षा हुन पाएन । प्रारम्भमा प्राथमिक शिक्षा विराटनगरबाट सुरू भएको थियो । विराटनगरकै महेन्द्र प्राथमिक विद्यालयमा कक्षा १ र २ पढेको पाइन्छ । बाबुको जागिर सरूवासगैं जनकपुर अञ्चलको महोत्तरी जिल्ला सदरमुकाममा जलेश्वरकै प्रा. वि.मा कक्षा ३, ४ र ५ पढेका थिए । उनले कक्षा ६ को अध्ययनको लागि लक्ष्मीनारायण चण्डी मुरारका उच्चाङ्गल विद्यालयमा भर्ना भएका थिए ।

कक्षा ६ को अध्ययनपछि आफ्नो बुबाको जनकपुर सरूवा भएकाले उनीहरू जनकपुर गएको र त्यही सरस्वती बहुउद्देश्यीय विद्यालयबाट कक्षा ७, ८ र ९ उत्तीर्ण गरेको पाइन्छ । जागिरे जीवनसँगै पुनः बावुको सरूवा विराटनगरमा भएपछि उनी विराटनगरको आदर्श बहुउद्देश्यीय विद्यालयबाटै वि. सं. २०२९ मा प्रथम श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् । त्यसबेला नेपाल अधिराज्यबाट जम्मा ६१ जना र मोरङबाट चार जना प्रथम श्रेणीमा उत्तीर्ण भएकामध्ये प्रधान एक थिए । प्रधानले एस. एल.सी परीक्षा उत्तीर्ण गरेपछि विराटनगरको पुरानो र परिचित मोरङ आर्दश बहुमुखी क्याम्पसबाट व्यवस्थापन सङ्कायमा वि. सं. २०३२ सालमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका हुन् ।  उनले २०३६ सलमा व्यवस्थापन सङ्काय अन्तर्गत नै स्नतक तह उत्तीर्ण गरे । यसरी प्रथम श्रेणीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका प्रधान वि. सं. २०४६ मा प्राइभेट परीक्षार्थीका रूपमा स्नातक उत्तीर्ण पछि अर्थशास्त्र विषयमा स्नातकोत्तर तहको अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयमा भर्ना भएको पाइन्छ । स्नातकोत्तर तहको प्रथम वर्षमै उक्त विषयमा अनुत्तीर्ण भएको कारणले अर्थशास्त्रको पढाइ छाड्न पुगे । वि. सं. २०४७ मा पुनः नेपाली विषयमा भर्ना भए । जागिरे जीवनको व्यस्तता र विभिन्न सामाजिक संघ- संस्थामा आबद्ध भएकाले पढाइमा सोचे अनुरूप सफल हुन नसकिने बुझ्ेपछि स्नातकोत्तर तहको अध्ययन बीचैमा अघुरो रहेको बुझिन्छ ।[२]

स्नातकोत्तर तहको अध्यन अर्थशास्त्र र नेपालीमा पूरा हुन नसकेका कारण औपचारिक अध्ययन स्नातक उत्तीर्णमै सीमित रहेको पाइन्छ ।

[२] रूक्मिणा खनाल 'कवि प्रमोद प्रधानका कविताको अध्ययन' (अप्रकाशित शोधपत्र स्नातकोत्तर क्याम्पस, विराटनगर, २०६१) पृ.७

### २.१.३ दाम्पत्य जीवन

जैविक आवश्यकता र मानवीय आवश्यकता तथा कर्तव्य पूरा गर्नका लागि मानवलाई वैवाहिक जीवनको ठूलो महत्त्व देखिन्छ । मानव जीवनको विभिन्न संस्कारहरूमध्ये सबैभन्दा ठूलो संस्कार वैवाहिक संस्कार हो । प्रमोद प्रधानको विवाह वि. सं. २०४५ फागुन ४ गते सगरमाथा अञ्चल, सप्तरी जिल्लामा पर्ने कञ्चनपुर गा.वि. सं. निवासी फणीन्द्रकुमार श्रेष्ठ र श्रीमती भगवती श्रेष्ठकी माइँली छोरी ब्युटी श्रेष्ठसँग सामाजिक परम्परा अनुरूप भएको पाइन्छ । यी दुवै जोडी बीच विवाह अगाडि नै प्रसिद्व कथाकार देवकुमारी थापाले परिचय गराइदिएकी थिइन् । प्रधानकी श्रीमती पेशाले शिक्षिकाको रूपमा हाल बालनिम्न माध्यमिक विद्यालय रानीमा कार्यरत छिन् । विवाहपश्चात करिब एक वर्षपछि वि. सं.२०४६ साल पौष महिना ११ गते मङ्गलबारका दिन पहिलो पुत्रीरत्नको रूपमा सृष्टि प्रधानको जन्म भएको पाइन्छ ।[३] प्रधान साहित्यकार भएकाले छोरीको नाम सृष्टि राखेको बताँउछन् । सानो परिवार र सुखी परिवार भन्ने भनाइलाई चरितार्थ गर्दै दुई आमा बावु र एक छोरीको परिवारमा प्रधानले आफ्नो जीवनयात्रा सफल रूपमा गरिरहेका छन् ।

### २.१.४ आर्थिक अवस्था

प्रमोद प्रधान आर्थिक अवस्थाको हिसाबले मध्यम परिवारमा जन्मिएका थिए । प्रधानको परिवारको पुर्ख्यौली थलो भक्तपुरको ठिमीमा पुर्ख्यौली घर रहेको छ । तत्कालीन राणाकालीन परिवेश थिचोमिचोको समस्या आदिका कारण उनका हजुरबुबा पुर्ख्यौली घर छाडी सिक्किमको रिनाकँ पुगेको पाइन्छ । प्रधानको पुर्ख्यौली घर अहिले पनि छँदैछ । तर अहिले त्यहाँ को छन् कस्को जिम्मामा छ केही थाहा नभएको र वुबाको दाजुभाइ कसैले खोजी नगरेको र नाति पुस्ताले पनि नखोजेको कुरा प्रधान बताउँछन् ।

रिनाकँमा गएपछि प्रधानका हजुरबुबाले घर बनाएको तथा सो घरमा प्रधानका माइँलाबुबा हरिकुमार प्रधान बस्दै आएकोमा उनका एक मात्र सन्तान छोरीको

---

[३] ऐजन, पृ. ८

असामयिक निधन पश्चात माइली आमाको माइतीपट्टिको जिम्मामा रहेका प्रधान बताउँछन । वास्तवमा प्रधानको परिवार मध्यवर्गीय परिवार हो । आफ्नै मिहिनेतमा बाँच्ने, सके बचत गर्ने र थोरै सम्पत्तिमा रमाउने खालका देखिन्छन् ।

त्यसपछि प्रंधानको बुबा २००६ सालदेखि विराटनगरमा आएर २००७ सालको जनक्रान्तिमा सहभागी भएका र २००६ सालदेखि २०४३ सालसम्म निरन्तर जागिरे जीवन विताएका थिए । वि. सं. २००७ सालको जनक्रान्तिमा महत्त्वपूर्ण सहभागी भए बापत् प्रधानका बुबाले तत्कालीन सरकारबाट सुनसरी जिल्लाको तरहरामा राजनीतिक पीडितको नाममा छ विघा जग्गा पाउनु भएको थियो र त्यो जग्गा त्यहाँको कृषि फार्मले अतिक्रमण गर्न थालेपछि २०३१ सालतिर बिक्री गरेको कुरा प्रधान बताउँछन् ।

घडेरीको रूपमा विराटनगरको जहदामा छ कट्ठा रहेकोमा छिमेकीहरूले अतिक्रमण गरेकाले बेच्ने बेलामा करिव चार कट्ठा हुनपुगेको र सो घडेरी बेचेर २०३२ सालतिर विराटनगर, वडा नं १२ बरगाछी चोक उत्तरमा चार कट्ठा जग्गा किनी चार कोठे घर बनाई २०३२ देखि २०४९ सालसम्म सोही घरमा सबैको वसोवास रहेको कुरा प्रधान बताउँछन् । पछि सो घर जग्गा बिक्री गरी विराटनगर, वडा नं १३ बंगलामुखी मन्दिरको पूर्व - दक्षिणतिर पन्ध्र आना जग्गामा रहेको चारकोठे एकतले घर बुबाले किनेको थिए तर त्यसबेला प्रमोद प्रधान भने जनपथ टोलमा कार्यालयले उपलब्ध गराएको आवासमा वस्थे । मूलघर अहिले पनि त्यही छ । प्रधानको दाजुभाइ आ-आफ्नै रोजगारीमा रहेका छन् । प्रधानका दाजु दिलीपकुमार प्रधान काठमाडौं बसून्धारामा घर वनाएर बसेका छन भने प्रधानले विराटनगर, वडा नं १६ महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको उत्तरतिर घर बनाएका छन् । प्रधान वि. सं. २०३५ सालदेखि राष्ट्रिय समाचार समितिमा निरन्तर कार्यरत छन भने उनकी श्रीमती निरन्तर शिक्षिकाको रूपमा कार्यरत छिन । श्रीमती ट्युसन पढाउँछिन । प्रधान पत्रकारको प्रशिक्षकका रूपमा काम गर्छन, यसबाहेक लेखन, पुस्तक रोयल्टी, पुरस्कारको रकम बिदेश भ्रमणबाट आएका रकम जोडेर त्यसका साथै मिहिनेत

सक्रियता र खर्च कम गर्ने प्रवृत्तिले गर्दा घर व्यवहारलाई आर्थिक रूपमा सबल बनाएका छन् ।[४]

## २.१.५ नोकरीमा प्रवेश

हरेक मानिस आफ्नो जीवन गुजार्नको निम्ति कुनै एउटा कर्ममा लाग्नुपर्छ । यदि जीवन निर्वाहको बाटो समात्न सकिएन भने जीवन सहज नभई कष्टमय बन्ने गर्दछ । त्यही जीवन निर्वाहकै क्रममा प्रधान विभिन्न पेशा र सेवामा संलग्न रहेको देखिन्छ ।

### २.१.५.१ सरकारी सेवा

प्रमोद प्रधानले आफ्नो जीवनको धेरै समय सरकारी सेवामा विताएको देखिन्छ । उनी वि. सं. २०३२ आश्विन ८ गते देखि जुट विकास तथा व्यापार संस्थानमा नायव लेखा सहायक (चौथो तह) पदमा करिब छ महिना कार्यरत रहे । सो कामबाट अवकाश पाएपछि उनी स्नातक तहको अध्ययनको लागि बीचमा जागिर खाएनन् । त्यसपछि उनले वि. सं. २०३५ साल भाद्रदेखि राष्ट्रिय समाचार समिति पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरमा पाँचौ तहको कार्यालय सहायक पदमा दैनिक ज्यालादारीमा वि. सं. २०३५ चैत्र सम्म काम गरेको देखिन्छ । वि. सं. २०३६ वैशाखदेखि असोजसम्म सोही कार्यालयमा अस्थायी रूपमा काम गरेपछि उनी सोही वर्षको कार्त्तिकदेखि स्थायी नियुक्ति पाएको देखिन्छ । वि. सं. २०३६ कार्तिक १ देखि पाचौँ तहको सहायक अञ्चल समाचार दाताकोरूपमा स्थायी नियुक्ति पाएपछि वि. सं. २०४० भाद्रं ९ गते सम्म सो पदमा कार्यरत रहे भने त्यसपछि उनी छैंटौ तहको सहायक सम्पादक पदमा वि. सं. २०४० भाद्र १० गते देखि २०४० कार्तिक १६ सम्म कार्यरत रहे । सातौँ सह-सम्पादक पदमा वि. सं. २०४८ कार्तिक १७ गते देखि कार्यरत रहेका उनी त्यसपछि सरूवा भई एक वर्ष केन्द्रीय कार्यालय काठमाडौंमा कार्यरत रहे । वि. सं. २०५३ असार १ गते देखि आठौँ तहमा बढुवा भए र वि. सं. २०५७ मंसिर २५ गते नवौँ तहमा बढुवा भएको देखिन्छ । त्यसैगरी उनी वि. सं. २०५१ देखि २०६० सम्मको

---

[४] प्रमोद प्रधानसँगको कुराकानीका आधारमा ।

अवधिमा राष्ट्रिय समाचार समितिको पूर्वाञ्चल क्षेत्रीय प्रमुख र पश्चिमाञ्चल क्षेत्रीय प्रमुखका रूपमा काम गर्नुका साथै चन्द्रगढी र काठमाडौँमा वसेर पनि सेवा पुऱ्याएको देखिन्छ । यस अवधिमा उनले वि. सं. २०५५ भाद्रदेखि २०५६ को फागुनसम्म राष्ट्रिय समाचार समितिको संचालक समितिको सदस्य भई काम गर्ने अवसर प्राप्त गरेका थिए । उनी राष्ट्रिय समाचार समितिको संचालक समितिको सदस्य पदमा वि. सं. २०६० मंसिर १६ गते पुनः नियुक्ति भएका छन् ।[५]

प्रमोद प्रधान वि. सं. २०३२ देखि २०४६ सालसम्मको ३६ वर्षको जागिरेकालमा नेपालको विभिन्न क्षेत्रको भ्रमण तथा अनुभव सँगाली सकेका छन् । आफ्नो जागिरमा पदोन्नति हुदैं समाचार समितिको नवौं तहको नेपाली डेस्क प्रमुखका पदसम्म पुगेका छन् र यसरी आफ्नो जीवनको अधिकांश समय जागिरमा विताइरहेको प्रधानको मुख्य पेशा जागिर हो भन्नु तथ्यपूर्ण ठहर्छ ।

### २.१.५.२ अन्य सेवा

प्रमोद प्रधानको मुख्य पेशा जागिरे भएपनि उनी एउटै जागिरमा मात्र सीमित नरही अन्य विविध सेवामा समेत समर्पित देखिन्छन् ।

उनले पत्रपत्रिका, बुलेटिन र स्मारिका आदिको सम्पादन गरेर पनि सेवा पुऱ्याएको देखिन्छ । उनले सम्पादक र सहायक सम्पादक भएर कार्य गरेका पत्रपत्रिकाहरू निम्न अनुसार छन् :

क) कोसेली साप्ताहिक (२०३५ कार्तिकदेखि २०३५ चैत्रसम्म)

ख) आँकुरा साहित्यिक पत्रिका (२०३५ देखि २०३७ सम्म)

ग) कनिका - हवाईपत्रमा कविता (२०३६/२०३७ सम्ममा दुई अङ्क)

घ) युवा अठोट बुलेटिन (सन् १९८५ दुई अङ्क)

ङ) प्रारूप स्मारिका (सन् १९८६)

[५] प्रमोद प्रधानले उपलब्ध गराएको व्यक्तिगत विवरण अनुसार ।

त्यस्तै झी पुचः स्मारिका (२०५०), चौथो अङ्ग स्मारिका (२०५४), सम्मेलन पुस्तिका (२०५४), रासस स्मारिका (२०५५), औद्योगिक व्यापार मेला-नेपालगञ्ज स्मारिका(२०५७), वातावरण लेखमाला (भदै २०५८), मुक्ति (समाचार-लेख, भदौ २०५८) र उत्थान लेखमाला (छैठौं अङ्क, असोज २०५८) र आदर्श विद्यालय प्लेटिनम जयन्ती तथा विद्यार्थी पुनर्मिलन सम्मेलन स्मारिका (२०६०) को सम्पादकको रूपमा पनि उनले कार्य गरेको देखिन्छ ।[६]

### २.१.६ साहित्यिक क्षेत्रमा संलग्नता

प्रमोद प्रधानले आफ्नो माता पिताको अभिप्रेरणाले शैक्षिक र साहित्यिक क्षेत्रमा हौंसला मिलेको बताउँछन् । प्रधानले वि. सं. २०२९ मा नयाँ सन्देश साप्ताहिक समाचार पत्रमा "एक टुक्रा" शीर्षकको कविता प्रकाशित गरी साहित्य क्षेत्रमा प्रवेश गरेको देखिन्छ । प्रधानले साहित्य रचना वि. सं.२०२५ सालदेखि थालेपनि औंपचारिक रूपमा वि. सं. २०२९ सालदेखि यात्रा थालेको बुझिन्छ । विराटनगर आएपछि प्रधानले विभिन्न कार्यक्रमहरूमा सक्रिय सहभागिता देखाउँदै विभिन्न प्रतियोगिताहरूमा सफलता हात पारेको पाइन्छ । उनका कृतिहरूभने वि. सं.२०३२ सालमा आएर मात्र प्रकाशित भएको पाइन्छ ।

प्रमोद प्रधानले विशेष गरेर वि. सं.२०३० देखि २०४० सालसम्म विराटनगरमा भएका कविगोष्ठीमा थुप्रै पुरस्कार प्राप्त गरेको देखिन्छ । प्रधान कविता विधामार्फत आफ्नो लेखन आरम्भ गरे पनि यसका अतिरिक्त गीत लेखन, लेख, समालोचना, यात्रा, निबन्ध, बालकथा, बालकविता र पत्रकारिता जस्ता क्षेत्रमा कलम चलाएको देखिन्छ । सानै उमेरदेखिको साहित्यिक रूचिले गर्दा विद्यार्थी जीवनदेखि नै यस क्षेत्रमा उन्मुख प्रधानको कलम विविध विधामा चलेको पाइए पनि सर्वाधिक रूचि र सफलताको विधाचाँहि कविता नै देखिन्छ । प्रधान साहित्य सेवा गर्दै अघि बढ्ने क्रममा युवा साहित्यिक परिवार, शनिवार साहित्यिक समूह, नेपाली साहित्य समिति, विराटनगर साहित्य संस्थान, वाणी प्रकाशन, नेपाल बालसाहित्य समाज आदि जस्ता थुप्रै साहित्यिक संघ सस्थानमा आबद्ध रही उल्लेखनीय कार्य गरेको पाइन्छ ।

[६] प्रमोद प्रधानले उपलब्ध गराएको व्यक्तिगत विवरण अनुसार ।

समग्रमा भन्दा वि. सं. २०२९ मा 'एक टुका' कविता प्रकाशित गरेर नेपाली साहित्यमा उदाएका प्रमोद प्रधान वि. सं. २०३२ देखि सङगृहीत पुस्तककार कृति प्रकाशन गर्न शुरू गरेको देखिन्छ । उनको सङगृहीत प्रथम प्रकाशित कृति 'रातभरिका सुस्केराहरू' (कविता सङग्रह, २०३२) हो । यसैगरी अन्य प्रकाशित कृतिहरूमा 'विभाजित मान्छे' (कविता सङग्रह, २०४०), 'केही अध्ययन : केही अनुसन्धान 'समालोचना सङ्ग्रह' (२०४४), **कान समात् कान** (बालकवितासङ्ग्रह, २०५३), एकान्त गीत (कवितासङ्ग्रह, २०५४), नेपाली बालसाहित्यको इतिहास (समालोचनात्मक ग्रन्थ, २०५७), **कानाकाना कुर्र** (बालकवितासङ्ग्रह, २०६२), सँधै भरि लुकामारी ( बालकवितासङ्ग्रह, २०६२), पीपलको सपना (चित्रकथा, २०६५), **परेवा, हाँस र घमण्डी भाले** (बाल चित्रकथा, २०६६), **च्याइँ-च्याइँ सारङ्गी** (बालकवितासङ्ग्रह, २०६६) र **मेरो साथी खोई** (चित्रकविता २०६६) रहेका छन् भने प्रधानद्वारा सम्पादित अन्य कृतिहरूमा 'नेपाली साहित्यको आजको सन्दर्भ' (समालोचना, २०३८), सूर्य विक्रम ज्ञवाली स्मृति -ग्रन्थ र समालोचनात्मक ग्रन्थ, २०४४) पत्रकारिता मेरो यात्रा (नारद प्रसाद ओझाद्वारा लिखित, २०४८), क्षण, विचार र स्मृतिहरू (देवकुमारी थापाद्वारा लिखित, २०४९), नेपाली योनकथा (विभिन्न २२ श्लोकको एक-एक कथा, २०५४), हाम्रो प्रेरणा (बाल जीवन सङ्ग्रह, २०६६), रामोन म्यागासेसे पुरस्कार विजेता अन्तर्राष्ट्रिय नेपाली प्रतिभाहरू (जीवनी र योगदान, २०६६), प्रतिनिधि बालकविताहरू (सँगालो, २०६४), प्रतिनिधि नेपाली बालकविता (२०६७), आलेख (फिचर समाचार लेखसङ्ग्रह रहेका छन् ।[७]

### २.१.७ साहित्य सृजनाका अभिप्रेरक

कुनै पनि व्यक्ति लेखक, कवि, कलाकार आदि बन्नमा केही प्रभाव र प्रेरणाको भूमिका रहेको हुन्छ । यसक्रममा अध्ययन गर्दा साहित्यकार प्रमोद प्रधान साहित्यप्रति आकर्षित हुनुमा उनीभित्र रहेको साहित्यप्रतिको अभिरुचि र पारिवारिक पृष्ठभूमि नै कारक, तत्त्व रहेको बुझिन्छ । प्रधानको प्रेरक आफ्नै घरका दाजु रहेको स्वीकार गर्छन् । प्रधानका दाजु दिलीपकुमार प्रधान पनि कविता र लेखहरू लेख्ने गर्दथे । यही

[७] प्रमोद प्रधानले उपलब्ध गराएको सामग्रीका आधारमा ।

दाजुकै अभिप्रेरणाले गर्दा साहित्यिक क्षेत्रतर्फ आकृष्ट रहेका प्रधानले विद्यार्थी जीवनदेखि नै साहित्य सृजना गर्न थालेको बुझिन्छ । उनले अध्ययन गर्ने ल.च.मु. विद्यालयका नेपाली शिक्षक श्री रामप्रसाद सिरजले तत्कालीन श्री ५ वडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको शुभ जन्मोत्सवको उपलक्ष्यमा कविता लेख्न विद्यार्थीलाई अह्राएपछि वि. सं. २०२५ भाद्रमा पहिलोपटक कविता लेखेको कुरा अध्ययनबाट पुष्टि हुन्छ । उनका अनुसार सिरज स्वयं पनि कवि थिए र उनको प्रेरणाले साहित्य लेखनतर्फ आफू प्रेरित भएको बताउँछन् । पिताको सरूवा सँगै वि. सं. २०२८ सालमा विराटनगरमा आई त्यही अध्ययन गर्न लाग्दा थप कविता लेखनमा सक्रिय भएको पाइन्छ । विभिन्न खालका कार्यक्रममा सफलता हासिल गर्दै गएपछि र पुरस्कृत भएपछि अरू कविता लेखनमा प्रेरणा पाएको देखिन्छ । विराटनगर आएपछि प्रसिद्ध कथाकार देवकुमारी थापासँग प्रधानको भेट भएपछि उनलाई साहित्य सृजनाप्रति थप हौंसला र अभिप्रेरणा प्राप्त गरेको बुझिन्छ ।[८]

साहित्यकार प्रधानका अनुसार विराटनगरका समाजसेवी एवम् पत्रकार कुमारबहादुर श्रेष्ठसँगको परिचय र उनीसँगको निकट सम्बन्धका कारण प्रमोद प्रधानका रचनाहरूलाई राष्ट्रियस्तरका पत्रपत्रिकामा छाप्नका लागि सहयोग गरेकाले थप हौसला मिलेको बुझिन्छ ।

## २.१.८ दिनचर्या र अभिरुचि

हरेक व्यक्तिको आ-आफ्नै किसिमको दिनचर्या र अभिरुचि रहेको पाइन्छ । बालसाहित्यकार प्रमोद प्रधानको पनि विभिन्न प्रकारका दिनचर्या र अभिरुचि रहेका छन् ।

जीवनको अधिकांश समय पत्रपत्रिका, पुस्तक पढ्नमा नै व्यस्त रहने प्रधान बिहान सबेरै उठी हातमुख धोई स्नान गरेर चण्डीपाठ गर्ने गर्दछन् । उमेरले ५३ वसन्त पार गरिसकेका प्रधान कर्मप्रति अभिरुचि र लगनशीलताका साथ कर्मक्षेत्रमा जुरिरहन्छन् । कर्म नै जीवन हो भन्ने मान्यतालाई मूलमन्त्र बनाएका प्रधान परिश्रमबाट नथाकी सदैव व्यस्ततामै दिनचर्या व्यतित गर्दछन् । प्रधान लेखक,

[८] प्रमोद प्रधानसँग लिइएको अन्तर्वार्तावाट ।

साहित्यकार भएकाले विभिन्न खालका पुस्तकको अध्ययन गर्ने साथै पुस्तक सङ्कलन गर्नु विशेष अभिरुचि रहेको बताउँछन् । प्रधान एक सच्चा नागरिक भई बाँच्न चाहन्छन् । उनी समाज र देशमा कर्तव्यनिष्ठ, इमान्दार, सदाचारी, परोपकारी व्यक्तिको रूपमा आफूलाई सक्षम बनाउँदै समाजको एक उत्कृष्ट नमूना बन्न चाहन्छन् । समग्रमा उनी व्यस्त जीवन बिताउन मन पराउँछन् भने आफू साहित्यकार, समाजसेवी, पत्रकारका रूपमा चिनिन चाहन्छन् ।

### २.१.९ भ्रमण

साहित्यकार एवम् पत्रकार प्रमोद प्रधानले देशका विभिन्न ठाउँको र अन्य विदेशी मुलुकमा पनि भ्रमण गरेका छन् । अहिलेसम्म स्वदेशका ४० जिल्ला उनले घुमिसकेका छन् । फ्रान्सको विश्वप्रसिद्ध समाचार संस्था ए.एफ.पी.बाट राष्ट्रिय समाचार समितिलाई प्राप्त छात्रवृत्ति अन्तर्गत पत्रकारिता तालिममा रा.स.स.बाट छनौट भई फ्रान्सको पेरिसमा वि. सं. २०५३ कार्त्तिकमा भ्रमण गरेको देखिन्छ । यस्तैगरी चीनको पनि भ्रमण गरेका छन् । उनले भ्रमण गरेका अन्य मुलुकहरूमा भारत, जर्मनी, हङ्कङ, कतार, अरब, मुलुकहरू रहेका छन् ।[९]

### २.१.१० विभिन्न संघसंस्थामा संलग्नता

प्रमोद प्रधान साहित्यकार मात्र नभई उनी समाजसेवी पनि भएकाले आफ्नो जीवनमा सामाजिक, पत्रकारिता, उत्थानका निम्ति विभिन्न संघसंस्थामा संलग्न देखिन्छन् । उनी संलग्न रहेका साहित्यिक, पत्रकारिता र अन्य संघ संस्थाहरू निम्न प्रकारका छन् :

#### २.१.१०.१ साहित्यिक

(१) युवा साहित्यिक परिवार, विराटनगर, संस्थापक सदस्य, वि. सं. २०३२ देखि २०३५ सम्म,

(२) नेपाली साहित्य समिति विराटनगर- कार्यकारिणी सदस्य, वि. सं. २०३६ देखि २०३७ सम्म,

[९] प्रमोद प्रधानले उपलब्ध गराएको व्यक्तिगत विवरणअनुसार ।

(३) विराटनगर साहित्य संस्थान, विराटनगर-संस्थापक सचिव, वि. सं. २०३७ देखि २०५१ सम्म,

(४) शनिवार साहित्यिक समूह, विराटनगर-संस्थापक सदस्य वि. सं. २०३८ देखि २०४२ सम्म,

(५) साहित्यिक पत्रकार संघ, पूर्वाञ्चल क्षेत्रीय समिति संयोजक, वि. सं. २०४४-२०५०,

(६) पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगर सहसचिव, वि. सं. २०४८ देखि २०५४ सम्म,

(७) वासुशशी स्मृति परिषद्, काठमाडौँ सदस्य, वि. सं. २०५० देखि हालसम्म,

(८) वाणी प्रकाशन सरकारी संस्था लि., विराटनगर संस्थापक सदस्य, संचालक समिति सदस्य, वि. सं. २०५३ देखि २०५७ सम्म,

(९) झी पुच : (नेपाल भाषा तथा सांस्कृतिक संघ) विराटनगर - आजीवन सदस्य,

(१०) नेपाल बालसाहित्य समाज, काठमाडौँ - आजीवन सदस्य,

(११) नेपाल बालसाहित्य समाजको कार्यकारी सदस्य वि. सं. २०६३ देखि २०६८ सम्म ।,[१०]

### २.१.१०.२ पत्रकारिता

(१) विराटनगर प्रेस क्लब, मोरङ्ग उपसचिव, वि. सं. २०३४ देखि २०३९ सम्म,

(२) पत्रकार कल्याण कोष, मोरङ्ग-संस्थापक सचिव, वि. सं. २०४२ देखि २)४८ सम्म (आजीवन सदस्य समेत),

(३) नेपाल पत्रकार संघ-केन्द्रीय पार्षद् वि. सं. २०४९ देखि २०५० सम्म,

(४) नेपाल वातावरण पत्रकार समूह, काठमाडौँ कार्यकारिणी सदस्य वि. सं. २०५१ देखि २०५२ सम्म,

---

[१०] ऐजन ।

(५) क्षेत्रीय संचार स्रोत केन्द्र, विराटनगर - परामर्श समिति सदस्य, वि. सं. २०५२ देखि २०५३ सम्म,

(६) नेपाल पत्रकार महासंघ - केन्द्रीय पार्षद् वि. सं. २०५३ देखि २०५४ सम्म,

(७) क्षेत्रीय संचार स्रोत केन्द्र, विराटनगर परामर्श समिति सदस्य, वि. सं. २०५४देखि २०५५,

(८) क्षेत्रीय संचार स्रोत केन्द्र, विराटनगर प्रबन्ध समिति सदस्य, वि. सं. २०५९ देखि हालसम्म,

(९) आर्थिक अभियान दैनिकको समाचार संयोजक, वि. सं. २०६७ असार देखि हालसम्म कार्यरत,

### २.२.१०.३ अन्य संघ संस्था

(१) देवकोटा स्मारक समिति, विराटनगर सदस्य, वि. सं. २०३६- २०४१ सम्म तथा सचिव, वि. सं. २०४१ देखि २०४४ सम्म,

(२) डे केयर सेन्टर तथा शुक्र प्रिप्राइमरी स्कुल, विराटनगर संचालक समिति सदस्य, वि. सं. २०३६-२०८ सम्म,

(३) मैत्री परिवार, विराटनगर शाखा - कार्यकारिणी सदस्य, वि. सं. २०३८-२०४१ सम्म,

(४) अन्तर्राष्ट्रिय बालवर्ष १९७९, मोरङ्ग जिल्ला समिति सदस्य, २०३५-२०३६ सम्म,

(५) अन्तर्राष्ट्रिय युवावर्ष १९८५, जिल्ला सहयोग तथा समन्वय समिति मोरङ्ग सदस्य वि. सं. २०४१ देखि २०४२ सम्म,

(६) मोरङ्ग जिल्ला खेलकुद विकास समिति सदस्य, वि. सं. २०४३ देखि २०४६ सम्म ।[११]

[११] ऐजन

### २.१.११ सम्मान तथा पुरस्कार

पुरस्कारलाई आर्थिक लाभको रूपमा लिनुहुँदैन, बरू यो त हौंसला, सम्मान र प्रोत्साहनकालागि महत्त्वपूर्ण मानिन्छ । आफूले गरेको कामबाट पुरस्कृत हुनु भनेको थप प्रेरणा, लगनशीलता र उत्साह बढ्नु हो । सानै उमेरदेखि साहित्यसेवामा निरन्तर लागि परेका प्रधानले विभिन्न सम्मान तथा पुरस्कार पाएको देखिन्छ । उनलाई वि. सं. २०५२ फागुन २५ गते वासुशशी स्मृति परिषद्द्वारा दोसल्ला ओढाइ सम्मान गरिएको थियो । यस्तै नेपाली साहित्यमा योगदान पुऱ्याए बापत् नवरङ्ग साहित्य प्रतिष्ठान, धरमपुर झापाले प्रधानलाई वि. सं. २०५४ मा सम्मान पत्र प्रदान गरेको थियो । पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको सम्मानमा प्रयास साहित्यिक समूह, नेपालगञ्ज र नेपालगञ्ज उद्योग व्यपार संघ, नेपालगजञ्द्वारा वि. सं. २०५८ पुस १६ गते नेपालगञ्जमा सम्मानपत्र र दोसल्ला ओढाई सम्मान गरेको देखिन्छ ।

प्रतिभा पुरस्कार प्रतिष्ठान, मोरङ्गद्वारा वि. सं. २०४० को प्रतिभा पुरस्कार उनको दोस्रो कवितासङ्ग्रह विभाजित मान्छेलाई प्रदान गरिएको हो । त्यस्तैगरी साहित्यिक पत्रकार संघ, काठमाडौँद्वारा २०४६ सालमा कविता विधामा योगदान पुऱ्याए बापत् व्यथित काव्य पुरस्कार प्रधानले प्राप्त गरेको देखिन्छ । नेपाली साहित्यमा उल्लेखनीय योगदान गर्ने ४० वर्ष ननाघेका एक जना युवा स्रष्टालाई नेपाल जेसीज, राष्ट्रिय समिति, काठमाडौँद्वारा प्रत्येक वर्ष प्रदान गरिने सर्वोत्कृष्ट युवा साहित्य पुरस्कार वि. सं. २०४७ मा प्राप्त गरेका छन् । पूर्वाञ्चल क्षेत्रका पत्रकारहरूमध्ये उल्लेखनीय योगदान पुऱ्याउने प्रधानलाई खिलेश्वरी पत्रकारिता पुरस्कार वि. सं. २०४९ मा प्रदान गरिएको पाइन्छ । त्यस्तै सिर्जनशील पत्रकारिता पुरस्कार (२०४९), हरिसिंह दुगड च्यारिटेबल ट्रष्टद्वारा स्थापित हरिसिंह दुगड पत्रकारिता पुरस्कार ( २०५२), राष्ट्रिय युवा सेवा कोष काठमाडौँद्वारा प्रदान गरिने युवा वर्ष मोती पुरस्कार ( २०५४), नेपाल बालसाहित्य समाज, काठमाडौँद्वारा प्रधानलाई **कान समात् कान**

बालकवितासङ्ग्रहका निम्ति नेपाल बासास बाल पुस्तक पुरस्कार (२०५४) र २०६० को जमर्को उत्कृष्ट बालपत्रकारिता पुरस्कार प्रधानलाई प्रदान गरेको देखिन्छ ।[१२]

## २.२ प्रमोद प्रधानको बहुआयामिक व्यक्तित्वको अध्ययन

कुनै पनि व्यक्तिविशेषको वैयक्तिक वा निजीपन नै उसको व्यक्तित्व हो । अर्थात् व्यक्तिमा विशेष रूपमा निहित गुण वा क्षमता नै उसको व्यक्तित्व हो । कुनै व्यक्तिको व्यक्तित्वको जानकारी पाउन विभिन्न पक्षहरूको अध्ययन गर्नु पर्ने हुन्छ । साहित्यकारको व्यक्तित्व निर्माणमा विभिन्न पक्षहरूले प्रभावित पारेका हुन्छन् । व्यक्तिको पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक प्रभाव एवम् भ्रमण र शिक्षादीक्षाको बढी प्रभाव परेको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व आन्तरिक र बाह्य गरी दुई किसिमको देखापर्दछ । व्यक्तिको आन्तरिक व्यक्तित्व भित्र व्यक्तिको गुण, क्षमता वा योग्यता आदि पर्दछन् भने शारीरिक बनोट, व्यवहारिक उठबस्, रूचि क्षेत्र निजी स्वभाव आदि बाह्य व्यक्तित्व अन्तर्गत पर्दछन् । यस परिच्छेदमा प्रमोद प्रधानको व्यक्तित्वमा अन्तर्निहित प्रमुख पक्षहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### २.२.१ निजी व्यक्तित्व

साहित्यकार प्रमोद प्रधानको शारीरिक बनावटलाई हेर्दा मझौला कद, गहुँगोरो वर्ण, ५ फिट ६ इन्च उचाई भएका सबै किसिमको पहिरन सुहाउने व्यक्तित्वका रूपमा देखिन्छन् । शान्त र सुमधुर आवाजमा बोल्ने प्रधान गम्भीर भद्र स्वभावका देखिन्छन् । सबै मानिसलाई समान व्यवहार गर्ने उनी सत्य कुरामा मात्र विश्वास राख्दछन् । उनका मित्रहरू शिक्षक, प्राध्यापक, साहित्यकार, राजनैतिक, पत्रकार, वकिल, समाजसेवी रहेका छन् । आफ्नो काम आफैँ गर्न मनपराउने प्रधान सफा-सुग्घर चाहिने, लटरपटर मन नपराउने स्वभावका छन् । आफू भित्रका दुःख पीर वा पीडालाई लुकाएर सबैसँग आत्मीयताका साथ मधुर बोली बोल्ने र फराकिलो स्वभावका देखिन्छन् ।

[१२] ऐजन

### २.२.२ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले समाजमा मिलेर बस्ने गर्दछ । सम्पूर्ण मानिस सामाजिक मूल्य एवम् मान्यताकै सेरोफेरोमा हुर्कने गर्दछ । कुनै पनि व्यक्तिको जीवनको समग्र अध्ययन गर्दा उसको सामाजिक व्यक्तित्वको चर्चा गर्नु पनि आवश्यक देखिन्छ । सानै उमेरदेखि सामाजिक भावना भएका प्रधान समाजमा मिलेर काम गर्न रूचाउँछन् । उनले आफ्ना रचनामा समाजमा घटेका अन्याय, अत्याचार, असमानता र विसङ्गतिलाई यथार्थ रूपमा प्रकट गरेका छन् । प्रधान सबैसँग समान व्यवहार गर्ने हुनाले उँच - नीचको व्यवहार गरेको मन पराउँदैनन् । सामाजिक कार्यमा तन, मन र वचन लगाई सक्रिय हुने प्रधान व्यक्तिगत जीवनभन्दा सामाजिक जीवनमा बढी समय खर्चिने गर्दछन् । विभिन्न साहित्यिक संघ संस्थामा संलग्न रही विभिन्न सामाजिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । समग्रमा भन्नु पर्दा प्रधानले विभिन्न साहित्यिक तथा सामाजिक संस्थामा रही सेवा गर्दै आफूलाई सामाजिक व्यक्तित्वका रूपमा चिनाउन चाहन्छन् । उनको सरल स्वभाव, कोमल भाव, सहनशीलता, बौद्धिकता, मिलनसारिता सहयोगी भावना आदिका कारणले उनको सामाजिक व्यक्तित्व प्रभावकारी देखिन्छ ।

### २.२.३ पारिवारिक व्यक्तित्व

साहित्यकार प्रमोद प्रधानले अन्य व्यक्तित्वझैं पारिवारिक व्यक्तित्व पनि उच्च रहेको देखिन्छ । प्रमोद प्रधानले पारिवारिक व्यक्तित्व जिम्मेवारीपूर्वक सहज रूपमा निर्वाह गरेको देखिन्छ । प्रधानको परिवारमा श्रीमान श्रीमती दुवै जागिरे भएकाले उनीहरूलाई जीविका चलाउन सहज भएको कुरा बुझिन्छ । प्रधानले घर व्यवहारमा भन्दा अध्ययन र भ्रमणमा धेरै समय बिताएको देखिन्छ ।

प्रधान परिवारमा सधै खुशी रहने, कहिल्यै नरिसाउने कुरा उनकी श्रीमती व्युटी श्रेष्ठ बताउँछिन् । उनी आफ्नी एक मात्र छोरीलाई पढाउँदा अत्यन्त सहयोग गर्नुका साथै आफ्नो पढ्ने समयमा व्यस्त रहने गर्दछन् । समग्रमा उनी आफ्ना नातागोता एवम् परिवार भित्र एक असल, सरल एवम् प्रतिष्ठित व्यक्तित्वका रूपमा देखिन्छन् ।

आमा बुबाका निम्ति एक आदर्शपुत्र र छोरीका लागि आदर्श पिताका रूपमा उनी चिनिन्छन् । घरमा पाहुना आउँदा प्रधानले राम्रो सँग सम्मान र स्वागत गर्न रुचाउँछन । उनी कहिल्यै पनि घरपरिवारमा नरिसाउने हुनाले परिवार खुशिका साथ संचालन गरेका छन् ।

### २.२.४ अध्ययनशील व्यक्तित्व

जो व्यक्ति अध्ययनशील हुन्छ ऊ सफल व्यक्तित्व बन्न सक्छ । प्रमोद प्रधान पनि अध्ययनशील देखिन्छन् । सानै उमेरदेखि पढाइमा तेज प्रधान शान्त वातावरणमा अध्ययन गर्दा घण्टौ हराउन सक्छन् । उनी पठनपाठनको कार्यलाई अनिवार्य ठान्छन् । उनी कुनै पुस्तक पढ्न थाल्दा नसकुञ्जेल छाड्दैनन् । विद्यार्थी जीवनदेखि नै लगनशीलताका साथ अध्ययन गर्ने उनको अभिरुचि अहिलेसम्म पनि उत्तिकै रहेको पाइन्छ । प्रधान आफ्नो पढ्ने कोठामा पुस्तक सङ्कलन गरी पुस्तकालय नै बनाएका छन् ।

### २.२.५ बौद्धिक व्यक्तित्व

मान्छे सर्वश्रेष्ठ विवेकशील र बौद्धिक प्राणी हो । बौद्धिकताले नै मान्छेको समग्र क्रियाकलाप सञ्चालन हुन्छन् । अध्ययनले नै मानिसको बौद्धिक विकास गर्दछ ।

प्रमोद प्रधानको व्यक्तित्वलाई हेर्दा उनी बौद्धिक व्यक्तित्व देखिन्छन् । सधै अध्ययनशील र चिन्तनशील रहने प्रधान ज्ञानका भोका देखिन्छन् । आफ्नो बौद्धिक क्षमता र तार्किक ज्ञानको प्राचुर्यको कारण प्रधानले विभिन्न देश विदेशको भ्रमण गर्ने सुअवसर प्राप्त गरेको देखिन्छ । विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गर्न निश्चय पनि बौद्धिक व्यक्तिको उपज हो । नेपाली, अङ्ग्रेजी र नेवारी र हिन्दी भाषाका ज्ञाता र अध्ययनशीलताले गर्दा यिनका कविता लेखरचना, समालोचना र अनुवादकलामा पर्याप्त बौद्धिकता झल्किन्छ ।

### २.२.६ सङ्कलक/सम्पादक व्यक्तित्व

साहित्यकार प्रमोद प्रधानले सृजनाका अतिरिक्त सङ्कलन र सम्पादन कार्यमा पनि सक्रिय सहभागिता देखाएको पाइन्छ । जागिरे जीवन तथा अन्य सामाजिक संघ

संस्थामा व्यस्त रहेर पनि विभिन्न पत्रपत्रिका, बुलेटिन र स्मारिकाको सम्पादन कार्य गरेको देखिन्छ । किशोर अवस्थादेखि नै दुर्लभ ग्रन्थहरूको खोजी गर्ने र सङ्कलन गर्ने उनको प्रशंसनीय र अनुकरणीय बानी देखिन्छ । उनले वि. सं. २०३५ कार्त्तिक देखि वि. सं. २०३५ चैत्रसम्मको कोसेली साप्ताहिक पत्रिकामा सहायक सम्पादकका रूपमा कार्य गरेको देखिन्छ । त्यस्तै आँकुरा, कनिका हवाई पत्र (२०३६-२०३७) युवा अठोट बुलेटिन र सोही समितिद्वारा प्रकाशित प्रारूप स्मारिकाको पनि सम्पादन, राससको वार्षिक उत्सवमा केन्द्रीय कार्यालय काठमाडौँद्वारा प्रकाशित रासस स्मारिका (२०५५) को सम्पादन, औद्योगिक व्यापार मेला-नेपालगञ्ज स्मारिक (२०५७) को सम्पादन समितिको सदस्य, लगायत विभिन्न पत्रपत्रिकामा सम्पादकको रूपमा कार्य गरेको देखिन्छ ।[१३]

यसरी विभिन्न पत्रपत्रिका, बुलेटिन र स्मारिकाका सम्पादक र सम्पादन समितिका सदस्यका रूपमा रहेका प्रधान नेपाली भाषा, साहित्य, संस्कृति र कलाको संरक्षण, संवर्द्धन, विकास एवम् प्रचार गर्दै नेपाली भाषा र साहित्यका विविध विधामा लिखित प्राचीन र नयाँ सामग्रीको अन्वेषण-अनुसन्धान गरी संरक्षण पाण्डुलिपिहरूको सङ्ग्रह र प्रकाशन गर्न सदा प्रयत्नशील रहेका देखिन्छन् ।

प्रधानले विभिन्न पत्रपत्रिकाका साथै विभिन्न पुस्तकहरूको पनि सङ्कलन र सम्पादन गरेको देखिन्छ । वि. सं. २०३८ मा प्रकाशित नेपाली साहित्य आजको सन्दर्भमा पुस्तकका तीनजना सम्पादकमध्ये प्रधान पनि एक हुन् । प्रधानले वि. सं. २०४४ मा प्रकाशित सूर्यविक्रम ज्ञवालीको स्मृति - ग्रन्थको सम्पादन गरेका छन् । त्यस्तै नेपाली साहित्यमा लेखिएका यौनमनोविश्लेषणात्मक कथाहरूको सङ्कलन एवम् सम्पादन गरी वि. सं. २०५४ मा नेपाली यौनकथा शीर्षकमा प्रकाशित गरेका छन् उनी पत्रकारिता : मेरो यात्र (२०४८), क्षण, विचार र स्मृतिहरू (२०४९) र आलेख, थारु लोकवार्ता लोकजीवन (संयुक्त सम्पा. २०६५), हाम्रा प्रेरणा (बाल जीवनीसङ्ग्रह (२०६६), प्रतिनिधि बालकविताहरू (२०६७) स्मृति विम्बभित्र बासु रिमाल यात्री (संयुक्त

[१३] ऐजन

सम्पा. २०६७) आदि पुस्तककाकार कृतिका सम्पादक रहेका छन् ।[१४] यसरी प्रधानले विभिन्न पत्रपत्रिका र कृतिहरूको सफलताका साथ सम्पादन गरी साहित्य क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

### २.२.७ साहित्यकार व्यक्तित्व

साहित्य समाजको ऐना हो । साहित्यले जीवन र जगत्को यथार्थ प्रतिविम्वित गरेको हुन्छ । हरेक साहित्यकारका आ-आफ्नै साहित्यिक विशेषता पाइन्छन् । जीवनका सम्पूर्ण क्रियाप्रतिक्रिया, छायाँ-प्रतिविम्बलाई व्यक्त गर्ने माध्यम नै साहित्य हो भन्ने धारणा बोकेका प्रधान साहित्यकार बन्नु बरदानबाट सम्भव छैन, यसका लागि कार्यनिष्ठता र लगनशीलता नै आवश्यक र प्रमुख वस्तु हुन् भन्ने कुरामा विश्वस्त देखिन्छन् । नेपाली साहित्यमा वि. सं. २०२५ देखि बामे सर्न थालेका भए पनि औपचारिक साहित्यिक यात्रा थालनी वि. सं. २०२९ मा नयाँ सन्देश साप्ताहिक समाचारपत्रमा प्रकाशित 'एक टुक्रा' कविताबाट भएको पाइन्छ । त्यसपछि विविध पत्रिका (समीक्षा, अर्पण, संरक्षक, चेतना......) मार्फत धेरै फुटकर कविता लेख्दै छपाउने कार्यले कवित्व शक्तिलाई परिपक्व बनाउँदै लगेको पाइन्छ । उनको पुस्तकाकार कृति भने २०३२ सालपछि प्रकाशित हुन थालेको देखिन्छन् ।

साहित्यिक व्यक्तित्वका रूपमा प्रधान बहुमुखी प्रतिभाका धनी देखिन्छन् । नेपाली साहित्यको गद्य र पद्य विद्यामा कलम चलाउने उनको व्यक्तित्व कवि, समालोचक, लेख-निबन्धकार, बालसाहित्यकार, अनुवादक, सम्पादक आदिका रूपमा रहेको देखिन्छ ।

#### २.२.७.१ कवि व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाउने प्रधानको लेखन र प्रकाशनको थालनी कविता विधाबाट भएको पाइन्छ । वि. सं. २०२९ मा नयाँ सन्देश साप्ताहिक समाचार पत्रमा **एक टुक्रा** कविता प्रकाशित गर्दै औपचारिक यात्रा थालनी गरेको देखिन्छ । कविता लेखन भने वि. सं. २०२५ बाट नै भएको पाइन्छ । उनका कविताले

---

[१४] प्रमोद प्रधानले उपलब्ध गराएका व्यक्तिगत विवरण अनुसार

समाजमा विद्यमान विकृति, विसङ्गति, कु-रीतिप्रति झटारो हान्ने काम गरेका छन् । समाजको यथार्थ धरातलमा रही कविता सृजना गर्ने प्रधानले कतै कतै सौम्य विद्रोही आवाज पनि उठाएको पाइन्छ । उनका फुटकर कविता विभिन्न पत्रपत्रिकामा छरिएर रहे पनि सङ्ग्रहका रूपमा भने चार वटा कृति प्रकाशित छन् । उनका कविता धेरै पद्यमा लेखिएका छन् भने केही गद्यमा लेखिएका पनि पाइन्छन् ।[१५]

उनका कवितामा व्यक्ति जीवनका र सामाजिक जीवनका समस्याहरू देखाइएको छ । "कविताका निम्ति सरल बिम्व र प्रतीक प्रयोगबाट हार्दिक कोमलताको वैचारिक प्रतिपादन गर्दै सरल एवम् सुबोध शैलीमा लयात्मक अनूभूतिको कोमल अभिव्यक्ति दिनु नै कवि प्रधानको मूलभूत विशेषता रहेको देखिन्छ ।" (तिलक लम्साल २०५५ : ४७) ।

समग्रमा भन्दा यिनका कवितामा मानव मनका कथाव्यथा, विवशता, राष्ट्रप्रेम, व्यक्ति जीवनका र सामाजिक जीवनका समस्याहरू देखाइएको छ । कवि प्रधानका पुस्तककाकार प्रकाशित कृतिहरू रातभरिका सुस्केराहरू (कवितासङ्ग्रह, २०३२), विभाजित मान्छे (कवितासङ्ग्रह, २०४०), एकान्तगीत (कवितासङ्ग्रह २०५४) रहेका छन् ।

प्रधानका कविताहरू विभिन्न भाषामा पनि अनुवाद गरिएको पाइन्छ । प्रमोद प्रधानले कविताका अतिरिक्त गीत, गजल, मुक्तक र हाइकु जस्ता छोटा कविता पनि लेखेका छन् उनको पहिलो गजल वि. सं. २०४३ मा अठोट त्रैमासिक पत्रिका हेटौडामा छापिएको देखिन्छ । त्यसपछि उनका गजलहरू गोरखापत्र, बसुन्धरा, रत्नश्री, युगसम्वाद, कविता, झंकार आदि विभिन्न पत्रपत्रिकामा छापिएका देखिन्छन् । उनका गीतहरू पनि प्रकाशित देखिन्छन् । उनको गीत नेपाली कथानक चलचित्र 'तिलहरी' मा समावेश गरिएको छ । उनका प्रकाशित मुक्तकहरूको संख्या पाँच दर्जन जति देखिन्छन् ।

[१५] रुक्मिणा खनाल 'कवि प्रमोद प्रधानका कविताको अध्ययन', (अप्रकाशित शोधपत्र स्नातकोत्तर क्याम्पस, विराटनगर : २०६१) पृ. १९ ।

### २.२.७.२ समालोचक व्यक्तित्व

प्रमोद प्रधान स्रष्टाका रूपमा मात्र परिचित नभई द्रष्टाका रूपमा पनि परिचित नाम हो । स्रष्टाले सृजना मात्र गर्दछ भने द्रष्टाले सृजनाहरूलाई केलाउन सक्ने सामर्थ्य पनि राख्दछ । वि. सं. २०३१ सालदेखि समालोचना लेखनमा जुटेका प्रधानका समालोचनाहरू गहिरो अध्ययन र तीक्ष्ण विश्लेषणका कारण अत्यन्त उल्लेखनीय देखिन्छन् । वि. सं. २०३१ मा २००७ सालको क्रान्तिमा नेपाली साहित्यको भूमिका शीर्षकको समालोचनात्मक लेख दर्पण मासिक (वर्ष ७, अङ्क ७) मा प्रकाशित गरी समालोचनाका क्षेत्रमा देखा परेका हुन् । सरल, सरस र सुरुचिपूर्ण भाषाका साथै आकर्षक प्रस्तुति भएका उनका समालोचनात्मक लेखहरू अत्यन्त पठनीय र प्रभावकारी देखिन्छन् । उनका समालोचनात्मक कृतिहरूमा केही अध्ययन : केही अनुसन्धान र नेपाली बालसाहित्यको इतिहास गरी दुईवटा सङ्ग्रह रहेका छन् । उनका अन्य थुप्रै फुटकर समालोचनाहरू गोरखापत्र, रूपरेखा, मधुपर्क, गरिमा, कान्तिपुर, बरगाछी, रत्नश्री, मिर्मिरे, बगर, समष्टि, समकालीन साहित्य जुही उपासना आदि पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । 'स्व. भवानी भिक्षु र उनको साहित्य सम्बन्धी धारणा' शीर्षकको समलोचनात्मक लेख वि. सं. २०४५ श्रावणको गरिमामा प्रकाशित भएको पाइन्छ । त्यस्तै आदर्शजीवनभित्रका तिवारी, 'नेपाली साहित्यका नारी साहित्यकारहरू' शीर्षकका समालोचनात्मक लेख छापिएका छन् । समग्रमा भन्दा समालोचनात्मक कृतिको संख्या कम भए पनि ज्यादै ओजनदार र गहकिला छन् । अतः उनको समालोचक व्यक्तित्व पनि प्रखर रहेको पाइन्छ ।

### २.२.७.३ लेख निबन्धकार व्यक्तित्व

प्रमोद प्रधान कवि व्यक्तित्व, समालोचक व्यक्तित्वका साथै लेख निबन्धकार व्यक्तित्व पनि हुन् । उनका विभिन्न लेख-निवन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । विषयगत दृष्टिले हेर्दा प्रधानका निबन्धहरू वस्तपुरक निबन्धभित्र पर्दछन् । अन्य केही निबन्धहरू भाषा र साहित्य विषयसँग सम्बन्धित देखिन्छन् । बौद्धिक खालका निबन्धहरू लेख्ने निबन्धकार प्रधानको वि. सं. २०३२ सालमा नयाँ समाज पत्रिकामा 'नेपाली भाषा : संरक्षणको प्रश्न' भन्ने निबन्ध प्रकाशित भएको देखिन्छ ।

यस निबन्धले नेपाली भाषाको संरक्षणमा जोड दिएको पाइन्छ । उनका परिचयात्मक र जीवनीमूलक लेखहरूमा **केही प्रसिद्ध नेपाली गीतकारहरू** (बागीना, श्रावण-असोज २०३३), **केही भाषाशास्त्री परिचय** (च्याब्रङ, पुस २०३३) र **पारसमणि प्रधान** (संसार, २०४५) आदि रहेका छन् । यसरी उनका विभिन्न लेख-निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित देखिन्छन् । उनका निबन्धहरूमा यात्रानिबन्ध पनि छन् । केही यात्रानिबन्धहरू 'इफेल टावरको खोजी र ऊसँग बिताएका क्षणहरू' शीर्षकको गरिमा साउन २०५७ को अंकमा 'लुभ्र, मोनालिसा र म' शीर्षकको उनको यात्रानिबन्ध प्रकाशित छन् । उनका लेख-निबन्धहरू समसामयिक राजनीति, अर्थनीति, कुरीति कुसंस्कार, समाजसेवा इतिहास, दर्शन आदि विषयवस्तुमा केन्द्रित देखिन्छन् । प्रधानका निबन्धहरूमा विषयगत विविधता देखिन्छन् । यी निबन्धहरूको मूल स्वर प्राचीन मूल्य मान्यताको जगेर्ना, सामाजिक सुधार, सामाजिक चेतना, समतामूलक समाजको निर्माण, नयाँ समाजको सृजना र मानवतावाद नै हो ।[१६] समग्रमा भन्दा संख्यात्मक रूपमा थोरै लेख-निबन्धहरू देखिए पनि गुणात्मक रूपमा उच्च मानिन्छन् ।

### २.२.७.४ बालसाहित्यकार व्यक्तित्व

प्रमोद प्रधानको बालसाहित्यकार व्यक्तित्व पनि प्रखर देखिन्छ । वि. सं. २०३५ सालदेखि प्रधानको बालसाहित्यतर्फ रूचि बढेको देखिन्छ । उनको 'नेपाली बालसाहित्य : विकासको धारा' शीर्षकको लेख रूपरेखामा छापिएको थियो । त्यसपछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०४४ सालमा आयोजना गरेको नेपाली बालपुस्तकका लेखक तथा कलाकारहरूको कार्यशाला/नेपाली बालपुस्तक र पठन गोष्ठीमा भाग लिने अवसर पाएपछि उनी बालकविता लेखन र नेपाली बालसाहित्यको अध्ययनमा बढी सक्रिय हुँदै गएको देखिन्छ । उनका बालकविता वि. सं. २०४७ सालदेखि छापिन थालेको बुझिन्छ । उनको सङ्ग्रहका रूपमा **कान समात् कान** वि. सं. २०५३ मा प्रकाशित भएको देखिन्छ । यसमा १५ बालकविता सङ्कलित छन् ।

बालसाहित्यकार प्रमोद प्रधानका बालकृतिहरू कवितासङ्ग्रह, बालकथा सङ्ग्रह चित्रकथा प्रकाशित छन् । उनका बालसाहित्यिक कृतिहरूमा **सधैंभरि लुकारी** (बालगीत

---

[१६] ऐजन, पृ. २० ।

सङ्ग्रह २०६२), **कानाकाना कुर्र** २०६२, **पीपलको सपना** (बालचित्रकला २०६६) **च्याँइ च्याइँ सारङ्गी** (बालकवितासङ्ग्रह २०६६) **परेवा, हाँस र घमण्डी भाले** (बालचित्रकथा २०६६) **मेरो साथी खोइ** (चित्रकविता २०६६) प्रकाशित रहेका छन् । त्यस्तै गरी प्रकाशोन्मुख बाल साहित्यिक कृतिहरू **जाडो भयो जाडो** (बालकवितासङ्ग्रह) र **भुर्र भुर्र चरी** (चित्रकविता) रहेका छन् ।

### २.२.८ निष्कर्ष

बहुआयमिक व्यक्तित्वका धनी साहित्यकार प्रमोद प्रधान वि. सं. २०२९ मा 'एक टुक्रा' शीर्षक कविता नयाँ सन्देश नामक समाचार पत्रमा प्रकाशित गरी साहित्य क्षेत्रमा देखा परेका हुन् । विद्यार्थी जीवन देखि नै कविता लेख्न शुरु गरेका प्रधानलाई आफ्नै घरपरिवारबाटै हौसला मिलेको हो । विभिन्न कार्यक्रमहरूमा सहभागी हुने क्रममा कथाकार देवकुमारी थापासँग परिचित हुँदे साहित्य क्षेत्रमा प्रेरणा र प्रभाव परेको हो । कविता विधाबाट साहित्य यात्रा थालनी गरेका प्रधान अहिले बहुआयामिक व्यक्तित्वका रूपमा परिचित छन् । साहित्य र पत्रकारिता दुवै क्षेत्रमा सफलता हात पार्दै आएको बुझिन्छ । उनले हालसम्म साहित्यका कविता, निबन्ध, कथा, र बालसाहित्यिक कृतिहरू नेपाली साहित्यलाई बुझाइसकेका छन् । उनी साहित्यकार व्यक्तित्व, पत्रकार व्यक्तित्व, सम्पादक व्यक्तित्वका साथै समालोचक व्यक्तित्वका रूपमा पनि परिचित  छन् । वि. सं. २०५७ सालमा 'नेपाली बालसाहित्यको इतिहास' नामक समालोचनात्मक ग्रन्थ दिएर ठूलो गुन लगाएका छन् । यसरी साहित्यका विभिन्न विधामा कलम चलाई आफ्नो छुट्टै स्थान बनाउन उनी सफल रहेको देखिन्छ ।

# अध्याय तीन

# बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको ऐतिहासिक अध्ययन

## ३.१ परिचय

मानव जीवनको लागि बाल्यकाल नै महत्त्वपूर्ण आधार स्तम्भ हो । बाल्यकालको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव बालकको भविष्य निर्माणमा परेको हुन्छ । बालबालिकाहरू भविष्यका कर्णधार भएकाले बाल्यकालमा पाएको शिक्षा दीक्षा, माया, ममता, स्याहार सुसार र उचित वातावरणको प्रभाव हरेक बालबालिकामा परिरहेको हुन्छ ।

बालहरू नै भविष्यका विश्वका जिम्मेवार मानव समुदायभित्र पर्दछन् । यसर्थ उनीहरूको प्राथमिक जीवन त्यो असल भविष्य निर्माणका लागि अति महत्त्वपूर्ण तथा प्रभावपूर्ण हुनुपर्ने जरूरी देखिन्छ । जुनसुकै साहित्य (प्रौढ, युवा, सरकारी, अपाङ्ग) आदिको उद्देश्य ती वर्गको सर्वोपरि हितलाई ध्यान दिने र उत्थान तर्फ नै केन्द्रित भए जस्तै बालसाहित्यको उद्देश्य पनि बाल हित र उत्थान नै हो । त्यो बहुजन हितमा केन्द्रित हुनु पर्छ ।

बालबालिकाहरू कुनै पनि नयाँ कुरा सिक्न जिज्ञासु हुने गर्दछन् । तिनीहरूले दिइने अर्ती उपदेश प्रत्यक्ष रूपमा दिँदा झर्को लाग्न सक्छ तसर्थ मनोरञ्जनका साथै मिठास भाषिक पद्धतिबाट साहित्यिक माध्यमले दिन सकियो भने ग्रहण गर्न रूचि देखाउँछन् । बालबालिकाहरूको जिज्ञासालाई बालसाहित्यले मात्र समाधान गर्न सक्दछ । बालसाहित्यले मनोरञ्जन दिनुका साथै चेतना र सोचको विकास एवम् परिष्कार भाषिक क्षमताको विकास, ज्ञानको प्रबर्द्धन, चारित्रिक सुधार र सिर्जनशीलताको विकास गर्न मद्दत पुऱ्याउँदछ । बालसाहित्य भन्नाले बालबालिकाले बुझ्न सक्ने खालको सरल भाषा शैलीमा मनोरञ्जनपूर्ण तरिकाले नैतिक शिक्ष दीक्षा दिन सक्ने साथै सिर्जनशील हुन प्रेरित गर्ने उपन्यास, कविता, कथा, जीवनी, निबन्ध जस्ता साहित्यका विधा विशेषलाई बुझिन्छ । बालबालिकाका सम्पूर्ण जिज्ञासा एवम् मनोरञ्जन विद्यालयीय पाठ्यपुस्तकबाट सम्भव नहुने भएकाले बालबालिकाको बौद्धिक, मानसिक र

सिर्जनशीलताको विकासका साथै चेतना र ज्ञानको प्रवर्द्धन र परिष्कार गर्ने काममा बालसाहित्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

## ३.२ बालसाहित्यको परिभाषा

बाल र साहित्य दुईवटा भिन्ना भिन्नै अर्थ बोध गराउने शब्दहरूका मेलबाट बालसाहित्य शब्दको निर्माण भएको देखिन्छ । बाल भन्नाले बालबालिकालाई बुझाउँछ भने साहित्य भन्नाले मानिसको सिर्जनशील प्रतिभाद्वारा प्रस्फुटिन भावराशी भन्ने बुझिन्छ । यसरी सोझो अर्थमा बालबालिकाहरूका लागि लेखिएको साहित्य बालसाहित्य हो भनेर मात्र यसले व्यापकतालाई समेट्न सक्दैन । बालसाहित्य लेखकीय तथा पाठकीय उमेरका आधारमा, निर्धारित साहित्यिक भेद हो । यसलाई निम्न अनुसार परिभाषित गरिएको छ :

१. बालबालिकाद्वारा सिर्जित साहित्य बालसाहित्य हो ।

२. बालबालिकाका लागि लेखिएको साहित्य जसमा बालबालिकाको मनोविज्ञानलाई ध्यानमा राखी उनीहरूको रूचि, आवश्यकता र क्षमता अनुसारको विषय वा भाषाको प्रयोग भएको हुन्छ, त्यो नै बालसाहित्य हो ।

३. आजको बालकको दृष्टिलाई केन्द्र बनाई उनीहरूको भाव तथा अनुभवलाई उपयुक्त ढङ्गमा प्रतिबिम्बित गर्ने लेखन नै बालसाहित्य हो ।[१७]

बालसाहित्य साहित्यको एक विशिष्ट प्रकार हो जुन बालबालिकाका निम्ति मनोरञ्जनात्मक दृश्य-पाठ्य सामग्रीमा आप्लावित ज्ञान, सीप, चरित्रप्रभृति निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्ग भन्नाले साहित्यका विभिन्न कथा, उपन्यास, कविता, जीवनी प्रभृतिमध्ये कुनै विधागत विशिष्ट प्रकारमात्र होइन, परन्तु ती विधागत स्वरूप संप्लिष्ट साहित्यिक रूपसित अर्थ बहन गर्ने लेखन धर्मको एक विशिष्ट प्रकार हो ।[१८] यस प्रसङ्गमा बालसाहित्यलाई पनि व्यापकताका परिप्रेक्ष्यमा हेरिनु अत्यन्तै जरूरी देखिन्छ ।

---

[१७] बारवरा जे वेकर तथा अन्य, चिल्ड्रेन्स लिट्रेचर सन्, २००४, पृ. २८ ।

[१८] भिक्टर प्रधान, बालसाहित्यको अर्थ र आधुनिक बालसाहित्य (काठमाडौं नेवासास, २०५३) पृ. ५ ।

बालसाहित्य भन्नाले बालबालिकाका लागि स्वस्थ मनोरञ्जन, विभिन्न उपयोगी शिक्षा तथा नवीन सूचना प्रदान गर्ने उद्देश्यले सरल भाषा शैलीमा लेखिएका सबै विधाका रचना भन्ने बुझिन्छ । यस अर्थमा बालसाहित्यको क्षेत्रमा साहित्य शब्द वाङ्मयको अर्थमा प्रयोग भइरहेको पाइन्छ । यसरी बालसाहित्यमा बालकका रूचि र आवश्यकतालाई ध्यानमा राखी सुन्दर ढङ्गमा लेखिएका सबै प्रकारका लेखन समाविष्ट भए तापनि विद्यालयीय पाठ्यपुस्तक भन्दा अलग देखिन्छ । बालसाहित्य शब्दको व्युत्पत्तिमूलक अर्थलाई हेर्दा बालबालिकाका लागि लेखिएको साहित्य बालसाहित्य हो भनेर बुझिन्छ र बालकहरूद्वारा लेखिएको साहित्य पनि हुन सक्छ ।

बालसाहित्यको सन्दर्भमा विभिन्न लेखक, विद्वान तथा समालोचकहरूले आ-आफ्नै विचार प्रस्तुत गरेका छन् । ती विचारलाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक ठहरिन्छ ।

पञ्चतन्त्रका लेखक विष्णु शर्माले हितोपदेश रचनाको सन्दर्भमा बालसाहित्य सम्बन्धी आफ्नो धारणा यसरी व्यक्त गरेका छन् :

"यन्नवे भाजने लग्न संस्कारो नान्यया भवेत् ।

कथाच्छलेन बालानां नीतिस्तदिह कथ्येत ।"

अर्थात् जसरी नयाँ भाँडामा लागेको अन्नको दाग मेटाउन सकिँदैन । त्यसैगरी बालकहरूको दिमागमा नमेटिने गरी कथाको माध्यमले नीतिको उपदेश दिइन्छ भन्ने यथार्थलाई माथिको भनाइले प्रस्ट पारेको छ ।[१९]

बालसाहित्यमको सन्दर्भमा समालोचक राजेन्द्र सुवेदी आफ्नो विचार यसरी व्यक्त गर्दछन् : "बालसाहित्यको सृजना बालकको उमेरको हद, ग्रहणशीलता, पारखक्षमता, मनोवैज्ञानिक विकास आदिलाई दृष्टि दिएर गरिएको हुनु पर्छ । त्यस्तो साहित्य रचना नै बालसाहित्य हो जुन विद्यालय स्तरका बालबालिकाको मानसिक अवस्था र बौद्धिक तहलाई दृष्टि दिएर स्रष्टाले सिर्जना गरेको हुन्छ । बालकहरूले आत्मसात गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतीकरणका आधारमा रचित साहित्य बालसाहित्य हो । बालसाहित्यको विषय व्यापक छ । समाज, जीवन र

---

[१९] गोपीकृष्ण शर्मा, 'बालकथामा पौराणिक आख्यानको भूमिका' बालसाहित्य, (काठमाडौं : बालसाहित्य समाज, २०४८) पृ. १८

परिवेशलाई सुहाउने र यथार्थ ढङ्गले सोच्न सकिने रूप प्रदान गरेर लोकसाहित्य, पौराणिक र वैज्ञानिक एवम् सामाजिक विषयसमेतका वस्तुलाई बाल्य उपभोक्ता बजारको उपयोगी रोचक, आकर्षक र कौतुकतापूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रसतुत गरिने सामग्री नै बालसाहित्य हो ।"[२०]

त्यसैगरी बालसाहित्यका सम्बन्धमा चूडामणि बन्धुले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् : "प्रौढ साहित्य वा सामान्य साहित्यमा आयुवर्गलाई छुट्याइँदैन, भाषिक संरचना र शब्दभण्डार लेखकको नीति शैलीअनुसार हुन्छ स्तरीकृत गरिदैन, बालबालिकाका निम्ति स्वस्थ मनोरञ्जन, उपयोगी शिक्षा, व्यवहारिक ज्ञान र नवीन सूचना दिने सबै कृतिलाई बालसाहित्य शब्दले जनाउने चलन छ । बालसाहित्य विशेषगरी पाठक केन्द्रित हुन्छ, लेखक केन्द्रित होइन । यसमा पाठकको मानसिक स्तर, उमेर, भाषा जस्ता कुराहरूको विचार गरिन्छ र बालसाहित्यले पाठ्य पुस्तकको उद्देश्य पूरा गर्न सक्दैनन् बालसाहित्यको आफ्नो अस्तित्त्व छ, प्रौढ साहित्यभन्दा भिन्न र पाठ्यपुस्तकभन्दा पनि भिन्न ।"[२१]

बालसाहित्यको परिभाषा गर्ने क्रममा बालसाहित्य स्रष्टा रमेश विकलले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् : "बालसाहित्य त्यो हो जो भाषा, विषय, शैली र प्रस्तुति सबै दृष्टिबाट बालबालिकाको रूचि, स्तर र ग्रहण क्षमता अनुरूप रचिएको हुन्छ । बालसाहित्यको उद्देश्य मुख्यतः बालबालिकाको मनोरञ्जन नै हुन्छ तर यसले मनोरञ्जनका साथमा बालबालिकाको मानसिक, बौद्धिक तथा चारित्रिक र नैतिक विकासमा पनि सहयोग पुऱ्याउँदछ ।"[२२]

बालसाहित्यको परिभाषा गर्ने क्रममा नरहरि आचार्यका अनुसार : "बालसाहित्य जति सरल, सहज र मनोरञ्जनपूर्ण आकर्षक हुन्छ त्यतिकै यसको लेखा, चित्राङ्कन र

---

[२०] प्रमोद प्रधान, 'नेपाली बालसाहित्यको इतिहास' (२०५७, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन) पृ. १९ ।
[२१] प्रमोद प्रधान पूर्ववत् पृ. २१ ।
[२२] गीता कुमारी खड्का, 'नेपाली बालसहित्यमा रञ्जुश्री पराजुलीको योगदान' अ. प्र. शोधपत्र, (काठमाडौं : पदमकन्या बहुमुखी क्याम्पस २०५९), पृ. १७ ।

प्रकाशन गम्भीर जटिल र चुनौतिपूर्ण समेत रहेको छ । बालसाहित्य बढी उद्देश्यपूर्ण र आयोजित हुने हुनाले यसका प्रत्येक पक्षमा पूर्वयोजना अति नै जरूरी हुन जान्छ ।”[२३]

बालसाहित्यको परिभाषाका क्रममा जीवेन्द्रदेव गिरीको परिभाषा यस प्रकार छ : “बालसाहित्यले छोटो, मीठो र सरल भाषाबाट शक्ति प्राप्त गर्दछ र लोक साहित्यबाट पनि ऊर्जा बटुल्दछ । त्यसैले बालसाहित्यमा उर्वर मस्तिष्कका उपयोगी विचार, इतिहास र संस्कृतिका मूल्यवान् सामग्री, भूगोलका सुन्दर दृश्य तथा समाजका अनेकौ पक्ष देखिन्छन् ।”[२४]

बालसाहित्यकै परिभाषा गर्ने क्रममा भुवनेश्वरी सत्यालको परिभाषा यसप्रकार छ : “बालकको उमेर अनुसार रूचिकर हुने, मनपर्ने, सरल, सुलभ भाषा बोलीचालीका शब्द प्रयोग गरी लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ । बालसाहित्यको विषयवस्तु, बोली, भाषा र शैली पनि बालकको उमेरको विकासअनुसार साहित्यकारले ढाल्दै गएर उनीहरूको मन जित्न सक्नु, उनीहरूलाई ती पढूँ-पढूँ पार्न सक्नु र त्यसैबाट बौद्धिक मानसिक चारित्रिक नीति सम्बन्धी खुराक दिन सक्नु नै सफलता हुन जान्छ ।”[२५]

बालसाहित्यलाई अच्युतशरण अर्यालले यसरी परिभाषित गरेका छन् : “बालमनोरञ्जनको आडमा बालरूचिअनुकूलको नैतिक, आध्यात्मिक वैज्ञानिक चेतना दिने, राष्ट्रिय वातावरण युक्त, बाल समस्यालाई ध्यान दिएर लेखिएको, बाल उमेर अनुसारको सिर्जनात्मक साहित्यिक रचना नै बालसाहित्य हो भन्न सकिन्छ ।”[२६]

बालसाहित्यको परिभाषा गर्ने क्रममा कृष्णप्रसाद पराजुलीको भनाइ यस्तो छ : “बालकले सजिलैसँग बुझ्न, टिप्न सक्ने र उनीहरूलाई रौस्याउँदै चरित्र निर्माणमा सघाउ पुऱ्याउने सृजनात्मक साहित्य नै बालसाहित्य हो ।”[२७]

बालसाहित्यको सैद्धान्तिक चिन्तन अर्थात् परिभाषा गर्ने क्रममा शारदा ढकालको परिभाषा यस प्रकार रहेको छ : “बालबालिकाको लागि लेखिएको साहित्य

---

[२३] प्रमोद प्रधान, पूर्ववत् पृ. २२ ।
[२४] प्रमोद प्रधान, पूर्ववत् पृ. २४ ।
[२५] प्रमोद प्रधान, पूर्ववत् पृ. २२ ।
[२६] नेपाली बालसाहित्यको रुपरेखा (परिचयात्मक कृति अच्युतशरण अर्याल), पृ. १८ ।
[२७] शारदा ढकाल ‘बालसाहित्यको सैद्धान्तिक स्वरुप’ काठमाडौं नेपाल बासास २०६६, पृ. २६ ।

जसमा बालबालिकाको मनोविज्ञानलाई ध्यानमा राखी उनीहरूको रुचि आवश्यकता र क्षमताअनुसारको विषय वा भाषाको प्रयोग भएको हुन्छ । त्यो नै बालसाहित्य हो ।"[२८]

बालसाहित्यलाई परिभाषित गर्ने क्रममा महादेव अवस्थीले यसरी परिभाषित गर्दछन् : "बालसाहित्य कलात्मक भाषिक अभिव्यक्तिका रूपमा प्रतिष्ठित साहित्यकै एक प्रयोजनपरक भेद हो । जीवन जगतका विभिन्न विषय, विचार र मानवीय मनोभावहरूको अभिव्यक्ति गरी भाषिक कलाका रूपमा रचिने साहित्यका अनेक प्रयोजन मध्ये साहित्यको पाठक-आस्वादन मानका उमेर समूहमध्ये बालक उमेरका पाठकहरूका निम्ति रचिने साहित्य नै बालसाहित्य हो ।"[२९]

इन्साइक्लोपिडिया अफ लिटरेचर १९९५ : २३७ अनुसार : "लेखनकार्यको त्यो अङ्ग बालसाहित्य हो, जो नयाँ पुस्ताका लागि चित्रद्वारा चित्ताकर्षक पारिएको हुन्छ । यो विश्व साहित्यको नयाँ कामको रूपमा देखा परेको स्तरीय ज्ञानभण्डारमूलक साहित्य हो । यसमा चित्र, किताब, पढ्न सजिला कथा आदि केटाकेटीलाई सम्प्रेषण हुने गरी लेखिन्छ ।"[३०]

बालसाहित्यको परिभाषा दिनेक्रममा रञ्जुश्री पराजुलीको भनाइ यस्तो छ : "बालसाहित्यको रचना प्रौढ व्यक्तिहरूद्वारा नै हुने हुनाले यो कार्य सजिलो हुन्छ भन्ने धारणा देखिए पनि वास्तवमा यो कार्य सरल छैन यसको रचना गर्दा लेखकले आफ्नो मस्तिष्करूपी ठूलो सागर भित्रबाट छानेर माझेर बुनेर उनीहरूलाई सुहाउने खालको रचना तयार गर्नुपर्छ ।"[३१]

बालसाहित्यको सैद्धान्तिक स्वरूपका सम्बन्धमा चिनाउने वा परिभाषा गर्ने क्रममा विभिन्न समालोचक, विद्वान्हरू, स्रष्टाका आ-आफ्नै विचार वा मत व्यक्त भएका देखिन्छन् यी माथिका परिभाषालाई निष्कर्षमा यसरी परिभाषित गर्न सकिन्छ :- बालबालिकालाई मनोरञ्जन दिने उद्देश्यले सरल, सहज भाषाशैलीमा रङ्गीन चित्रहरू समेत समावेश गरी कलात्मक तरिकाले प्रकाशन गरिएको कृति बालसाहित्य हो ।

[२८] महादेव अवस्थी "बालसाहित्यका विधा र लेखन प्रक्रिया" (काठमाडौं : नेपाल एकता बुक्स प्रकाशन २०६५), पृ. ७ ।
[२९] प्रमोद प्रधान, पूर्ववत् पृ. २२ ।
[३०] प्रमोद प्रधान, पूर्ववत् पृ. २२ ।
[३१] प्रमोद प्रधान, पूर्ववत् पृ. २२ ।

यसमा बालबालिकाको मनोविज्ञान बुझी उनीहरूको जीवनमा परिष्कार र परिमार्जन ल्याउने खालको खुराक पस्किइन्छ ।

## ३.३ नेपाली बालसाहित्यको विकास

नेपाली बालसाहित्यको परम्पराको सुरूवात पहिल्याउन लोक बालसाहित्यसम्म पुग्नुपर्ने देखिन्छ । "लोकजीवनमा चिरकालदेखि प्रचलित लोककथा, गाउँखाने कथा, झोलुङ्गे गीत, खेल गीत र सामान्य गीत क्रम सम्बन्धित गीत र बालकविताहरू पर्छन् । लोक बालसाहित्यका यी विधाहरू समाजमा परम्परागत रूपमा हस्तान्तरित हुँदै आएका हुन्छन् ।"[३२] समयको गति बढ्दै जाँदा यिनै परिवर्तन हुँदै गई आफ्ना आफ्ना परम्परा र संस्कृति अनुरूप विकसित हुँदै गएको देखिन्छ ।

मौखिक परम्परामा बालसाहित्यको रूप जतिसुकै पुरानो देखिएपनि लिखित नेपाली बालसाहित्यको थालनी धेरैपछि मात्र भएको देखिन्छ । वास्तवमा नेपाली भाषामा बालकहरूलाई पढाउने औपचारिक कार्यको थालनी श्री ३ महाराज देवशमशेरको राज्यकाल (१९५७-१९५८) मा स्थापित भाषा पाठशालाहरूबाट भयो । यही शैक्षिक क्षेत्रमा जागरण ल्याएकै अवसरमा वि. सं. १९५८ मा राजा जयपृथ्वीबहादुर सिंहको "बालबोध नं. १" प्रकाशित भयो । यो नै आजसम्म प्राप्य लिखित बालपाठ्यको पहिलो पुस्तक हो । तर नेपाली आधुनिक कविताको आधुनिकताको सूत्रपात गर्ने लेखनाथ पौड्यालको गोरखा शिक्षाा भाग १ र प्रकाशित कविताहरू "पिंजराको सुँगा" जस्ता बालकविताबाटै भएको मान्नु पर्छ ।

## ३.४ बालकविताको परिचय

बालसाहित्यका अन्य विधाहरू मध्ये कविता विधा एक लोकप्रिय विधा हो । बालबालिकाहरूमा हुने जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सृजनात्मक प्रतिभालाई प्रस्फुटित गराउने, उनीहरूको शब्दभण्डारलाई अभिवृद्धि गर्ने, उनीहरूमा विद्यमान सँगीत चेतनालाई परिमार्जन गर्ने एवम् मनोरञ्जन प्रदान गर्ने भएकाले बालकविता एक सबल, सक्षम विधा मानिन्छ । कविता विधा साहित्यको पद्य भेदमा पर्दछ ।

[३२] चूडामणि बन्धू र अन्य 'नेपाली बालसाहित्यको सर्वेक्षण' (काठमाडौं त्रि. वि., २०४२) पृ. ११ ।

बालसाहित्यको पद्य भेद अन्तर्गतका कविता, काव्य तथा गीत पनि गेयात्मक तथा श्रुतिमधुर हुने भएकाले बालबालिकाका लागि प्रिय मानिन्छ । कुनै विषयको बयान गरेर वा खासगरी आफ्नै मनका भावनाहरू पोखेर भाका हाली गाउन मिल्ने लय वा छन्दमा बाँधिएको भाषामा लिखित रूपमा गरिने अभिव्यक्तिलाई कविता भनिन्छ भने खास खास उमेर समूहका बालकहरूसम्म पुऱ्याउन गरिएको त्यस्तै खालको अभिव्यक्तिलाई बालकविता भनिन्छ । भने साहित्यको कविता विधाको एक प्रकारको रूपमा रहेको खण्डकाव्यका जस्तै लमाइको आयाममा रचिएको र लयबद्ध ललित भाषामा जीवनको एक खण्डलाई झल्काउन सक्ने खालको विषय वा आख्यानको पनि अभिव्यक्ति गरिएको रचना बालकविता हो । अतः बालकवितामा सङ्क्षिप्तता, सरलता, लयात्मकता, गेयात्मकता, स्वभाविकता र बालसुलभ जस्ता गुणहरू हुनु पर्दछ ।

### ३.५ बालकविताका तत्त्व

बालकविता बालसाहित्यको एक प्रमुख विधा हो । बालकविताका तत्त्व भन्नाले त्यसको संरचनाका लागि आवश्यक पर्ने विभिन्न अङ्गहरू नै यसका तत्त्व हुन् । बालकविताका तत्त्वहरू निम्न अनुसार छन् :

(१) शीर्षक र संरचना　　(२) विषयवस्तु

(३) भावविधान /भाव वा विचार　　(४) लय

(५) भाषाशैली　　(६) चित्र तथा साजसज्जा

(७) दृष्टिविन्दु

### (१) शीर्षक र संरचना

कविताका तत्त्वहरू मध्ये शीर्षक पनि महत्त्वपूर्ण तत्त्व हो । शीर्षकले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ कृतिमा वर्णन भएको विषय र शीर्षक बीच अन्त सङ्गति रहनुपर्छ ।

कविताको संरचनात्मक ढाँचा नै संरचना हो । संरचनाद्वारा कविताको निर्माण हुन्छ । कवितामा सर्ग, अनुच्छेद, परिच्छेद, पाउ, हरफ आदिलाई संरचना तत्त्व मानिन्छ ।

(२). **विषयवस्तु**

रचनाका लागि चयन गरिएको भावभूमि विषयवस्तु हो । कविले जीवनगजत् मानवीय स्वभाव, प्रकृति, धर्म, संस्कृति र आफ्नो अनुभव आदिलाई विषयवस्तु बनाइ काव्य रचना गर्छ । विषयवस्तुको चयनमा जति सचेतता अपनाइन्छ कविता त्यति नै सुन्दर हुन्छ । जीवन जगत्का यावत विषयमा कविता लेख्न सकिने हुँदा कवितामा विषयगत विविधता भेटिन्छ । विषयवस्तु काव्य सिर्जनाको आधार भएकाले जीवन जगत्का विविध पक्षका सत्य घटना वा काल्पनिक परिवेश चयन गरी काव्य रचना गर्न सकिन्छ ।

बालकवितामा कुनै वस्तु वा चीजको बयान गर्न सकिन्छ : जस्तै : फूल, घाम, जून, तारा, खोला आदि बालकवितामा विभिन्न प्राणीहरूका बारेमा पनि बयान गर्न सकिन्छ : जस्तै माछा, पुतली, चरा, खरायो, मानिस आदि बालकवितामा कुनै ठाउँ, घटना, समय आदिको पनि बयान गर्ने गरिन्छ, जस्तै वन, सहर, गाउँ, ऋतु, चाडपर्व, हिमाल आदि । यसरी बालकवितामा बयान गरिने वस्तु वा चीन, प्राणी, ठाउँ, समय, घटना आदिलाई कविताको विषयवस्तु भनिन्छ ।

(३) **भावविधान /भाव वा विचार**

बालकविताका तत्त्वहरू मध्ये भाव वा विचार एउटा प्रमुख तत्त्व हो । कविताको विषयवस्तु अनुसार भाव वा विचार अनेक हुन सक्छन् । भाव वा विचारलाई कलात्मकरूपमा प्रस्तुत गर्दा कविताको सिर्जना हुन्छ । कविताको संरचना, कथन, पद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा कवितामा भाव प्रकट हुन्छ । कविताबाट बालभावकहरूलाई प्राप्त हुने मूल वस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वका रूपमा लिइन्छ ।

(४) **लयः**

बालकविताको अर्को महत्त्वपूर्ण तत्त्व लय हो । लयले उच्चारणका क्रममा उत्पन्न आरोह-अवरोधगत साङ्गीतिक ध्वनि वा स्वरलाई जनाउँछ । कवितामा छन्द र अनुप्रास (तुक) ले लय उत्पन्न गर्दछ । लयका दृष्टिले कविता छन्दयुक्त र छन्दमुक्त हुने गर्दछ । छन्दयुक्त कवितामा छन्द र अनुप्रासको सुनियोजित व्यवस्था हुन्छ भने छन्द मुक्त कवितामा त्यस्तो व्यवस्था भेटिदैन । बालबालिकाहरूका लागि छन्दमुक्त कविता बढी रसिलो बन्ने गर्दछ । कवितालाई अन्य विधा भन्दा भिन्न देखाउने तत्त्व नै लय भएकाले लयविधान बालकविताको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

(५) **भाषाशैली**

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको प्रकार हो । भाषाशैलीको अर्थ भाव प्रकाशनका लागि प्रयोग गरिने अभिव्यक्तिको ढङ्ग हुन्छ । गद्यात्मक वा पद्यात्मक जस्तो भएपनि कविताको भाषा विशिष्ट हुन्छ । यो अलंकार, विम्व वा प्रतीकयुक्त हुन्छ । बालकवितामा सरल, सहज बाल सुलभ भाषा शैलीको प्रयोग गर्नु उपयुक्त हुन्छ । स-साना उमेरका बालबालिकाका लागि लेखिने बालकवितामा लेख्य स्तरीय भाषाशैलीको प्रयोगभन्दा कथ्य भाषाशैली, बालबोलीको प्रयोग उनीहरूको उमेर, रूचि, क्षमताको वृद्धिलाई ख्यालगरी भाषाशैलीको प्रयोग गर्नु उपयुक्त देखिन्छ । तसर्थ विचार विनिमयको साधन भाषा र अभिव्यक्तिको तरीका वा ढङ्ग शैलीको कविता निर्माणमा महत्त्वपूर्ण भूमिका देखिन्छ ।

(६) **दृष्टिविन्दु**

कविले कवितालाई बालपाठक समक्ष उपस्थित गर्ने तरिकालाई दृष्टिविन्दु भनिन्छ । कवितामा वर्णन कर्ता को हो र त्यसमा मुख्यतः उसको वर्णन गरिएको छ भन्ने कुरा नै दृष्टिविन्दु हो । कवितामा दृष्टिविन्दु प्रथम पुरुषमा अथवा तृतीय पुरुषमा देखिन्छ । बालकवितामा प्रथम पुरुष म, हामी वा तृतीय पुरुष ऊ, उनी, त्यो, तिनी वा कुनै नाम भएको प्रयोग गर्ने गरेको पाइन्छ । कवितामा दृष्टिविन्दु अनिवार्य तत्त्वका रूपमा देखिदैन, यो गौण तत्त्व भित्र पर्दछ ।

(७) **चित्र तथा साज सज्जा**

चित्र तथा साज -सज्जा बालकविताको महत्त्वपूर्ण तत्त्व हुन् । बालबालिकाहरू स्वभावैले चित्र तथा साज-सज्जा प्रति रूचि बढाउँछन् । आजभोलि प्रौढ कवितामा पनि चित्र प्रयोग गर्न थालिएको अवस्थामा बालसाहित्यमा चित्र एउटा आवश्यक तत्त्वका रूपमा रहेको छ । प्रौढ साहित्य र बालसाहित्यका बीचमा भेद देखाउने एउटा तत्त्व चित्रको प्रयोग नै हो । साना केटाकेटी शब्दभन्दा बढी चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूमा सम्प्रेषण सरल हुने हुन्छ । यसैले उनीहरूका लागि रचित बालकवितामा चित्रको प्रयोग उपयुक्त हुन्छ ।

साहित्यका विभिन्न भेदमध्ये बालसाहित्य पनि एक भेद हो । यो लेखकीय तथा पाठकीय उमेरका आधारमा उत्पन्न भेद हो । प्रौढ साहित्यमा झैं बालसाहित्यमा पनि विभिन्न विधा तथा उपविधाहरू विकसित भएका छन् । बालकविता पद्यात्मक लेखनको महत्त्वपूर्ण विधा हो । बालकविता निर्माण हुनका लागि आवश्यक उपकरण वा तत्त्वहरू शीर्षक वा संरचना, विषयवस्तु, भाव वा विचार, लय, भाषाशैली चित्र तथा साज सज्जा र दृष्टिविन्दु हुन् । चित्र बालसाहित्य तथा बालकविताको नीजि तत्त्व हो ।

## ३.६ नेपाली बालकविताको विकास

नेपाली बालकविताको लेखनको सचेत प्रयास गोरखा प्रथम भाग वि. सं. १९७२ बाट सुरू भएको हो । यसमा लेखनाथ, चक्रपाणि र राममणि आ. दी. का कविता छन् । प्रकाशित कविता मध्ये दशैं, तिहार, ईश्वर स्तुति, हिउँदका दिन, इन्द्रधनु आदि राम्रा कविता ठहरिन्छन् ।[३३] हुनत कवि पौड्यालले बालसाहित्य भनेर कविता लेखनन् तर पनि उनका कवितामा बालकवितामा हुनुपर्ने तत्त्वहरू भाषाको सरलता, लयात्मकता र गेयात्मकता पाइन्छन् । कवि पौड्यालका बालकविताहरू पदलालित्यपूर्ण नीति उपदेशयुक्त, मनोरञ्जनपरक र भक्तिभावना युक्त छन् । रोचक, नीतिपरक र औपदेशिक विषयवस्तु, सरल भाषा, परिस्कृत र परिमार्जित शैली उनका कविताका वैशिष्ट्य हुन् । कवि पौड्यालका बालकविताहरू बालबालिकाले सहजै कण्ठ पार्न सक्ने खालका छन् । जयजगदीश्वर, पिंजराको सुँगा, हिउँदका दिन, दशैं तिहार जस्ता रोचक

[३३] अच्युतशरण अर्याल, 'नेपाली बालसाहित्यको रुपरेखा' (स्याङ्जा, डिल्लीप्रसाद अर्याल, २०५४) पृ. ३४ ।

कविताका उदाहरणहरू हुन् । यी बालकविताहरूको माध्यमले नेपाली पाठ्यपुस्तकका माध्यमद्वारा समेत बालहृदयलाई प्रफुल्लित बनाउन कवि लेखनाथ सफल देखिन्छन् ।

नेपाल बाहिरबाट पनि बालकवितालाई अग्रणी दिशाबोध दिने कार्य भएको बिर्सन सकिन्न । यस सन्दर्भमा भारतको दार्जिलिङबाट बालसाहित्यअन्तर्गत कविता लेखनमा समूहगत प्रयास भएको पाइन्छ: "पारसमणिद्वारा म्याकमिलन एण्ड कम्पनीका निम्ति धेरै पाठ्यपुस्तक लेखिएका छन् । प्रधानले थुप्रै बालकविताहरू पनि लेखेका छन् । ती कविताहरू गोर्खाली, चन्द्रिका, गोर्खा संसार, तरूण गोर्खा, भारती र गोर्खे खबर कागज जस्ता पत्रिकामा प्रकाशित भएका छन् ।"[३४] पछि यी कविताहरू "जयमाला" मा सङ्गृहित छन् । कवि प्रधानका कथात्मक प्रवृत्तिको केही बालकविताहरू सिंह र मुसो पशुपंक्षीको युद्ध, गोठालो र बाघ, जाली माकुरा हुन् । केही बालकवितामा प्राकृतिक सौन्दर्यको चित्रण, देशभक्तिका भावना ओतप्रोत भएका पाइन्छन् ।

दार्जिलिङबाट पारसमणि प्रधानले दिएको योगदान बालसाहित्यकै क्षेत्रमा अविस्मरणीय देखिन्छ । यसप्रकारले जुन प्रयास बालकविताको क्षेत्रमा देखियो यो प्रजातन्त्रपूर्व (२००७) भन्दा अघि भएको बालकविताको इतिहासको लेखाजोखा हो ।

देशमा प्रजातन्त्रको स्थापनापश्चात् केही सचेत र सक्रिय प्रयासहरू बालकविता लेखनमा हुन थाल्यो । यस क्षेत्रमा बालकविता/गीत लेख्ने जमर्को कविहरूले सुरू गरे ती नै प्रतिभाहरू मध्येका एक प्रतिभाशाली कवि हुन लक्ष्मीप्रसाद देवकोटा । देवकोटाले बालबालिकाको रूचि र मनोविज्ञानलाई बुझी बाल्य रूचिका साहित्य सिर्जना गरेको पाइन्छ । बालकविताहरूको अग्रपङ्क्तिमा लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू रहेका छन् । उनका पुतली १ (२००९) सुनको बिहान (२००९), पुतली २ (२०१०) र चिल्लापातहरू महत्त्वपूर्ण छन् । यी कविताहरूमा भविष्यप्रति आशावादी विचार, राष्ट्रप्रेम, ईश्वरप्रति विश्वास, विश्वबन्धुत्व, आमाको अमरताको

[३४] कुमार बहादुर जोशी, 'राजकुमार प्रभाकर, महाकवि देवकोटाको कविता यात्रा र मोडको विवेचना' (काठमाडौं : २०४५) पृ. २९ ।

सन्देश, नैतिक शिक्षाा र सत् चरित्रको निर्माण जस्ता विषयवस्तुप्रति जोड दिइएको देखिन्छ ।

"देवकोटाको बालकवितामा सबभन्दा पहिलो काव्य "राजकुमार प्रभाकर" (१९९७) हो । यो बालकविता लोककथालाई विषयवस्तु बनाएर लेखिएको छ । यस काव्यमा एकाध ठाउँमा भाषिक कठिनाइ भए तापनि धेरै जसो ठाउँमा सरल भाषाकै प्रयोग भएको छ ।"[३५]

देवकोटाले ऐतिहासिक भावभूमिलाई लिएर 'कटक' (२०२६) रचना गरेको देखिन्छ । यो प्रवास कालमा रहँदा लेखिएको काव्य हो । तेह्रवटा कविताहरूको सङ्कलन भएको "छाँगासँग कुरा" (२०२६) देवकोटाको प्राकृतिक छटाको वर्णन र परिवर्तनलाई समेत प्रस्ट्याइएको जोशिलो अभिव्यक्तिको नमुना हो । यस काव्यको शैली र भाषा आकर्षक र सरल छन् ।

"महाकवि देवकोटाले बालककै लागि भनेर बालसाहित्य लेखिएकाले र संख्यात्मक रूपमा उनका कृति बढी भएकाले उनी प्रजातन्त्र उत्तरका एक केन्द्रीय बालकविका रूपमा स्थापित भएका छन् ।"[३६] यसोभन्दा गुणात्मक पक्ष भने कमजोर मान्नु हुँदैन । गुणात्मकताका दृष्टिले पनि देवकोटा अग्रज बालकवि हुन् ।

देवकोटाको आगमन पछि नेपाली बालकविता सिर्जनामा माधवप्रसाद घिमिरेको योगदानले महत्त्व राखेको देखिन आउँछ ।

"प्रथम चरणका महत्त्वपूर्ण बालसाहित्य लेखकहरूमा माधव घिमिरे, ध्रुव दवाडी, देवकुमारी थापा, कृष्णप्रसाद पराजुली र परशु प्रधान हुन् । नेपाली बालसाहित्यका कविता विधामा कवि माधव घिमिरेको योगदान विर्सिनसक्नुछ । घामपानी (२०१२) बाललहरी (२०२०) र सुनपङ्खी चरी (२०५३) मा उनका बालकविताहरू सङ्गृहीत छन् । बालबालिकाहरूको रूचि र मनोभाव उनीहरूको दैनन्दिनी र बालभाषाको प्रयोग

[३५] प्रमोद प्रधान, 'बालसाहित्यको विकासधारा, केही अध्ययन केही अनुसन्धान', (कुमार प्र. विराटनगर : २०४४) पृ. ४८ ।
[३६] सीता कटुवाल, 'नेपाली बालकविताको अध्ययन' (अप्रकाशित शोधपत्र कीर्तिपसर त्रि. वि., २०५०), पृ. ६८ ।

र मनोरञ्जन पक्षको सूक्ष्म अध्ययन गरी लेखिएका कवि घिमिरेको बालकविताहरू नेपाली साहित्यका महत्त्वपूर्ण प्राप्ति हुन् ।"[३७]

माधव घिमिरेपछि बालसाहित्यलाई सहृदयी भई रचना सिर्जना गर्ने कवि कृष्णप्रसाद पराजुली हुन् । उनी नानीका कवि उपनामले पनि चिनिन्छन् । पराजुलीका "रमाइला नानीका तीन भाग" (२०२२-२०२५) कवितासङ्ग्रह प्रकाशित छन् । उनका अन्य कृतिहरू 'जुनतारा' (२०२४), 'चरी आयो' (२०४७), 'बालकविता समेत' देखा परेका छन् । पराजुलीका "रमाइला नानी" भाग १-३ निकै लोकप्रिय र चर्चित बालकवितासङ्ग्रहरू हुन् । उनका कविताहरूमा प्रकृति, पशुपंक्षी, देशप्रेम, नेपाली संस्कृति, समाज, खेल जगत् जस्ता विषयहरू समेटिएका छन् । पराजुली बालभाव र शिल्पलाई सिङ्गार्न सफल देखिन्छ । बाल्यसंसारको सजीव चित्र उनले उतारेका छन् ।

नेपाली बालकविता इतिहासमा 'पुतलीको फूल' (२०५८) लिएर देखा परेका अर्का कवि कुलमणि देवकोटा हुन् । उनको पुतलीको फूल बालकवितासङ्ग्रहमा १९ वटा कविता सङ्कलित छन् । मनोरञ्जन, हास्य सङ्क्षिप्तता, आत्मपरक शैली उनका कविताका विशेषताहरू हुन् ।

कृष्णप्रसाद दुबाल 'मेरो गाँउघर' (२०२५), **कमिलाको ताँती** (२०४८) र बालबाटिका (२०५१) बालकवितासङ्ग्रह लिएर देखा परेका कवि हुन् । यिनका कवितामा राष्ट्रिय चेतना, प्रकृति, पशुपंक्षी, सामाजिक जनजीवनजस्ता विषयवस्तु भेटिन्छन् ।

नेपाली बालसाहित्यमा बालकविता सिर्जना गर्ने अर्को नारी सर्जक मधुकरी कर्माचार्य हुन् । उनको कवितासङ्ग्रह 'इन्द्रेणी' (२०२५) मा प्रकाशित भएको पाइन्छ । उनका कवितामा गेयात्मकता र बाल विषयहरू भेट्न सकिन्छ साथै कोमल पदावली र अनुप्रासले कवितामा मिठास थपेको देखिन्छ ।

बालकविताका अर्का सर्जक बालकृष्ण पोखरेल हुन् । उनका साना नानी (२०५५) र रसिला कवितागरी दुई कवितासङ्ग्रह प्रकाशित छन् । राष्ट्रियताको मर्मलाई

[३७] प्रमोद प्रधान, नेपाली भाषामा लिखित 'बालसाहित्य एक सिंहावलोकन' मधुपर्क (वर्ष ३१ अङ्क ४, पूर्णाङ्क ३५० : भदौ २०५५) पृ. ९९ ।

मूलरूपमा प्रस्ट्याइएको यी कवितामा मनोरञ्जन, हास्य भाव भेट्न सकिन्छ साथै लोकलय र वर्णमात्रिक छन्दमा यी कविताहरूमा रचिएका छन् ।

नेपाली बालसाहित्यमा बालकविता र बालगीत रचना गरी चर्चित बनेका अर्का स्रष्टा दैवज्ञराज न्यौपाने हुन् । उनी बालदृश्यलाई चट्ट छोएर कविता सिर्जन सक्ने क्षमता राख्दछन् । कवि न्यौपानेको तीनवटा कवितासङ्ग्रहहरू क्रमशः तोतेवोली (२०३८) गाउँखाने कविता (२०४३) र बालसंसार (२०५३) हुन् । उनका कवितामा प्रकृतिको सुन्दरता, देशप्रेम, खेलसंसार, बालसंसारलाई कलात्मकको साथ प्रस्तुत गरेको देखिन्छ ।

त्यस्तैगरी पुतलीको घर (२०४१) बाँ बाँ बाच्छी (२०४४) र पानी पानी (२०४९) र भङ्गेरी (२०५१) कवितासङ्ग्रह लिएर नरेन्द्र चापागाई, 'बालगीत' भाग १ र २ (२०४५) प्रकाशित गर्दै प्रेमा शाह, काशीराज सुवेदी देखा परेका छन् ।

नेपाली बालसाहित्यमा निकै समर्पित भएर लाग्ने प्रतिभा सम्पन्न बालसाहित्यकारको नाम लिनु पर्दा श्यामप्रसाद शर्मालाई सम्झनु पर्छ । साहित्यकार श्यामप्रसादका बालकवितासङ्ग्रह 'मेरो सानो साथी' (२)४२) 'हामी हुन्छौं बलियो' (२०५२) । हाम्रो इच्छा (२०५६), केही कविता : केही गीत, (२)४३) हुन भने राम्रो नराम्रो चित्र अठारवटा मुक्तक किसिमका कविता छन् । "बालबालिकाहरूमा आपसी सद्भाव र स्नेहको बीजारोपण गर्ने, सच्चारित्रता' र इमान्दारीको पाठा पढाउने र मिहिनेत र परिश्रमको आवश्यकता बोध गराउने उद्देश्यबाट उत्प्रेरित भई लेखिएका श्यामप्रसादका कविताहरू छोटा र लयात्मक छन् ।"[३८]

नेपाली बालकविताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बालसर्जकहरूको सूचीमा सिद्धिचरण श्रेष्ठको नाम पनि अग्रपङ्क्तिमा पर्दछ । खासगरी फुटकर कविताहरू सरल नेपाली साहित्य, ज्ञानमाला, नेपाली साहित्यजस्ता विभिन्न बालपाठ्य पुस्तकहरूमा प्रकाशित हुनाका साथै 'तिरमिर तारा' (२०४५) प्रकाशनमा आएको कृति हो । "उनका कविताहरूले इमानदारिता, शिक्षाा, सत्य, देशभक्ति र स्वाबलम्बनतर्फ लाग्ने प्रेरणा दिएका

---

[३८] चूडामणि बन्धु, 'प्रकृतिमा देवकोटा', (काठमाडौं साझा प्रकाशन २०४६) पृ. २८ ।

छन् । प्रस्तुत सङग्रहका केही कविता परम्परागत गीति शैलीबाट प्रभावित छन् भने केही बालकविता देवकोटाको प्रश्नोत्तर कविताको शैलीबाट प्रेरित र प्रभावित पनि देखिन्छन् ।"[३९]

नेपाली बालकविताका क्षेत्रमा अत्यन्त थोरै तर राम्रा कविता दिएर योगदान पुऱ्याउने कवि युद्धप्रसाद मिश्रका जम्मा ९ वटा बालकविता मात्र प्रकाशित छन् । तीमध्ये बालकोसेली पत्रिकामा सातवटा र वाढी कवितासङ्ग्रहमा दुईवटा प्रकाशित भएकामा पछि ती मध्ये पनि आठवटा युद्धप्रसाद मिश्रका कविताहरूमा पुनर्प्रकाशन गरिएको छ । उनले बालकविताका माध्यमबाट बालबालिकाहरूमा न्याय, समानता, वैज्ञानिक दृष्टिकोण, चेतना र आशाको सञ्चार गराई समाज र देशका सक्षम नागरिक बन्न उत्प्रेरणा प्रदान गरेका छन् ।[४०]

बालसाहित्यलाई माया गर्ने अर्का साहित्यकार दुर्गालाल श्रेष्ठ हुन् । नेवारी भाषा मार्फत आफ्ना कविताहरू फुटकर रचनाका रूपमा 'बालकोसेली' बाट प्रकाशित छन् । बालहृदयलाई जित्न सक्ने र मार्मिकताले पूर्ण उनका कविताहरू नेपाली बालसाहित्यका सम्पति हुन् ।

बालसाहित्यका क्षेत्रमा देखा परेका अर्का कवि भानुभक्त पोखेल हुन् । फूलबारी (२०४३) बालकवितासङ्ग्रह लिएर देखापरेका पोखेलका कवितामा बालसुलभ कोमल भावनालाई उनीहरूकै भाषा र बोलीमा टिपेर कवितामा व्यक्त गर्न खप्पिस देखिन्छन् । फूलबारीका पच्चीस बालकविता प्रायः सबै राम्रा र मीठा छन् । उनका बालकविता राष्ट्रिय भावना, प्रकृतिचित्रण, नेपाली जनजीवनका विविध पक्षमा मात्रै केन्द्रित नभई केटाकेटीहरूलाई मनोरञ्जन दिन सफल छन् ।

यसैगरी बालकवितालाई अझै अगाडि बढाउन मद्दत पुऱ्याउने काममा आस्था (प्रकाशन) को 'आस्था बालगीत' (२०४९), एडोन रोगोङ लेप्चाको 'नेपाली बालगीतमाला' (२०४७), कुलमान सिंहको 'मेरो सानी साथी' (२०४३), गोपाल योञ्जनको 'गीत मञ्जरी' (२०५०), जयप्रसाद पौडेलको 'नानीको साथी' (२०५३), जीवनलाल सत्यालको 'नानीका गीतहरू' (२०२८), ध्रुवकृष्ण दीपका 'बालभोग' (२०१४), पारसमणि प्रधानको 'जपमाला'( १९७२ई), प्रमोद प्रधानको कान समात् कान'(२०५३), **कानाकाना कुर्र** (२०६२), 'सँधैभरि लुकामारी' (२०६२),'च्याइँ च्याइँ सारङ्गी' (२०६६), **मेरो साथी खोई** ? (चित्रकविता, २०६६),

[३९] प्रमोद प्रधान, पूर्ववत, ऐजन पृ. ६० ।
[४०] प्रमोद प्रधान, पूर्ववत, ऐजन पृ. ६१ ।

बालकोसेली प्रकाशनको 'राम्रो नराम्रो'(२०४५) बुँद रानाको 'पुष्टकारी' (२०५०), रमण नेपालको 'हात्ती' (२०४३) रमेश विकलको 'बाह्र महिनाको गीत' (२०४३), रामेश्वर राउत 'मातृदास' को 'आफै वोल्छन फूलहरू'(२०५१), विजय राज न्यौपानेको 'सुनटिपी र जुनटिपीण्द्दज्ञड(२०५०), विश्वम्भर चञ्चलको 'ओक्कल दोक्कल'(२०४२), सुवर्णराम जोशीको 'आमाको बन्दना'(२०४४) र 'मानिस त झन ठूलो' (२०४५) शारदा अधिकारीको 'चिनजान हामीलाई' बालगीत (२०५३), पद्यमप्रसाद देवकोटाको 'अनलचरी' (२०५६), रामकुमार पाँडेको 'पुतलीको घर' (२०४१), उज्ज्वल जी. सी. को बाललहरी (२०४९), जगदीशचन्द्र भण्डारीको 'आँखाका यी नानी' (२०५९), भगवती जोशीको '**पुतलीको बिहे**' (२०६०) जस्ता बालकविता कृति रचना गरी साहित्यकारहरूले ठूलो योगदान दिएको देखिन्छ ।

अन्य पत्रपत्रिकामा बालकविताहरू प्रकाशित गरी बालसाहित्यलाई अझै अगाडि बढाउन टेवा पुऱ्याउने साहित्यकारहरूमा विष्णु भट्ट, रमेश खकुरेल, मञ्जुल, भाउपन्थी, कालीप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी, विजय सुब्वा, नारायण तिवारी, अच्युतरमण अधिकारी लगायतका थुप्रै साहित्यकाहरू पर्दछन् ।

नेपाली पत्रपत्रिकाहरूले पनि बालकविताको विकासमा ठूलो गुन लगाएका छन् । बाल सर्जकका कविताहरू प्रकाशित गरी बालबालिकाहरू माझ पुऱ्याउने पत्रपत्रिकाहरूमा 'मुना', नवप्रतिभा, गोरखापत्र, कान्तिपुर, कोपिला, कोसेली जस्ता पत्रिकाहरू रहेका छन् ।

## ३.७ प्रमोद प्रधानको बालसाहित्यिक यात्राको अध्ययन

### ३.७.१ पृष्ठभूमि

प्रौढ साहित्यका तुलनामा बालसाहित्य फस्टाउन सकेको देखिदैन् । आजका बालबालिका भोलिको देशका कर्णधार हुन् । उनीहरूलाई सानैदेखि साहित्यको माध्यमबाट ज्ञान विज्ञानको विविध विषयको ज्ञान दिनु आजका बालसाहित्यकारहरूको मुख्य दायित्व हो । नेपाली बालसाहित्यको लेखन बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहबाट १९५८ तिरबाट शुरू भएको मानिन्छ । नेपाली बालसाहित्य लेखनको प्रारम्भविन्दु वि. सं. १९५८ लाई मान्ने हो भने नेपाली बालसाहित्यको यात्रा सवा सय वर्ष मै गरिरहेको देखिन्छ । यही सवा सय वर्षकै अवधिभित्र धेरै बालसाहित्यकारहरूको आगमन भएको देखिन्छ । वर्तमान बालसाहित्यमा साधनारत नेपाली बालसाहित्यकार

मध्ये प्रमोद प्रधान पनि एक बालसाहित्य सर्जकका रूपमा देखापरेका छन् । सानै उमेरदेखि साहित्य सिर्जना गर्न थालेका प्रमोद प्रधानको प्रेरणाको स्रोत आफ्नै गुरूजन र घरपरिवार नै देखिन्छ । वि. सं. २०२८ सालदेखि साहित्य यात्रा थालनी गरेका प्रधान बालसाहित्यका क्षेत्रमा सर्वप्रथम वि. सं. २०५३ कान समात् कान बालकवितासङ्ग्रह कृति लिएर देखा परेका हुन् । बालसाहित्यकार प्रमोद प्रधान पचासको दशकपछि मात्र बालकृति लिएर देखा परेका हुन् । पचासको दशकभन्दा अघि फुटकर रचना पत्रपत्रिकामा प्रकाशित भएको बुझिन्छ ।

### ३.७.२ प्रेरणा र प्रभाव

प्रमोद प्रधानलाई बालसाहित्य सिर्जनामा उनकै जीवनमा भोगेका अनुभवहरूले नै बढी प्रभाव पारेको छ । उनी आफ्ना अग्रज साहित्यकारका कलम चलाउन थालेको पाइन्छ । त्यस्तैगरी बालसाहित्य प्रौढ साहित्यका तुलनामा पछि परेकाले बालसाहित्यतर्फ लागेको बुझिन्छ । केटाकेटी/बालबालिकाहरूसँग तोते बोलीमा खेल्न रूचाउने प्रधान साहित्यका माध्यमबाट अझ रमाइलो पाराले खेल्नका लागि बालसाहित्य सिर्जनामा लागेको बताउँछन् । पचासको दशक भन्दा अगाडि फुटकर बालरचना प्रकाशित गर्ने प्रधान पचासको दशकपछि पुस्तकाकार कृतिका साथ देखापरेका हुन् । प्रमोद प्रधान किन र कसरी बालसाहित्यप्रति उन्मुख भए भन्ने प्रश्नमा उनी भन्छन् : "विराटनगरमा बरिष्ठ बालसाहित्य लेखिका-आदरणीय दिज्यू देवकुमारी थापासँगको मेरो सम्पर्क र सम्बन्धका कारण बालसाहित्यप्रति सर्वप्रथम म आकर्षित भए । त्यसपछि २०४४ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको आयोजनामा भएको बालसाहित्य सम्बन्धी कार्यशाला र पठनपाठन गोष्ठीमा वरिष्ठ समालोचक एवम् भाषाविद् चूडामणि बन्धुले निम्त्याउनु भै सहभागी हुने अवसर प्राप्त भएपछि बालसाहित्यसम्बन्धी समालोचनात्मक लेखहरू र बालकविताको लेखनमा बढी उन्मुख भएको हुँ ।"[४१] यसरी वरिष्ठ साहित्यकारहरूको सम्पर्कबाट प्रेरित भई बालसाहित्यमा कलम चलाउन थालेको बुझिन्छ ।

[४१] प्रमोद प्रधानसँग गरिएको कुराकानीका आधारमा ।

### ३.७.३ बालसाहित्यसम्बन्धी धारणा

नेपाली बालसाहित्यलाई थोरै भए पनि अगाडि बढाउने उद्देश्य बोकेर प्रमोद प्रधान बालसाहित्य लेखनतर्फ कलम चलाउन थालेको बुझिन्छ । प्रमोद प्रधानको बालसाहित्यसम्बन्धी धारणा यस्तो देखिन्छ : "बालसाहित्य उद्देश्यमूलक र सिर्जनात्मक हुनुपर्छ । बालबालिकाहरूलाई समय सापेक्ष ज्ञान उनीहरूले बुझ्ने सरल बाल भाषा र शैलीमा दिनुपर्छ । बालसाहित्यका माध्यमबाट बालबालिकाहरूलाई सचेत, जिम्मेवार सिर्जनशील र कर्तव्यपरायण बनाउन सकिन्छ ।"[४२] प्रमोद प्रधानले बालसाहित्य केटाकेटीहरूलाई विविध विषयमा बौद्धिक खुराक पस्कने एउटा सशक्त माध्यम बन्नुका साथै सिर्जनशील बनाउने चीज हो भनेका छन् ।

उनको विचारमा बालसाहित्य लेखनकार्य सरल छैन । बालसाहित्य लेख्दा हरेक स्रष्टा बालक बन्न सक्नुपर्छ । बालबालिकालाई रोचक लाग्ने समय सापेक्ष सुहाउँदो विषय चयन गर्ने सामर्थ्य हुनुपर्छ । एउटा बालसाहित्य स्रष्टाले बालसाहित्य लेख्नुपूर्व म कस्का लागि, के, किन लेख्दै छु भन्ने कुरामा पूर्ण तयारी हुनुपर्छ अनि मात्र बालसाहित्य लेख्दा बालबालिकालाई मज्जा लाग्ने खुराक बन्न सक्दछ भन्ने विचार राख्दछन् । उनका विचारमा बालसाहित्य सरल, सुबोध, लालित्यपूर्ण र गेय हुनुपर्छ । साहित्यका माध्यमबाट बालबालिकालाई नीति उपदेश मात्र नथोपरी सिर्जनशील बन्न प्रेरित गर्नु पर्छ ।

### ३.७.४ प्रमोद प्रधानको बालसाहित्यिक यात्रा

प्रमोद प्रधानको साहित्यिक यात्राको थालनी वि. सं. २०२९ मा नयाँ सन्देश साप्ताहिक समाचारपत्रमा प्रकाशित 'एक टुक्रा' कविताबाट भएको हो । विद्यार्थी जीवनदेखि नै साहित्यिक क्षेत्रमा कलम चलाएका प्रधान तीसको दशकमा आइपुग्दा सक्रिय भएर लागेको देखिन्छ । प्रमोद प्रधानको बालसाहित्यकार व्यक्तित्व पनि प्रखर रहेको छ । बालसाहित्यतर्फ उनको रूचि २०३५ सालदेखि नै भएको देखिन्छ । त्यसैबेला उनको 'नेपाली बालसाहित्य : विकासको धारा' शीर्षकको लेख रूपरेखामा

[४२] ऐजन, ।

छापिएको थियो । त्यसपछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०४४ सालमा आयोजना गरेको नेपाली बालपुस्तकका लेखक तथा कलाकारहरूको कार्यशालामा भाग लिने अवसर पाएपछि उनी बालकविता लेखन र नेपाली बालसाहित्यको अध्ययनमा अझ बढी सक्रियताका साथ लागेको पाइन्छ । उनका बालकविता वि. सं. २०४७ देखि छापिएका देखिन्छन् । उनको सङ्ग्रहका रूपमा कान समात् कान (बालकवितासङ्ग्रह, २०५३), **कानाकाना कुर्र** (बालकवितासङ्ग्रह २०६२), सधैंभरि लुकामारी ( बालकवितासङ्ग्रह, २०६२), च्याइँ च्याइँ सारङ्गी (बालकवितासङ्ग्रह २०६६) र **मेरो साथी खोई** (२०६६) गरी पाँच वटा बालकविता कृति र तीनवटा कथाका पुस्तकहरू प्रकाशित देखिन्छन् । त्यसैगरी उनका विभिन्न पत्रपत्रिकामा दुई दर्जनभन्दा बढी बालकविता प्रकाशित भएका छन् । समग्रमा प्रमोद प्रधानको बालसाहित्यिक यात्रालाई पहिल्यादै जाँदा निम्न लिखित तीन चरणमा अध्ययन गर्न सकिन्छ :

१. प्रथम चरण - वि. सं. २०३५ - २०५२ सम्म

२. द्वितीय चरण - वि. सं. २०५३-२०६१

३. तृतीय चरण - वि. सं. २०६२ हालसम्म

### १. प्रथम चरण - वि. सं. २०३५ - २०५२ सम्म

बालसाहित्यकार प्रमोद प्रधानको साहित्यिक यात्राको प्रथम चरण वि. सं. २०३५ देखि २०५२ सम्मको अवधि मानिन्छ । वि. सं. २०३५ सालतिर उनले 'नेपाली बालसाहित्य : विकासको धारा' शीर्षकको लेख प्रकाशित गरी बालसाहित्यको अध्ययन र लेखनमा रूचि देखाएको पाइन्छ । उनको यस चरणमा कुनै पुस्तकाकार बालसाहित्यिक कृति प्रकाशित भएको देखिँदैन् । प्रधानले उक्त लेख लेखेर प्रकाशित गरेपछि वि. सं. २०४४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको 'नेपाली बाल पुस्तकका लेखक तथा कलाकाररूको पठन गोष्ठीमा भाग लिने अवसर मिलेको देखिन्छ उनले यो अवसर पाएपछि नेपाली बालकविता लेखन र नेपाली बालसाहित्यको अध्ययनमा अझ बढी सक्रियताका साथ लागेको बताउँछन् । प्रमोद प्रधानले प्रथम चरणमा फुटकर कविता लेखनगरी पत्रपत्रिकामा प्रकाशित गरेको

बुझिन्छ । उनका बालकविता २०४७ सालदेखि पत्रपत्रिकामा छापिन थालेका हुन् । उनको यस चरणमा बालसाहित्य लेखनले तीव्र गति लिएको पाइदैन ।'

**२. द्वितीय चरण - वि. सं. २०५३-२०६१**

बालसाहित्यकार प्रमोद प्रधानको बालसाहित्यिक यात्राको द्वितीय चरण वि. सं. २०५३ देखि २०६१ सम्मको अवधिलाई लिइन्छ । उनको द्वितीय चरणमा कवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । प्रथम चरणको कल्पना र अभ्यासको तरूण रूप दोस्रो चरण देखिन्छ । उनले यस चरणमा प्रथम बालकविता कृति **कान समात् कान** (२०५३) बालकवितासङ्ग्रह प्रकाशन गरेका छन् । यस सङ्ग्रहमा जम्मा १५ वटा बालकविता सङ्कलित छन् । यसलाई वाणी प्रकाशन सहकारी संस्था लिमिटेड विराटनगरले प्रकाशन गरेको हो । यस सङ्ग्रहका सबै कवितामा बालबालिकाहरूको मन रमाउने टुना मुना भेटन सकिन्छ । यी कविताहरू साना साना नानीहरूकै वरपर भेटिने विषयहरूलाई समेटेर बालमनोभाव व्यक्तिनेगरी सरल ढंगले लेखिएका छन् । यस सङ्ग्रहका कविताले बालबालिकालाई शिक्षाा, मनोरञ्जन र उत्साह प्रदान गर्नुका साथै बौद्धिकता पनि पस्किएका छन् ।

प्रमोद प्रधान साहित्यिक व्यक्तित्वका साथै समालोचक व्यक्तित्व पनि हुन् । उनले समालोचनाका क्षेत्रमा वि. सं. २०३१ सालदेखि जुटेको पाइन्छ । बालसाहित्यकार प्रमोद प्रधानको साहित्यिक यात्राको दोस्रो चरणमा 'नेपाली बालसाहित्यको इतिहास' नामक समालोचनात्मक ग्रन्थ (२०५७) मा प्रकाशित देखिन्छ । यस समालोचनात्मक ग्रन्थमा बालसाहित्यको इतिहास, प्रयोजन आवश्यकता र महत्त्वका साथमा प्रमुख लेखकहरूको चिनारी पनि दिएको छ । यसका साथै फुटकर समालोचनाहरू गोरखापत्र, रूपरेखा, मधुपर्क, गरिमा, कान्तिपुर, मिर्मिरे लगायतका विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

मूलतः बालसाहित्यकार प्रमोद प्रधानको दोस्रो चरणमा पुस्तककार कवितासङ्ग्रह प्रकाशित हुनाका साथै नेपाली बालसाहित्यलाई ऐतिहासिक कृति 'नेपाली बालसाहित्यको इतिहास' दिएर चर्चामा आइसकेको चरण हो । यो समालोचनात्मक ग्रन्थका बारेमा चूडामणि बन्धुको भनाइ यसप्रकार छ : ".... नेपाली बालसाहित्यको

ऐतिहासिक विवेचना गरिएको यो कृति सबैको प्यारो छ र हुनु पनि पर्छ । नेपाली साहित्यमा परिचित लेखक प्रमोद प्रधानको यो विवेचनात्मक इतिहास नेपाली बालसाहित्यका शिक्षाक, अन्वेषक, विद्यार्थी सबैका लागि आधार ग्रन्थ बन्ने छ भन्ने कुरामा कुनै शङ्का छैन ।" यही भनाइले यस पुस्तकको महत्त्व झल्कन्छ ।

### ३. तृतीय चरण - वि. सं. २०६२ हालसम्म

बालसाहित्यकार प्रमोद प्रधानको तृतीय चरण वि. सं. २०६२ देखि हालसम्मको अवधि यस चरणमा पर्दछ । उनको साहित्यिक यात्राको उर्वर चरण यही चरणलाई मान्न सकिन्छ । बालसाहित्यकार प्रमोद प्रधान तेस्रो चरणमा आइपुग्दा उनको लेखनीमा स्तरीयता देखिन थालेको पाइन्छ ।

उनको यस चरणमा चार वटा बालकवितासङ्ग्रह र २ वटा कथा कृति प्रकाशित देखिन्छन् । प्रमोद प्रधानका यस चरणका कृति परिमाणात्मक र गुणात्मक रूपमा उच्च देखिन्छन् । उनको यस चरणमा प्रकाशित कवितासङ्ग्रहहरू **कानाकाना कुर्र** (२०६२), **सधैंभरि लुकामारी** (२०६२), **मेरो साथी खोई ?** (चित्रकविता २०६६) र **च्याइँ च्याइँ सारङ्गी** (२०६६) हुन् । त्यस्तै गरी यस चरणमा प्रकाशित कथाकृतिहरू **हाँस, परेवा र घमण्डी भाले** (२०६६) र **पीपलको सपना** (२०६६) हुन् ।

यस चरणमा प्रकाशित पहिलो प्रकाशित कवितासङ्ग्रह **कानाकाना कुर्र** हो । यस कवितासङ्ग्रहमा २० वटा कविता सङ्कलित छन् । उनका यो सङ्ग्रहका कविताहरू द्वितीय चरणका कवितामा तुलनामा बालबालिकामा मनोभावना बुझेर लेखिएका छन् । यस सङ्ग्रहका कविताका माध्यमबाट बालबालिकालाई प्रकृतिका विविध रूप र रङ्ग हाम्रो वरिपरिको भौगोलिक स्वरूप चराचुरूङ्गी र जीवजन्तुका बारेमा उनीहरूलाई धेरै ज्ञान दिलाई सिर्जनशील हुन प्रेरित गर्ने खालका कविताहरू यसमा सँग्रहित गरी बालबालिकालाई मीठो स्वाद चखाएका छन् । यस सङ्ग्रहका सबै कविताहरूमा प्रयुक्त सुन्दर चित्रले त झनै सुनमा सुगन्ध थपिदिएका छन् । साना साना नानीहरूका लागि सरल भाषामा कविता लेखिएकाले बालउपयोगी पुस्तक सावित भएको छ । त्यसैगरी अर्को बालकवितासङ्ग्रह **सधैंभरि लुकामारी**मा १८ वटा कविता सङ्कलित छन् । अर्को कृति '**मेरो साथी खोई** ?' चित्रकविता हो ।

बालबालिकालाई चित्रका माध्यमबाट भालेसँग मित्रता गाँसेको देखाइएको छ । च्याइँच्याइँ सारङ्गीमा २० वटा कविता सङ्कलित छन् ।

यस चरणमा २ वटा कथा प्रकाशित भएका छन् । परेवा, हाँस र घमन्डी भाले बालचित्रकथा हो । यस कथाका माध्यमबाट कसैले पनि घमण्ड गर्नुहुँदैन सबै आ-आफ्ना ठाउँमा सक्षम र महान हुन्छ' भन्ने कुरालाई सन्देशका रूपमा व्यक्त गर्न खोजिएको छ । त्यस्तै अर्को कथा 'पीपलको सपना' चित्रकथा हो । यस कथाका माध्यमबाट संसारमा खुशी कोही छैन, बाहिरबाट हेर्दा सुखी र खुशी देखिए पनि पूर्णरूपमा आत्मीक सन्तुष्टि नहुँदासम्म कोही पनि खुशी रहन नसक्ने कुरालाई सन्देशका रूपमा अभिव्यक्त गरेका छन् ।

प्रमोद प्रधानले यस चरणमा बालकविता, बालकथाका साथै अन्य विभिन्न खालका बाल उपयोगी पुस्तकहरू पनि प्रकाशित गरेका छन् । माहुरी र गँडेउला ( २०६४) नामक बालकथासङ्ग्रह चिनियाँ भाषाबाट अनुवाद गरेका छन् । रामोन म्यागाससे पुरस्कार विजेता अन्तर्राष्ट्रिय नेपाली प्रतिभाहरू नामक कृति (बालउपयोगी जीवनी र योगदान) २०६६ मा प्रकाशित देखिन्छ । प्रतिनिधि बालकविताहरू (२०६४), प्रतिनिधि नेपाली बालकविता (२०६६), हाम्रा प्रेरणा (बालउपयोगी जीवनी) २०६६ कृतिमा सम्पादन गरेका छन् । यी कृतिका अतिरिक्त यस चरणमा थुप्रै कृतिहरू लेखन, सम्पादन र सङ्कलन गर्दै काम गरेको देखिन्छ ।

समग्रमा भन्दा प्रमोद प्रधान यस चरणमा आइपुग्दा स्तरीय कृतिहरू लिएर देखा परेका छन् । बालकविताका अतिरिक्त बालचित्रकथा लिएर देखापरेका छन् । लेखनका साथै सम्पादन, सङ्कलन गर्ने उल्लेखनीय कार्य यस चरणमा गरेको देखिन्छ । यस चरणका बालकविताहरूलाई अध्ययन गर्दा बालसुलभ शैली, सरलता र बाल मनोभाव बुझेर बालसाहित्य सिर्जना गर्नु उनको विशेषता नै हो ।

## ३.८ निष्कर्ष

बालसाहित्यका विधाहरूमध्ये कविता विधा एक लोकप्रिय विधा हो । बालबालिकामा हुने जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सृजनात्मक प्रतिभालाई

प्रस्फुटित गराउने, उनीहरूमा विद्यमान सँगीत चेतनालाई परिमार्जन गर्ने एवम् मनोरञ्जन प्रदान गर्ने भएकाले बालकविता एक सबल र सक्षम विधा मानिन्छ । बालकविताको लिखित परम्पराको ऐतिहासिक पृष्ठभूमि लोक बालसाहित्यको मौलिक परम्परामा भेटिन्छ ।

नेपाली बालकविताको लेखनको सचेत प्रयास गोरखा प्रथम भाग वि. सं. १९७२ बाट शुरू भएको हो । यसमा लेखनाथ, चक्रपाणि र राममणि आदीका कविताहरू छन् । नेपाली बालकविताको मर्मअनुरूप लक्ष्मीप्रसाद देवकोटाले थुप्रै कृतिहरू दिएर नेपाली बालसाहित्यलाई गुन लगाएका छन् । नेपाली बालसाहित्यमा थुप्रै स्रष्टाहरूले अमूल्य कृतिहरू दिएका छन् ।

बालकवितामा पनि नेपाल बाहिरबाट थुप्रै स्रष्टाहरूले अग्रणी दिशाबोध गरेको बिर्सन सकिन्न् । यसरी बालकविताको विकास परम्परामा देश भित्र र बाहिरका विभिन्न व्यक्तिको व्यक्तिगत प्रयास, संस्थाको संस्थागत प्रयास र नेपाली पत्रपत्रिकाहरूले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यही निरन्तर रूपमा पुऱ्याएको योगदानका कारण बालकविता आजको उर्वर र हराभरा अवस्थामा आइपुगेको छ ।

# अध्याय चार

# प्रमोद प्रधानका बालकविता कृतिहरूको अध्ययन

## ४.१ परिचय

बालसाहित्यकार प्रमोद प्रधानले नेपाली बालसाहित्यलाई बालकथा र बालकविता कृतिहरू दिएर ठूलो गुन लगाएका छन् । प्रमोद प्रधानको प्रथम बालकविता सङ्ग्रह **कान समात कान** (२०५३) हो । यस सङ्ग्रहमा पन्ध्र वटा कविता सङ्कलित छन् । यस कविता सङ्ग्रह भित्रको दसौँ कविताको शीर्षकबाट कृतिको नामाकरण गरिएको छ । उनको दोस्रो बालकविता सङ्ग्रह **कानाकाना कुर्र** (२०६२) हो । यस सङ्ग्रहमा बीस वटा कविताहरू सङ्कलित छन् । प्रमोद प्रधानको तेस्रो बालकविता सङ्ग्रह **सधैँभरि लुकामारी** (२०६२) हो । यस सङ्ग्रहमा सोह्र वटा कविताहरू सङ्कलित छन् । उनको चौथो र पाँचौं बालकविता कृतिहरू क्रमशः **च्याइँ च्याइँ सारङ्गी** (२०६६) र **मेरो साथी खोई** (चित्रकविता, २०६६) प्रकाशित छन् । यिनै पाँच बालकविता कृतिहरूको अध्ययन र विश्लेषण यस अध्यायमा गरिएको छ । प्रमोद प्रधानका बालकविता कृतिहरूको अध्ययन बालकवितागत तत्त्वका आधारमा गरिएको छ ।

## ४.२ कान समात् कान बालकविता सङ्ग्रहको अध्ययन

प्रमोद प्रधानको प्रथम बालकविता सङ्ग्रह **कान समात् कान** (२०५३) हो । यस सङ्ग्रहमा पन्ध्र वटा कविता सङ्कलित छन् । यस कवितासङ्गृहीभत्रका दसौँ कविताको शीर्षकबाट यो कवितासङ्ग्रहको नामाकरण गरिएको हो । यो सङ्ग्रह तीस पृष्ठसम्म फैलिएको छ । आवरण पृष्ठ सेतो रङमा काला चित्रहरू अङ्कित छन् । आकासमा बादल लागिरहेको, बिरालोले मुसा खोजिरहेको र फूलबारीमा फूलमाथि पुतली नाचिरहेको, साथै सानी बालिकाले आकाशका बादलहरू हेरिरहेको दृश्यले सजिएको देखिन्छ । यस कवितासङ्गृहीभत्र क्रमशः 'जूनकिरी नानी', '**कमिलाको ताँती**', 'बादल', 'जून-तारा', 'मिलीजुली खेलौ खेल', 'कपासको खेती', 'लागिसक्यो घाम', 'गुँडभित्र बचेरी', 'फूल र पुतली', 'कान समात् कान', '**पुतलीको बिहे**', 'माहुरी आयो', 'तीन तले

घर', 'ए चरा' र 'पानी पर् पर्' जस्ता १५ वटा कविताहरू रहेका छन् । कान समात् कान सङ्ग्रहको पहिलो कविता जूनकिरी नानी हो । यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको अध्ययन संरचना र शीर्षक, विषयवस्तु, भाव वा विचार, लय र भाषा, चित्र तथा साजसज्जा आदिका आधारमा अध्ययन विश्लेषण गरिन्छ ।

### ४.२.१ जूनकिरी नानी कविताको विश्लेषण

जूनकिरी नानी कविताको संरचनालाई हेर्दा चार पाउको श्लोक र दुई पाउको श्लोक देखिन्छन् । दोस्रो र चौथो श्लोकमा चार-चार पाउ रहेका छन् भने पहिलो, तेस्रो र अन्तिममा दुई दुई पाउ मात्र रहेका छन् ।

यो कविताको शीर्षक र विषयवस्तुका बीचपूरै सङ्गति देखिन्छ । अँध्यारो रातमा पिलिक् पिलिक बत्ती बाली हिड्ने उड्ने जूनकिरीकै बारेमा बयान गरिएकाले यसको शीर्षक जूनकिरी नानी सार्थक देखिन्छ । जूनकिरीलाई मानवीय रूप प्रदान गरी मानवीकृत गरिएको कुरा चित्रबाट सिद्ध हुन्छ ।

यस कविताको विषयवस्तु प्रकृति सँग सम्बन्धित छ । प्रकृतिमा स्वतन्त्रपूर्वक पिलिक् पिलिक बत्ती बाल्दै हिड्ने किरा जूनकिरीलाई विषयवस्तु बनाई यो कविता रचिएको छ । बालबालिकालाई मनपर्ने किटहरूमध्ये जुनकीरी पनि एक हो । रातको समयमा बत्ती बाल्दै उडेकी जूनकिरी नानीलाई के के कुरा खोज्दै हिडेकी हौ ? भनेर बालापनमा प्रश्न गरिएको छ ।

प्रकृतिका असंख्य प्राणीहरू मध्ये स्वतन्त्रपूर्वक चारैतिर बत्ती बाल्दै उड्ने जूनकिरीलाई तिमीले कसलाई खोज्दै हिडेकी हौ ? म पनि तिमीसँगै डुल्छु र तिम्रै साथी बन्छु भन्ने बालजिज्ञासा नै यस कविताको मूलभाव वा विचार हो ।

यो कविताको भाषा सरल सहज भए पनि अपेक्षाकृत सरलता पाइदैन । बालबोलीमा प्रयोग हुने शब्द संयोनको अभाव नै देखिन्छ । यति हुदाँहुदै पनि कविता मीठो र स्वादिलो बन्नु सबल पक्ष हो ।

पद्यात्मक शैलीमा लेखिएको र अन्त्यानुप्रासको संयोजन गरिएकाले यो कविता लयात्मक र श्रुतिमधुर नै बनेको छ, तर प्रत्येक पाउमा समान वर्ण वितरण गरेको भने

पाइदैन । अन्य कविताका तुलनामा भाषा लयात्मक नै देखिन्छ । यस कवितामा पिलिक् पिलिक् जस्तो अनुकरणात्मक शब्दको प्रयोग भेटिन्छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग देखिन्छ । छपाइका सफा छैन । रङ्गीन चित्र तथा रङ्ग व्यवस्थाको प्रयोग गरिएको भए अझ आकर्षक हुने थियो तैपनि नहुनु भन्दा कानमा वेश भनेझैं सादा चित्रले पनि काम गरेकै देखिन्छ ।

## ४.२.२ कमिलाको ताँती कविताको विश्लेषण

**कमिलाको ताँती** शीर्षकको कविता जम्मा १० पङ्क्तिमा संरचित छ । कविता छोटो र स्वादिलो देखिन्छ । यस कवितामा पाँच पाउ छन् । पद्य कविताको ढाँचामा रचित यस कवितामा समानुपातिक वर्णहरूको वितरण भएको देखिदैन् । कुनै पङ्क्ति १४ अक्षर छन भने कुनै १५-१६ अक्षरे छन् ।

यो कविताको शीर्षक र विषयवस्तुका बीच पूरै सङ्गति देखिन्छ । ताँती मिलाई हिड्ने मिलनसार कमिलाको बारेमा कविता लेखिएकाले विषयवस्तु र शीर्षकका बीच सङ्गति देखिन्छ ।

बालकवितामा बयान गरिने विषयवस्तु वा भावना हाम्रो वरपरको कवि प्रधानले प्रकृतिको मिहिनेती प्राणी कमिलालाई विषयवस्तु छनोट गरी कविता लेखेका छन् । अनेक जातका कमिलाहरू लस्कर मिलाई हिडेका छन्, वर्षालाग्नु अघि आफ्नो खाना जुटाउन व्यस्त देखिन्छन् । यही व्यस्त र मिहिनेती प्राणी कमिलाको बयान गरिएको छ ।

यस कविताले कलिला बालबालिकालाई परिश्रमको महत्त्व दर्शाउँदै एक अर्कामा मिलेर बाँच्नु पर्छ भन्ने सन्देश दिनु नै यस कविताको मूलभाव हो । हामी अर्काको भरमा बाँच्ने होइन कमिला जस्तै आफ्नै मिहिनेतमा बाँच्नुपर्छ र मिलनसार बन्नु पर्छ भन्ने ज्ञान दिनु नै यस कविताको भाव देखिन्छ ।

यो कविताको भाषा सरल नै देखिन्छ । मिलेको अन्त्यानुप्रासले गेयात्मकता, लयात्मकता र श्रुतिमधुरता थपेको छ । कविताको अन्तिम तिर प्रश्नोत्तरीय शैली

अपनाइएको छ । पद्यात्मक शैलीमा लेखिएको यो कवितामा समानुपातिक वर्ण वितरण भएको देखिँदैन । अपेक्षाकृत बालबोलीको भाषा प्रयोग गरिएको भए सुनमा सुगन्ध थपिने थियो ।

यस कवितामा भावलाई खुलाउने खालको सादा चित्र प्रयोग गरिएका छ । छपाइमा पूर्ण सफा देखिदैन् । **कमिलाको ताँती** मात्र देखाइएको छ यसमा अन्न भण्डारन गरेको पनि देखाउनु पर्थ्यो । साथै रङ्गीन चित्र तथा रङ्गव्यवस्थाले केही नपुगेको महसुस गराउँछ । तैपनि सादा चित्रले साज सज्जा थपेकै छ ।

### ४.२.३ बादल कविताको विश्लेषण

बादल शीर्षकको कविता चार श्लोकमा संरचित छ । प्रत्येक श्लोकमा चार पाउ रहेका छन् । आयामलाई हेर्दा न लामो न ज्यादै छोटो ठिक्कको देखिन्छ । पद्यकविताको ढाँचामा रचिएको यस कवितामा समानुपातिक वर्णहरूको वितरण देखिँदैन ।

यो कविताको शीर्षक र विषयवस्तुका बीच पूरै सङ्गति देखिन्छ । आकाशमा सेता-काला रङ्गमा देखिने बादलको बारेमा लेखिएकाले विषयवस्तु अनुसार शीर्षक चयन उपयुक्त देखिन्छ ।

प्रकृति, जीवन जगतका यावत् विषयहरू मध्ये कुनै एक विषयवस्तु चयन गरी कविले कविता सिर्जना गर्दछ । कवि प्रधानले यस कवितामा बादललाई विषयवस्तु बनाएका छन् । बादल कसरी बन्छ, बादल कसरी एक ठाउँबाट अर्को ठाउँमा सर्छ, आकासको नाङ्गो जिउलाई बादलले ढाकिदिन्छ यो आकाशको सौन्दर्य हो । कहिले खुशी भई सेतो देखिने, कहिले रिसाई कालो अनुहार लगाउने बादल नानी बाबुहरूको जिज्ञासा हो । बालकहरू बादललाई हेरेर दङ्दास परेको कुरालाई बयान गरेका छन् ।

यस कवितामा बालकहरूको लागि रोचक जानकारी, कल्पनाशीलता तथा सृजनाका कुराहरू रमाइलो ढङ्गमा अभिव्यक्ति दिनु नै यस कविताको मूलभाव हो । नीलो आकाशले कालो गाजल लगाएको रूपाकृति देखाइएको छ । आकाशलाई मानवीकरण गरी नाङ्गो जिउ र गाजल लगाएकी सौन्दर्यवती नारीको रूप दिइएको

छ । यसरी आकाशको बादललाई हेरेर जिज्ञासा पोख्ने नानीहरूप्रति जिज्ञासा मेटाइदिनु नै यस कविताको भाव देखिन्छ ।

यो कविताको भाषाशैली सरल भएपनि अपेक्षाकृत सरलता भेटिदैन । बालबोलीमा प्रयोग हुने शब्द संयोजनको अभाव देखिन्छ । केही रमाइला शब्दहरू पनि प्रयोग गरिएको छ, जस्तै गाजल, बुट्टैबुट्टा, फास्स फुस्स, टुस्स आदि । पद्यात्मक शैलीमा लेखिएको यो कवितामा अन्त्यानुप्रासको संयोजन गरिएकाले कविता लयात्मक र श्रुति मधुर बनेको छ । तर प्रत्येक पाउमा समान वर्ण वितरण गरिएको पाइदैन ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग देखिन्छ । छपाइमा सफा छैन । कविताको भावअनुसार ठाउँ ठाउँमा रबिन पियाले बनाएको चित्रहरूले रौनक बढाएको छ । चित्र तथा रङ्ग व्यवस्था रङ्गीन हुनु आवश्यक छ । साथै कविले परिष्कार र परिमार्जन गर्नुपर्ने खाँचो देखिन्छ ।

## ४.२.४ जून तारा कविताको विश्लेषण

**जून तारा** शीर्षक कविता संवादात्मक वा प्रश्नोत्तरात्मक ढाँचामा लेखिएको छ । यस कवितामा १८ पङ्क्तिरहेका छन् । पहिलो पङ्क्तिमा प्रश्न गरिएको छ । प्रश्नको उत्तर भाईले ६ पङ्क्तिमा र बहिनीले ६ पङ्क्तिमा दिएका छन् । भने अन्तिम श्लोकमा दुवैले आकाशमा खेल्ने जून तारा दुवै हुन भनी जिज्ञासा साम्य पारेका छन् ।

कवि प्रधानले यस कवितामा आकाशमा खेल्ने जून तारालाई विषय चयन गरेका छन् । त्यही जून र ताराकै बारेमा बयान गरिएकाले विषयवस्तु अनुरूप शीर्षक सार्थक देखिन्छ ।

बालबालिकालाई रोचक लाग्ने विषयवस्तु चयन गर्ने कवि प्रधानले यस कवितामा जून र तारालाई विषयवस्तु बनाएका छन् । जिज्ञासु स्वभावका बालबालिकालाई आकाशमा तारा र जून देख्दा अचम्म लाग्ने गर्दछ । आकाशको जूनलाई मामा र तारालाई माइजू भन्ने चलन परम्परादेखिको मानिन्छ । आकाशमा हँसिलो मुहार लिई जून आउने, ताराहरूलाई कथा सुनाउने, कहिलेकाही ताराहरूलाई छली लुक्ने यस्तो अचम्मको जून र पिलिक् - पिलिक गर्दै उज्यालो छर्ने, कुनै रिसाएर

भूइँतिर झर्ने, दिउँसो आँखा चिम्लने तारा रातमा आकाशभरि फिँजिएर बस्ने जून र ताराका बयान गरिएकाले विषय बालबालिकाका लागि रोचक बनेको छ ।

थाली आकारको देखिने आकाश जून ताराहरूले सजिएको छ । बालबालिकाका मनमा उत्पन्न हुने जिज्ञासा 'आकाशमा खेली बस्ने जून हुन् कि तारा ?' लाई साम्य पार्दै आकाशमा जून र तारा दुवै खेल्छन् भन्ने ज्ञान दिलाउनु नै यस कविताको मूलभाव वा विचार हो । आकाशमा जून ताराहरू देखिने, उज्यालो मुहार लिई जून एक पक्षमा देखा पर्ने, अँधेरी रातमा लुक्ने र ताराहरू चारैतिर फैलिई पिलिक - पिलिक बत्ती बाल्ने, दिउँसोमा हराउने यो सबै प्रकृतिको नियम हो भनी देखाउनु र बालबालिकालाई दङ्गदास पार्नु नै यस कविताको भाव देखिन्छ ।

यो कविताको भाषा सरल देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले लयात्मक र श्रुतिमधुरता देखिन्छ । ठाउँठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले सुनमा सुगन्ध थपिदिएको छ । जस्तै - पिलिक-पिलिक, धप्प - धप्प आदि । यस कविताका प्रत्येक पाउमा समानुपातिक वर्ण वितरण भएको देखिदैन । बाल सुलभ भाषाको केही प्रयोग छ साथै लयात्मक नै देखिन्छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग गरिएको छ । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट छैन । तैपनि भावलाई खुलाएको छ । चित्र र साजसज्जामा कमी देखिन्छ, रङ्गीन चित्र र रङ्ग व्यवस्थाको खाँचो देखिन्छ ।

### ४.२.५ मिलीजुली खेलौँ कविताको विश्लेषण

**मिलीजुली खेलौ** शीर्षक कविता चार श्लोकमा संरचित छ । यसमा जम्मा १६ पाउ रहेका छन् । आयामका दृष्टिले मझौला खालको छ ।

यसको विषय बालक्रीडा नै देखिन्छ । एउटै उमेरका बालबालिका आफ्ना दौतरीसँग खेलखेल्ने गर्दछन् । यही खेल खेल्दा मिली जुली खेलौ भन्ने शीर्षक विषयवस्तुसँग मिल्दो देखिन्छ ।

बालबालिकाका मन छुने खालका विषयवस्तु चयन गर्ने प्रधानले यस कवितामा बालक्रीडासँग सम्बन्धित विषय चयन गरेका छन् । एउटै उमेरका बालबालिका भेला

भई खेल खेल्दा स्वभावैले व्यक्तिपिच्छे अर्के खेल खेल्न र खोज्छन् । कोही तेलकासा मन पराउँछन् भने अरू क्रमशः गट्टा, डोरी, एम् आई राइट मनपराउँछन् । खेलखेल्दा झै-झगडा नगरी मिलेर खेल्नुपर्छ भन्ने कुरा यहाँ वर्णित छ ।

हरेक कवितामा मूलभाव वा विचार गर्भमा रहेको हुन्छ । यस कवितामा सबैजना मिलेर खेल्नु पर्छ भन्ने मेलमिलापको भावना जागृत गराउनु नै यस कविताको मूलभाव हो । बालबालिकालाई झै - झगडा गर्नु हुन्न, मिलेर बस्नु पर्छ, मिलेर खेल्नु पर्छ, सबै जना मिलेमा मात्र संसार सुन्दर बन्छ भनी देखाउनु नै यस कविताको भाव हो ।

यस कविताको भाषा सरल देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले लयात्मक श्रुतिमघुर बनेको छ । यसकविताको प्रत्येक पाउमा समानुपातिक वर्ण वितरण भएको पाइदैन । कविता अझ लययुक्त र सरल पार्नु पर्ने देखिन्छ । समग्मा कवितामा लयात्मक र बालसुलभ देखिन्छ ।

कविताको भाव अनुसार रविन पियाले बनाएका चित्रहरूले रौनकता थपेको छ । छपाइमा सफा छैन् । सादा चित्र र रङ्ग शून्य देखिन्छ । रङ्गीन चित्रको खाँचो परेको महसुस हुन्छ । चित्र र साज-सज्जामा कमी देखिन्छ ।

### ४.२.६. कपासको खेती कविताको विश्लेषण

**कपासको खेती** शीर्षक कवितामा दश पङ्क्ति र पाँच पाउ रहेका छन् । पहिलो श्लोकमा दुई पङ्क्ति, दोस्रो र तेस्रो श्लोकमा चार पङ्क्ति रहेका छन् । यो कविता पद्य ढाँचामा रचिएको छ । आयामका दृष्टिले मझौला देखिन्छ ।

यस कविताको प्रत्येक श्लोकमा आकाशमा कसले गर्छ कपासको खेती ? भनेर जिज्ञासा व्यक्त भएको देखिन्छ । कपासझै देखिने बादल आकाशमा कसरी हुर्कन्छ, बढ्छ, हिड्छ भन्ने बाल जिज्ञासा अनुरूप कपासको खेती शीर्षक सार्थक मानिन्छ ।

यसको विषयवस्तु काल्पनिक देखिन्छ । आकाशमा कपासको खेती गरिएको बालकल्पना यसमा भेट्न सकिन्छ । यस कविताको विषयवस्तुले प्रतीकात्मक अर्थ दिएको छ । बादललाई लक्ष्य गर्दै उनी भन्छन् :

बोट छैन विरूवा छैन, फूलछ ढकमक्क

पानी, मल चाहिँदैन, पार्छ सधैं छक्क

कुनै चाहिं काली हुन्छे कुनै चाहिं सेती

आकाशमा कसले गर्छ कपासको खेती ?

यसलाई बुभ्न सतहीमा पुगेर पुग्दैन् । व्यञ्जनामा नपुगी सुःख छैन् । बोट विना, पानी बिना, मलविना आकाशमा फूल्ने सेता फूल यहाँ बादल हुन् । कुनै काला रङ्का र कुनै सेता रङ्गका छन् । आकाशमा यस्तो खेती कसले गर्छ भनेर बालबालिकालाई गहिरिएर सोच्न बाध्य बनाएका छन् । उसैलाई भेटेर आउ यो कस्तो चीज हो जुन दिनभर घामसँगै रहन्छ भने रातभर जूनसँग जिस्कन्छ भन्ने बाल जिज्ञासा र कविको कल्पना यसको विषयवस्तु बनेका छन् ।

बालबालिकालाई जिज्ञासु बनाउँदै प्रतीकात्मक रूपमा बादलको बारेमा जानकारी दिनु नै यस कविताको मूलभाव देखिन्छ । पानी, मल, गोडमेल बिना पनि कुनै काला र कुनै सेता रङ्गका फूल फूल्ने चीज के हो ? भनेर बालबालिकालाई गहिरो चिन्तनमा डुबाएका छन् ।

यस कविताको भाषा सरल सहज हुनुका साथै प्रतीकात्मक पनि देखिन्छ । पद्य ढाँचामा रचित यस कवितामा लगभग समान वर्ण वितरण गरिएको देखिन्छ । मिलेका अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक र श्रुतिमघुर बनेको छ । भाषिक दृष्टिले सरल, प्रतीकात्मक र लयका दृष्टिले कविता लयात्मक बनेको छ ।

यस कवितामा प्रयोग गरिएका चित्र तथा साज सज्जा सादा भएर पनि सुन्दर नै छ । कवितामा भावलाई खुलाउने खालको चित्र छ । अपेक्षाकृत चित्र र रङ्ग व्यवस्था आकर्षक बन्न सकेको देखिदैन ।

### ४.२.७ लागिसक्यो घाम कविताको विश्लेषण

**लागिसक्यो घाम** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । जम्मा १८ पङ्क्तिमा संरचित यो कविता पद्य ढाँचामा रचिएको छ । आयामका दृष्टिले मझौला खालको देखिन्छ ।

यो कविताको शीर्षक 'लागिसक्यो घाम' सङ्केतात्मक देखिन्छ । लागि सक्यो घामले उज्यालो भयो अब ढिलोसम्म नसुत उठ्नु पर्छ भन्ने अर्थ बोध गराउने हुनाले शीर्षक चयन मिलेकै देखिन्छ ।

यस कविताको विषयवस्तु बालक्रीडा सँग सम्बन्धित चाडै ओच्छयानबाट उठन लगाइएको छ । बालबालिकालाई समयको महत्त्वका बारेमा ज्ञान दिलाएका छन् । बालबालिकाले पालना गर्नुपर्ने आचरणसँग सम्बन्धित देखिन्छ यस कविताको विषयवस्तु ।

यस कवितामा कवि प्रधानले बालबालिका भोलिका कर्णधार हुन तसर्थ उनीहरूको आचरण सुधार गरिदिनु पर्छ भन्ने सन्देश दिनु यस कविताको मूलभाव हो । त्यसैले बालबालिकालाई उनी ओछ्यानबाट चाडै उठाएर आफ्नो दैनिक कार्यमा लाग्नुपर्ने सन्देश दिन्छन् । उनी बालबालिकालाई फोहर सफा गरेमा रोगव्याधी लाग्दैन एवम् सदा फूलजस्तो हँसिलो भई जिउन सल्लाह दिन्छन् । यही सन्देश दिनु नै यस कविताको मूल भाव वा विचार हो । भविष्यमा ठूलो मान्छे मात्र नभई असल बन्नुपर्छ र देशको विकास गर्नुपर्छ भन्ने सल्लाह दिन्छन् ।

यस कवितको भाषा सरल नै देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले लयात्मक र श्रुतिमघुर बनेको छ । पद्यात्मक ढाँचामा लेख्न खोजिएपनि पूर्ण रूपमा पद्यात्मक बन्न सकेको छैन । यस कविताको प्रत्येक पाउमा समान वर्ण वितरण देखिदैन । केही कमीकमजोर्रा हुनु, स्वभाविकै हो । भाषा सरल र लयात्मक देखिन्छ ।

कवितामा भावलाई खुलाउने खालको चित्र प्रयोग गरिएको छ । सादा चित्र रङ्ग शून्य भएकाले स्पष्ट छैन । चित्र र साज-सज्जामा ध्यान नपुगेको झै देखिन्छ ।

## ४.२.८ गुँडभित्र बचेरी कविताको विश्लेषण

**गुँडभित्र बचेरी** शीर्षक कविता तीन श्लोकमा संरचित छ । यस कवितामा जम्मा १२ पङ्क्ति रहेका छन् । कविताको आयामलाई हेर्दा लघु आकारको देखिन्छ ।

यस कविताको शीर्षक वर्णित विषयवस्तु अनुसार नै देखिन्छ । गुँडभित्र बसेको साना बेचरीलाई भङ्गेरा र भङ्गेरीले कसरी लालन पालन गर्दछ भन्ने विषयवस्तु अनुरूप गुँडभित्र बचेरी शीर्षक अभिधात्मक छ ।

यस कविताको विषयवस्तु पशुपंक्षीसँग सम्बन्धित छ । प्रकृतिमा रहेका पंक्षीहरूमध्ये भङ्गेरा र भङ्गेरीका दिन चर्या र उनीहरूले आफ्ना बच्चा बच्चीलाई कसरी लालन पालन गर्छन् भन्ने कुरा देखाइएको छ । रूखमाथिको गुँडमा बसेका बचेरा बचेरीहरू भोक लाग्दा चा चा चिँ चिँ गर्दै रोएका छन् । उनका आमा बाबु खोई भनी प्रश्न गरिएको छ । आमाबाबु साथमा नहुँदा बच्चा बच्ची रून् स्वभाविक हो । साना बचेरा बचेरीको दिनचर्या नै यस कविताको विषय बनेको छ ।

यस कवितामा बालबालिकाको मनपर्ने पंक्षी भङ्गेरा र भङ्गेरीको दिनचर्यालाई देखाउँदै बचेरा र बचेरीको कारूणिक कथा व्यथालाई देखाउन खोजेको छ । कविले बचेरा र बेचरीको वर्णन गर्दै बालबालिकामा चराहरूप्रति दयाको भाव जागृत गराउन खोज्नु नै यस कविताको मूलभाव वा विचार हो । सम्पूर्ण प्राणीले आफ्ना सन्तानका लागि ठूलो त्याग गरेको हुन्छ भन्ने कुरा यहाँ देख्न सकिन्छ ।

यस कविताको भाषा सरल देखिन्छ । बालबालिकाले बुझ्न सक्ने खालको शब्द संयोजन गरिएको छ । ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले कविता सु-स्वाद्य बनेको छ । यस कवितामा समानुपातिक वर्ण वितरण गरिएको पाइदैन । भाषा अपेक्षाकृत लयात्मक छैन । अझ लयात्मक र सरल पार्नु पर्ने देखिन्छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग गरेको देखिन्छ । सादा चित्र र रङ्ग शून्य भएकाले स्पष्ट छैन । छपाइमा सफा छैन । साजसज्जा ठीकै भन्न सुहाउने छ ।

### ४.२.८ फूल र पुतली कविताको विश्लेषण

**फूल र पुतली** शीर्षक कवितामा चार श्लोक रहेका छन् । दोस्रो र तेस्रो श्लोकमा चार पङ्क्ति रहेका छन् भने पहिलो र अन्तिम श्लोक दुई दुई पङ्क्तिको देखिन्छ । यो कविता आयामका दृष्टिले लघु आकारको छ ।

फूलबारीका मुख्य आकर्षक भनेका फूल र पुतली हुन् । फूल र पुतलीको अर्न्तसम्बन्ध देखाइएकाले शीर्षक उपयुक्त देखिन्छ । विषयवस्तु र शीर्षकबीच सङ्गति देखिन्छ ।

कवि प्रधानले हाम्रा वरपरका अनेकौ चीजलाई विषयवस्तु चयन गरेका छन् । यस कवितामा बगैचाको आकर्षण केन्द्र फूल र प्राणीमध्ये बालबालिको मनपर्ने पुतलीलाई विषयवस्तु चयन गरेका छन् । फूलबारीमा रङ्गीचङ्गी फूलहरू फुलिरहेका छन् । यही फूलहरूमा पुतलीको हुल आउने गर्दछन् । फूल पाउँदा पुतलीहरू खुशी देखिन्छन् भने पुतलीको आगमनमा पनि फूल हाँसिरहेको देखिन्छ ।

फूल र पुतली कविताले हाँसी-हाँसी जीवन बालबालिकालाई प्रेरणा दिनु नै यस कविताको मूलभाव हो । फूलजस्तो सबैको प्रिय र बगैचारूपी जीवनको सुन्दर फूल बन्न आग्रह गरेका छन् भने पुतली जस्तै सुन्दर र मिहिनेती बन्नुपर्ने सन्देश दिएका छन् ।

यो कविताको भाषा सरल देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले लयात्मक र श्रुतिमघुर बनेको छ । ठाउँठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले सौन्दर्य बढाइदिएको छ । यस कविताको प्रत्येक पाउमा समानुपातिक वर्ण वितरण गरेको देखिन्छ । पद्यात्मक ढाँचामा रचित यस कवितामा बालबालिकालाई वाचन गर्दा रोचक लयात्मक बनेको छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग गरिएको छ । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट छैन चित्र र साज-सज्जामा कमी देखिन्छ । रङ्गीन चित्र र आकर्षक साजसज्जा हुनु जरूरी देखिन्छ । छपाईमा सफा देखिएको छैन ।

### ४.२.१० कान समात् कान कविताको विश्लेषण

**कान समात् कान** शीर्षक कविता पाँच श्लोकमा रचिएको छ । यस कविता भित्र बीस पङ्क्ति संरचित छन् । आयामका हिसावले लघु आकारको देखिन्छ । ठाउँ ठाउँमा प्रश्न गरिएको छ ।

धान खाने मुसालाई विरालोले छकाउँदै जिस्काउँदै कान समात् कान भनेको छ । चोरी चकारी गर्नेलाई सजाय कान समात् कान भनिएकोले विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु प्राणी जगत्का मुसा र विरालोका क्रियाकलापसँग सम्बन्धित छ । धान चोरी खाने मुसा बिरालो देखेर भाग्ने, लुक्ने यो प्राकृतिक गुण हो । मुसालाई छोपेर खाने बिरालाको प्राकृतिक गुण हो । यही मुसा र विरालाको रमाइलो खेल यस कविताको विषयवस्तु बनेको छ ।

यस कवितामा मुसा र बिरालाको रमाइलो खेल देखाई बालबालिकालबई मनोरञ्जन दिनु नै मूलभाव देखिन्छ । विरालालाई देखि मुसा भाग्नु, मुसोले धान चोर्नु यो प्राकृतिक गुण हो । गलत काम अर्थात चोरी गरेपछि सजाय पाउनुपर्छ भन्ने कुरा यहाँ देखाइएको छ । समग्रमा भन्दा बिराला र मुसा सँग बालबालिकालाई खेलाइएको छ ।

भाषा सरल देखिन्छ । ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले सुनमा सुगन्ध थपेको छ । अन्त्यानुप्रास मिलेको हुनाले कविता लयात्मक र श्रुतिमघुर बनेको छ । ठाउँ ठाउँमा गरिएको प्रश्नले बालबालिकालाई जिज्ञासा/गहिरो सोचमा पारेको छ । पद्य ढाँचामा लेखिएको भएपनि समान वर्ण वितरण देखिँदैन । लयमा मिठास छ साथै बालसुभल भाषा प्रयोग गरिएको देखिन्छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्र प्रयोग गरिएको छ । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट छैन । छपाईमा सफा देखिदैन । साजसज्जामा कमी भएकै देखिन्छ ।

### ४.२.११ पुतलीको बिहे कविताको विश्लेषण

**पुतलीको बिहे** शीर्षक कविता बालखेल संसारसँग सम्बन्धित छ । यस कविताको संरचनालाई हेर्दा चौध पाउमा संरचित छ । पद्या ढाँचामा रचिएको यो कवितामा मिलेको अन्त्यानुप्रास देखिन्छन् । आयामका दृष्टिले कविता लघु आकारको छ ।

बालबालिकाहरू अनेकौ खेलहरू खेल्न रूचाउँछन् । ती खेलहरू मध्ये पुतलीको बिहे साना साना नानीहरू खेल्ने गरेको पाइन्छ । खेलौना बनाई **पुतलीको बिहे** गरिदिने कुराको बयान यस कवितामा भएकाले विषय अनुसार शीर्षक मिलेको देखिन्छ ।

यस कवितामा साना साना नानीहरूको खेललाई विषय बनाइएको छ । रमा र उमा मिल्ने साथी हुन् । उनीहरू बेहुला र बेहुली बनाइ बिहे सम्पन्न गरिदिएका छन् । बेहुला र बेहुली मध्ये कुन झन राम्रो भन्ने कुरामा झगडा पनि गर्ने गर्छन् । अन्तमा मिलेर खेल खेल्थे । स्वभावैले साना नानीहरू पुतलीको बिहे खेल औंधी रूचाउँछन् । यही प्रसिद्ध बाल खेलसंसार सँग सम्बन्धित विषय कवि प्रधानले चयन गरेका छन् ।

बालबालिकालाई यस कविताका माध्यमबाट मनोरञ्जन दिनु नै यस कविताको मूलभाव हो । बाल खेल संसारमा पुऱ्याएर पुतलीको बिहे भएको देखाएका छन् । बालबालिकाहरू खेल खेल्न रूचाउँछन् । कहिले झगडा गर्छन त कहिले मिलेर खेल खेल्छन् भन्ने कुरा यहाँ देखाइएको छ । साना नानीहरूको प्रिय खेल पुतलीको बिहे हो । बेहुला र बेहुलीको रूप बनाई घन्टौ हराउन सक्ने बालस्वभाव देखाउँदै मनोरञ्जन दिनु नै यस कविताको भाव देखिन्छ ।

यो कविताको भाषा सरल खालको देखिन्छ । कविता लयात्मक, अन्त्यानुप्रास मिलेकोले श्रुतिमघुर बनेको छ । पद्य ढाँचामा रचिएको छ । प्रत्येक पाउमा समान वर्ण वितरण भएको पाइँदैन ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग गरिएको छ । छपाईमा सफा छैन । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट देखिदैन । रङ्गीन चित्रहरू साज सज्जा कमी भएकै देखिन्छ । तै पनि बालबालिकाहरूको स्वभाव र जिज्ञासालाई कवितामा प्रयोग भएका चित्रले मेटाएको छ ।

### ४.२.१२ माहुरी आयो कविताको विश्लेषण

**माहुरी आयो** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ रहेका छन् । पद्य कविताको ढाँचामा संरचित देखिन्छ । प्रत्येक पाउमा मिलेका अन्त्यानुप्रास देखिन्छन् ।

यस कविताको शीर्षक 'माहुरी आयो' कविताको विषयवस्तु अनुसार मिलेको देखिन्छ । प्रत्येक श्लोकमा भुन भुन गर्दै माहुरी आयो पुनरावृत्ति भएको देखिन्छ । विषयवस्तु र शीर्षकका बीच सङ्गति देखिन्छ ।

**माहुरी आयो** कविताको विषयवस्तु प्राणी जगत् सँग सम्बन्धित देखिन्छ । फूलको बोट बोटमा पुगी मह सञ्चय गर्ने माहुरी परिश्रमी प्राणीभित्र पर्दछ । भुन भुन गर्दै कोठा, आँगन, बारी लगायत सम्पूर्ण ठाउँमा पुग्ने माहुरी थोपा थोपा फूलको रस संचय गरी महको धार भर्ने गर्दछ । बोट विरूवा र फूलको बोटमा परागसेचन क्रियामा सहयोग पुऱ्याउने माहुरीको महत्त्व धेरै देखिन्छ । यही परिश्रमी प्राणी माहुरीको विषयवस्तुमा कविता रचिएको छ ।

भाव वा विचारलाई कविताको मूल वस्तु मानिन्छ । यो कविताको महत्त्वपूर्ण तत्त्व हो । 'माहुरी आयो' कविताको मूल भाव वा विचार भनेको परिश्रमको महत्त्व दर्शाउनु हो । प्राणीमध्ये एउटा किरा माहुरीले थोपा-थोपा फूलको रस सञ्चय गरी घारभरि मह बनाउँछ । यही परिश्रमी माहुरीको मिहिनेत बारे दर्शाउँदै मनोरञ्जन दिन खोजिएको छ । हामी सबै माहुरीजस्तै परिश्रमी आत्मनिर्भर बन्नुपर्छ भन्ने भाव देखिन्छ ।

यो कविताको भाषा सरल छ । पद्यात्मक शैलीमा लेखिएको यो कविता अन्त्यानुप्रासको संयोजन मिलेको देखिन्छ । त्यसैले कविता लयात्मक र श्रुतिमधुर बनेको छ । प्रत्येक पाउमा समान वर्ण वितरण गरिएको पाइँदैन । अनुकरणात्मक शब्दको प्रयोगले कवितामा मिठास थपेको छ । अन्य कविताका तुलनामा भाषा अपेक्षाकृत लयात्मक नै देखिन्छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग देखिन्छ । छपाइमा सफा छैन । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट छैन । साजसज्जामा कमी देखिन्छ । तैपनि सादा चित्रले कविताको भाव खुलेको देखिन्छ ।

### ४.२.१३ तीन तले घर कविताको विश्लेषण

**तीन तले घर** शीर्षक कविता चार श्लोकमा संरचित छ । पद्यात्मक ढाँचामा लेखिएको यस कवितामा मिलेका अन्त्यानुप्रासको संयोजन देखिन्छ । आयामका दृष्टिले कविता मझौला आकारको देखिन्छ ।

**तीन तले घर** कविताको शीर्षक अभिधात्मक नभई व्यञ्जनात्मक देखिन्छ । यहाँ तीन तले घर भन्नाले भौगोलिक रूपमा हिमाल पहाड र तराई भन्ने बुझिन्छ । हामी हिमालवासी, पहाडवासी र तराईबासीको थलो वा घर एउटै नेपाल हो भन्ने बुझिन्छ, त्यसैले शीर्षकले प्रदान गर्ने अर्थ कविताको विषय वस्तु अनुरूप देखिन्छ ।

यस कविताको विषयवस्तु नेपालको कला, चाड, संस्कृति र उच्च शिखर सगरमाथासँग सम्बन्धित छ । अनेक जातिका मानिसहरूको फूलबारीरूपी हाम्रो देशमा हामी एउटै छानोमा ओत लागेका छौं । ह्यो शीर सगरमाथा र बुद्ध सीता र अरनिले चिनाएको हामी नेपाली हौ हाम्रो घर हिमाल पहाड र तराई गरी ३ तले छ भन्ने कुरालाई विषयवस्तु बनाएको देखिन्छ । नेपालको भू-बनोटलाई विषय चयन गरिएको छ ।

यस कवितामा नेपालको भौगोलिक विविधता देखाउँदै हाम्रो गौरवका पहिचानहरू सगरमाथा, (हिमाल), कला, संस्कृति चाडपर्व, अनेक जाति भएपनि एक छौ भनी देखाउन नै 'तीन तलेघर' कविताको मूलभाव देखिन्छ । भौगोलिक बनोटका हिसावले हिमाल, पहाड र तराई भएपनि हामी एक छौ, हाम्रा साझा घर नेपाल हो । हामी एक भई देशको विकासमा कम्मर बस्नुपर्छ भनी सन्देश प्रवाह गर्नु यस कविताको भावभूमि देखिन्छ ।

यस कविताको भाषा सरल देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले लयात्मक र श्रुतिमघुर बनेको छ । पद्य ढाँचामा रचित यस कवितामा पाउहरू समान वर्ण वितरणमा देखिछैनन् भाषामा सु-स्वाद्य र मिठास देखिन्छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग देखिन्छ । छपाइमा सफा छैन । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट छैन । साज सज्जामा कमी देखिन्छ । तैपनि सादा चित्रले कविताको भाव खुलाएको देखिन्छ ।

### ४.२.१४ ए चरा कविताको विश्लेषण

**ए चरा** शीर्षक कविता तीन श्लोकमा रचिएको छ । पद्या कविताका ढाँचामा रचिएको यस कविताको आयामलाई हेर्दा लघु आकारको देखिन्छ ।

यो कविताको शीर्षक र विषयवस्तुका बीच पूरै सङ्गति देखिन्छ । भर्खरमात्र मेरो भाई सुतेको छ त्यसैले जोडले नकरा र ए चरा भनि प्रत्येक श्लोकमा पुनरावृत्ति गरिएको छ ।

यस कविताको विषयवस्तु पशुपंक्षीसँग सम्बन्धित देखिन्छ । पंक्षीहरूमध्ये चराचुरुङ्गी स्वतन्त्रपूर्वक विचरण गर्ने, कराउने गर्दछन् । उनीहरू खुला आकाशमा जता मन लाग्यो उता पुग्न सक्छन् । सानो भाई सुतेकोले चरालाई नकराउन आग्रह गरिएको छ । सपनीमा रुदैछ मेरो भाई अहिले नकरा ए चरी भनी आग्रह गरिएको छ । भने अन्तिम श्लोकमा हाम्रो भाई उठिसक्यो अझ जोड्ले करा भनिएको छ । समग्रमा पुशपंक्षी मध्येको चराको प्राकृतिक गुणसँग सम्बन्धित छ ।

भाव वा विचारलाई कविताको मूल वस्तु मानिन्छ । यो कविताको महत्वपूर्ण तत्व हो । ए चरा ! भनी यस कवितामा बालबालिकालाई मनोरञ्जन प्रदान गरिएको छ । चराचुरुङगीसँग खेल्न मन पराउने साना बालबालिकालाई फकाउने र फूल्याउने गर्नु नै यस कविताको मूल भाव देखिन्छ ।

यस कविताको भाषा सरल देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक र श्रुतिमघुर बनेको छ । यस कविताको प्रत्येक पाउमा समान वर्ण वितरण गरिएको छैन् । बालसुलभ भाषाको प्रयोग गरिएको छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग गरिएको देखिन्छ । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट छैन । साज सज्जामा कमी देखिन्छ । घरमा

सानो भाई सुतेको दृश्य हुनुपर्ने तर छैन् । समग्रमा भन्दा सादा चित्रले पनि कविता अर्थयाउन सरल भएको छ ।

### ४.२.१५ पानी पर् पर् कविताको विश्लेषण

**पानी पर् पर्** शीर्षक कविता तीन श्लोकमा रचिएको छ । प्रत्येक श्लोकमा चार पाउ गरी जम्मा बाह्र पाउमा संरचित छ यो कविता पद्यात्मक ढाँचामा रचिएले कविता लयात्मक देखिन्छ । आयामका दृष्टिले कविता लुघ आकारको देखिन्छ ।

यस कविताको शीर्षक विषयवस्तु अनुसार सान्दर्भिक देखिन्छ । यो कविता प्राकृतिक विषयवस्तुमा आधारित छ । आकाशलाई मानवीय रूप प्रदान गरी आकाशको आँशु झरेको भनिएको छ । बर्षा हुन लागेको बेला पानी पर् पर् भनिएको छ ।

यस कविताको विषयवस्तु प्राकृतिक मौसमसँग सम्बन्धित देखिन्छ । कालो बादलले आकाश ढाकेको बेला आकाशको अनुहार रूनै लागेको जस्तै देखिन्छ । आँशुरूपी पानी झर्न लागेको छ । आकाशलाई मानवीय रूप प्रदान गर्दै रून लागेको कल्पनामा  कवितको विषयवस्तु आधारित देखिन्छ ।

आकाशलाई मानवीय रूप प्रदान गरी बालबालिकालाई मनोरञ्जन दिनु नै यस कविताको मूल भाव वा विचार देखिन्छ । आकाशमा कालो बादल लागेको बेला आकाशको मुहार मलिन देखिन्छ । रूनै लागेको आकाशले आँशु झार्दा पानी पर्दछ भन्ने बालकल्पनामा डुबुल्की मार्न लगाउनु यस कविताको भाव देखिन्छ ।

यो कविताको भाषा सरल देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले रौनकता थपिदिएको छ । भाषा सरल र लयमा मिठास देखिन्छ । अझै यथेस्ट मात्रामा बालसुलभ भाषाको प्रयोग भएको पाइदैन् ।

यस कवितामा भावलाई खुलाउने खालको चित्रको प्रयोग पाइन्छ । सादा चित्र र रङ्गशून्य भएकाले स्पष्ट छैन । साजसज्जामा कमी देखिन्छ । कविले चित्र तथा साजसज्जामा अझै ध्यान दिनु पर्ने देखिन्छ ।

## ४.३ कानाकाना कुर्र बालकवितासङ्ग्रहको अध्ययन

प्रमोद प्रधानको दोस्रो बालकविता सङ्ग्रह **कानाकान कुर्र** (वि. सं. २०६२) सालमा रत्न पुस्तक भण्डारबाट प्रकाशित भएको हो । यो सङ्ग्रह आवरण पृष्ठ, विषयसूची र प्रकाशकीय खण्डबाहेक २७ पृष्ठसम्म फैलिएको छ । यस बालकविता सङ्ग्रहमा जम्मा २० वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहको नामाकरण यसै सङ्ग्रह भित्रको तेह्रौँ कविता **कानाकाना कुर्र** शीर्षकबाट गरिएको छ । आवरण पृष्ठ रङ्गीन चित्रले सजिएको छ । साथै साना नानीहरूलाई आकर्षित गर्ने साज सज्जा देखिन्छ । यस कविता सङ्ग्रहमा सङ्कलित बीसवटा कविताहरूको अध्ययन संरचना र शीर्षक, विषयवस्तु, भाव वा विचार, लय र भाषा, चित्र तथा साजसज्जा आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ :

### ४.३.१ बोलाउँदै छ पुतली कविताको विश्लेषण

**बोलाउँदै छ पुतली** मलाई शीर्षक कवितामा पाँच श्लोक देखिन्छन् । पहिलो र पाँचौ श्लोकमा दुई दुई पाउ देखिन्छन् भने दोस्रो र चौथो श्लोकमा चार चार पाउ देखिन्छन् । कविताको आयामलाई हेर्दा मझौला आकारको देखिन्छ ।

फूलबारीमा पुतलीसँग घण्टौ हराउन सक्ने बालबालिका पुतलीलाई देख्दा दङ्ग परेका छन् । साना नानीहरू रङ्गीचङ्गी पुतलीले आफ्नो पखेटा हल्लाउँदा आफूलाई बोलाएको ठान्दछन् । यही पुतलीको क्रियाकलापको वर्णन गर्दै यसको शीर्षक चयन गरिएकाले उपयुक्त देखिन्छ ।

कविले प्रकृति जगत्का यावत् पशुपंक्षीलाई चयन गरी कविता सिर्जना गर्दछन् । कवि प्रधानले यस कवितामा पुतलीको सौन्दर्य वर्णन गरी पुतलीलाई कविताको विषयवस्तु बनाएका छन् । रङ्गी विरङ्गी पुतली फूलको माथि बस्दा निकै सुन्दर देखिएका छन् । बालबालिकाहरू पुतलीको सुन्दरता देखेर दङ्ग परेका छन् ।

यस कवितामा सुन्दरताकी रानी पुतलीलाई देख्दा खुशी हुने र उसैसँग साथी बन्न चाहने बालस्वभावलाई मनोरञ्जपूर्ण तरिकाले व्यक्त गर्नु नै यस कविताको मूल भाव देखिन्छ । रङ्गी चङ्गी पुतलीको सुन्दरता र उसको स्वतन्त्र जीवन देख्दा साना

नानीहरूको मन लोभिएको देखाइएको छ । चारैतिर डुली हिड्ने पुतलीलाई साथी बनाउन चाहने बालमनोविज्ञानलाई देखाउनु नै मूल विचार हो ।

यस कविताको भाषा सरल देखिन्छ । पद्यात्मक ढाँचामा रचिएको यस कवितामा लयात्मकता र श्रुतिमधुरता भेट्न सकिन्छ । नानीहरूकै सरल भाषामा कविता देखिन्छ । प्रत्येक पाउमा मिलेका अन्त्यानुप्रास देखिनाले कविता गेयात्मक बनेको छ ।

बालबालिकालाई साहित्य बुझ्नका लागि चित्र तथा साज सज्जाले ठूलो मद्दत पुऱ्याएको हुन्छ । यस कवितामा भावलाई खुलाउने खालको सुन्दर चित्रको प्रयोग गरिएको छ । आकर्षक चित्रहरूद्वारा सु-सज्जित यो कविताले भाइबहिनीको मन जित्न सफल देखिन्छ ।

## ४.३.२ सगरमाथा शिर हाम्रो कविताको विश्लेषण

**सगरमाथा शिर हाम्रो** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोक चार चार पाउमा संरचित देखिन्छन् । कविताको आयामलाई हेर्दा लघु आकारको देखिन्छ । कविता एउटै पेजमा संरचित छ ।

कवितामा वर्णित विषयवस्तु अनुरूप शीर्षक सुहाउँदो देखिन्छ । हामी नेपाली मेची-काली, हिमाल देखि तराई जहाँ बसोबास गरेपनि हाम्रो गौरवको शीर सगरमाथा बनेको छ । अनेतामा एकता यही मूलमन्त्रलाई सिद्ध गर्ने खालको **सगरमाथा शिर हाम्रो** शीर्षक सार्थक बनेको छ ।

यस कवितामा प्राकृतिक सम्पदाको वर्णन गरिएको छ । हामी नेपाली प्राकृतिक स्रोत र साधन, कला संस्कृतिमा धनी छौं । हाम्रो उच्च शिर सगरमाथा बनेको छ भने तराईका फाँट हाम्रो छाती बनेको छ । यहाँका भेषभूषा, भाषा, जातजाति, कला हाम्रा चिनारी हुन् । यही प्राकृतिक सम्पदाले धनी हाम्रो देशको बारेमा यो कविता रचिएको छ ।

साना साना नानीहरूलाई नेपालका प्राकृतिक सम्पदा, कला, भेषभूषा, संस्कृति आदिका बारेमा चिनारी दिनु नै यस कविताको मूल भाव हो । प्राकृतिक सम्पदामा

विश्वमै धनी हामी नेपालीहरूका कला, चाड, भेषभूषा, तीन कुने बेग्लै खालको झण्डाले हाम्रो स्थान बनाइदिएको छ । अनेक जात जाति, भाषा, धर्म संस्कृति भएपनि हाम्रो शिर सगरमाथा बनेको छ भनी देश भक्तिपूर्ण भावनालाई बालबालिकाहरूमाझ प्रेषित गर्दै । बालबालिकाहरूलाई प्राकृतिक तथा सांस्कृतिक सम्पदाको चिनारी दिनु नै कविताको मूल विचार बनेको देखिन्छ ।

यो कविता नानीहरूकै सरल भाषामा रचिएको छ । पद्यात्मक ढाँचामा रचिएको यस कवितामा लयात्मकता र श्रुतिमधुरता पाउन सकिन्छ । बालबालिकाहरूलाई गाउन मिल्ने खालको छ । प्रत्येक पाउमा मिलेका अन्त्यानुप्रासको प्रयोगले कविता गेयात्मक देखिन्छ ।

साना साना नानीहरू चित्रका माध्यमबाट धेरै कुराको ज्ञान लिन सक्छन् । यही बालचाहनालाई ख्याल राख्दै यस कवितामा सुन्दर चित्रहरू प्रयोग गरिएका छन् । कवितामा भावलाई खुलाउने खालका सुन्दर एवम् आकर्षक चित्रहरू र साज-सज्जाको प्रयोगले साना नानीहरूको मन जितेको देखिन्छ ।

### ४.३.३ मने एक्लै रुदैछ कविताको विश्लेषण

**मने एक्लै रुदैछ** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा बाह्र पाउ छन् । कविताको आयामलाई हेर्दा लघु आकारको देखिन्छ ।

यो कविता नानीहरूको प्रिय घर पालुवा बाखाको पाठासँग सम्बन्धित छ । बाखाको पाठो साना नानीहरूका लागि प्यारो हुन्छ । म्याँ म्याँ गर्दै मने आफ्ना साथीहरूले छोड्दा एक्लै रोइरहेको छ । यही कविताको वर्णित विषय अनुसार शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु पशु प्राणीसँग सम्बन्धित छ । उनीहरूपनि साना नानीहरू जस्तै एकलै हुँदा रुने गर्दछन् । म्याँ म्याँ गर्दै हिड्ने भने आफ्ना साथीहरूले छाडेकाले खोज्न हिडिरहेको छ । उसलाई खोज्न धने पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिर पुगेको छ । यसरी बाखाको पाठा मने र धने बीचको आत्मीय सम्बन्धलाई

यहाँ देखाइएको छ । बालबालिकाहरू बाखाका पाठासँग खेल्न रुचाउँछन् । यही बाखाको पाठलाई कविताको विषय चयन गरिएकाले कविता रोचक बनेको छ ।

यस कविताले साना बालबालिकाहरू र प्राणीहरू बीचको सम्बन्धलाई झल्काएको छ । आफ्नो साथी मने हराउँदा धने चिन्तित हुनुले हराएको मने अर्थात् पाठाको पिरले सताइएको देखाउनु नै यस कविताको मूल भाव हो । पशु प्राणीसँग बालबालिकाले कति माया दर्शाउछन् भनी देखाउन खोजिएको छ ।

यस कविताको भाषा बालबालिकालागि सरल देखिन्छ । पद्यात्मक ढाँचामा रचित यस कवितामा लयात्मकता र श्रुतिमधुरता पाउन सकिन्छ । बालबालिकाले गीति गाउन मिल्ने छ । भाषा सरल, सहज र लयात्मक देखिन्छ साथै ठाउँ ठाउँमा बालबोलीको प्रयोगले गर्दा कवितामा मिठास पाइन्छ ।

साना साना नानीहरू चित्रका सहायताले धेरै कुरा बोध गर्न सक्दछन् । यस कवितामा बालबालिकाका लागि सुन्दर चित्र र साज सज्जाको प्रयोग गरिएको छ । कवितामा भावलाई खुलाउने खालको सुन्दर एवम् आकर्षक चित्रहरूको प्रयोगले सौन्दर्य बढाइदिएको छ ।

### ४.३.४ कर्णालीको पुल कविताको विशलेषण

**कर्णालीको पुल** शीर्षक कवितामा जम्मा चौध पाउ रहेका छन् भने पाँच श्लोकमा आबद्ध छ । प्रत्येक पाउमा समान अक्षर देखिदैनन् । कुनै पाउ चौध अक्षरका, कुनै १५ अक्षरका छन् भने देखिन्छन् । कविता पद्यात्मक ढाँचामा रचिएको छ । कविताको आयामलाई हेर्दा लघु आकारको नै देखिन्छ ।

यसको शीर्षक कवितामा वर्णित विषयवस्तु अनुसार मिलेको देखिन्छ । कवितामा कर्णाली पुल, बर्दियाका फाँट, राष्ट्रिय निकुञ्जका बारेमा बताइएको छ । प्रसिद्ध चिसापानी कर्णालीको पुलका बारेमा कविता केन्द्रित भएकाले शीर्षक मिलेको देखिन्छ ।

यस कवितामा नेपालको प्राकृतिक सम्पदा कर्णाली नदी, बर्दिया राष्ट्रिय निकुञ्ज, बर्दियाको फाँटका बारेमा बयान गरिएको छ । त्यसैले यस कविताको

विषयवस्तु प्राकृतिक सम्पदासँग सम्बन्धित देखिन्छ । कर्णाली माथिको आकर्षक पुल, बर्दियाको उर्वर फाँट, राष्ट्रिय निकुञ्ज, त्यहाँका जीवजन्तु आदि विषयवस्तुलाई कवितामा समेटिएको छ ।

यस कविताको मूलभाव भनेको नेपालको प्राकृतिक सम्पदामध्येको कर्णाली नदी, बर्दिया राष्ट्रिय निकुञ्ज, बर्दियाको फाँट र त्यहाँका प्राकृतिक, सौन्दर्य दृश्यहरूका बारेमा बालबालिकालाई ज्ञान दिनु हो । प्रसिद्ध मानिने कर्णाली क्षेत्रका बारेमा ज्ञान दिँदै त्यहाँको परिवेश आदिलाई चित्रण गर्दै प्राकृतिक सम्पदाको महत्व दर्शाउनु नै यस कविताको भाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाका लागि सरल, सुबोध्य देखिन्छ । पद्यात्मक ढाँचामा रचिएको यस कवितामा लयात्मकता र श्रुतिमधुरता भरपूर भेटिन्छ । मिलेका अन्त्यानुप्रास र मिलेका शब्द संयोजनले गर्दा  कविता गेयात्मक बनेको छ ।

यस कवितामा प्रयोग गरिएका चित्रका माध्यमबाट साना नानीहरूलाई त्यस क्षेत्रको प्रत्यक्ष भ्रमण गरे झै भान परेको छ । कवितामा भावलाई खुलाउने खालका जीवजनावर, कर्णालीको पुल, राष्ट्रिय निकुञ्ज बर्दियाको फाँटले थप आकर्षक थपेको छ ।

### ४.३.५ हाँस-हाँस मेरो नाम कविताको विश्लेषण

**हाँस-हाँस मेरो नाम** शीर्षक कविता हाँसको आनीबानी र स्वरूपका बारेमा वर्णन गरी लेखिएको कविता हो । यस कवितामा जम्मा दुई श्लोक र आठ पाउ रहेका छन् । चार पाउको एक श्लोक देखिन्छ । आयामका हिसावले लघु आकारको नै देखिन्छ । यस कविताका प्रत्येक पाउमा समान वर्ण वितरण भएको देखिदैन् ।

यस कवितामा हाँसको आनावानी र स्वरूपका बारेमा वर्णन गरिएको हुनाले **हाँस-हाँस मेरो नाम** शीर्षक सार्थक देखिन्छ । कविताको विषयवस्तु र शीर्षकका बीच सङ्गति देखिन्छ ।

यस कविताको विषयवस्तुलाई नियाँल्दा हाँसको आनीबानी र स्वरूपका बारेमा वर्णन गरिएको छ । पानीमा बस्न रुचाउने प्राणी हाँस पानीमा धेरै समय बिताउने

गर्दछ । उसलाई पानी मनपर्छ र ढल्की ढल्की हिड्ने उसको बानी वा गुण हो । यही हाँसलाई यस कवितामा विषयवस्तुका रूपमा चयन गरिएको छ ।

यो कविता हाँसको आनी बानी र स्वरूपका बारेमा वर्णन गरी लेखिएको छ । हरेक प्राणीका आफ्नै प्राकृतिक गुणहरू हुन्छन् । त्यसमध्ये हाँस पानीमा बस्ने प्राणी हो । सफा सुग्घर रहन खोज्ने हाँसको बारेमा बालबालिकालाई मनोरञ्जनपूर्ण तरिकाले चिनाउनु नै यस कविताको मूल भाव हो ।

बालबालिकाहरूका लागि भाषा सरल र सहज देखिन्छ । बालबोलीका भाषा प्रयोग गरिएको छ । पद्यात्मक शैलीमा लेखिएको भएपनि प्रत्येक पाउमा समान वर्ण वितरण भएको देखिँदैन । कवितामा लयात्मकता र श्रुतिमधुरता भेट्न सकिन्छ । यस कविताबाट नानीहरूले भरपूर मनोरञ्जन र शिक्षाा लिन सक्छन् ।

यस कवितामा प्रयोग भएका चित्रहरूले कविताको भावलाई खुलाउन सक्ने छन् । आकर्षक चित्रहरूले बालबालिकाको मन जित्नुका साथै कविताको शोभा बढाइदिएका छन् । चित्रहरू रङ्गीन भए अझ रौनक थपिने थियो ।

### ४.३.६ सानो राजा कविताको विश्लेषण

**सानो राजा** शीर्षक कविताको संरचनालाई हेर्दा यो कविता चार श्लोकको देखिन्छ । प्रत्येक श्लोकमा चार पाउ गरी जम्मा १६ पाउ रहेका छन् । यस कवितामा आयामका दृष्टिले हेर्दा लघु आकारको देखिन्छ । यस कविताका प्रत्येक पाउमा समान वर्ण वितरण भएको पाइदैन ।

साना बालकलाई प्यारका साथ भनिने शब्द सानो राजा यस कविताको शीर्षक बनेको छ । अहिलेको सानो बच्चा भविष्यमा महान बन्न सक्छ । सानो राजा भनी बोलाउँदा बालकहरू खुशी हुन्छन् । उनीहरूको शिशुअवस्था ज्यादै महत्वपूर्ण क्षण हो । यही अवस्थाका बच्चा बच्चीको स्वभाव, बानी व्यवहार कवितामा वर्णन गरिएकाले शीर्षक उपयुक्त देखिन्छ ।

बालक जन्मेपछि विभिन्न अवस्थाहरू पार गरेर मात्र प्रौढ बन्न सक्छ । ती अवस्थाहरूमध्ये शिशु अवस्था ज्यादै महत्वपूर्ण अवस्था हो । यही अवस्थाका

बालबालिकाहरूको स्वभाव, आनीबानीका बारेमा यो कविता लेखिएको छ । तोतेबोली बोल्ने छुनुमुने बालकको यात्रा यही तातेगर्दै सुरु भएको हुन्छ । यस बेलामा जस्तो बातावरण दिइन्छ उसको भविष्य रेखा त्यही कोरिएको हुन्छ । यस कविताको विषयवस्तु शिशु अवस्थाको वर्णन गर्नु हो ।

बालबालिका काँचा माटो हुन् । उनलाई जस्तो आकार दिन सक्यो उस्तै आकृतिका बन्छन् । यी साना बालबालिकालाई शिक्षााप्रद जीवनउपयोगी शिक्षाा दिनु नै यस कविताको मूलभाव वा विचार हो । यस कवितामा बालबालिकाका लागि अत्यन्त महत्वपूर्ण शिक्षाा प्रदान गरिएको छ । रून् हुन्न, मीठो बोल, ताते गर्दै हिड, पढ्नु पर्छ, साँचो कुरा बोलजस्ता बालउपयोगी शिक्षाा दिन खोजेको छ ।

यस कविताको भाषा बालबालिकाहरूका लागि सरल र सहज देखिन्छ । पद्यात्मक ढाँचामा रचिएको यस कवितामा लयात्मकता र श्रुतिमधुरता देखिन्छ । यस कविताका प्रत्येक पाउमा समान वर्ण वितरण भएको देखिँदैन् । सरल र लयात्मक यो कविताबाट बालबालिकाले भरपूर मनोरञ्जन लिन सक्छन् ।

यस कवितामा प्रयोग गरिएका सुन्दर चित्रहरूले कविताको भाव प्रस्ट पारिदिएको छ । आकर्षक चित्र तथा साजसज्जाले गर्दा साना नानीहरू कविता पढ्न इच्छुक देखिन्छन् । कविताले व्यक्त गर्न खोजेको भाव चित्रले ऐना जस्तै देखाइदिएको छ ।

### ४.३.७ फूलबारी यो हाम्रो कविताको विश्लेषण

**फूलबारी यो हाम्रो** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । पहिलो श्लोकमा दुई पाउ रहेका छन् भने दोस्रो र तेस्रो चार पाउका श्लोक छन् । साथमा फूलबारी यो हाम्रो कति राम्रो पुनरावृत्ति भएका छन् । यस कविताको आयामलाई हेर्दा लघु आकारको देखिन्छ ।

यस कविताको शीर्षक **फूलबारी यो हाम्रो** रहेको छ । फूलबारीमा फूलेका अनेकौं फूलहरू जस्तै हामी नेपाली अनेकौ जात जातिका फूलहरू हौ, हाम्रो स्थान

बगैचारूपी राष्ट्र हो । फूलबारीका बारेमा वर्णन गरिएकाले कविताको शीर्षक विषयवस्तु, अनुरूप सार्थक देखिन्छ ।

यस कवितामा सुन्दर बगैचाको वर्णन गरिएकाले यो कविता फूलबारीसँग सम्बन्धित छ । धेरै थरि फूलहरू फूल्ने फूलबारीमा पुतली र मौरीहरू डुल्ने गर्दछन् । यस्तो सुन्दर स्थानमा सबैको मन तानिन्छ । पुतली र मौरी जस्तै हरेक मान्छे फूलबारीमा स्वच्छन्द रूपमा विचरण गर्न चाहन्छन् । फूलजस्तो सुन्दर जीवन बनाऊ हामीले भन्ने कुरा यस कवितामा अभिव्यक्त भएका छन् ।

प्राकृतिक विषयवस्तुमा आधारित यस कविताले अनेक थरी फूलहरूले भरिएको फूलबारीको सौन्दर्यको चित्रण गर्नु यस कविताको मूल भाव वा विचार देखिन्छ । हरेक मानिसको मन प्रकृतितर्फ तानिन्छ ।

स्वच्छन्द रूपले हाँसी खेली जीवन बिताउन खोज्नु नै यस कविताको भाव हो । फूलबारीका फूलहरूले घाम, पानी, दुःख, सुख, हुरी बतास सबै सहिरहेका हुन्छन् त्यस्तै हामीले पनि जीवनमा दुःख सुःख, बाधा, अड्चन सबैसँग सामना गर्दै फूलजस्तै जीवन बनाउनु पर्छ भन्ने सन्देश प्रवाह गर्नु नै मूलभाव हो ।

यस कविताको भाषा बालबालिकाका लागि सरल र सहज देखिन्छ । प्रत्येक श्लोकमा 'फूलबारी यो हाम्रो, कति राम्रो' को पुनरावृत्तिले कवितामा मिठास पैदा गरिदिएको छ । अन्त्यानुप्रास मिलेका प्रत्येक पाउमा लयात्मकता र श्रुतिमधुरता देखिन्छ । प्रत्येक पाउमा समान वर्ण वितरण गरिएको पाइदैन् । बालसुलभ भाषाको प्रयोगले कविता स्वादिलो बनेको छ ।

यस कवितामा प्रयोग गरिएका सुन्दर चित्रहरूले कविताको भाव प्रस्ट पारेको छ । आकर्षक चित्र तथा साज सज्जाको प्रयोगले गर्दा बालबालिकाहरू कविता पढ्न इच्छुक देखिन्छन् । चित्र तथा साज सज्जा अझ रङ्गीन भएको भए सुनमा सुगन्ध थपिने थियो ।

### ४.३.८ भँगेरा-भँगेरी कविताको विश्लेषण

**भँगेरा-भँगेरी** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । पाँच श्लोकमा जम्मा बीस पाउ संरचित देखिन्छन् । यो कविता आयामका दृष्टिले लघु आकारको देखिन्छ । कविताका प्रत्येक पाउमा समान वर्ण वितरण भएको पाइदैन । अन्त्यानुप्रास मिलेको हुनाले कविता लयात्मक बनेको छ ।

यो कविता भँगेरा र भँगेरीको, स्वभाव, रूपरङ्ग, गुण आदिको बर्णनमा आधारित भएकाले 'भँगेरी-भँगेरी' शीर्षक सार्थक देखिन्छ । चरा चुरुङ्गीहरू मध्ये मिहिनेती र बाल बालिकाको प्रिय पंक्षी भँगेराका जोडीको वर्णन गरिएको छ ।

यस कविताको विषयवस्तु पशुपंक्षीसँग सम्बन्धित छ । बालबालिकाको मनपर्ने चरा भँगेरा-भँगेरीको स्वरूप, आनीबानी र रूपरङ्गका बारेमा वर्णन गरिएको छ । घरकै छेउछाउमा गुड बनाइ बस्ने भँगेरा र भँगेरी ज्यादै चङ्ख र फूर्तीलो हुन्छ । चारैतिरबाट झारपात बटुली आफ्नो गुँड बनाउने भँगेरा भँगेरी मिहिनेती फूर्तिलो । यही चरालाई विषयवस्तु बनाई यस कविताको रचना गरिएको छ ।

भँगेरा-भँगेरीको स्वरूप, आनीबानी, रूपरङ्गको वर्णनमा आधारित यस कवितामा भँगेरा भँगेरीको बारेमा बालबालिकालाई मनोरञ्जनपूर्ण तरिकाले जानकारी दिनु नै यस कविताको मूलभाव वा विचार हो । उनीहरूको मिहिनेत, फूर्तिलो स्वभाव, एक अर्कामा देखिने माया प्रेमबाट हाम्रो जीवनमा ठूलो पाठ मिल्दछ । हामी पनि भँगेरा-भँगेरी जस्तै मिहिनेती, फूर्तीलो बन्नुपर्छ भन्ने सन्देश प्रेषित गरेका छन् ।

यस कवितामा प्रयोग भएको भाषा बालबालिकाका लागि सरल र सहज छन् । ठाउँ ठाउँमा बालबोलीका भाषा प्रयोग गरिएका छन् । अनुकरणात्मक शब्दको प्रयोगले कवितामा थप मिठास ल्याएको छ । मिलेका अन्त्यानुप्रासले कवितामा लयात्मकता र श्रुतिमधुरता थपिएको छ ।

यस कवितामा भावलाई खुलाउने खालको चित्र समावेश गरिएको छ । सुन्दर चित्रहरू तथा साज सज्जाको प्रयोगले बालबालिकाको मन तानेको छ । बालबालिकाले चित्रको माध्यमबाट कविता सजिलै बुझ्न सक्छन् ।

### ४.३.९ वर्षा रानी कविताको विश्लेषण

**वर्षा रानी** शीर्षक कविता तीन श्लोकमा देखिन्छ । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा बाह्र पाउमा संरचित देखिन्छ । मिलेका अन्त्यानुप्रासको प्रयोगले कवितामा मिठास थपिएको छ । प्रत्येक पाउमा सम्मान वर्ण वितरण भएको देखिदैन । आयामका हिसावले कविता लघु आकारको देखिन्छ ।

धर्तीका समस्त प्राणीहरूलाई बाँच्नका लागि बर्षा चाहिन्छ । खेती गर्ने जमिनमा पानी आवश्यक पर्दछ । यही बर्षालाई रानी भनिएको छ । बर्षाको बारेमा विषयवस्तु बनाइएको छ । यही विषयवस्तु अनुरूप शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु प्राकृतिक देखिन्छ । प्रकृतिमा विभिन्न ऋतुहरूको आगमन भइरहन्छ । बर्षा ऋतुको आगमनसँग धर्तीमा पानी दर्कन थाल्दछ । यही बर्षालाई साना साना भाई बहिनीले बर्षा रानी भन्ने गर्दछन् । धर्तीका सबै फोहोर, कालो मैले हटाउन, किसानलाई खेतबारीमा व्यस्त राख्न बर्षा रानी आउने गर्दछ । प्रकृतिको नियम घडीको सुइँ घुमे झै घुमिरहन्छ । बर्षात्मा आकाश कालो बादलसँगै मडारिरहन्छ, गड्याङ-गुडुङ गर्न थाल्छ यस्तो बेला रिसाएको जस्तो अनुहार देखिन्छ भनिएको छ ।

यस कवितामा वर्षा ऋतुका बारेमा बालबालिकालाई दरर दरदर पानी पर्दछ । यही प्रकृतिको नियम बर्षा ऋतुको आगमनसँगै लागेको झरीका बारेमा बालबालिकालाई जानकार गराउनु नै यस कविताको मूलभाव वा विचार हो । बर्षाको बारेमा ज्ञानबोध साथै मनोरञ्जन दिनु कविताको मूल वस्तु हो ।

बालबालिकाका लागि भाषा सरल छ । ठाउँठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले मिठास थपेको छ । पद्यात्मक ढाँचामा लेखिएको यस कवितामा लयात्मकता र श्रुतिमधुरता थपिएको छ । कविता सरल, बोधगम्ययुक्त र सन्देशमूलक देखिन्छ ।

कवितामा भावलाई खुलाउने खालको चित्र संयोजन गरिएको पाइन्छ । सुन्दर चित्रहरू तथा साज सज्जाको प्रयोगले बालबालिकाको मन जित्न सफल देखिन्छ ।

### ४.३.१० मक् मक् घुर्र कविताको विश्लेषण

**मक् मक् घुर्र** शीर्षक कविता चार श्लोकमा रचिएको छ । पहिलो र चौथो श्लोक दुई दुई पाउको र दोस्रो र तेस्रो श्लोक चार चार पाउमा संरचित देखिन्छ । प्रत्येक पाउमा समान वर्ण देखिदैन्, बालबोलीको भाषाले कवितामा मिठास थपेको छ ।

प्रकृतिका हरेक पशुपंक्षीका आ-आफ्नै स्वभाव र गुणहरू हुने गर्दछन् । आ-आफ्नै आवाज रहेका हुन्छन् । यस कवितामा परेवाका बोली, स्वभाव बारे वर्णन गरिएको छ । परेवाको बोली मक् मक् घुर्र बाट यसको शीर्षक चयन गरिएकाले उपयुक्त देखिन्छ ।

यस कविताको विषयवस्तु पशु पंक्षीसँग सम्बन्धित रहेको छ । परेवा परेवी जोडीको आवाज, स्वभाव, रूपरङ्ग र आवाज निकालेर घुम्ने, फिर्ने बानीबारे उल्लेख गरिएको छ । यसको विषयवस्तु यही परेवाको आनीबानी मै सीमित देखिन्छ ।

हरेक प्राणीका आ-आफ्नै गुण, स्वभाव आवाज र आनीबानी हुन्छन् । यस कवितामा परेवाका जोडीको आनीबानी आवाज र घुम्ने फिर्ने बानीबारे बालबालिकालाई परिचित गराउनु नै यस कविताको मूल भाव वा विचार देखिन्छ । परेवाको बारेमा जानकारी मनोरञ्जनात्मक ढंगले दिन खोजिएको छ ।

यस कविताको भाषा सरल र बोधगम्य छ । बालबोलीको भाषा र अनुकरणात्मक शब्दको प्रयोगले कविता लयात्मक र श्रुतिमघुर बनेको छ । जसले गर्दा बालबालिकाले आनन्द लिँदै कविताको रसपान गर्न सक्छन् ।

चित्र तथा साज सज्जाको प्रयोगले बालबालिकाको ध्यान आकर्षित गर्दछ । यस कवितामा भावलाई छर्लङ्ग पारीदिने खालको चित्र प्रयोग गरिएको छ । सुन्दर चित्र तथा उचित साज सज्जाको प्रयोगले कविता बोधगम्य र सरल बनेको देखिन्छ ।

### ४.३.११ घाम राजा र जून रानी कविताको विश्लेषण

**घाम राजा र जून रानी** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार पाउ गरी जम्मा बीस पाउ रहेका छन् । पद्य ढाँचामा रचिएको यस

कवितामा मिलेका शब्द संयोजन देखिन्छन् । प्रत्येक पाउमा समान वर्ण वितरण देखिँदैन ।

यस कविताको शीर्षक **घाम राजा र जून रानी** रहेको छ । कवितामा वर्णित विषयवस्तु अनुसार बालबोली घाम राजा र जून रानी शीर्षक सार्थक देखिन्छ ।

यो कविता प्राकृतिक विषयवस्तुमा आधारित छ । दिनमा घाम र रातमा जून आकाशमा देखिने प्राकृतिक नियम हो । हाम्रा वरपरका वातावरणमा देखिने घाम र जून पालैपालो आकाशमा देखिन्छन् । यो कविता घाम र जूनकै विषयमा वर्णित छ । घाम र जून पालैपालो आउँछन् । मिर्मिरेमा ज्योति बोकी हामी सबैलाई काम कर्तव्यमा जुट्न घामले सघाउँछ भने राति जूनले आफ्नै काखमा हामीलाई सुताई आफू जाग्राम बस्दछ भनेर कवितामा बयान गरिएको छ ।

यस कवितामा घाम र जून पालैपालो आउने प्राकृतिक नियमका बारेमा बालबालिकालाई ज्ञान प्रवाहित गर्नु नै मूल विचार देखिन्छ । बालबोली घाम राजा र जून रानीको प्रयोग गरी घामले नित्य कर्ममा जुटाउँछ भने जूनले ओछ्यानमा सुताई शान्ति दिलाउँछ भनिएको छ । प्रकृतिको नियम भएजस्तै हामी पनि समय सीमाको नियममा बाँधिएर चल्नुपर्छ भन्ने सन्देश दिन खोजेको छ ।

यस कवितामा प्रयुक्त भाषा बालबोलीका लागि सरल देखिन्छ । नानीहरूकै सरल भाषामा यो कविता लेखिएकाले उनीहरूका लागि उपयोगी खुराक साबित भएको छ । पद्य ढाँचामा रचित यस कवितामा बाल बोलीका मीठा शब्दले रसिलो बनाएको छ । यो कविता सरल, बोधगम्य हुनुका साथै लयात्मक देखिन्छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन र चित्रका माध्यमबाट उनीहरूमा कविताको भाव सम्प्रेषण सरल ढंगले हुने कुरालाई कवि प्रधानले आफ्नो कवितामा झल्काएका छन ।

### ४.३.१२ हावा कविताको विश्लेषण

**हावा** शीर्षक कविता ६ श्लोकमा रचिएको छ । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा चौबीस पाउ रहेका छन् । पद्य ढाँचामा रचित यस कविताका प्रत्येक

पाउमा मिलेका अन्त्यानुप्रास देखिन्छन् तर प्रत्येक पाउमा समान वर्ण वितरण भएको पाइदैन ।

यस कविताको शीर्षक 'हावा' रहेको छ । प्रकृतिका अनेकौ चीजहरूमध्ये हावा पनि एक हो । यस कवितामा बाल जिज्ञासा हावाका बारेमा वर्णन गरिएकाले विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

यस कवितामा हाम्रा वरपरका वातावरण हावालाई विषयवस्तु बनाइएको छ । अदृश्य, अस्पर्शय हावाका बारेमा वर्णन गर्दै बालबालिकाको जिज्ञासा साम्य पारिएको छ । प्राणीहरूको अत्यावश्यक चीज हावालाई यस कविताको विषयवस्तु बनाइएको छ ।

यस कवितामा बालबालिकाको जिज्ञासा हावाका बारेमा जानकारी दिँदै उनीहरूको जिज्ञासा साम्य पार्न खोज्नु नै यस कविताको मूलभाव बनेको देखिन्छ । देख्न नसकिने, छेक्न नसकिने, सम्पूर्ण प्राणीलाई चाहिने यो अचम्मको चीज हावा नै हो । कहिले सिर सिर चल्छ त कहिले आँधी हुरी बन्दछ । यो अनौठो चीज हावाको महत्वका बारेमा बालबालिकालाई कविताका माध्यमबाट जानकारी नै कविताको मूल भाव देखिन्छ ।

यस कवितामा प्रयोग गरिएको भाषा सरल र सहज देखिन्छ । पद्य ढाँचामा रचित यस कवितामा लयात्मकता र श्रुतिमधुरता पाउन सकिन्छ त्यसैले बालबालिकाको मन जित्न सकेको छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् र उनीहरूलाई कविताको भाव सम्प्रेषणमा सरल हुने गर्दछ । कवि प्रधानले यस कवितामा प्रयोग गरेका चित्र तथा साजसज्जाले कविताको भाव खुल्नुका साथै कविता सरल र आकर्षक बनाएको छ ।

### ४.३.१३ कानाकाना कुर्र कविताको विश्लेषण

**कानाकाना कुर्र** शीर्षक कवितामा चारवटा श्लोक रहेका छन् । पहिले, दोस्रो र तेस्रो श्लोकमा चार चार पाउ रहेका छन् भने चौथो श्लोकमा दुई पाउ मात्र देखिन्छ । आयामका हिसावले कविता लघु आकारको देखिन्छ ।

कवितामा चयन गरिएको शीर्षकले कविताको पूरै विषयवस्तुलाई समेटेको हुन्छ । यस कवितामा बालबालिकाको बोली भाषा **कानाकाना कुर्र** शीर्षक चयन गरिएको छ । यो बालबालिकाको खेलको थेगो हो । यही बालखेलको नामबाट शीर्षक चयन गरिएको छ ।

सानो बालक कानाकाना कुर्र भन्दै खेलिरहेको छ साथमा गाउँदै नाच्दै गरिरहेको छ । बालगीतका रूपमा यसलाई बुझिन्छ । बालबालिकाहरू स्वतन्त्रपूर्वक खेल्ने, गाउने नाँच्ने गर्छन् । कविताको विाष्यवस्तु बालखेलसँग सम्बन्धित छ । यो साना साना नानीहरूले गाउँदै खेलसमेत प्रस्तुत गर्न मिल्ने खालको कविता हो ।

बालबोलीका भाषाहरू प्रयोग गरी साना साना नानीहरूलाई गाउँदै खेल समेत खेलाउँदै मनोरञ्जन प्रदान गर्नु नै यस कविताको मूल भाव बनेको छ । साना नानीहरू स्वतन्त्रपूर्वक खेल्न, नाँच्न चाहन्छन् उनीहरूलाई प्रकृतिमा खेल्न दिनुपर्छ भन्ने भाव देखिन्छ ।

यस कवितामा बालबोलीका भाषा प्रयोग गरिएको छ । बालबालिका गाउँदै खेल खेल्न मिल्ने देखिन्छ । ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले कवितामा मिठास थपेको छ । गीतिलयमा गाउन मिल्ने यस कवितामा लयात्मकता र श्रुतिमधुरता पनि भेटिन्छ ।

साना केटाकेटीहरू शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूलाई कविताको भाव बुझ्न सहज हुने भएकाले कवि प्रधानले सुन्दर र आकर्षक चित्र एवम् साजसज्जाको प्रयोग गरेका छन् ।

### ४.३.१४ कसले के भन्छ कविताको विश्लेषण

**कसले के भन्छ** शीर्षक कविता छ श्लोकमा रचिएको छ । प्रत्येक श्लोकमा दुई दुई पाउ गरी जम्मा बाह्र पाउमा संरचित छ । आयामका हिसावले लघु आकारको देखिन्छ । प्रत्येक पाउमा सामान वर्ण वितरण देखिँदैन् ।

यस कवितामा प्रकृतिका अनेकौ चीजलाई उतारी बालबालिकालाई जीवनोपयोगी शिक्षाा दिएका छन् । कवितामा प्रयुक्त तारा जून, चरी, हावा घाम र धानको बालाका माध्यमबाट बालबालिकालाई कसले के भन्छ ? भनी प्रश्नका शैलीमा जीवन उपयोगी ज्ञान दिएका छन् । त्यसैले शीर्षक सार्थक देखिन्छ ।

प्रकृतिका विविध रूपलाई कवितामा उतारी कविताको सामल बनाएका छन् । बालसंसारका वरिपरि देखिने जून, तारा घाम, चरी, बतास र धानको बालाले बोलेका कुरा कविताको विषयवस्तु बनेका छन् । प्रकृतिबाट अथाह ज्ञान आर्जन गर्न सकिन्छ भन्ने कुरा सिद्ध गरिदिएका छन् ।

प्रकृतिका विविध रूपहरूलाई कवितामा उभ्याई यिनैका माध्यमबाट बालबालिकालाई जीवन उपयोगी शिक्षाा दिनु नै यस कविताको मूलभाव देखिन्छ । कवितामा पिल् पिल् गर्ने ताराले जगत् हँसिलो पार्न, चम्किलो जूनले सबैको भलाई र गुन गर्न, चरीले नगर्नु मनपरी, बतासले नगर्नु हतास, धानको बालाले समय खेर जाला, घामले आफ्नो आफै गर काम भनी बालबालिकालाई जीवनपयोगी शिक्षाा दिएका छन् ।

कवितामा सरल भाषाको प्रयोग गरिएको छ । सरल भाषाका माध्यमबाट यस कविताले शिक्षाा दिने प्रयास गरेको छ । पद्य ढाँचामा रचित यस कवितामा लयात्मकता र श्रुतिमधुरता भेटिन्छ । कविले लयात्मकतामा पनि ध्यान दिएका छन् ।

यस कवितामा भावलाई खुलाउने खालको सुन्दर एवम् आकर्षक चित्रहरूको प्रयोग गरिएको देखिन्छ । चित्रका माध्यमबाट कविता बुझ्न सरल भएको छ ।

### ४.३.१५ बुलबुले ताल कविताको विश्लेषण

**बुलबुले ताल** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा बीस पाउ रहेका छन् । पद्य ढाँचामा रचिएको यस कवितामा लयात्मकता पाइन्छ । आयामका दृष्टिले हेर्दा यो कविता लघु आकारको देखिन्छ ।

यो कविताको शीर्षक **बुलबुले ताल** रहेको छ । सुर्खेतको प्रसिद्ध पर्यटकीय स्थल बुलबुले तालको वर्णन गरिएकाले यो कविताको शीर्षक सार्थक देखिन्छ । विषयवस्तु र शीर्षकका बीच सङ्गति देखिन्छ ।

यस कवितामा हाम्रो देशको प्राकृतिक सौंन्दर्यको वर्णन गरिएको छ । प्रसिद्ध पर्यटकीय स्थल सुर्खेतको बुलबुले तालको सुन्दरता, परिवेशको वर्णन गर्नु नै यसको विषयवस्तु बनेको छ । सफा आकाशमा बुलबुले ताल राम्रो देखिन्छ । सुर्खेत उपत्यकाको वरिपरिको परिवेश, सुर्खेतको घण्टाघर लगायतका त्यहाँका सुन्दर दृश्यहरू यस कवितामा वर्णित छन् । भाईबहिनीहरूलाई कविताका माध्यमबाट नेपालको सुन्दर पर्यटकीय स्थलको भ्रमण गराइएको छ ।

यस कविताको मूलभाव भनेको भाइबहिनीहरूलाई नेपालको प्रसिद्ध पर्यटकीय स्थल सुर्खेतको बुलबुले ताल, सुर्खेतको उपत्यकाका बारेमा जानकारी दिनु हो । बुलबुलेले सुर्खेतलाई पानी दिएर गुन लगाए जस्तै मानिसले पनि सबैको भलाइ गर्नु पर्छ भनिएको छ । आकाश खुलेको बेला बुलबुले तालको दृश्य ज्यादै रमणीय देखिन्छ । प्रकृतिका अनौठा उपहारमध्ये सुर्खेतको बुलबुले ताल पनि एक हो । यसलाई बालबालिकाका माझ चिनाई यसको बारेमा जानकारी दिनु नै कविताको भाव देखिन्छ ।

यस कविताको भाषा सरल देखिन्छ । बालबालिकालाई कविताका माध्यमबाट शिक्षाा दिने प्रयास गरिएको छ । कविताहरू सरल र बोधगम्य र श्रुतिमधुरता पाइएको छ । नानीहरूकै सरल भाषामा कविता लेखिएकाले सबैको मन जितेको छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुने भएकाले यस कवितामा सुन्दर एवम् आकर्षक चित्रहरूको प्रयोग गरी कविताको भाव खुलेको

देखिन्छ । साथै कविता सरल बनेको छ । चित्र तथा साजसज्जामा ध्यान पुऱ्याइएको छ ।

### ४.३.१६ कोइली कविताको विश्लेषण

**कोइली** शीर्षक कवितामा चार श्लोक देखिन्छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा सोह्र पाउ रहेका छन् । कविताको आयाम लघु खालको देखिन्छ । प्रत्येक पाउमा समान वर्ण वितरण भएको पाइदैन ।

यस कविताको शीर्षक **कोइली** रहेको छ । यस कवितामा कोइलीको आवाज, रूपरङ्ग, आनीबानीका बारेमा वर्णन गरिएकाले यस कविताको शीर्षक कोइली सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु पंक्षीसँग सम्बन्धित छ । प्रकृतिका अनौठा प्राणीहरूमध्ये कोइली पनि एक हो । कोइलीको स्वरूप, आवाज र आनीबानीको वर्णन नै यस कविताको विषयवस्तु बनेको छ । रुखमा बसी सधै को हो ? को हो ? भनी सोध्ने कोइली स्वरमा धनी मानिन्छ । मीठो स्वरमा गीत गाउने कोइलीको वर्णनमा यो कविता केन्द्रित देखिन्छ ।

हरेक कवितामा मूलभाव रहेको हुन्छ । मूलभाव भनेको कविताको गूढ रहस्य हो । यस कविताको मूलभाव भनेको कोइलीको स्वरूप, आनीबानीका बारेमा बालबालिकालाई जानकारी दिनु हो । रूखमा बसी सधै को हो ? को हो ? भनी सोध्ने कोइलीप्रति साना भाइबहिनीहरूको जिज्ञासालाई शान्त पार्ने प्रयास गरिएको छ । कोइलीको वर्णन गर्ने क्रममा मान्छे राम्रो रूप रङ्गले मात्र हुँदैन उसको बानी बेहोरा बोलीचालीले मात्र राम्रो नराम्रो छुट्टिन्छ त्यसैले हामी सबै राम्रो बानी बनाउनतिर लागौ भन्ने सन्देश दिएको छ ।

यस कविताको भाषा सरल देखिन्छ । कविता सरल भएकाले बोधगम्य बनेको छ । यस कवितामा लयात्मकतामा पनि ध्यान दिइएको छ । पद्य ढाँचामा रचिएको जस्तो देखिने यस कवितामा लयात्मकताका साथै श्रुतिमधुरता पनि देखिन्छ ।

बालबालिकाहरू शब्दमा भन्दा बढी चित्रमा आकर्षिक हुन्छन् । यस कवितामा प्रयोग गरिएका चित्रहरूले कविताको भाषा खुलाउन सहयोग गरेको छ । चित्र तथा साजसज्जा मिलेकै देखिन्छ अझ रङ्गीन चित्र तथा साजसज्जा भए सुनमा सुगन्ध हुने थियो ।

## ४.३.१७ नदी कति राम्रो कविताको विश्लेषण

**नदी कति राम्रो** शीर्षक कविता छ श्लोकको देखिन्छ । प्रत्येक श्लोकमा दुई दुई पाउ देखिन्छन् । आयामका हिसावले कविता लघु आकारको देखिन्छ ।

यस कविताको शीर्षक **नदी कति राम्रो** रहेको छ । नेपाल जलस्रोतमा धनी मानिन्छ । यहाँ अनवरत रूपमा बग्ने अनेक नदीहरू छन् । यही नेपालका प्रमुख नदीहरूको वर्णन गरिएकाले यसको शीर्षक मिलेको देखिन्छ । प्रत्येक पाउमा जतातत‍ै पानी, पानी कति राम्रो पुनरावृत्ति भएको छ ।

यस कविताको विषयवस्तु भनेको हाम्रो देशको प्राकृतिक सौन्दर्यको वर्णन प्रस्तुत गर्ने रहेको छ । प्राकृतिक सम्पदामा निकै धनी मानिन्छ हाम्रो देश । यहाँका असङ्ख्य नदी नालाले सौन्दर्य बढाएका छन् । विदेशीहरूलाई लोभ्याउने यही प्राकृतिक सम्पदा नदीहरूको वर्णन नै यस कविताको विषयवस्तु बनेको छ ।

यस कविताको मूलभाव वा विचार भनेको जलस्रोतमा धनी मानिने हाम्रो देशका असंख्य नदीहरूको बारेमा जानकारी दिनु हो । प्राकृतिक सौन्दर्य र सम्पदामा नेपाल निकै धनी छ भन्ने कुरालाई नदीनालाको चिनारी दिँदै प्रस्ट पार्न खोजिएको छ । यस कविताको पहिलो श्लोक :-

मेची पनि हाम्रो, काली पनि हाम्रो

जतातत‍ै पानी, पानी कति राम्रो ।

यही श्लोकले नेपाल जलस्रोतमा कति धनी छ भन्ने कुरालाई प्रस्ट पारेको छ । मेची पनि हाम्रो, महाकाली पनि हाम्रो जतातत‍ै पानी पानीले झनै राम्रो बनाएको छ । नेपालका मेची, कोसी, कर्णाली, काली, गण्डकी, राप्ती, सेती, बाग्मती, भेरी, नारायणी,

मर्स्याङ्दी, कमला जस्ता प्रसिद्ध नदीहरूको चिनारी गराउनु नै यस कविताको मूल भाव देखिन्छ ।

यस कविताको भाषा सरल खालको देखिन्छ । बालबालिकाहरूले सजिलै बोध गर्न सक्ने भाषा प्रयोग गरिएको छ । यस कवितामा मिलेका अन्त्यानुप्रासको प्रयोगले लयात्मकता र श्रुतिमधुरता थपेको छ । पद्य ढाँचामा रचिएको यस कवितामा समान वर्ण वितरण भएको पाइदैन । कविताबाट बालबालिकाले मनोरञ्जन लिन सक्छन् ।

कविताको भावलाई खुलाउने खालको सुन्दर एवम् आकर्षक चित्र तथा साजसज्जाको प्रयोग गरिएको देखिन्छ । यही चित्रका माध्यमबाट बालबालिकाको ध्यान खिँचिएको देखिन्छ ।

### ४.३.१८ फोहोरी मान्छे कविताको विश्लेषण

**फोहोरी मान्छे** शीर्षक कवितामा चार श्लोक श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ रहेका छन् । प्रत्येक पाउमा समान वर्ण वितरण गरिएको पाइदैन । आयामका हिसावले लघु आकारको देखिन्छ । यो पद्य ढाँचामा रचिएको नभई स्वतन्त्र गद्य लय ढाँचामा रचिएको छ । गद्य लयमा रचिएको भएपनि गाउँदा र सुन्दा मीठो लाग्दछ ।

यस कविताको शीर्षक 'फोहरी मान्छे' रहेको छ । प्राकृतिक स्रोतमा जथाभावी गर्ने अथवा पानीका स्रोतमा फोहर गर्ने मान्छेलाई फोहरी भनिएको छ । पोखरीका माछा, भ्यागुता, गँगटा भेला भएर यो पोखरीमा फोहर फाल्ने मान्छेलाई फोहरी मान्छे भनी घोषणा गरेका छन् । कविताको विषयवस्तु र मूलभाव अनुसार शीर्षक उपयुक्त देखिन्छ ।

कविले आफ्नो कवितामा प्रकृति र जीवनजगतबाट विषयवस्तु चयन गरी कविता सिर्जना गर्न सक्छन् । कवि प्रधानले यस कवितामा प्राकृतिक स्रोतलाई विषयवस्तु बनाएका छन् । पोखरी, ताल तलैया लगायत पानीका मुहान सधै सफा राख्नुपर्छ । वातावरणमा सम्पूर्ण जीव जनावर मिलेर बाँच्नुपर्छ प्रकृति हामी सबैको

साझा थलो हो । प्राकृतिक जलका स्रोतहरू हामी सबैका साझा सम्पत्ति हुन् । हाम्रो वरिपरिका वातावरणलाई कविताको विषयवस्तु बनाएका छन् ।

हाम्रो वरिपरिको वातावरण सफा राख्नुपर्छ । हामीले पानीका स्रोतहरूलाई संरक्षण, संबर्द्धन गर्नुपर्छ । पानीमा फोहर गर्ने मान्छेहरू खराब हुन्छन् उनीहरू फोहरी हुन भनिएको छ । कवितामा पोखरीका माछा भ्यागूता र गँगटा जस्ता जीवहरूलाई कवितामा उभ्याई फोहर गर्ने काम राम्रो होइन । वातावरण हामी आफैले सफा गर्नुपर्छ । पानीमा फोहर गर्नु हुँदैन भन्ने जस्ता जीवन उपयोगी सन्देश साना नानीबाबुहरूलाई दिनु नै यस कविताको भाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाहरूका लागि सरल र सहज नै देखिन्छ । गद्य ढाँचामा रचिएको भएपनि कवितामा अर्न्तलय पाइएको छ । कविता लयात्मक र श्रुतिमघुर बनेको छ ।

साना केटाकेटीहरू शब्दमा भन्दा बढी चित्रमा आकर्षिक हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूमा कविताको भाव सम्प्रेषण सरल हुन्छ । यस कवितामा चित्र तथा साजसज्जाले कवितामा सौन्दर्य बढाएको छ । चित्रले कवितालाई बुझ्न सहज बनेको छ । चित्रका माध्यमबाट पनि बालबालिकालाई जीवनोपयोगी शिक्षाा दिएका छन् ।

### ४.३.१८ सबै हाम्रा प्यारा कविताको विश्लेषण

**सबै हाम्रा प्यारा** शीर्षक कवितामा चार श्लोक रहेका छन् । जसमा पहिलो श्लोक दुई पाउको देखिन्छ भने दोस्रो, तेस्रो र चौथो श्लोकमा चार चार पाउ रहेका देखिन्छन् । पद्यात्मक ढाँचामा रचिएको यो कविताका प्रत्येक पाउमा समान वर्ण वितरण देखिँदैन । आयामका हिसावले कविता न लामो न छोटो ठिक्कको देखिन्छ ।

यस कविताको शीर्षक 'सबै हाम्रा प्यारा' रहेको छ । नेपालका राष्ट्रिय विभूति हामी सबैका आदरणीय र प्यारा छन् । नेपालका राष्ट्रिय विभूतिहरूको चिनारी यस कविताले दिएको छ । तसर्थ हामी सबैका ढुकढुकी र प्यारा छन् भन्ने सन्दर्भमा शीर्षक सार्थक देखिन्छ ।

यस कवितामा हाम्रा श्रद्धेय पूर्खाहरूको योगदानको परिचय दिएको छ । हाम्रो देशलाई विश्वमा चिनाउने यी राष्ट्रिय विभूतिहरूको गुनगान गाउनु नै यस कविताको विषय बनेको छ । हाम्रा राष्ट्रिय विभूतिहरू अरनिको, बुद्ध, अमरसिंह, बलभद्र, जनक, शङ्खधर, पासाङ, भानुभक्त, मोतीराम, राम शाह, पृथ्वी, त्रिभुवन हुन् । देश, भेष र भाषाका क्षेत्रमा अमूल्य योगदान दिने यी महान पूर्वजहरू अथवा राष्ट्रका चिनारीहरूलाई कविताको विषयवस्तु बनाईएको छ ।

हाम्रो देशलाई माथि उठाउन धेरै महान विभूतिहरूको ठूलो योगदान रहेको छ । ताराजस्तै चम्किने अरनिको र बुद्धले हाम्रो देशलाई विश्वमा चिनाएका छन् । अरनिको, बुद्ध, सीता, अमरसिंह, बलभद्र, जनक, शङ्खधर, पासाङ, भानुभक्त, मोतीराम राम शाह, पृथ्वी, त्रिभुवन यी सबैले देशलाई माथि उठाएका छन् । विश्वमै तारा झैं चम्किरहेका छन् । यिनीहरूले देखाएको बाटो अनुशरण गरी देशलाई समृद्ध बनाउन होस्टे हैसे गर्दै अगाडि बढ्नु पर्छ भन्ने मूलभाव देखिन्छ । यी महान व्यक्तिहरूको चिनारी दिँदै साना बालबालिकालाई पनि देशका लागि होस्टे हैसे गरी लाग्नु पर्छ भन्ने सन्देश दिएको छ ।

साना बालबालिकाका लागि यस कविताको भाषा सरल देखिन्छ । कविता सरल, बोधगम्य र सन्देशमूलक बनेको छ । पद्यात्मक ढाँचामा रचित् यस कवितामा भरपूर लयात्मकता र श्रुतिमधुरता पाउन सकिन्छ । गीतिलयमा गाउँन मिल्ने यस कविताबाट बालबालिकाले मनोरञ्जन पनि लिन सक्छन् ।

साना केटाकेटीहरू शब्दभन्दा बढी चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै कविताको भाव सरल किसिमले बुझ्न सक्छन् भन्ने कुरालाई ध्यानमा राखिएको छ । चित्र तथा साज सज्जाको प्रयोगले कविता आकर्षित र शोभायमान बनेको छ ।

### ४.३.२० असल विद्यार्थी कविताको विश्लेषण

**असल विद्यार्थी** शीर्षक कवितामा तीन पङ्क्तिपुञ्ज रहेका छन् । गद्य लय ढाँचामा रचिएको यस कवितामा अन्तर्लय देखिन्छ । पहिलो पङ्क्तिपुञ्जमा पाँच पङ्क्ति

दोस्रो पाँच र तेस्रो पङ्क्तिमा पाँच गरी जम्मा पन्ध्र पङ्क्ति देखिन्छन् । यो वर्णनात्मक ढङ्गमा लेखिएको प्रगीतात्मक ढाँचाको कविता हो ।

यस कविताको शीर्षक 'असल विद्यार्थी' रहेको छ । असल विद्यार्थी बन्नका लागि के के गुणहरू हुनुपर्छ भन्ने कुरा कवितामा वर्णन गरिएकोले शीर्षक असल विद्यार्थी सार्थक देखिन्छ ।

विद्यार्थी जीवन ज्यादै महत्त्वपूर्ण अवधि हो । असल विद्यार्थी बन्नका लागि के के गर्नु पर्छ भन्ने कुरा यस कवितामा वर्णित छन् । साना भाइबहिनी असल बन्न समयअनुसार काम गर्नु पर्छ भन्ने कुरा यस कविताले व्यक्त गरेको छ । साथै पाठ पढ्नु, नबुझेका कुरा सोध्नु, आफ्नो काम समयमै गर्ने, साथीसँग मिलेर खेल्ने सफा रहने गरेमा असल होइन्छ भन्ने कुरा कवितामा व्यक्त गरिएको छ ।

यस कविताको मूलभाव भनेको असल बानी बेहोरा भएका भाइबहिनीहरू पछि असल व्यक्ति बन्न सक्छन् भन्ने सन्देश दिनु हो । विद्यार्थी जीवन महत्त्वपूर्ण जीवन अवधि हो । यस बेलामा समय अनुसार काम गर्नुपर्छ । समयमै खाने, सुत्ने, खेल्ने, पढ्ने, स्कूल जाने सरसफाईमा लाग्ने, मीठो बोल्ने गर्नुपर्छ र यसो गरेमा असल विद्यार्थी भइन्छ भन्ने सन्देश बालबालिकालाई प्रवाहित गर्नु यस कविताको भाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाहरूका लागि ज्यादै सरल र सहज र रोचक देखिन्छ । कवितामा अन्तर्अनुप्रासीयता र अन्त्यानुप्रासीयताको सहजतापूर्वक संयोजन गरिएको छ । कविता लयात्मक र सङ्गीतात्मक तुल्याउने काम 'म हुँ एक विद्यार्थी' भन्ने वाक्य र कतिपय सम वर्णहरूको पुनरावृत्तिले पनि गरेका छन् ।

चित्र तथा साजसज्जा : साना केटाकेटी चित्रमा बढी आकर्षक हुन्छन् । यस कवितामा प्रयोग गरिएका सुन्दर चित्र तथा साजसज्जाले गर्दा कविता आकर्षक बनेको छ । कविताको भाव र अर्थ खुल्ने खालका चित्र तथा साज सज्जा सुन्दर नै देखिन्छन् ।

## ४.४ सधैँभरि लुकामारी कवितासङ्ग्रहको अध्ययन

प्रमोद प्रधानको तेस्रो बालकविता सङ्ग्रह **सधैँभरि लुकामारी** वि. सं. (२०६२) सालमा साझा प्रकाशन ललितपुरबाट प्रकाशित भएको हो । यो सङग्रह आवरण पृष्ठ, विषयसूची र प्रकाशकीय खण्डबाहेक सोह्र पृष्ठसम्म फैलिएको छ । यस बालकविता सङ्ग्रहमा विभन्न विषयमा आधारित सोह्र वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहको नामाकरण सङ्गृहीभत्रको छैटौं कविता **सधैँभरि लुकामारी** शीर्षकबाट गरिएको छ । आवरण पृष्ठमा सङ्ग्रहको नामसँग मिल्ने चित्रहरू राखिएका छन् । आवरण पृष्ठमा भाइ सुतेको, सुँगा कराइरहेको, बाघ, बाँदर, पुतली जस्ता जनावरका रङ्गनि चित्रहरूले आकर्षण थपेका छन् । यो कविता सङ्ग्रह आकारमा छोटो र भावमा मीठो देखिन्छ । यसै सङ्ग्रहमा सङ्गृहीत सोह्रवटा कविताहरूलाई संरचना र शीर्षक, विषयवस्तु, मूलभाव वा विचार, भाषा र लय, चित्र तथा साजसज्जाका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### ४.४.१ हाँसे भाइ मुसुक्क कविताको विश्लेषण

**हाँसे भाइ मुसुक्क** शीर्षक कविता तीन श्लोकमा संरचित देखिन्छ । पहिलो श्लोकमा दुई पाउ रहेका छन् भने दोस्रो र तेस्रो श्लोकमा चार चार पाउ रहेका छन् । यो कविता साना साना नानीहरू जस्तै आकारमा छोटो देखिन्छ ।

यस कविताको शीर्षक हाँसे भाइ मुसुक्क रहेको छ । साना बालबालिका आफूलाई भनेजस्तो भयो भने खुशी हुने गर्दछन् । उनीहरू हाँसेको देख्दा सबैको मन भुलाउने गर्दछ । यही बालस्वभावका बारेमा लेखिएको कविता भएकाले शीर्षक मिलेको देखिन्छ ।

साना साना बालबालिका छेउमा आई हाँस्न थाल्यो भने उसलाई देखी सबैको मन भुल्ने गर्दछ भनी देखाउनु यस कविताको मूल भाव हो । सानो भाइ हेरी बस्ने दिदीहरू भाइ सुतेपछि मात्र खेल्न पाउँछन् । यी साना बालबालिकाहरूको स्वभाव, आनीबानी र क्रियाकलापलाई मनोरञ्जनात्मक पाराले देखाउनु नै यस कविताको मूलभाव देखिन्छ ।

यो कविताको भाषा सरल र सहज देखिन्छ । कविताको भाका, भाषा र भावका दृष्टिले बालबालिका सुहाउँदो देखिन्छ । यस कविताको भाका लोकलयसँग मिल्दो जुल्दो छ र गाउँदै खेल्न मिल्ने खालको कवितामा लयात्मकता र श्रुतिमधुरता पाउन सकिन्छ ।

कविताको साजसज्जा र कागजको स्तर ठिकै देखिन्छ । बालबालिकाले सहजै कविता बुझ्न सक्ने खालको चित्रको प्रयोग गरिएको छ । कवितामा प्रयोग गरिएका चित्र गुलाबी रङ्गको देखिन्छ । समृद्ध मुखियाले बनाएका चित्र तथा साजसज्जाले गर्दा बालबालिकाको मन तानिएको छ ।

### ४.४.२ के हो भन नानी कविताको विश्लेषण

**के हो भन नानी** शीर्षक कविता आकारका हिसावले प्रमोद प्रधानका कविताहरूमध्ये यो सबैभन्दा छोटो कविता हो । यस कवितामा दुई श्लोक रहेका छन् । दुई श्लोकभित्र जम्मा आठ पाउ रहेका छन् । प्रत्येक पाउमा अन्त्यानुप्रास मिलेको देखिन्छ ।

यस कविताको शीर्षक 'के हो भन नानी' रहेको छ । बालबालिकाहरूलाई कवितामा प्रश्न गरी के हो भन नानी भनी सोच्न बाध्य बनाएका छन् । कवितामा वर्णित विशेषता भएको कुन किरा हो भन भनिएकाले शीर्षक मिलेको देखिन्छ ।

यस कविताको विषयवस्तु पशुपंक्षीसँग सम्बन्धित रहेको छ । साना साना खुट्टा, जीउमा राम्रा बुट्टा, फूलबारीमा बस्ने कुन किरा हो भन भनिएको छ । यस कविताको विषयवस्तु पुतली रहेको छ । पुतलीका विशेषताहरू वर्णन गरी के हो भन भनिएको छ । यसको उत्तर बालबालिकाले चित्र हेरी पत्ता लगाउँछन् ।

के हो भन नानी ? कविता एउटा प्रश्न हो । उत्तर भने त्यहाँ वर्णित विशेषताका आधारमा बालबालिकाले आफै भेटाउँछन् । चित्रका मद्दतले यसको सही उत्तर पत्ता लगाउन सक्छन् । बालबालिकालाई जिज्ञासु र सिर्जनशील बनाउँदै पुतलीका बारेमा परिचित गराउनु मूलभाव देखिन्छ ।

यस कविताको भाषा सरल र बोधगम्य देखिन्छ । लोकलयसँग नजिक रहेर लेखिएको यो कविता लयात्मक र श्रुतिमधुर देखिन्छ । यो कविता पनि बालबालिकालाई गाउँदै खेल्न मिल्ने खालको देखिन्छ । ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले कवितामा मिठास थपिएको छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् । त्यसैअनुरूप यस कवितामा चित्र तथा साजसज्जाको प्रयोग सुन्दर ढङ्गले गरिएको छ । कविताको भाव खुल्ने खालको चित्र प्रयोग गरिएको छ । समृद्ध मुखियाले बनाएका चित्र गुलावी र कालो रङ्गका आकर्षक छन् ।

### ४.४.३ एक्लो सानो फुच्चे म कविताको विश्लेषण

**एक्लो सानो फुच्चे म** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा बाह्र पाउ रहेका छन् । आकारका दृष्टिले यो कविता छोटो देखिन्छ ।

प्रथम पुरुषीय दृष्टिविन्दुमा रचिएको यस कविताको शीर्षक 'एक्लो सानो फुच्चे म' रहेको छ । आमाबाबु गुमाएको सानो बालकको दुरावस्थालाई यस कवितामा कारूणिक दृष्टिले प्रस्तुत गरिएकाले **एक्लो सानो फुच्चे म** शीर्षक मिलेको देखिन्छ ।

यस कविताको विषयवस्तु आमा बाबु गुमाएको, एक्लै भौतारिरहेको बालकको दुरावस्थालाई चित्रण गर्नु हो । सानैमा आमा मरेकी बाबु परदेश गएका, पढ्न लेख्न नपाएको, दुःखी बालकको आत्मकथा नै यस कवितामा विषय बनेर आएको छ ।

आमा बाबु गुमाएको एक्लो सानो बालकको करूणावस्थालाई चित्रण गर्नु यस कविताको भाव देखिन्छ । पढ्न, लेख्न, खेल्न, मनोरञ्जन गर्न नपाएको बालकको अधिकार हनन् भएको देखाइएको छ । साथै साना बालबालिकालाई जति आपत् विपत् परेपनि हरेस नखाई लाग्नुपर्छ भन्ने सन्देश दिनु नै कविताको मूलभाव देखिन्छ ।

लोक लयात्मक भाकासँग नजिक रहेर लेखिएको यस कवितामा सरल र प्रस्तुतिका दृष्टिले मनोरञ्जनपूर्ण छन् । कविता लयात्मक र श्रुतिमधुर देखिन्छ ।

साना केटाकेटी शब्दभन्दा बढी चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूले कविताको भाव सजिलै बुझ्न सक्छन् । कागजको स्तर साजसज्जालाई हेर्दा कविता ठिकै देखिन्छ । सहज, भाषा, सरल भाका र मिठासले भरिएको यस कवितामा समृद्ध मुखियाको कलाले सुनमा सुगन्ध थपिदिएको छ ।

### ४.४.४ ता ता ता ता थैया कविताको विश्लेषण

**ता ता ता ता थैया** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा बीस पाउ रहेका छन् । आकारका दृष्टिले यो कविता छोटो देखिन्छ । मिलेका अन्त्यानुप्रासको प्रयोगले कवितामा सङ्गीतात्मकता थपेको छ ।

यस कविताको शीर्षक **ता ता ता ता थैया** रहेको छ यो बालबालिकाले गाउने थेगो हो । यही थेगोमा दिनभरि गर्ने कामहरू समावेश गरी गीत गाइरहेका छन् । यो गीत गाउँदै र नाच्दै मिल्ने खालको देखिन्छ । गीतको भाका वा थेगो भएकाले शीर्षक मिलेको मानिन्छ ।

यस कविताको विषयवस्तु बालबालिकाको दैनिकीसँग सम्बन्धित देखिन्छ । बालबालिकाहरूले दिनभरि गर्ने क्रियाकलापलाई गीतका माध्यमबाट गाउँदै र मनोरञ्जन लिन सकेका छन् । यस कवितामा मैयाले दिनभरि गर्ने कार्यलाई कविताको विषयवस्तु बनाइएको छ ।

यस कविता मार्फत बालबालिकाले हरेक दिन गर्नु पर्ने कामहरूलाई देखाउन खोजेको छ । बालबालिकालाई राम्रा कामतिर प्रेरित गर्नु पर्छ । दिनभरि गर्नुपर्ने कामको क्रम यहाँ दिइएको छ । बालबालिकालाई गाउँदै खेल्दै गर्न मिल्ने यस गीतबाट दिनभरि गर्नुपर्ने कामलाई देखाउन खोजिएको छ ।

यस कविताको भाषा बालबालिकाहरूका लागि सरल र सहज देखिन्छ । बालबोलीका भाषामा रचित यस कविता/गीत गाउँदै खेल्दै गर्न मिल्ने देखिन्छ । कविता लयात्मक र श्रुतिमधुर बनेको छ । यो कविता भाषिक दृष्टिले सरल र प्रस्तुतिका दृष्टिले मनोरञ्जनपूर्ण देखिन्छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूमा कविताको भाव सम्प्रेषण सरल हुने गर्दछ । यही कुरालाई बुझी कवि प्रधानले आफ्ना कवितामा चित्र तथा साजसज्जामा ध्यान पुऱ्याएका छन् । यहाँ कविताको अर्थ खुल्ने खालको चित्र र साजसज्जा देखिन्छ ।

### ४.४.५ सानो सानो मान्छे म कविताको विश्लेषण

**सानो सानो मान्छे म** शीर्षक कवितामा जम्मा तीन श्लोक रहेका छन् । यी तीन श्लोकभित्र जम्मा बाह्र पङ्क्ति रहेका छन् । आकारका दृष्टिले कविता छोटो देखिन्छ ।

यस कविताको शीर्षक **सानो सानो मान्छे म** रहेको छ । प्रथम पुरुषीय शैलीमा लेखिएको यस कवितामा सानो मान्छेको स्वरूप, आनीबानीलाई देखाइएको छ । सानो सानो बालकको बारेमा वर्णन गरिएकाले शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु सानो मान्छेका आनीबानी, स्वरूप, चाहना रहेको देखिन्छ । सानो मान्छेका साना आँखा, सानो स्वर, साना पाखुरी, सानो मुठी, सानो खुट्टा, साना पाइला रहेका हुन्छन् । उनीहरू सानो भएर पनि ठूलो हुने चाहना राखेका हुन्छन् । सानो मान्छेको जीउडालका बारेमा वर्णन गरिएको छ । प्रथम पुरुषीय दृष्टिविन्दुमा रचित यस कवितामा सानो मान्छेको चिनारी दिइएको छ ।

साना साना बालबालिकाका प्रत्येक अङ्ग, साना हुन्छन् तर उनी छानो भेट्ने वा माथि पुग्ने चाहना राखेका हुन्छन् भन्ने देखाउनु नै यस कविताको मूलभाव देखिन्छ । साना आँखा, खुट्टा, हात, पाखुरा, पाइला, मुठी भएका हुन्छन् भन्ने कुरा व्यक्त गरिएको छ । साना साना बालबालिकाको चिनारी मनोरञ्जनपूर्ण तरिकाले दिनु नै कविताको भाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाका लागि सरल र बोधगम्य देखिन्छ । बालबोलीका भाषा प्रयोग गरिएको यस कविताको प्रत्येक श्लोकमा 'भेटदिनँ है छानो' को पुनरावृत्तिले थप लयात्मकता र श्रुतिमधुर बनेको छ । यस कविताको भाका लोकलयसँग मिल्दोजुल्दो छ र गाउँदै खेल्न मिल्ने खालको छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् । यस कवितामा कविताको भावलाई खुलाउने खालको चित्रको प्रयोग गरिएको छ । चित्र गुलावी र कालो रङ्गमा छापिएका छन् । साजसज्जा अलि नमिलेका हो कि जस्तो देखिन्छ । जे होस चित्रको प्रयोगले बालबालिकाको ध्यान तानिएको देखिन्छ ।

## ४.४.६ सधैँभरि लुकामारी कविताको विश्लेषण

**सधैँभरि लुकामारी** शीर्षक कवितामा पाँच श्लोक देखिन्छन् । गद्य ढाँचामा रचित यस कवितामा जम्मा अठार वटा पङ्क्ति रहेका छन् । आकारका हिसावले कविता छोटो देखिन्छ । यो कविता बालबालिकाले सरदर पाँच मिनेटमा पढिसक्ने खालको छ ।

यस कविताको शीर्षक **सधैँभरि लुकामारी** रहेको छ । यस कवितामा घाम र जूनको कहिल्यै भेट हुँदैन् । यिनीहरू **सधैँभरि लुकामारी** खेल्छन भन्ने कुरा कवितामा व्यक्त गरिएको छ । प्रकृतिको नियम नै यस्तै छ । दिनमा घाम आउँदा जून लुक्ने गर्छ भने रातमा जून आउँदा घाम लुक्ने गर्छ यही प्रक्रियालाई कवितामा **सधैँभरि लुकामारी** भनि शीर्षक चयन गरिएको छ । शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु प्राकृतिक देखिन्छ । प्रकृतिको आफ्नै नियम छ । घाम र जूनको बारेमा वर्णन गरी यो कविता रचिएको छ । घाम र जून नै यस कविताको विषयवस्तु बनेका छन् । दिनमा घाम आउने र रातमा जून आउने यो प्रकृतिको नियम हो । यही आलोपालो गरी आउने घाम र जूनको निरन्तर प्रक्रियालाई खेल संसारसँग जोडिएको छ । बालबालिकाका लागि घाम र जून लुकामारी गरिरहेको भान परेको छ । घाम र जूनको स्वरूपका बारेमा वर्णन गरिएको छ ।

आगो जस्तो देखिने सूर्यदेव र रोटीजस्तो देखिने जूनको कहिल्यै भेट हुँदैन । यिनीहरू आलोपालो आकाशमा देखिन्छन् । यही प्रकृतिको नियमलाई बालबालिका माझ पुऱ्याउनु र बोध गराउनु नै यस कविताको मूलभाव देखिन्छ । दिनभरि रोटी जूनलाई खोज्दै आगो सूर्य घुमिरहने, जून भने जहिले पनि कता कता लुक्ने भनिएको छ । कविताको चौथो श्लोकमा भनिएको छ :

एक अर्कालाई खोज्दा खोज्दै पाकेन यो रोटी

यिनलाई भेट गराउने कसले पहिलो चोटी ?

घाम र जूनले एक अर्कालाई खोजिरहन्छन् । प्रकृतिको नियम नै यस्तै यिनी दुवैको भेट कहिल्यै हुँदैन भनी बालबालिकालाई ज्ञान दिनु नै कविताको भाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाका लागि सरल देखिन्छ । बालबालिकाले बुझ्न सक्ने गरी शब्द संयोजन गरिएको छ । सूर्यलाई चिनाउन आगोको डल्लो र जूनलाई चिनाउन रोटी जस्तो भनिएको छ । गद्यलयको ढाँचामा कविता देखिए पनि लयात्मकता र श्रुतिमधुरता पाउन सकिन्छ । आकारमा छोटो, भाषिक दृष्टिले सरल र प्रस्तुतिमा मनोरञ्जनात्मक देखिन्छ यो कविता ।

बालबालिकाहरू शब्दबाट भन्दा बढी चित्रका सहायताले बोध गर्न सक्छन् । यस कवितामा देखाइएका रङ्गीन सूर्य र ताराहरूको बीचमा रोटीजस्तो जूनले छर्लङ्ग पारेको छ । यिनीहरूको भेट कहिल्यै हुँदैन भन्ने कुरा चित्रले र साजसज्जाले कविताको भाव प्रस्ट बनाएको छ । आकर्षक बनेको छ ।

### ४.४.७ बजार जाऔँ फेरि कविताको विश्लेषण

**बजार जाऔ फेरि** शीर्षक कवितामा जम्मा दुई श्लोक रहेका छन् । दुई श्लोक भित्र जम्मा आठ पङ्क्ति रहेका छन् । आकारका दृष्टिले यो कविता ज्यादै छोटो देखिन्छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक बनेको छ । प्रथम पुरुषीय दृष्टिविन्दु यो कविता रचिएको छ ।

यस कविताको शीर्षक **बजार जाऔ फेरि** रहेको छ । बालबालिकाहरू आफूभन्दा ठूला मान्छेसँग बजार जान चाहने स्वभावका हुन्छन् । दाजुसँग बजार पटक पटक जान इच्छुक बालकको चाहना बजार जाऔ फेरि भएकाले यस कविताको शीर्षक उपयुक्त देखिन्छ ।

यस कवितामा बाल स्वभावलाई नै विषयवस्तु चयन गरिएको छ । बालबालिकाको स्वभाव अनौठो खालको हुन्छ । उनीहरू जिज्ञासु हुनाका साथै ढिपी गर्ने स्वभावका हुन्छन् । आफूले भनेको कुरा हुनैपर्छ । यस कवितामा बालक फेरि

बजार गई जेरी खाने चाहना व्यक्त गरेको छ । बजार घुम्ने आफूलाई मनपर्ने कुरा किन्ने अनि मात्र रमाउने बालबालिकाको स्वभाव हुन्छ । एउटै मनपर्ने कुरामाथि तल्लीन हुन्छन् यही बालस्वभाव कवितामा देखिएको छ ।

यस कवितामा बालबालिकालाई एउटै चीज धेरै खानु हुँदैन यसले असर गर्छ भन्ने सन्देश दिनु नै कविताको मूलभाव बनेको छ । कविताको सन्देश यस श्लोकमा व्यक्त भएको छ :

बजार घुम्न जाऔँला

फलफूल किनी खाऔँला

एउटै चीज धेर

खानु हुन्न हेर ।

थरीथरीका चीजहरू ठिक्क खानुपर्छ । एउटै चीज धेरै खायो भने असर गर्छ । जेरी धेरै खाँदा असर गर्छ । त्यसैले ढिपी नगर्नु नानी भनी सन्देश दिएको छ ।

यस कविताको भाषा सरल र सहज देखिन्छ । सरल सहज भाषामा रचित यस कविताबाट माध्यमबाट बालबालिकालाई शिक्षाा दिने प्रयास गरेको छ । कविता सरल र बोधगम्य बनेको छ । कवितामा लयात्मकता र श्रुतिमधुरता पनि भेटिन्छ ।

बालबालिका शब्दका माध्यमबाट भन्दा बढी चित्रका माध्यमबाट सहजै बुझ्न सक्छन् । यस कवितामा कविताको भावलाई खुलाउने खालको रङ्गीन चित्र प्रयोग गरिएको छ । त्यसैले यो कविता आकर्षक बनेको छ । बालबालिकाको ध्यान तानिएको छ । यस कविताको चित्र र साजसज्जाको संयोजनले गर्दा ।

### ४.४.८ माकुरो कविताको विश्लेषण

**माकुरो** शीर्षक कविता तीन श्लोकमा रचिएको छ । तीन श्लोक भित्र जम्मा बाह्र पाउ रहेका छन् । आकारका हिसावले यो कविता छोटो देखिन्छ । यस कविताका प्रत्येक पाउमा पाँच छ अक्षर रहेका छन् । अन्त्यानुप्रास मिलेको हुनाले कविता लयात्मक बनेको छ ।

यस कविताको शीर्षक **माकुरो** रहेको छ । यस कवितामा माकुराको स्वरूप रूपरङ्ग र आनीबानीको वर्णन गरिएकाले शीर्षक सार्थक देखिन्छ । कविताको विषयवस्तु र शीर्षकका बीच सङ्गति देखिन्छ ।

यस कविताको विषयवस्तु पशुपंक्षी वा किटपतङ्गसँग सम्बन्धित देखिन्छ । घरका भित्तामा जालो बुनिरहने माकुरालाई कविताको विषयवस्तु बनाइएको छ । माकुराकै स्वरूप, रूपरङ्ग र आनीबानी यसमा वर्णन गरिएको छ । तल पनि जालो, माथि पनि जालो बुन्ने माकुरालाई चिनाउन खोजिएको छ ।

यस कवितामा माकुराका बारेमा वर्णन गर्दै कविता प्रधानले माकुरा किराका बारेमा जानकारी दिन खोजेका छन् यही नै कविताको मूलभाव वा विचार देखिन्छ । चारैतिर जालो बुन्ने माकुरा आफ्नै जालोमा फसिरहेको हुन्छ । आफ्नै जालो भित्र परी आफै मर्ने पालो रहेको छ भनिएको छ । माकुराको स्वरूप, रूपरङ्ग, आनीबानीका बारेमा बालबालिकालाई जानकारी दिनु नै कविताको भाव देखिन्छ ।

कविताको भाषा बालबालिकाका लागि सरल देखिन्छ । कविता सरल र बोधगम्य देखिन्छ । यो कविता आकारका दृष्टिले छोटो, भाषिक दृष्टिले सरल र प्रस्तुतिका दृष्टिले मनोरञ्जनपूर्ण देखिन्छ । कवितामा मिलेका अन्त्यानुप्रासको प्रयोगले लयात्मकता र श्रुतिमधुरता थपिएको छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् । यही बालमनोविज्ञानलाई बुझी कवितामा सुन्दर चित्र तथा साजसज्जाको संयोजन गरिएको छ । चित्र गुलाबी र कालो रङ्गमा देखिन्छ साथै साज सज्जामा पनि ध्यान पुऱ्याएको देखिन्छ । यी सुन्दर चित्रहरूले गर्दा कवितातिर बालबालिकाको ध्यान तानिएको छ ।

### ४.४.९ ऐना कविताको विश्लेषण

**ऐना** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । पहिलो र तेस्रो श्लोकमा दुई दुई पाउ देखिन्छन् । आकारका दृष्टिले यो कविता ज्यादै छोटो देखिन्छ । यो कविता गद्य ढाँचामा रचिएको छ । गद्य भएपनि लयमा मीठो देखिन्छ ।

यस कविताको शीर्षक **ऐना** देखिन्छ । बालबालिकाहरू ऐनाप्रति बढी आकर्षित हुन्छन् । उनीहरूले ऐना हेर्दै आफ्नो मुहार मुसार्ने, कपाल कोर्ने र राम्रो नराम्रो छुट्टाउने गर्दछन् । यही ऐनाका बारेमा कविता लेखिएको हुनाले शीर्षक मिलेको देखिन्छ ।

यस कवितामा ऐनालाई विषयवस्तु बनाइएको छ । ऐनाका बारेमा र बालबालिकाहरूको ऐनाप्रतिको आकर्षण देखाइएकोले यसको विषय ऐनामै केन्द्रित देखिन्छ । ऐनाका माध्यमबाट अनुहार राम्रो होइन बानीराम्रो बनाउनु पर्दछ भनिएको छ ।

यस कवितामा कवि प्रधानले राम्रो बानी सिक्न बालबालिकालाई सन्देश दिएका छन् यही सन्देश प्रदान गर्नु नै यस कविताको मूलभाव वा विचार देखिन्छ । यस कविताको सन्देश झल्काउने कवितांश :

भाइ हेर्छ कपाल

बैनी हेर्छिन मुहार

ऐना हेरी हुन्न है

बानी पो त सपार ।

ऐना हेरी अनुहार राम्रो नराम्रो भनी छुट्याउनु भन्दा बानी राम्रो बनाउनतिर लाग्नुपर्छ । बानी राम्रो भएमा मात्र राम्रो भइन्छ भन्ने सन्देश बालबालिकालाई दिइएको छ ।

यस कवितामा बालबालिकाहरूका लागि सरल भाषाको प्रयोग गरिएको छ । यस कवितामा कथ्य भाषाको प्रयोग गरिएको छ । कविता लयात्मक र श्रुतिमधुर देखिन्छ । यो कविता आकारमा छोटो, भाषिक दृष्टिले सरल र प्रस्तुतिका दृष्टिले मनोरञ्जनपूर्ण देखिन्छ ।

चित्रका माध्यमबाट बालबालिकालाई कविताको भाव बुझ्न सजिलो हुन्छ । यस कवितामा कविताको भाव झल्काउने खालको चित्र प्रयोग गरिएको छ । साथै रङ्गीन साजसज्जाले कवितामा आकर्षण थपेको छ ।

### ४.४.१० राम्रो बानी कविताको विश्लेषण

**राम्रो बानी** शीर्षक कवितामा तीन श्लोक देखिन्छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा बाह्र पाउ रहेका छन् । आकारको दृष्टिले यो कविता छोटो देखिन्छ । यो कविता गीतिलयमा देखिन्छ । यो कवितामा संवादात्मक शैलीमा रचिएको छ ।

यस कविताको शीर्षक **राम्रो बानी** रहेको छ । कविताले दिन खोजेको मूल भाव वा सन्देश राम्रो बानी बनाउनुपर्छ भन्ने सन्देशबाटै यसको शीर्षक चयन गरिएको छ । शीर्षक सार्थक नै देखिन्छ ।

यस कविताको विषयवस्तु बानी व्यवहार सम्बन्धी देखिन्छ । साना साना बालबालिकाहरूको स्वभाव र बानी व्यवहारलाई कवितामा देखाउन खोजेको छ । यो कवितामा संवादात्मक शैली देखिन्छ । छोरी, छोरो र आमाको संवाद यहाँ देखिन्छ । छोरीले आफूले ठूलोभइसकेकोले सारी चोलो लगाई मामा भेट्न जान्छु भनेकी छ । छोराले अब म भोटो लगाउँदिन हुन थाल्यो छोटो त्यसैले दौरा सुरूबाल लगाई फोटो खिच्न जान्छु भनेको छ । आमाले पढीलेखी ज्ञानी बन्नुपर्छ र ठूलो मान्छे भई नाम राख्नुपर्छ भन्ने चाहना व्यक्त गरेकी छन् ।

यस कविताको मूलभाव वा विचार भनेको पढीलेखी ज्ञानीमान्छे बन्नुपर्छ असल मान्छे बनी नाम राख्नुपर्छ भन्ने बालबालिकालाई सन्देश दिनु हो । अरू कुरामा लाग्ने होइन पढ्ने कामा गर्नुपर्छ । बाबुआमासँग झगडा गर्नु हुँदैन, ज्ञानी बन्नुपर्छ भन्ने सन्देश दिएको छ । आफ्नो बानी राम्रो बनाउनुपर्छ है भाइ बहिनी भन्ने सन्देश दिएको हुनाले कविता उत्कृष्ट बनेको छ ।

यस कविताको भाषा सरल खालको छ । गीतिलयमा रचिएको यस कवितामा लयात्मकता र श्रुतिमधुरता पाइन्छ । कविताबाट बालबालिकाले भरपूर मनोरञ्जन लिन सक्छन् । बालबोलीको भाषा प्रयोग गरिएको हुनाले कविता पढ्न बालबालिका हौसिन्छन् । यो कविता आकारमा छोटो, भाषामा सरल र प्रस्तुतिमा मनोरञ्जनपूर्ण खालको देखिन्छ ।

यस कवितामा प्रयोग गरिएको चित्र सुन्दर एवम् आकर्षक देखिन्छ । छोराले आमालाई सताइरहेको देखाइएको छ । यही चित्रका माध्यमले कविताको सन्देश बुझ्न सजिलो बनाएको छ । कवितामा चित्र तथा साजसज्जाले आकर्षक र रौनकता थपेको छ ।

### ४.४.११ भन्छ मेरो सुगा कविताको विश्लेषण

**भन्छ मेरो सुगा** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार पङ्क्ति रहेका छन् । यो कविता गद्य ढाँचामा रचिएको छ । यो कविता भन्दा र सुन्दा मीठो लाग्ने किमिसको छ । दुई दुई हरफमा अन्तिम अक्षरहरू मिलेको देखिन्छ ।

यस कविताको शीर्षक **भन्छ मेरो सुगा** रहेको छ । यस कवितामा सुगाले भनेका कुरालाई अभिव्यक्त गरिएको हुनाले शीर्षक मिलेको देखिन्छ । कविताको विषयवस्तु र शीर्षकका बीच सङ्गति देखिन्छ ।

यस कविताको विषयवस्तु पशुपंक्षी सम्बन्धी देखिन्छ । बालबालिकाको प्रिय पंक्षी सुँगा हो । सुगालाई घरमा पालेर राखिन्छ । पिँजडामा थुनेर राखिएको सुगाको बारेमा कविताको विषयवस्तु केन्द्रित छ । सुगाको स्वरूप, आनीबानी कवितामा देखाइएको छ । गोपीकृष्ण भनी बोलाउने सुगाले जाडो भयो भनी लुगा मागेको छ । पिंजडामा बसी दानापानी खाने सुगाले सबैलाई नमस्ते भन्छ । पिंजडामा थुनिएको सुगालाई मुक्त पार्न खोजिएको छ ।

यस कविताको मूल भाव भनेको सुँगाको चिनारी दिँदै यसलाई पिँजडामा थुनेर राख्ने होइन् स्वतन्त्रपूर्वक बाँच्न दिनुपर्छ भन्ने हो । बालबालिकाहरू सँग साथी बन्न सक्छ । आफ्नै भाषामा बोल्न सक्छ यसले पनि ठण्डी र गर्मी महसुस गर्दछ । यसको स्वतन्त्र जीवनमा हस्तक्षेप गर्नु हुँदैन भन्ने सन्देश दिएको छ ।

यस कविताको भाषा सरल देखिन्छ । बालबालिकाले सहजै बुझ्न सक्ने खालको छ । कवितामा अन्त्यानुप्रासको उचित संयोजन गरिएको देखिन्छ । कविता लयात्मकता र श्रुतिमधुर बनेको छ । कविता सरल, बोधगम्य र सन्देशमूलक बनेको छ । कविताबाट बालबालिकाले मनोरञ्जन पनि लिन सक्ने छन् ।

स्वभावैले साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षिक हुन्छन् र चित्रको सहायताले कविताको भाव बुझ्न सक्छन् । कविताको चित्र आकर्षित देखिन्छ । चित्र गुलावी र कालो रङ्गमा छापिएको छ । समृद्ध मुखियाले बनाएको चित्र तथा साजसज्जाले कवितामा सुनमा सुगन्ध थपिएको छ ।

### ४.४.१२ सात दिन बार कविताको विश्लेषण

**सात दिन बार** शीर्षक कविता तीन श्लोकमा संरचित छ । पहिलो र तेस्रो श्लोकमा दुई दुई पाउ र दोस्रो श्लोकमा चार पाउ गरी जम्मा आठ पाउ देखिन्छन् । पद्य ढाँचामा रचिएको यस कविताका प्रत्येक पाउका अन्त्यमा मिलेका अन्त्यानुप्रास देखिन्छन् । आकारका दृष्टिले कविता छोटो देखिन्छ ।

यस कविताको शीर्षक **सात दिन बार** रहेको छ । एक सातामा सात दिन हुन्छन् । ती प्रत्येक दिन र बारेको चर्चा गरिएको छ । पहिलो आइतबार देखि अन्तिम शनिवार सम्मको जानकारी दिइएकोले शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु साता वार सम्बन्धी छ । एक सातामा सात दिन हुन्छन् । पहिलो दिन आइतबार, दोस्रो दिन सोमबार गरी सातौवार शनिवार रहेको हुन्छ । यही सात दिन बारको चिनारीमा यो कविता केन्द्रित देखिन्छ ।

हरेक कवितामा मूलभाव वा विचार रहेको हुन्छ । कविताको मूलभाव भन्नाले कविताको शब्द शब्दमा अन्तर्निहित शक्ति भन्ने बुझिन्छ । यस कविताको मूलभाव भनेको सात दिन बारको जानकारी दिनु हो । समयको महत्त्व दर्शाउँदै सात दिनमा सात बार रहन्छन् भन्ने जानकारी बालबालिकालाई दिनु नै मूल भाव वा विचार देखिन्छ ।

यस कविताको भाषालाई हेर्दा भाषा सरल देखिन्छ । सरल भाषाको प्रयोगले गर्दा कविता बोधगम्य बनेको छ । बालबालिकाले गाउँदै र नाच्न वा खेल्न मिल्ने खालको गीतिलयमा देखिन्छ । यही गीतिलयका कारणले गर्दा कविता श्रुतिमधुर बनेको छ । यस कविताको भाका लोकलयसँग मिल्दो जुल्दो देखिन्छ ।

बालबालिकाहरू शब्दमा भन्दा बढी चित्रमा रूचि देखाउँछन् यस कवितामा पनि सातवटा मौरीका घार देखाई सात बारका नाम दिइएको छ । बालबालिकाले यी चित्रका सहायताले सात वारका नाम सहजै सिक्न सक्छन् । रङ्गीन चित्र तथा साज सज्जाले कवितामा थप आकर्षण थपेको छ ।

### ४.४.१३ इन्द्रेनी कविताको विश्लेषण

**इन्द्रेनी** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा बाह्र पाउ देखिन्छन् । आकारका हिसावले यो कविता छोटो देखिन्छ । गीतिलयमा गाउँन मिल्ने खालको छ । शब्द संयोजन मिलेकै देखिन्छन् ।

यस कविताको शीर्षक **इन्द्रेनी** रहेको छ । आकाशमा बेलाबखतमा देखापर्ने इन्द्रेणी हेरी बालबालिकामा जिज्ञासा उत्पन्न हुने गर्दछ । सातरङ्गले सिँगारिएको इन्द्रधनु इन्द्रणीको परिचय दिन खोजिएको हुनाले शीर्षक र विषयवस्तुका बीच सङ्गति देखिन्छ ।

यस कविताको विषयवस्तु प्रकृतिसँग सम्बन्धित देखिन्छ । प्रकृतिका अनेकौ दृश्यहरू मध्ये इन्द्रेनी पनि एक हो । बेलाबखतमा आकाशमा लामो सप्तरङ्गी इन्द्रधनु देखा पर्दछ । यही इन्द्रेनीको परिचय दिनु नै कविताको विषय बनेको छ । प्रकृति अनौंठो छ । अचानक आकाशमा देखिने यो इन्द्रणीका बारेमा बयान गरिएको छ ।

हरेक कवितामा मूलभाव वा विचार रहेको हुन्छ । यस कवितामा आकाशमा देखिने इन्द्रेनीको परिचय दिँदै बाल जिज्ञासालाई साम्य पार्नु नै कविताको मूलभाव देखिन्छ । रातो, नीलो, पहेलो, बैजनी, हरियो आकासे र सुन्तला गरी सात रङ्गले सजिएको इन्द्रेणीका बारेमा बालबालिकालाई परिचित गराउन खोजिएको छ । यो कहाँ बाट आउँछ र कहाँ जान्छ भन्ने जिज्ञासा बालबालिकामा यथावत नै देखिन्छ । सप्तरङ्गी इन्द्रेनीको बारेमा जानकारी प्रदान गर्नु नै यस कविताको मूलभाव देखिन्छ ।

ईन्द्रेनी कविताको भाषा सरल देखिन्छ । ठाउँठाउँमा बाल जिज्ञासा प्रश्न गरी देखाइएको छ । बालबोलीको शब्दको प्रयोग देखिन्छ बालबालिकाको जिज्ञासु प्रवृत्तिलाई

ध्यानमा राखी कविता लेखिएको छ । कविता लयात्मक हुनाले श्रुतिमधुर बनेको छ । आकारमा छोटो, भाषामा सरल र प्रस्तुतिमा मनोरञ्जनपूर्ण मानिन्छ ।

यस कवितामा पनि सुन्दर एवम् आकर्षक चित्रको प्रयोग गरेको देखिन्छ । घरको रेलिङमा बसी आकाशमा देखिएको इन्द्रेणीलाई एउटा बालकले जिज्ञासु भावले हेरिरहेको देखाइएको छ । कविताको मूल कुरा चित्रद्वारा नै प्रस्ट पार्न खोजिएको छ । साज सज्जा पनि मिलेकै देखिन्छ ।

### ४.४.१४ टेलिफोन कविताको विश्लेषण

**टेलिफोन** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पङ्क्ति रहेका छन् । गद्य ढाँचामा रचित यस कवितामा अर्न्तलयीय पाइन्छ । आकारका दृष्टिले कविता छोटो देखिन्छ ।

यस कवितामा टेलिफोनका बारेमा परिचय दिइएको छ । यही कवितामा वर्णित विषयवस्तु अनुसार शीर्षक मिलेको छ ।

यस कविताको विषयवस्तु वैज्ञानिक उपकरण र प्रविधि सम्बन्धी देखिन्छ । विज्ञानका आविष्कार मध्ये टेलिफोन पनि एक हो । टेलिफोनका माध्यमले टाढा टाढाका मानिसँग कुराकानी गर्न सकिन्छ । बालबालिकाहरू टेलिफोनमा कुरा गरेको देख्दा छक्क पर्छन् । मान्छेको आवाज आउने तर मान्छे देख्न नसकिने यो अचम्म चीज टेलिफोनको बारेमा वर्णन गरिएको छ ।

हरेक कवितामा मूलभाव रहेकै हुन्छ । यस कविताको मूलभाव भनेको टेलिफोनका बारेमा चिनारी दिनु हो । सबैलाई अचम्म लाग्ने यो विज्ञानको चमत्कार टेलिफोनद्वारा जो सुकै सँग कुराकानी गर्न सकिन्छ तर मान्छे देखिँदैन । यस्तो अचम्मको सञ्चारको माध्यम टेलिफोनका बारेमा बालबालिकालाई जानकारी दिन खोजिएको छ ।

यस कवितामा बालबालिकाका लागि सरल र सहज भाषाको प्रयोग गरिएको छ । कवितामा ठाउँठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले थप मिठास थपेको छ ।

झण्डै झण्डै लोक लयात्मक भाकासँग नजिक रहेको यस कवितामा लयात्मकता र श्रुतिमधुरता भेट्न सकिन्छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूका कविताको भाव बुझ्न सरल हुने गर्दछ । कवि प्रधानले पनि कवितामा आकर्षक चित्रहरू समावेश गरेका छन् । रङ्गीन चित्रका साथमा साज सज्जा पनि मिलेको देखिन्छ । अझ सानो भाइले पनि टेलिफोन उठाएको देखाएको भए बेश हुन्थ्यो ।

### ४.४.१५ पोखरीमा पानी कविताको विश्लेषण

**पोखरीमा पानी** शीर्षक कवितामा चार श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पङ्क्ति रहेका छन् । यो कविता लघु आकारको देखिन्छ ।

यस कविताको शीर्षक **पोखरीमा पानी** रहेको छ । पोखरीको पानीमा आकाशका जून, तारा, सूर्य, लगायतका छायाँ पर्दछन् । यी छायाँ सँगै विभिन्न खालका सन्देशहरू दिन खोजेको छ । पोखरीमा पानी नभई छायाँ र आकृतिहरू बन्दैनन् । त्यसैले पोखरीमा पानी शीर्षक उपयुक्त देखिन्छ ।

यस कविताको विषयवस्तु प्राकृतिक सम्बन्धी देखिन्छ । आकाशमा दिउँसो सूर्य र रातमा जून र ताराहरू देखिन्छन् । यिनीहरूको आकृति पानीमा देखिँदा दृश्य रमाइलो बन्ने गर्दछ । पानीमा जून पर्दाको आकृतिजस्तै हँसिलो बन्नुपर्छ, ताराजस्तै चम्किलो बन्नुपर्छ, घाम जस्तै पारिलो, छायाँ जस्तै सबैलाई गर्नुपर्छ माया भन्ने बानी व्यवहार सम्बन्धी कुरा वर्णित छ ।

हामीहरू जीवनमा असल बन्नुपर्छ भन्ने सन्देश प्रकृतिका कुराहरूसँग तुलना गर्दै सन्देश दिनु नै कविताको मूलभाव देखिन्छ । हामीहरू जून जस्तै हँसिलो, तारा जस्तै चम्किलो, घाम जस्तै पारिलो बनी सबैलाई माया गर्नुपर्छ भन्ने जीवनोपयोगी उपदेश दिइएको छ । सधै जून जस्तै हँसिलो बनी जीवन बिताउनुपर्छ संसारमा तारा जस्तै चम्किलो बन्नु सिक्नुपर्छ भन्ने ज्ञान दिइएको छ ।

यस कविताको भाषा सरल, सहज देखिन्छ । कविता लयात्मक र श्रुतिमधुर बनेको छ । गीतिलयमा रचिएको यो कविता मीठो बनेको छ । कविताको भाका लोकलयसँग मिल्दोजुल्दो र गाउँदै खेल्न र खेलाउन मिल्ने खालको छ ।

चित्र तथा साजसज्जाले बालबालिकाको ध्यान तानिने गर्दछ । स्वभावैले शदमा भन्दा बढी चित्रमा आकर्षित हुन सक्ने बालबालिकाका लागि सुन्दर एवम् आकर्षक चित्रहरूको प्रयोग यस कवितामा गरिएको छ । पानीको छायाँमा सूर्य, तारा, जून देखायएको छ जसले कविता बुझ्न सहज भएको छ । समग्रमा सन्दर चित्रहरूका साथै रङ्गीन साजसज्जाको प्रयोगले कवितामा आकर्षण बढाएको छ ।

### ४.४.१६ बाँदर नाच्छ छमछम् कविताको विश्लेषण

**बाँदर नाच्छ छमछम्** शीर्षक कवितामा दुई श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार चार पाउ गरी जम्मा आठ पाउ रहेका छन् । आकारका दृष्टिले कविता निकै छोटो देखिन्छ । कविता लयात्मक बनेको छ ।

यस कविताको शीर्षक **बाँदर नाच्छ छमछम** रहेको छ । विभिन्न जीव जनावरको क्रियाकलाप देखाई बाँदरलाई छमछम नाचिउको भनी कवितामा अभिव्यक्त गरिएकोले शीर्षक ठिकै देखिन्छ । शीर्षक पूर्ण रूपमा सार्थक देखिदैन् ।

यस कविताको विषयवस्तु पशुपंक्षी सँग सम्बन्धित देखिन्छ । यहाँ कालो काग, हरियो सुँगा, सेतो खरायो, मैना, कुकुर र बाँदरलाई कवितामा वर्णन गरिएका छन् । प्रकृतिमा विभिन्न खालका पशुपंक्षीहरू रहेका हुन् तिनीहरूको रूपरङ्ग, स्वभाव फरक फरक देखिन्छ । काले काग कराउँदा हरियो सुँगा डराउने, सेतो खरायो बगैचामा हराउने, मैनाले सबैलाई नमस्ते गर्ने, कुकुरले सलाम गर्ने र गीतको धुनमा बाँदर छमछम नाच्ने जस्ता मनोरञ्जनात्मक क्रियाकलापहरू कवितामा समेटिएका छन् ।

हरेक कवितामा मूलभाव रहेको हुन्छ । यस कविताको मूलभाव भनेको विभिन्न पशुपंक्षी तथा जनावरको जानकारी दिँदै मनोरञ्जनको खुराक पस्कनु हो । हरेक पशुपन्छीका आ-आफ्नै स्वभाव, रूपरङ्ग हुन्छन् । यिनीहरूको जानकारी गराउनु नै

भाव देखिन्छ । प्रकृतिका यी जीवजनावर पंक्षीहरूसँग बालबालिकालाई परिचित गराउन खोजिएको छ ।

यस कविताको भाषा बालबालिकाहरूका लागि सरल र सहज देखिन्छ । बालबोलीका शब्दहरूको प्रयोग पनि गरिएको छ । यो कविता सरल भाका र मिठासले भरिएको छ । कविता यथेष्ठ रूपमा लयात्मक र श्रुतिमघुर देखिन्छ ।

यस कवितामा पनि बालबालिकालाई भनेर सुन्दर चित्र तथा रङ्ग रोगन प्रयोग गरिएको छ । कविताको शीर्ष भागमै काग, सुगा, खरायो, कुकुर, बाँदर देखाइएकोले कविताको भाव सहजै बालबालिकाले मनोरञ्जनात्मक पाराले बुझ्न सक्छन् । चित्र तथा उपयुक्त साजसज्जाले कवितामा रौनक थपेको छ ।

## ४.५ ऱ्याइँ ऱ्याइँ सारङ्गी बालकविता सङ्ग्रहको अध्ययन

प्रमोद प्रधानको चौथो बालकविता सङ्ग्रह वि. सं. (२०६६) सालमा बालसंसार प्रा. लि. काठमाडौँबाट प्रकाशित भएको हो । यो सङ्ग्रह आवरण पृष्ठ, विषयसूची र प्रकाशकीय खण्डबाहेक २३ पृष्ठसम्म फैलिएको छ । विषयसूची, आवरण पृष्ठ र प्रकाशकीय खण्डलाई नम्बराङ्कित गरिएको छैन् । यस बालकविता सङ्ग्रहमा विभिन्न विषयवस्तुमा आधारित २० वटा कविताहरू सङ्गृहीत छन् । यो सङ्ग्रहको नामाकरण सङ्ग्रह भित्रको अन्तिम वा बीसौँ कविता **ऱ्याइँ ऱ्याइँ सारङ्गी** शीर्षकबाट गरिएको छ । आवरण पृष्ठमा सङ्ग्रहको नामसँग मिल्ने चित्र राखिएको छ । आवरण पृष्ठमा गाइनेले आफ्ना पीडाहरू सारङ्गी बजाउँदै व्यक्त रङ्गीन हुनाको साथै आकर्षक देखिन्छ । प्रस्तुत **ऱ्याइँ ऱ्याइँ सारङ्गी**का बीस कविताका माध्यमबाट कविले मूलतः ६ देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई लक्ष्य गरी विभिन्न उपयोगी ज्ञान एवम् मीठो स्वाद चखाएका छन् । यस सङ्ग्रहमा सङ्कलित बीस वटा कविताहरूलाई संरचना र शीर्षक विषवस्तु, मूलभाव वा विचार, भाषा र लय चित्र तथा साजसज्जाका आधारमा अध्ययन गरिएको छ ।

### ४.५.१ च च हुइँ कविताको विश्लेषण

**च च हुइँ** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । प्रत्येक श्लोकमा दुई दुई पाउ रहेका छन् । आकारका हिसावले कविता छोटो देखिन्छ । मिलेका अन्त्यानुप्रसासले गर्दा कविता लयात्मक बनेको छ ।

यस कविताको शीर्षक **च च हुई** रहेको छ यो खेल संसारसँग सम्बन्धी छ । बालबालिकाहरू पिङ खेल्दा खुशी हुने गर्दछन् उनीहरू पिङ खेल्दा च च हुई भन्ने गर्दछन् । खेलसंसार सँग सम्बन्धित यसको शीर्षक सार्थक देखिन्छ ।

बालबालिकालाई रोचक लाग्ने विषयवस्तु चयन गरी कविता लेख्ने कवि प्रधानले यस कवितामा खेल जगतलाई विषयवस्तु चयन गरेका छन । बालबालिकाहरू स्वभावैले खेल संसारमा रमाउँछन् । गाउँघरमा डोरी पिङ खेल्न पाउँदा रमाउने बालबालिकाहरू दङ्ग परेका छन् । यो कविता खेल संसार सँग सम्बन्धीत रहेको छ ।

यस कवितामा बालबालिकालाई खेल संसारमा पुऱ्याई प्रशस्त मात्रामा मनोरञ्जन प्रदान गर्नु नै कविताको मूलभाव देखिन्छ । बालमनोविज्ञान बुझी उनीहरू खेलमा रमाउँछन् भन्ने कुरा यस कवितामा अभिव्यक्त गरिएको छ । बालबालिकाहरू स्वतन्त्रपूर्वक रमाउन चाहन्छन् उनीहरू खेल पिङमा पनि रमाउँछन भन्ने देखाउन खोजिएको छ ।

यस कविताको भाषा सरल देखिन्छ । बालबोलीका भाषा प्रयोग गरिएको र पद्य ढाँचामा रचित यस कवितामा लयात्मकता र श्रुतिमधुरता भेट्न सकिन्छ । कविताका प्रत्येक पाउमा मिलेका अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक बनेको छ ।

यस कवितामा प्रयोग गरिएका चित्रले कविताको भाव बुझ्न मद्दत गर्छ चित्रहरू सादा देखिन्छन् । केटाकेटीहरू गाउँको बीचमा पिङ खेल्दै रमाउँदै गरेको देखाइएको छ । चित्र तथा साज सज्जा रङ्गीन भएको भर सुनमा सुगन्ध हुने थियो ।

### ४.५.२ कति राम्रो भाले कविताको विश्लेषण

**कति राम्रो भाले** शीर्षक कवितामा चार श्लोक रहेका छन् । यो कविताका दुई दुई हरफका आखिरी केही अक्षरहरूमा अनुप्रास मिलेको देखिन्छ । अन्त्यानुप्रास मिलेको यो कविता लयात्मक बनेको छ । आकारका हिसावले कविता छोटो देखिन्छ ।

यस कविताको शीर्षक **कति राम्रो भाले** रहेको छ । यस कवितामा भालेको रूपरङ्ग आनीबानीका बारेमा चित्रण गरिएकाले विषयवस्तु अनुसार शीर्षक सार्थक रहेको छ ।

यस कविताको विषयवस्तु पशुपंक्षी सम्बन्धी देखिन्छ । घर पालुवा पंक्षीहरू मध्ये भाले पनि एक हो । भालेको रूपरङ्ग आनीबानीको वर्णन गरिएको छ । बालबालिकाहरू कुखुराको भाले देख्दा रमाउँछन् । तिनीहरूको व्यवहार नियालेर हेर्छन् । हिजो मात्र बाले किनेर ल्याएको भाले रातो सिउर हल्लाउँदै कहिले खेत, कहिले कोठा कहिले घुरी, कहिले टारीमाथि पुग्ने गर्छ । यही भालेको व्यवहारलाई कवितामा वर्णन गरिएको छ ।

यस कवितामा कुखुराको भालेको रूपरङ्ग बोली, आनीबानी र स्वभावबारे बालबालिकालाई ज्ञान दिनु नै मूलभाव देखिन्छ । चारैतिर पखेटा फट्फटाउँदै हिड्ने भालेको रूपरङ्ग आकर्षक देखिन्छ । यही भालेको परिचय दिनुका साथै मनोरञ्जनको खुराक दिन खोजिएको छ ।

यस कविताको भाषा सरल खालको देखिन्छ । बालबोलीका शब्दहरूको प्रयोग गरी लेखिएको यस कविता सहज देखिन्छ । मिलेका अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक र श्रुतिमघुर बनेको छ । समग्रमा भाषिक दृष्टिले सरल सहज यो कविता लयात्मक र मीठो देखिन्छ ।

कविताको वर्णित विषयवस्तुअनुसार सार्थक चित्र प्रयोग गरिएको छ । कविताको साजसज्जा तथा चित्र आकर्षक देखिन्छन् । रङ्गीन चित्र तथा साजसज्जा भए अझ सुनमा सुगन्ध थपिने थियो ।

### ४.५.३ थरिथरिका मुखुण्डो कविताको विश्लेषण

**थरिथरिका मुखुण्डो** शीर्षक कवितामा जम्मा बाह्र पङ्क्ति रहेका छन् । आकारका हिसावले कविता छोटो देखिन्छ । गद्य ढाँचामा रचिएको भए पनि यस कवितामा मीठो लय पाउन सकिन्छ साथै यस कविता भन्दा र सुन्दा मीठो लाग्ने खालको छ ।

यस कविताको शीर्षक **थरिथरिका मुखुण्डो** रहेको छ । यस कवितामा बालबालिकाहरू थरिथरि जीवनजनावरका मुखुण्डो लगाई खेल खेलिरहेका छन् । कवितामा वर्णित विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु खेल जगत सम्बन्धी देखिन्छ । अनेक थरिका जनावरका मुखण्डो लगाई यस कवितामा बालबालिकाहरू खेल खेलिरहेको देखाइएको छ । दिदीले विरालाको मुखुण्डो, दाजुले बाघको मुखुण्डो, साथीले हातीको मुखुण्डो, मैले भालुको मुकुण्डो लगायौ अब खेलौ भुकुण्डो भनिएको छ । बालबालिकाहरू थरि थरिका मुखुण्डो लगाई रमाउँदै खेल खेल्ने खेल संसारलाई विषय चयन गरिएको छ ।

यस कविताको मूलभाव भनेको ठट्यौली पारामा बालबालिकाहरू खेल संसारमा रमाउन चाहन्छन् भन्ने देखाउनु हो । थरिथरिका जीव जनावरका आकृतिका मुखुण्डो लगाइ खेल खेलेको देखाई भरपूर मनोरञ्जन दिन खोजेको छ । बालबालिकाहरू मनोरञ्जनात्मक पाराले एक अर्कामा मिलेर खेल खेल्दछन् भन्ने देखाउन पनि खोजिएको छ ।

यस कविताको भाषा बालबालिकाहरूकालागि सरल देखिन्छ । गद्य ढाँचामा कविता रचिएको भएपनि भन्दा र सुन्दा मीठो लाग्ने खालको स्वतन्त्र लयको प्रयोग भएको पाइन्छ । कविता लयात्मक र श्रुतिमघुर बनेको छ ।

यस कवितामा सुन्दर एवम् आकर्षक रमाइला चित्रहरूको प्रयोगले गर्दा कवितामा थप रौनक थपेको छ । विभिन्न जनावरका मुखुण्डो लगाई बालबालिकाहरू रमाई रमाई खेल खेलिरहेको देखाइएको छ । कविताको विषयवस्तु र भावलाई खुलाउने खालको चित्र तथा रङ्गशून्य साजसज्जा मिलेकै देखिन्छ ।

### ४.५.४ सर्कसको जोक कविताको विश्लेषण

**सर्कसको जोक** शीर्षक कवितामा चार श्लोक रहेका छन् । कविताका दुई पङ्क्तिलाई मिलाउँदा एक पाएजस्तो देखिन्छ । कवितामा जम्मा सोह्र पङ्क्ति रहेका छन् । कविता गद्य ढाँचामै देखिन्छ । आकारका हिसावले लघु देखिन्छ ।

यस कविताको शीर्षक **सर्कसको जोक** रहेको छ । बालबालिकाहरू गाउँ सहर जतातत‌ै सर्कस हेर्न रूचाउँछन् । यही जादु खेल देखाउँदै हिड्ने सर्कसेको खेलका बारेमा वर्णन गरिएकाले यसको शीर्षक मिलेको देखिन्छ ।

यस कविताको विषयवस्तु खेलजगत्कै सर्कसको खेल सम्बन्धी देखिन्छ । गाउँ सहरमा सर्कसेले आफ्नोखेल देखाउँदै हिड्ने गर्दछ । यही खेल हेरेर बालबालिकाहरू अचम्म मान्ने गर्दछन् । यसलाई वास्तविक वा भ्रामक के हो भनी छुट्याउन गाह्रो पर्दछ । ठूला कुरा गर्ने मान्छे सानो, दिनमा खाने चार मानो, चुच्चे टोपी लगाएको, जीउभन्दा ठूलो लुगा लगाउने, हेर्दा सानो तर उमेर पाको भएको यस्तो सर्कसेको खेलका बारेमा वर्णन गरिएको छ ।

बालबालिकाहरू सर्कसको जोकबाट आनन्द लिने गर्छन् । यो सर्कसको जोक सत्य होइन मात्र कला हो । अरूलाई लठ्ठ बनाउने सर्कसको बारेमा मनोरञ्नात्मक ढँगले जानकारी दिनु नै यस कविताको मूलभाव देखिन्छ । सर्कसेको जादू कलामात्र हो यो वास्तविक होइन भन्ने ज्ञान ठट्यौली शैलीमा दिइएको छ ।

यस कविताको भाषा सरल र सहज देखिन्छ । बालबालिकाले सहजै बुझ्न सक्ने भाषा प्रयोग गरिएको छ । ठाउँ ठाउँमा कथ्य भाषाको प्रयोग देखिन्छ । गद्य ढाँचामा कविता रचिए पनि भन्दा र सुन्दा मीठो लाग्ने स्वतन्त्र लयको प्रयोग गरिएको छ । कविता लयात्मक र श्रुतिमघुर बनेकोले बालबालिकाको मन जित्न सफल भएको छ ।

यस कवितामा बालबालिकाको मन जित्ने खालको चित्र संयोजन गरिएको छ । कविताको विषयवस्तु र भावलाई खुलाउने चित्र प्रयोग भएको छ । साजसज्जा अलि सादा देखिन्छ । रङ्गीन साजसज्जा तथा चित्र प्रयोग भएको भए सुनमा सुगन्ध थपिने थियो ।

### ४.५.५ उफ्री हिड्छ भ्यागुता कविताको विश्लेषण

**उफ्री हिड्छ भ्यागुता** शीर्षक कवितामा चार श्लोक रहेका छन् । पहिलो र चौथो श्लोकमा दुई दुई पाउ रहेका छन् भने दोस्रो र तेस्रो श्लोकमा चार चार पाउ गरी जम्मा बाह्र पाउ रहेका छन् । आयामका हिसावले लघु आकारको देखिन्छ । पद्य ढाँचामा रचित यस कविताका प्रत्येक पाउमा समान वर्ण वितरण देखिँदैन ।

यस कविताको शीर्षक **उफ्री हिड्छ भ्यागुता** रहेको छ । यस कवितामा भ्यागुताको स्वरूप, आनीबानी र प्राकृतिक गुणहरूलाई देखाइएकाले यसको शीर्षक मिलेको देखिन्छ ।

यस कविताको विषय जीवजन्तु सम्बन्धी देखिन्छ । प्रकृतिका असंख्य जीवजन्तुहरू मध्ये भ्यागुता पनि एक हो । पानी र जमिन दुवै ठाउँमा बस्ने भ्यागुता उभयचर प्राणी हो । भ्यागुताको स्वरूप, आनीबानी र प्राकृतिक गुणहरूलाई कवितामा वर्णनात्मक ढाँचाले देखाइएको छ । कहिले यता, कहिले उता उफ्री उफ्री हिड्ने भ्यागुताको स्वरूपलाई हेर्दा घाँटी नभएको, टाउकोसँग पेट जोडिएको चारवटा खुट्टा भएको, पुच्छर नभएको, कहिले पानीमा त कहिले दुलोभित्र लुक्ने, वर्षायामसँग भ्या भ्या गरी गीत गाउन थाल्ने यसको चिनारी गराइएको छ ।

प्रकृतिका अनेकौ जीवहरूमध्ये पानी र जमिन दुवै ठाउँमा बस्न सक्ने उभयचर प्राणी भ्यागुताको शारीरिक बनावट, आनीबानी र प्राकृतिक गुणहरूका बारेमा बालबालिकालाई जानकारी दिनु नै यस कविताको मूलभाव देखिन्छ ।

यस कविताको भाषा सरल र सहज देखिन्छ । ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले कवितामा मिठास थपेको छ । भ्यागुताको बोली 'भ्या भ्या' कवितामा देखाइएको छ । पद्य ढाँचामा रचित यस कविताका प्रत्येक पाउमा अन्त्यानुप्रास मिलेको देखिन्छ त्यसैले कविता लयात्मक र श्रुतिमधुर बनेको छ ।

यस कवितामा प्रयोग गरिएका चित्रहरूले कविता सहजै बुझ्न सकिन्छ । चित्रहरूको सहायताले कविताको विषयवस्तु र मूलभाव यही हो भनी बालबालिकाहरू ठम्याउन सक्छन् ।

### ४.५.६ आयो चाड तिहार कविताको विश्लेषण

**आयो चाड तिहार** शीर्षक कवितामा चार श्लोक रहेका छन् । प्रत्येक श्लोकमा अन्त्यानुप्रास मिलेका दुई दुई पाउ देखिन्छन् । पद्य ढाँचामा रचित यस कवितामा मिलेका दुई दुई पाउ देखिन्छन् । यस कविताका प्रत्येक पाउमा समान वर्ण वितरण गरिएको देखिँदैन । आकारका हिसावले कविता लघु देखिन्छ ।

यस कविताको शीर्षक **आयो चाड तिहार** रहेको छ । तिहार सम्बन्धी कुराहरू कवितामा वर्णित छ । हिन्दुहरूको दोस्रो महान चाड तिहार हो । तिहारको परिवेश, मौसम र चालचलनहरू कवितामा वर्णन गरिएको हुनाले शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु चाडवाड सम्बन्धी देखिन्छ । हिन्दुका अनेक चाडहरूमध्ये दोस्रो महान चाड तिहार हो । बर्सेनी कार्तिकको महिना आउने तिहारले ठूलो सांस्कृतिक महत्त्व बोकेको छ । वर्षायामको हिलोमैलो हटाई आउने चाड तिहारले गाउँ सहर पूरै रमाइलो बनाउँछ । टीकामाला लगाई दिदी र भाइबीचको सम्बन्ध प्रगाढ बनाउने तिहारको बेला घर घरमा दियो बाल्ने, देउसी, भैलो खेल्ने गरिन्छ । सबै मिलीजुली पिङ खेल्ने रमाउने र आफ्ना दुख पीडा विर्सने चाड तिहारको बारेमा चिनारी दिइएको छ ।

नेपालीहरूको सांस्कृतिक महत्त्व बोकेको चाड तिहारको चिनारी दिँदै यसको महत्त्वलाई दर्शाउनु नै यस कविताको मूलभाव देखिन्छ । चारैतिर खुशीयालीका साथ रमाइलो वातावरणमा मनाइने यो पर्वले सांस्कृतिक महत्त्व बोकेको छ । नेपाली संस्कृति, चाडपर्व, रीतिरिवाजहरूको संरक्षण एवम् संवर्द्धन गर्नु पर्छ भन्ने भाव यस कविताले बोकेको छ ।

यस कविताको भाषा सरल, सहज देखिन्छ । बालबालिकाहरूले सजिलै कविता बुझ्न सक्छन् । पद्य ढाँचामा रचित यस कवितामा लायत्मकता र श्रुतिमधुरता पाउन सकिन्छ ।

यस कवितामा कविताको विषयवस्तु र भावलाई बुझ्न सकिने खालका चित्रहरू प्रयोग गरिएको छ । चित्रहरू आकर्षक छन् अझ रङ्गीन साजसज्जा भएको भए सुनमा सुगन्ध थपिने थियो ।

### ४.५.७ छानामाथि विरालो कविताको विश्लेषण

**छानामाथि विरालो** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । प्रत्यक श्लोकमा चार-चार चरण रहेका छन् । पद्य ढाँचामा रचित यस कविताका प्रत्यक पाउनमा समान वर्ण वितरण नदेखिए पनि अन्त्यानुप्रास मिलेको देखिन्छ । कविता लयात्मक र श्रुतिमघुर देखिन्छ ।

यस कविताको शीर्षक **छानामाथि विरालो** रहेको छ । यस कवितामा विरालाको रूपरङ्ग, आनीबानी र प्राकृतिक गुणका बारेमा वर्णन गरिएकाले शीषक मिलेको देखिन्छ ।

यस कविताको विषयवस्तु पशुपंक्षी सँग सम्बन्धित देखिन्छ । घरपालुवा जनावरहरूको आ-आफ्नै रूपरङ्ग, आनीवानी हुन्छन् । ती मध्ये विरालो पनि एक हो । विरालाको रूपरङ्ग र आनीवानीका बारेमा वर्णन गर्नु नै यस कविताको विषयवस्तु देखिन्छ । यस कवितामा टाटे, सेतो, कालो रङ्गको विरालो ङ्यार्र ङुर्र गर्दै यताउता दौडिरहन्छ । घरी आँगन घरी कोठा, घरी भान्सा, चोटामा त भरी छानामाथि मुसा खोज्दै हिडने गर्छ । विरालोले मुसा भेटेपछि लुकामारी खेल्ने गर्छ । मुसा खोज्दै हिड्ने विरालाको प्राकृतिक गुण रूपरङ्ग र आनीवानीलाई देखाइएको छ ।

यस कवितामा विरालाको रूपरङ्ग, आनीवानी र प्राकृतिक गुणका बारेमा बालबालिकालाई चिनारी दिनु नै मूलभाव देखिन्छ । बालबालिका विरालो देखी अचम्म पर्ने गर्छन यही विरालाको परिचय दिन खोजिएको छ ।

यस कविताको भाषा सरल सहज देखिन्छ । बालबालिकाले सजिलै सँग कविता बुझ्न सक्छन् । बालबालिकालाई मानोरञ्जनपूर्ण तरिकाले शिक्षाा दिने प्रयास गरिएको छ । कविता सरल, बोधगम्य र शिक्षाामूलक बनेको देखिन्छ । कविता लयात्मक र

श्रुतिमधुर बनेको छ । विरालाको आवाजलाई पनि समेटिएको छ । ठाउँठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले कवितामा सुनमा सुगन्ध थपिएको छ ।

कवि प्रधानले यस कवितामा सुन्दर एवम् आकर्षक चित्रहरू समावेश गरेका छन् । चित्रहरू सादा भएपनि आकर्षक छन् साथै रङ्गीन साज सज्जा भएको भए सुनमा सुगन्ध थपिने थियो ।

### ४.५.८ छमछम गर्दै नाच्छिन बहिनी कविताको विश्लेषण

**छमछम गर्दै नाच्छिन बहिनी** शीर्षक कवितामा तीन, श्लोक रहेका छन् । कवितामा जम्मा बाह्र पङ्क्ति देखिन्छन् । कविता गद्य ढाँचामा रचिएको छ । कविता गद्य भएपनि गाउँदा र सुन्दा मीठो मानिन्छ । आकारका हिसाबले यो कविता छोटो देखिन्छ ।

यस कविताको शीर्षक **छमछम गर्दै नाच्छिन बहिनी** रहेको छ । निधारमा टिकी, आँखामा गाजल, ओठमा लाली, पाउडर, कानमा झुम्का र हातमा चुरा लगाई बहिनी छम् छम् गर्दै नाच्छिन् । यो कवितामा वर्णित विषयवस्तु अनुसार शीर्षक मिलेको देखिन्छ ।

यस कविताको विषयवस्तु बालस्वभाव सम्बन्धी देखिन्छ । साना-साना बालबालिकाहरूको आफ्नै स्वभाव हुने गर्दछ । सानी बालिकाहरू आफ्नो आमाका वा दिदीका श्रृङ्गारमा सामग्री प्रयोग गर्ने स्वभावका देखिन्छन् । साना बालकहरू केटाहरू आफ्नो बाबुका सामग्री प्रयोग गर्न थालेजस्तै साना-साना बालबालिकाहरू आफ्नो जातको गुणलाई अनुशरण गर्न थाल्दछन् । निधारमा कालो टिकी, आँखामा गाजल, अनुहारमा पाउडर, ओठमा लाली, कानमा कुण्डल, हातमा चुरा लगाई छम् छम गर्दै नाच्छिन भन्ने कुरा कवितामा वर्णित छ ।

यो कवितामा बालस्वभावलाई देखाइएको छ । साना-साना बालबालिकाहरूले ठूलो मान्छेका कुराहरू अनुशरण गर्न थाल्छन् । अनुकरण वा नक्कल गर्ने उनीहरूको स्वभाव नै देखिन्छ । यही बालबालिकाहरूको अनुशरण गर्ने स्वभावलाई देखाउनु नै यस कविताको मूलभाव देखिन्छ ।

यस कविताको भाषा सरल सहज देखिन्छ । गद्यमा कविता रचिएको भएपनि कविता भन्दा र सुन्दा मीठो देखिन्छ । ठाउँ-ठाउँमा अनुकरणात्मक शब्दको प्रयोगले कविता श्रुतिमघुर बनेको देखिन्छ । सरल बोधगम्य र भाषिक दृष्टिले सरल हुनाका साथै कविता लयात्मक नै देखिन्छ ।

बालबालिकाहरूले चित्रका सहायताले कविताको भाव सजिलै बुझ्न सक्छन् । कवि प्रधानले यही कुरालाई मध्यनजर गर्दै कवितामा सुन्दर एवम् आकर्षक चित्रहरू समावेश गरेका छन् । सानी बालिका निधारमा टिकी, आँखामा गाजल, कानमा कुण्डल लगाई नाचिरहेकी छ साथै कस्तो देखिए भनी ऐना हेरिरहेकी छ । कवितामा चित्रहरू सादा भएपनि आकर्षक छन् ।

### ४.५.८ बिग्रन्छ है बानी कविताको विश्लेषण

**बिग्रन्छ है बानी** शीर्षक कवितामा जम्मा दुई श्लोक रहेका छन् । प्रत्येक श्लोकमा अन्त्यानुप्रास मिलेका चार चार चरण रहेका छन् । आकारका हिसाबले कविता छोटो देखिन्छ । मिलेका अन्त्यानुप्रासले गर्दा कविता लयात्मक बनेको छ ।

यस कविताको शीर्षक **बिग्रन्छ है बानी** रहेको छ । नराम्रो काम गऱ्यो भने बानी बिग्न्छ । फोहोरमा खेल्ने, गुच्चा खेल्ने र पानीम खेल्ने गरेमा बानी बिग्रन्छ है भनी सजग बनाइएकोले शीर्षक सार्थक रहेको छ ।

यस कविताको विषयवस्तु बालबालिकाको बानी व्यवहार सम्बन्धी देखिन्छ । बालबालिकाहरू स्वभावैले बढी खेल खेल्न रूचाउँछन् । उनीहरू खेल्ने खेलहरू मध्ये गुच्चा, रबर, पानीमा खेल्न मनपराउँछन् । उनीहरूलाई जस्तो वातावरण दिन सक्यो त्यही अनुरूप उनीहरूको भविष्य रेखा कोरिन्छ । उनीहरूलाई सचेत बनाउँदै गुच्चा खेल्न, पानीमा खेल्न हुँदैन भन्न सन्देश दिएका छन् ।

यस कवितामा बालबालिकालाई गुच्चा खेल्नु हुँदैन, पानीमा खेल्न हुँदैन र फोहोरी बन्नु हुँदैन भनिएको छ । यही उपदेश दिनु नै कविताको मूलभाव बनेको छ । राम्रो बानी भएमा राम्रो मान्छे होइन्छ नत्र खराब भनी सबैले घृणा गर्छन भन्ने सन्देश प्रवाह गर्नु नै यस कविताको मूलभाव हो ।

यस कवितामा सरल भाषा प्रयोग गरिएकोले कविता  बोधगम्य बनेको छ । बालबालिकालाई राम्रो कामतिर प्रेरित गर्नुपर्छ  भन्ने मूलध्येयका साथ रचित यो कविता लयात्मक र श्रुतिमघुर बनेको छ । आकारमा छोटो, भाषिक दृष्टिले सरल र प्रस्तुतिका दृष्टिले मनोरञ्जनात्मक देखिन्छ ।

साना केटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन् र चित्रका सहायताले कविताको भाव सहजै बुझ्न सक्छन् । कुरालाई मनन गर्दै कवि प्रधानले सुन्दर एवं आकर्षक चित्रहरू कवितामा समावेश गरेका छन् । चित्रहरू सादा भएर पनि सुन्दर छन् अझ रङ्गीन चित्र तथा साज सज्जा प्रयोग हुन सकेमा सुनमा सुगन्ध थपिने थियो ।

## ४.५.१० कति राम्रो रूख कविताको विश्लेषण

**कतिराम्रो रूख** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । गद्यढाँचामा रचित यस कवितामा सत्र चरण रहेका छन् । आकारका हिसाबले यो कविता छोटो देखिन्छ । यो कविता भन्दा र सुन्दा मीठो लाग्ने किसिमको स्वतन्त्र लयको प्रयोग भएको छ । यो कविता लगभग एक पृष्ठमा विस्तारीत छ ।

यस कविताको शीर्षक **कति राम्रो रूख** रहेको छ । प्रकृतिका समस्त प्राणीहरूलाई बाँच्नका लागि रूख चाहिन्छ । यही सबैको कल्याण गर्ने रूख विरूवाको महत्त्व ज्यादै देखिन्छ । यही सबैको कल्याण गर्ने रूखलाई कति राम्रो रूख भनी शीर्षक दिइएको छ । शीर्षक मिलेको देखिन्छ ।

कविले कविता सिर्जना गर्दा प्रकृति र जीवन जगतका यावत, कूरालाई विषयवस्तु चयन गर्न सक्छन् । यस कविताको विषयवस्तु प्राकृतिक सम्बन्धी छ । प्रकृतिलाई सन्तुलनमा राख्नका लागि रूख विरूवाको ठूलो महत्त्व देखिन्छ । समस्त प्राणीको जीवन सहारा रूख विरूबालाई कविताको विषय चयन गरिएको छ । जीवनमा रूख रोपेमा सुख हुन्छ । हामीले पाउने अक्सिजन यही रूख विरूबाले दिने हुनाले यो हाम्रो प्राण हो, जीवन हो ।

हरेक कवितामा मूलभाव वा विचार रहेको हुन्छ । यस कविताको मूलभाव भनेको मानव जीवनका लागि रूख विरूवा नभई नहुने चीज हो । वातावरणलाई सन्तुलन राख्न तथा प्राणीहरूको लागि बचाइँ राख्नु पर्दछ भनी ज्ञान दिनु नै हो । रूख रोपेमा यसले सुख दिन्छ । रूखविरूवाबाट हामीफलफूल, छायाँ, हावा पाउछौं भने अन्य पशुपंक्षीहरूको आश्रय स्थल, आहार पनि रूख विरूबाले नै दिन्छ । रूख विरूवाको महत्त्वलाई झल्काउनु नै यस कविताको मुख्य भाव हो ।

यस कविताको भाषा सरल देखिन्छ । गद्य ढाँचामा रचित यस कविता गाउँदा र सुन्दा मीठो लाग्दछ । कविता लयात्मक र श्रुतिमघुर बनेको छ ।

यस कवितामा सुन्दर एवम् आकर्षक चित्रहरू प्रयोग गरिएका छन् । चित्रहरू सादा खालका छन् अझ रङ्गीन चित्र तथा साज सज्जा भएको भए सुनमा सुगन्ध थपिने थियो ।

### ४.५.११ मामाघर कविताको विश्लेषण

**मामाघर** शीर्षक कवितामा चार श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार-चार पङ्क्ति रहेका छन् । कविताको आयामलाई हेर्दा लघु आकारको देखिन्छ । प्रत्येक पङतिमा समान वर्ण देखिदैनन् । दुई पङ्क्ति बराबर एक पाउ मान्ने हो भने अन्त्यानुप्रास मिलेको देखिन्छ ।

यस कविताको शीर्षक **मामाघर** रहेको छ । साना-साना केटाकेटीहरू विदाको समयमा मामाघर गइ रमाउन चाहन्छन् । मामाघर गई माइजूले पकाएका खानाका परिकार खाई रमाउँछन् भने मामा माइजू सँग बजार घुमी सामान किन्ने गर्छन । यही कवितामा वर्णित विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु बालस्वभाव सम्बन्धी देखिन्छ । बालबालिकाहरूको स्वभाव मामाघर जाने र रमाउने खालको हुन्छ । मामाघर जाने र भाइबहिनीसँग खेल्ने, माइजूले पकाएको मीठा परिकार खाने, मामा सँग बजार घुम्न गई सामान किन्ने र धेरै दिनपछि घर फर्कने र घरमा आई सबै कुरा सुनाउने स्वभाव

बालबालिकाको देखिन्छ । बालबालिका मामाघर जान पाउँदा निकै खुशी हुने गर्छन । यही बालस्वभावलाई यहाँ देखाइएको छ ।

सधै मायालु व्यवहार गरेको मन पराउने बालबालिकाहरू मामाघर जान पाउँदा निकै खुशी हुने स्वभावका हुन्छन् । मामाघर सवेका लागि प्रिय हुन्छ । बिदाको मौकामा मामाघर जाने र रमाउने यही बालस्वभावलाई मनोरञ्जनात्मक पाराले अभिव्यक्त गर्नु नै यस कविताको मूलभाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाका लागि सरल सहज र बोधगम्य देखिन्छ । सरल शब्द संयोजन गरिएको छोटा-छोटा पङ्क्ति गठन यहाँ देखिन्छन् । कविता लयात्मक र श्रुतिमधु बनेको छ । बालबालिकाले गाउँदै र खेल्न मिल्ने खालको देखिन्छ ।

यस कवितामा बालबालिकको मन जित्ने खालको चित्रहरू समावेश गरिएको छ । मामा घर गई भाइबहिनी सँग खेलिरहेको, माइजुले खाजा ल्याइदिएको र घर फर्की सबै कुरा सुनाइरहेको देखाइएको छ । चित्रहरू सादा भएपनि सुन्दर एवम् आकर्षक छन् ।

## ४.५.१२ हाम्रो घरको कुकुर कविताको विश्लेषण

**हाम्रो घरको कुकुर** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । तीन श्लोक भित्र जम्मा बाह्र पङ्क्ति देखिन्छ । आयामका हिसाबले कविता छोटो देखिन्छ । कविता गाउँन र रमाउन सक्ने खालको छ । कविता पद्य ढाँचाकै जस्तो देखिन्छ । कुनै छन्दमा आबद्ध रहेको छैन् ।

यस कविताको शीर्षक 'हाम्रो घरको कुकुर' रहेको छ । कुकुर घरपालुवा जनावर हो । घरमा पालिने कुकुरको स्वभावलाई वा आनीवानीलाई कवितामा देखाइएको छ । कविताको विषयवस्तु अनुसार शीर्षक मिलेको देखिन्छ ।

कविले जीवन र जगतका या प्रकृतिका जुनसुकै विषयलाई चयन गरी कविता रचना गर्न सक्छन् । बालरूचिका विषयलाई चयन गरी कविता सिर्जना गर्ने कवि प्रधानले यस कवितामा घर पालुवा जनावर कुकुरलाई विषय चयन गरेका छन् ।

कुकुरका स्वभाव, मानिसलाई दिने सुरक्षा, उसको आज्ञाकारी व्यवहारलाई कवितामा देखाइएको छ ।

हरेक कवितामा केही न केही मूलभाव रहेको हुन्छ । यस कवितामा कुकुरको स्वभाव या आनीवानीलाई देखाइएको छ । कुकुरले मानव सुरक्षाका लागि खेल्ने भूमिकालाई कवितामा देखाउन खोज्नु नै मूलभाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाका लागि सरल, सहज एवम् बोधगम्य देखिन्छ । बालवोलीका भाषा प्रयोग गरी लेखिएको यो कविता गाउँदा र सुन्दा मीठो देखिन्छ । कविता भाषिक दृष्टिले सरल, आकारका दृष्टिले छोटा र प्रस्तुतिका दृष्टिले मनोरञ्जनपूर्ण र लयात्मक देखिन्छ ।

साना केटाकेटी शब्दमा भन्दा चित्र तथा साज साजसज्जामा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूले कविताको भाव र विषयवस्तु सजिलै बुझ्न सक्छन् । भन्ने कुरालाई मध्यनजर गर्दै कवि प्रधानले यस कवितामा सुन्दर एवम् आकर्षक चित्रहरू समावेश गरेका छन् । चित्रहरू सादा भएपनि कवितालाई बुझ्न मद्दत पुऱ्याएको छ ।

### ४.५.१३ चरी गीत गाउँछे कविताको विश्लेषण

**चरी गीत गाउँछे** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । पहिलो तेस्रो र पाचौं श्लोकमा दुई-दुई पाउ रहेका छन् भने दोस्रो र चौथो श्लोकमा चार-चार पाउ गरी जम्मा चौध पाउ रहेका छन् । आकारका हिसाबले कविता छोटो देखिन्छ ।

यस कविताको शीर्षक **चरी गीत गाउँछे** रहेको छ । चराचुरूङ्गीलाई विषय बनाइ लेखिएको यस कवितामा चरीले गीत गाउने गरेको प्रसङ्गलाई देखाइएको छ । धेरै जाति र प्रजातिका चराचुङ्गी पाइने आम्रो देशमा विहानी सँगै उसले गीत गाउने गरेको पाइन्छ । कविताको वर्णित विषयवस्तु अनुरसार शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु चराचुरूङ्गी सम्बन्धी रहेको छ । अनेकौं जाति र प्रजातिका चराचुरूङ्गी हाम्रो देशमा पाइन्छन् । विहानीको आगमनसँगै चरी गीत गाउन थाल्छन् । उनीहरूको आवज जाति, प्रजाति अनुसार भिन्न-भिन्न देखिन्छ । कुनै चा चा

चिँ चिँ गर्छन भने कुनै चुर्र....गर्छन् । यिनीहरूको रूपरङ्ग पनि फरक-फरक देखिन्छन् । यिनीहरूको आवजपनि फरक फरक सुनिन्छन् । चराचुरूङ्गीका रूपरङ्ग, आनीवानीलाई यहाँ वर्णन गरिएको छ ।

नेपालमा असंख्य जात र प्रजातिका चराचुरूङ्गीहरू पाइन्छन् । यिनीहरूको भिन्न-भिन्न रूपरङ्ग र भिन्न आवजले प्रकृतिलाई अनौठो बनाएको छ । यही भिन्न-भिन्न जातको चराचुरूङ्गीहरूको आ-आफ्नै विशेषतालाई कवितामा झल्काउनु नै मूलभाव बनेको छ । बालबालिकाहरू चरीको आवाजसँगै रमाउन चाहान्छन् भन्ने कुरालाई देखाइएको छ ।

यस कवितामा बालबालिकाका लागि सरल सहज र बोधगम्य भाषा प्रयोग गरिएको छ । बालबालिकालाई मनपर्ने चराहरूको आवज अनुकरणात्मक शब्दको प्रयोगले कवितामा मिठास थपेको छ । कविता पद्य ढाँचा कै जस्तो देखिन्छ । कविता लयात्मक र श्रुतिमघुर बनेको छ ।

बालबालिकाहरूलाई चित्र तथा साजसज्जाले आकर्षित गर्दछ । कविताको विषयवस्तु र भावलाई खुलाउने खालको चित्रप्रयोग गरिएको छ । चित्रहरू सादा भएर पनि सुन्दर एवम् आकर्षकनै देखिन्छन् । अपेक्षाकृतरूपमा साजसज्जा मिलेको छैन् ।

### ४.५.१४ जाडो भयो जाडो कविताको विश्लेषण

**जाडो भयो जाडो** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार-चार पाउ गरी जम्मा बाह्र पाउ रहेका छन् । कविता आयाममा दृष्टिले लघु आकारको देखिन्छ ।

यस कविताका शीर्षक 'जाडो भयो जाडो' रहेको छ । शिशिर यामको जाडोले सबैलाई चिसोको अनुभव गराउँछ । मौसम परिवर्तन भइरहने क्रममा जाडो मौसममा आगोको खोजी हुन्छ । मानिसहरू चिसोको कारण जाडोको महशुस गर्दछन् । विषयवस्तु अनुसार शीर्षक मिलेको देखिन्छ ।

यस कविताको विषयवस्तु मौसम सम्बन्धी देखिन्छ । प्रकृतिको नियमअनुसार मौसम परिवर्तन भयरहने गर्दछ । कहिले गर्मी मौसम आउँछ भने कहिले जाडो मौसम

देखिन्छ । यही जाडोको मौसममा सबैलाई चिसोले सताउने हुनाले आगो बाली ताप्ने गरिन्छ । मकलमा आगो बालिदेऊ, आगो बालेपछि जाडो भाग्छ र चिसोमा आगो तापौँ र चिसोबाट बचौं भन्ने कुरो कवितामा वर्णित छ ।

यस कविताको मूलभाव भनेको बालबालिकाहरूलाई चिसोबाट बच्नुपर्छ, आगो ताप्ने र न्यानो कपडा लगाउनुपर्छ जथाभावी बाहिर हिड्नु हुदैन भनी पाठ सिकाउनु हो । चिसो पस्यो भने बिसामी परिन्छ त्यसेले चिसोबाट जोगिनु पर्छ भनी पाठ सिकाउन खोजिएको छ ।

यस कविताको भाषा सरल सहज र बोधगम्य देखिन्छ । ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । गाउँघरमा प्रयोग हुने भाषा देखिन्छ । कविता लयात्मक नै बनेको छ । अपेक्षाकृत अन्त्यानुप्रास मिलेको भने देखिदैन ।

बालबालिकाहरू स्वभावैले चित्रहरू प्रति आकर्षित हुन्छन् । बालसाहित्यमा चित्र तथा साजसज्जा अनिवार्य मानिन्छ । कवि प्रधानले यस कवितामा सुनदर एवम् आकर्षक चित्रहरूको प्रयोग गरेका छन् । बालबालिकाहरूले चित्र हेरी सजिलै कविता बुझ्न सक्छन् ।

### ४.५.१५ कुकर र बिरालो कविताको विश्लेषण

**कुकुर र बिरालो** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । प्रत्येक श्लोकमा चार-चार पाउ गरी जम्मा बाह्र पाउमा कविता संरचित छ । यो कविता संवादात्मक ढाँचामा रचिएको छ । आकारका हिसाबले कविता छोटो नै देखिन्छ ।

यस कविताको शीर्षक **कुकुर र बिरालो** रहेको छ । यहाँ कुकुर र बिरालोले संवादात्मक शैलीमा सबालको जवाफ गरिएको छ । कवितामा कुकुर र बिरालोको आनीवानी र क्रियाकलापका बारेमा चित्रण गरिएकाले शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु घर पालुवा जनावर कुकुर र बिरालोलाई बनाइएको छ । घर पालुवा जनावर कुकुर र बिरालाको सबाल जवाफ देखिन्छ । कुकुरले बिरालालाई घुरीबाट खस्लास माथि चढ्दा भनेको छ भने बिरालोले म माथि चढूँ या सुतू तँलाइ के को चासो भन्ने जवाफ  दिएको छ । कुकुरले नगर धेरै फूर्ति, मलाई

प्यारो धर्ती चढदिनँ म माथि, धर्ती मेरो साथी भनेको छ । जनावरको आ-आफ्नै गुण हुन्छ भन्ने कुरालाई देखाइएको छ ।

यस कविताको मूलभाव भनेको जनावरका आ-आफ्नै प्राकृतिक गुणहरू हुन्छन् । यही प्राकृतिक गुणहरू उनले देखाउने गर्दछन् । बिरालो रूख चढने, घरमाथि चढ्ने गर्दछ भने कुकुर चढन सक्दैन भन्ने कुरालाई देखाउनु नै हो । कुकुर र बिरालो जस्तै हामीहरू झै भगडा गर्नु हुँदैन मिलेर बस्नु पर्छ भन्ने सन्देश प्रवाह गर्नु नै यस कवितको मूलभाव हो ।

यस कविताको भाषा सरल सहज र बोधगम्य देखिन्छ । संवादात्मक शैलीमा सबाल जवाफ गरिएको छ । जनावरसँग सम्बन्धित भाषा प्रयोग गरिएको छ । मिलेको अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक बनेको छ । ठाउँ-ठाउँमा प्रश्नोत्तरीय शैली पनि अपनाइएको छ । समग्रमा कविता लयात्मक देखिन्छ । भाषा सरल बोधगम्य नै छ ।

यस कवितामा कविताको विषयवस्तु र भाव सहजै बुझ्न सक्ने खालका सुन्दर एवम् आकर्षक चित्रहरू राखिएका छन् । चित्र ठिकै छन् साजसज्जा अलि आकर्षक छैन् । रङ्गीन साजसज्जा भएको भए थप आकर्षक हुने थियो ।

### ४.५.१६ फागु कविताको विश्लेषण

**फागु** शीर्षक कवितामा बाह्र पाउ रहेका छन् । प्रत्येक पाउमा मिलेका अन्त्यानुप्रास रहेका छन् । यो कविता आकारका हिसाबले लघु देखिन्छ । कविता लयात्मक बनेको देखिन्छ । कविता वर्णनात्मक ढाँचामा रचिएको छ ।

यस कविताको शीर्षक **फागु** रहेको छ । हाम्रो चाडपर्वहरू मध्ये फागुन पूर्णिमामा पर्ने फागु होली पनि एक हो । एक आपसमा रङ्ग लगाइ आत्मीयताको पर्व फागु हो । यही फागुका बारेमा वर्णन भएकाले शीर्षक मिलेको देखिन्छ ।

यस कविताको विषयवस्तु चाडवाड सम्बन्धी देखिन्छ । हामी नेपालीहरूका चाडवाड मध्ये फागु पनि एक हो । यही फागुसँग सम्बन्धित कुराहरू कवितामा वर्णित छन् । अबिर र रङ्ग लगाई एक आपसमा खेलिने होली आत्मीयताको पर्व मानिन्छ ।

आफ्ना साथीहरूसँग खेलिने होली वा फागुलाई रङ्गको पर्व भन्ने गरिन्छ । यही होलीमा गरिने क्रियाकलाप नै कविताको विषयवस्तु बनेको छ ।

हाम्रा सांस्कृतिक महत्त्व बोकेका चाडहरूले हाम्रो संस्कृतिलाई बचाइ राखेका छन् । ती चाडहरू मध्ये फागु पनि एक हो ।बर्सेनी आउने फागुको परिचय दिँदै यसको महत्त्वलाई झल्काउनु नै यस कविताको मूलभाव हो ।

यस कविताको भाषा सरल सहज र बोधगम्य देखिन्छ । बालबालिकाले मीठो लयमा गाउन सक्ने खालको यो कवितामा लयात्मकता र श्रुतिमधुरता भेट्न सकिन्छ । ठाउँ ठाउँमा अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितामा थप मिठास थपेको छ ।

यस कवितामा फागुमा खेलिने रङ्गको होलीलाई झल्काउने खालको चित्रहरू कवितामा देखिन्छन् । सादा चित्रहरू पूर्णतः सफा छैनन् । रङ्गीन चित्र तथा साजसज्जा समावेश गर्नु जरूरी देखिन्छ ।

## ४.५.१७ किताब साथी कविताको विश्लेषण

**किताब साथी** शीर्षक कवितामा तीन श्लोक रहेका छन् । पहिलो श्लोक दुई पाउको छ भने दोस्रो र तेस्रो श्लोकमा चार चार पाउ रहेका छन् । दोस्रो श्लोकका पाउहरू आयामका दृष्टिले लामा छन् भने पहिलो र तेस्रो श्लोकका पाउ छोटा देखिन्छन् । आकारका हिसाबले कविता लघु नै देखिन्छ ।

यस कविताको शीर्षक **किताब साथी** रहेको छ । बालबालिकालाई बुद्धि, ज्ञान,मान बढाइदिने किताब साथी हो । यही ज्ञानको स्रोत किताबका बारेमा कविता रचिएको हुनाले शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु ज्ञानको स्रोत किताब रहेको छ । किताबले ज्ञान गुनका कुरा, बुद्धि बिवेक, सभ्यता, नैतिकता सिकाउँदछ । मानव जातिलाई सभ्य बनाउने चीज भनेकै किताब हो । यसको महत्त्व र यो कसरी बन्छ भन्ने कुरा यस कवितामा वर्णन गरिएको छ । यही किताबलाई बालबालिकाले साथी बनाउनु पर्छ भनिएको छ ।

यस कवितामा बालबालिकालाई ज्ञानको स्रोत, वुद्धि विवेक, बढाइदिने चीज, सभ्यता र नैतिकताको पाठ सिकाउने चीज किताब हो । यही किताबलाई माया गर्नु पर्छ र साथी बनाउनु पर्छ अनि मात्र जीवन सफल हुन्छ भनी शिक्षाा प्रदान गर्नु नै कविताको मूलभाव हो ।

यस कतिामा प्रयोग गरिएको भाषा सरल सहज र बोधगम्य देखिन्छ । कविता लयात्मक हुनाका साथै मिलेका अन्त्यानुप्रासको प्रयोगले थप मिठास थपेको छ । यही लयात्मक कविताका माध्यमबाट बालबालिकालाई शिक्षाा दिने प्रयास गरिएको छ ।

यस कवितामा कविताको भाव खुल्ने खालको सुन्दर एवम् आकर्षक चित्रहरू समावेश गरिएका छन् । चित्रका माध्यमबाट बालबालिकाहरूले सहजै कविता बुझ्न सक्छन् तर साजसज्जा नमिले झै देखिन्छ ।

## ४.५.१८ गाउँ र सहर कविताको विश्लेषण

**गाउँ र सहर** शीर्षक कवितामा चार शलोक रहेका छन् । प्रत्येक श्लोकमा चार-चार पाउ गरी जम्मा सोह्र पाउ रहेका छन् । कविता पद्य ढाँचामा रचिएको भए पनि पूर्णतः छन्दमा मिलेको छैन । अयामका हिसाबले कविता छोटो देखिन्छ ।

यस कविताको शीर्षक **गाउँ र सहर** रहेको छ । यस कवितामा गाउँमा पाइने कुरा र सहरमा पाइने कुराहरू बीच तुलना गरिएको हुनाले शीर्षक सार्थक देखिन्छ ।

यस कविताको विषयवस्तु गाउँ र सहरको बारेमा वर्णन गर्नु हो । विकासका दृष्टिले गाउँ पछाडि परेका देखिन्छ । सहरमा बत्ती झिलीमिली बल्दा गाउँमा ढिब्री ( दियालो) पिलपिल मात्र देखिन्छ । सहरमा यातायातका साधनहरू थुप्रै छन भने गाउँमा गोरू गाडा र घोडा मात्र देखिन्छन् । सहरमा सधै मानिसको हुल देखिन्छ भने गाउँमा थोरै मान्छे, फराकिलो ठाउँ अनि स्वच्छ सफा पानीका मूल देखिन्छन् । सहरमा धेरै फोहरका थुप्रो देखिन्छन् भने गाउँघर सफा देखिन्छ । विकासका हिसाबले पछाडि परेपनि गाउँले जीवन नै रमाइलो हुन्छ भन्ने कुरा कवितामा वर्णन गरिएको छ ।

यस कवितामा गाउँ र सहरका बीच तुलना गरिएको छ । विकासका दृष्टिले पछि परेको देखिएपनि हावापानीका दृष्टिले अनुकूल ठाउँ मानिन्छ । सुविधाहरू अलि

कमी भएकाले जीवन कष्टकर भए पनि स्वच्छ हावा, पानी एकान्त स्थान र प्रकृति सँग निकट हुन पाइने हुनाले गाउँले जीवन नै वेश हो भन्ने कुरा देखाउनु खोज्नु नै यस कविताको मूल भाव हो ।

यस कविताको भाषा सरल, सहज देखिन्छ । बालबालिकाहरूको लागि लयमा भन्न मिल्ने खालको देखिन्छ । कवितले बालमनोभावलाई बुझी उचित शब्द संयोजन गरेकाले कविता सहजै बुझ्न सकिने खालको छ ।

साना केटाकेटीहरू चित्रमा बढी आकर्षित हुन्छन् । यस कवितामा सहरमा झिलीमिली,, ठूला महलहरू , गाडीका लस्कर, फराकिलो सडक देखिन्छन् भने गाउँघरमा गोरू गाडा, घोडा, साना घर, फराकिलो ठाउँ देखिन्छन् चित्रहरू सादा भएपनि सुन्दर एवम् आकर्षक देखिन्छन् ।

### ४.५.१८ सानो छु म उमेरले कविताको विश्लेषण

**सानो छु म उमेरले** शीर्षक कवितामा पाँच श्लोक रहेका छन् । पाँच श्लोक भित्र वीस पाउ देखिन्छन् । आयामका दृष्टिले कविता लुघ देखिन्छ । प्रथम पुरुषीय शैलीमा रचित यस कवितामा देशभक्तिको भाव देख्न सकिन्छ । कविता लयात्मक छ ।

यस कविताको शीर्षक **सानो छु म उमेरले** रहेको छ । उमेरले साना बालबालिकामा पनि देशभक्तिको भावना देख्न सकिन्छ । हाम्रो गाथा, संस्कृति, चालचलन, भेषभुषा हाम्रा पहिचान हुन भन्दै सानो बालकले देशभक्ति भाव देखाएको छ । आजका बालक भोलिका राष्ट्र संचालक हुन् । तसर्थ शीर्षक मिलेकै देखिन्छ ।

यस कविताको विषयवस्तु राष्ट्र प्रेमसँग सम्बन्धित देखिन्छ । उमेरले साना भएपनि बालबालिकाहरूमा देशप्रेमको भावना देख्न सकिन्छ । साना बालबालिकाहरू भविष्यमा देशलाई माथि उठाउने चाहना व्यक्त गर्दछन् । म नेपाली हुँ, त्यसैले बक्खु धोती, दौरा सुरूबाल लगाउँछु । हाम्रा चाड दसैं, तिहार छठ ल्होसार मान्छु । म अरूको भरमा नपरी आफ्नो काम आफै गर्छु । विश्वकै उच्च शीर सगरमाथा चढ्छु । पढीलेखी ठूलो भई देशका लागि बाँच्ने अठोट जस्ता देशभक्तिपूर्ण भाव कवितामा वर्णित छन् ।

उमेरले साना बालबालिकाहरूमा देशभक्तिको भाव सञ्चार गराउनु नै कविताको मूलभाव देखिन्छ । उमेरमा साना भएपनि विचारमा महान बन्नुपर्छ । भविष्यमा देशको असल नागरिक बनी देशलाई विश्वका सामु चिनाउनु पर्दछ भन्ने पाठ सिकाउन खोज्नु नै भाव देखिन्छ ।

यस कविताको भाषा बालबालिकाहरूका लागि सरल सहज र बोधगम्य बनेको छ । मिलेका अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक बनेको छ । सरल सहज भाषाशैलीमा देशभक्तिको भाव जागृत गराउन खोजिएको यो कविता उत्कृष्ट बनेको छ ।

यस कवितामा बालबालिकाहरूको मन जित्ने सुन्दर एवम् आकर्षक चित्रहरूको प्रयोग गरिएको छ । नेपाली भेषभुषा झल्किने चित्र, नेपालको राष्ट्रिय झन्डा र नेपाली संस्कृति झल्काउने चित्रका साथमा देशभक्तिपूर्ण भाव झल्काउने खालका सादा चित्रहरू समावेश गरिएका छन् ।

### ४.५.२० ऱ्याइँ ऱ्याइँ सारङ्गी कविताको विश्लेषण

**ऱ्याइँ ऱ्याइँ सारङ्गी** शीर्षक कविता संरचनाका दृष्टिले यो कविता पाँच श्लोकमा दश पाउमा संरचित देखिन्छ । आयामका हिसावले छोटो देखिन्छ । यो कविता एक पृष्ठमै अटेको छ । पद्य ढाँचामा रचिएको यो कविता लयात्मक र श्रुतिमघुर देखिन्छ ।

यस कविताको शीर्षक **ऱ्याइँ-ऱ्याइँ सारङ्गी** रहेको छ । गाउँघरमा आफ्नो जीवन कथा गाउँदै र सारङ्गी रेट्दै हिड्ने गाइने दाइको जीवन कहानी कवितामा चित्रण गरिएकाले विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ । यही कविताको शीर्षक नै यो पुस्तकको शीर्षक रहेको छ । यस सङ्ग्रहको यो कविता अन्तिम पातोमा रहेको छ ।

सारङ्गी बजाएर गीत गाउँदै मागी खाने गाइने दाइलाई पात्र बनाएर उसले भोगेका दुरवस्थाका माध्यमबाट नेपाली कलाकारहरूको दुर्दशाको चित्रण गर्नु यस कविताको मुख्य विषयवस्तु हो । **ऱ्याइँ-ऱ्याइँ सारङ्गी**का माध्यमबाट आफ्ना पीडा

बोलिरहने गाइनेको पेट सारङ्गीजस्तै खोक्रो भएको छ । गाउँ सहर, डाडाँ पाखा गीत गाउँदै हिड्ने गाइने नुनको खोजीमा भौतारिरहेको छ । यही गाइनेको कारूणिक अवस्थालाई चित्रण गरिएको छ । घर नभएको, गाँस नपाएको गाइने दाइको अवस्था यस कवितामा सजीव रूपमा चित्रण गरिएको छ ।

एक पेट खान र लाउन समेत नपाई आँसु पिएर बाचिरहेको गाइने दाइको दुरवस्थालाई चित्रण गर्नु यस कविताको मूलभाव देखिन्छ । सारङ्गीका धुनमा आफ्ना पीडा बोलिरहने गाइने भोको पेट लिई हिडिरहेछ । घर नभएको, गाँस नपाएको गाइने दाइको कारूणिक अवस्थालाई मार्मिक ढंगले देखाउन खोजिएको छ ।

यस कविताको भाषा बालबालिकाहरूका लागि सरल, सहज र बोधगम्य बनेको छ । पद्य ढाँचामा रचित यस कवितामा लय भेट्न सकिन्छ । गाउँदा र सुन्दा मीठो लाग्ने यो कविता लयात्मक एवम् श्रुतिमघुर बनेको छ । भाषिक दृष्टिले सरल हुनाका साथै कविता लयात्मक बनेको छ ।

कवि प्रधानले यस कवितामा कविताको भाव खुल्ने खालको सुन्दर एवम् आकर्षक चित्रहरू प्रयोग गरेका छन् । रूखको फेदमा बसी आफ्ना पीडाहरू गीतका माध्यमबाट व्यक्त गरिरहेको गाइनेलाई यहाँ चित्रमा देखाइएको छ । साज सज्जा ठिकै छ । रङ्गीन चित्र तथा साज सज्जा भएको भए अझ सुनमा सुगन्ध थपिने थियो ।

## ४.६ मेरो साथी खोई चित्रकविताको अध्ययन

प्रमोद प्रधानको अन्तिम प्रकाशित कृति हो । चित्रका माध्यमबाट बालबालिकालाई मनोरञ्जन दिने उद्देश्यले रचित यो प्रयोग नै हो । पुस्तकभरि एउटै कविता विस्तारित भएको देखिन्छ । प्रत्येक पृष्ठमा २-४ पाउमा कविता छ भने पृष्ठभरि सफा आकर्षक चित्र संयोजन गरिएको छ । यस पुस्तकलाई कथालय प्रकाशनले वि. सं. २०६६ सालमा प्रकाशित गरेको हो । यस कवितालाई विश्लेषणात्मक अध्ययन गर्ने प्रयास गरिन्छ :

यो कविता पुस्तक भरि फैलिएको छ । एउटै कविताले पुस्तकाकार रूप लिएको छ । चित्रका साथमा कविता भएकाले चित्रकविता भनिएको हो । यो कविता चौध

पृष्ठमा संरचित छ । यस कवितामा जम्मा बत्तीस पाउ रहेका छन् । पहिलो र अन्तिम श्लोक चार चार पाउको देखिन्छ भने अन्य श्लोकमा दुई दुई पाउ रहेका छन् । यस कविताका प्रत्येक पाउमा समान वर्ण वितरण भएको देखिदैन । यस कवितामा प्रायः अन्त्यानुप्रास मिलेकै देखिन्छ भने कतै कतै नमिले भ्कै पनि देखिन्छ । साना साना बालबालिकाका लागि रचना गरिएको यो चित्रकविता ससर्ती पढ्न दस मिनेट जति लाग्ने देखिन्छ । आयामका हिसावले मझ्भौला आकारको देखिन्छ ।

यस कविताको शीर्षक **मेरो साथी खोई** रहेको छ । बालबालिकाहरू विभिन्न पशुपंक्षीलाई साथी बनाउन चाहन्छन् । यस कवितामा बालचाहना अनुरूप कुखुराको भालेलाई साथी बनाइएको छ । यही भाले साथी हराएकाले प्रथम पुरुषीय ढाँचामा मेरो साथी खोई ? भनी प्रश्न गरिएको छ । कविता वर्णित विषयवस्तु अनुसार शीर्षक मिलेको देखिन्छ ।

कवि प्रधान बालबालिकाका मन जित्ने खालका विषयवस्तु चयन गर्न खप्पिस देखिन्छन् । प्रकृतिका विविध रूप र रङ्ग हाम्रो वरिपरिको भौगोलिक स्वरूप, चराचुरूङ्गी र जीवजन्तुका बारेमा बालबालिकालाई धेरै ज्ञान दिन चाहन्छन् । यस कवितामा बालबालिकाको रूचिलाई विषय चयन गरेका छन् । बालबालिकाहरू सुन्दर पशु एवम् पंक्षीसँग मितेरी लगाउन चाहन्छन् । घरमा पालिने कुखुराको भालेसँग बालबालिकाको सम्बन्धलाई जोडी विषयवस्तु चयन गरेका छन् । यस कवितामा बालक 'म' र मानवेत्तर पात्र भाले देखिन्छन् । घरपालुवा कुखुराको भालेको स्वरूप, रूपरङ्ग आनीबानीलाई वर्णन गरिएको छ । यही भालेलाई कविताको विषय चयन गरिएको देखिन्छ । बाले किनेर ल्याउनु भएका चारवटा भाले चारै रङ्गका देखिन्छन् । एउटा कालो, अर्को सेतो, तेस्रो छिर्के मिर्के र चौथो रातो देखिन्छन् । बिहानै उठी उज्यालो भएको सङ्केत दिने भाले परापूर्वकालमा समयको सूचक मानिन्थ्यो । घरको चारैतिर घुमफिर गर्ने भाले एक दिन अन्त्यत्रै हुनाले बालमस्तिष्कमा चोट पुगेको छ । यही भालेसँग साथीको नाता जोड्ने बालमनोविज्ञान यहाँ व्यक्त भएको छ ।

यस कवितमा भालेसँग बालबालिकाको आकर्षण देखाउँदै बालबालिकाहरू कति पंक्षीसँग निकट हुन् चाहन्छन् भन्ने बालमनोविज्ञान देखाउन खोज्नु नै मूलभाव

देखिन्छ । आफ्नो घरमा पालिएका भालेहरूसँग माया प्रीति जोड्दै अन्तमा एक छिन नदेख्दा कति सम्म दुःखी हुँदारहेछन् भन्ने कुरा देखाउन खोजेका छन् । त्यसैगरी अबोध बालबालिकाहरूलाई पशुपंक्षीसँग खेलाउँदै भरपूर मनोरञ्जन दिन खोजिएको छ । कविताका साथै सुन्दर एवम् आकर्षक चित्रहरूका माध्यमबाट बालबालिकालाई स्वतन्त्र र मनोरञ्जनात्मक बालसंसारमा सयर गराउन खोजेका छन् ।

यस कविताको भाषा बालबालिकाका लागि सरल मानिन्छ । यस कवितामा प्रयुक्त भाषा लेख्य र कथ्यको मिश्रण पाइन्छ । कविता पद्य ढाँचामा रचिएको भएपनि लयमा सललल बग्न सकेको छैन । कतै कतै अन्त्यानुप्रास पनि नमिलेकै जस्तो देखिन्छ । प्रत्येक पाउमा समान वर्ण वितरण देखिँदैन् । कविता केही लयात्मक र श्रुतिमघुर देखिएपनि अपेक्षाकृत रूपमा लयात्मक बन्न सकेको देखिदैन । कविता वर्णनात्मक ढाँचामा देखिन्छ । थोरै कविता र धेरै चित्रहरूको प्रयोग गरिएको छ ।

**मेरो साथी खोइ** चित्रकविता भएकाले यसमा भरपूर मात्रामा चित्रहरू समावेश गरिएका छन् । शब्दका माध्यमबाट बुझ्न नसक्ने साना बालबालिकाहरूका लागि उपयोगी हुने पुस्तक मानिन्छ । चित्रका सहायताले कविताको विषयवस्तु र भाव बुझ्न सक्दछन् साना सानीहरू । रङ्गीन साज-सज्जामा आकर्षक चित्रहरू प्रयोग गरी लेखिएको यो पुस्तक कृति नौलो प्रयोग नै मानिन्छ । यस पुस्तकभरि सुन्दर चित्रहरू प्रयोग गरिएका छन् । यो कविताको चौध पृष्ठभरि नै चित्रहरूले सजिउको छ । पृष्ठ एकमा बाले भाले किनेर ल्याएको देखाइएको छ । पृष्ठ दुई देखि चार सम्म भालेहरू घर वरिपरि घुमिरहेको, भिन्न भिन्न रङका भाले देखिन्छन् । पृष्ठ पाँच देखि क्रमशः भालेले विहानीको सङ्केत गरेको, एउटा पर्खालमाथि अरू कता कता हिडीरहेको, सानो बालक भालेसँग खेलिरहेको, भाले एकै ठाउँमा भेला भएका छिमेकी घर तिर हिडेका, चार वटा भाले चारैदिशा तिर लागेका देखाइएको छ भने अन्तिम पृष्ठमा सानो बालक आफ्नो साथी भालेलाई नदेख्दा दुःखी बनेर रोइरहेको चित्रमा देख्न सकिन्छ । कवि प्रधानले चित्रका माध्यमबाट बालबालिकाहरूलाई आकर्षित गर्न सकिन्छ भन्ने कुरा सिद्ध गरिदिएका छन् । बालसाहित्यमा चित्रको ठूलो महत्त्व रहेको छ । बालबालिकालाई आकर्षित गर्ने खालका चित्रहरू र साजसज्जा समावेश गरी लेखिएको यो चित्रकविता

बालसाहित्यको क्षेत्रमा नौलो प्रयोग नै मानिन्छ । विशेषतः यो कृति चार पाँच वर्षका बालबालिकाका लागि लेखिएको देखिन्छ । ती साना नानीहरू जसले पढ्न नसके पनि चित्रका माध्यमबाट भरपूर आनन्द लिन सक्छन् र सिर्जनशील बन्न सक्छन् भन्ने ठहर कवि प्रधानको छ ।

## ४.७ निष्कर्ष

प्रमोद प्रधान आफ्नो साहित्य यात्राको तेस्रो चरणमा आइपुग्दा बालसाहित्य तर्फ मोडिएका हुन् ।आफ्नो जागिरे जीवनका सिलसिलामा विभिन्न ठाउँमा घुम्ने अवसर मै बालबालिका सँग निकट रही उनीहरूको स्वभाव र मनोविज्ञानलाई बुझ्न सफल भएको देखिन्छन् । अग्रज स्रष्टाहरूबाट प्रेरित बनी बालसाहित्य लेखनमा र बालसाहित्यको खोज अनुसन्धानमा लागेको बुझिन्छ । बालमनोविज्ञान बुझी बालकका रूचि, क्षमता अनुकुल विषय चयन गरी सरल सहज भाषशैलीमा लयात्मक कविता सिर्जना गर्न सफल बनेका छन् । उनका कविताले बालबालिकालाई जीवन उपयोगी सन्देश प्रदान गरेका छन । बालसाहित्यकार प्रधानका कवितामा पाइने प्रवृत्ति/विशेषताहरू मौलिकता, संरचनामा लघुता, प्रतीकात्मकता, प्रकृतिको मानवीकरण, बालसुलभ भाषा, विषयगत विविधता र देशभक्तिपूर्ण भाव पाइनु हो ।

प्रमोद प्रधानलाई अन्य स्रष्टाहरूभन्दा भिन्न बनाउने विशेषता नै बालसुलभ भाषाशैली र प्रस्तुतीमा नवीनता रहेको छ । उनको सिर्जनात्मक यात्रा उर्वर र मार्गोन्मुख रहेकोले सम्भावित भविष्य सुखद् र आशोन्मुख देखिन्छ । उनको निरन्तर लगनशीलता र साधनाबाट विशेषगरी नेपाली बालसाहित्यको भण्डार अझै बढी परिपुष्ट हुने अपेक्षा गर्न सकिन्छ ।

# अध्याय पाँच

# प्रमोद प्रधानका बालकविता कृतिहरूको मूल्याङ्कन

## ५.१ परिचय

वि. सं. २०२९ मा नयाँ सन्देश साप्ताहिक समाचारपत्रमा प्रथम पल्ट **एक टुक्रा** शीर्षक कविता प्रकाशन गरेर साहित्यको धरातलमा पाइला टेकेका प्रधान हालसम्ममा साहित्यका फाँटका कवि, कथाकार, निबन्धकार, समालोचक र बालसाहित्यकारका रूपमा प्रतिष्ठित भइसकेका छन् । उनी साहित्यिक यात्राको तेस्रो चरणमा आइपुग्दा बालसाहित्यतर्फ मोडिएका हुन् । उनको प्रथम बालसाहित्यिक कृति **कान समात् कान** बालकवितासंङ्ग्रह (२०५३) हो, अन्य बालकवितासङ्ग्रह कृतिहरू **कानाकाना कुर्र** ( २०६२), **सधैँभरि लुकामारी** (२०६२), **च्याइँ च्याइँ सारङ्गी** (२०६६), **मेरो साथी खोई** ( चित्रकविता,२०६६) हुन् ।

प्रमोद प्रधानका हालसम्म प्रकाशित बालकवितासङ्ग्रहहरूको विश्लेषणात्मक अध्ययनपछि तिनीहरूको मूल्याङ्कन गर्दा उनले जीवन र जगतका यावत् विषयवस्तुहरू जुन बालबलिकाहरूका लागि रोचक लाग्ने छन् तिनैलाई विषयवस्तु चयन गरी कविता सिर्जना गरेको देखिन्छ । उनका कविताहरू भिन्न भिन्न विषय र शीर्षकमा रहेका छन् ती कविताहरूमा प्रमोद प्रधान भिन्न भिन्न प्रवृत्ति र विशेषताका साथमा उपस्थित रहेका देखिन्छन् ।

प्रमोद प्रधानका प्रथम बालकविता संङ्ग्रह कान समात् कानमा क्रमशः जूनकिरी नानी, **कमिलाको ताँती**, बादल, जून-तारा, मिलीजुली खेलौं खेल, कपासको खेती लागिसक्यो घाम, गुँडभित्र बचेरी, फूल र पुतली, कान समात् कान, **पुतलीको बिहे**, माहुरी आयो, तीन तले घर, ए चरा!, पानी पर्‌पर् जस्ता भिन्न शीर्षक र विषयका कविताहरू रहेका छन् । यी सबै कवितामा बालबालिकाहरूको मन रमाउने टुनामुना देखिन्छन् । पिलिक् पिलिक् गर्दै रातमा उडेका जूनकिरी नानीलाई के के कुरा खोज्दैं हिडेकी हौ ? भनेर बालापनमा प्रश्न गरिएको, कमिलाका ताँती हेरेर रातदिन मिहिनेत गर्नुपर्छ भन्ने शिक्षाा प्रदान गरिएको, बादललाई हेरेर दङ्दास परेको, आकाशमा जून तारालाई हेरेर लट्ठ परेको जस्ता अनेक सुन्दर बालविचार यी कवितामा

पोखिएका छन् । मिलीजुली खेलौं खेलमा मेलमिलापको सन्देश छ । 'लागिसक्यो घाम' कविताले बालबालिकालाई जाँगरिलो बन्न प्रेरित गरेको छ । बालबालिकाहरू भोलिका कर्णधार हुन् । यिनीहरूले बाटो भुलेर बरालिए भने देशको भविष्य समेत अन्धकार हुने कुराले कवि चिन्तित देखिन्छन् । त्यसैले बालबालिकालाई उनी ओछ्यानबाट चाडैं उठाएर आफ्नो दैनिक कार्यमा जानुपर्ने सल्लाह दिन्छन् । त्यसैगरी उनी बालबालिकालाई सधै हँसिलो भई फूलजस्तो  सुन्दर जीवन बनाउन सल्लाह दिन्छन् । आकाशमा लागेको सेतो बादललाई देखेर आकाशमा कसले गर्छ कपासको खेती ? भनेर मीठो कल्पनामा डुबाएका छन् । यस कवितामा उनले प्रतीकात्मक अर्थ पनि दिएका छन् । उनी बादललाई लक्ष्य गर्दै भन्छन्ः-

बोट छैन विरुवा छैन,फूलछ ढकमक्क

पानी,मल चाहिदैन, पार्छ सधै छक्क

कुनै चाहि काली हुन्छे, कुनै चाहि सेती

आकाशमा कसले गर्छ कपासको खेती ?

त्यसैगरी 'गुँडभित्र बचेरी' कविताले चराहरूप्रति दयाको भाव पैंदा गराउन खोजेको छ । 'फूल र पुतली' कविताले हाँसी हाँसी जीवन विताउन बालबालिकालाई प्रेञ्णा दिएको छ । यस संङ्ग्रहमा सङ्कलित कविताका विषयहरू जूनकिरी, कमिला, बादल, फूल, पुतली, माहुरी, बिरालो आदि छन् । यस सङ्ग्रहका पन्ध्र वटा कवितामा सादा चित्रहरू राखिएका छन् । कविताका पद्यहरू मिलेका छैनन् । भाषा अपेक्षाकृत लयात्मक छैन । अझ लययुक्त र सरल पार्नुपर्ने देखिन्छ । कविता बालबालिकाहरूका मन जित्ने खालका छन् । छपाइमा सफा छैन, चित्रहरू सादा छन् । साजसज्जा ठिकै भन्न सुहाउने छ । चित्रमा कतै कतै सङ्गति मिलेको देखिदैन । समष्टिमा यो कृति बालबालिकाहरूका लागि उपयोगी मानिन्छ । कविले केही परिष्कार र परिमार्जन गर्नुपर्ने देखिन्छ । समग्रमा केही कमीकमजोरी हुनु स्वभाविकै मानिन्छ । यो कृति बालसाहित्यको क्षेत्रमा गतिशीलता दिने थप उत्साही पाइलो हो भन्ने ठहर गर्न सकिन्छ ।

प्रमोद प्रधानको दोस्रो बालकवितासङ्ग्रह **कानाकाना कुर्र** हो । यस सङ्ग्रहमा वीस वटा कविता सङ्कलित छन् । पहिलो कृतिको तुलनामा यो कृति केही खारिएर आएको छ । यस सङ्ग्रहको पहिलो कविता **बोलाउदै छ पुतली मलाई** हो । यस कवितामा पुतलीको आनीबानी, रूपरङ्गवारे जानकारी गराइएको छ ।  यस सङ्ग्रहका सबै कविता रमाइला नै छन् । यस सङ्ग्रहमा पुतली, भँगेरा भँगेरी, कोइली जस्ता चराचुरुङ्गीका आनीवानी र उनीहरूको रूपरङ्गको  वारेमा वर्णन गरिएको छ । 'मक्मक् घुर्र' कवितामा पनि परेवा परेवी जोडीको आवाज निकालेर घुम्ने बानीलाई देखाइएको छ ।

देशको सबैभन्दा अग्लो  हिमाल सगरमाथाको वर्णन गर्ने क्रममा हाम्रा भेषभूषा,जातजाति, हाम्रो झन्डा, कर्णाली, गण्डकी जस्ता सांस्कृतिक तथा प्राकृतिक सम्पदाको वर्णन गरिएको छ । 'सगरमाथा शिर हाम्रो' कवितामा कविले नेपालीहरूको परिचय यसरी दिन्छन् :-

सगरमाथा शिर हाम्रो

तराई हाम्रो छाती

सम्पदा हुन भेषभूषा

भाषा जात जाति ।

त्यसैगरी कर्णालीको पुल, बुलबुले ताल, नदी कति राम्रो जस्ता कवितामा हाम्रो देशको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ । कवि प्रधानले मीठा कविताका माध्यमबाट साना भाइबहिनीहरूलाई ब्यवहारीक शिक्षाा दिन खोजेका छन् । 'फोहोरी मान्छे' शीर्षकको कवितामा कवि प्रधान लेख्छन् :-

कसले पाऱ्यो फोहर

हाम्रो पोखरीको पानी

जो भए नि फोहर गर्ने

हुदैनन् है ज्ञानी ।

फोहोरी बन्नु हुदैन्, फोहरी भयो भने अनेक रोग लाग्छन् र अरुले असल भन्दैनन् भन्ने चेतना बालबालिकामा प्रवाहित गरेका छन् ।

साना नानीहरूले गाउँदै खेल समेत प्रस्तुत गर्न सक्ने खालका कबिताहरू **कानाकाना कुर्र**, सानो राजा, सबै हाम्रा प्यारा, असल विद्यार्थी जस्ता कवितामा बालवलिकाहरूलाई उपयोगी हुने सन्देश दिनुका साथै सिर्जनशील बन्न प्रेरित गरेका छन् । यस सङ्ग्रहका कवितामा भिन्न-भिन्न विषयहरू देखिन्छन् । कविताहरू साना नानीहरूकै सरल भाषामा रचिनुका साथैं सुन्दर चित्र तथा साजसज्जाले थप आकर्षण बढाएको छ ।

कवि प्रधानले पहिलो कृति **कान समात् कान** मा बालबालिकाहरूसँग धित मरुन्जेल खेल्न नपाएकै कारणले यो कृति 'कानाकुर्र' का माध्यमबाट धित मरुन्जेल खेल्ने चाहना राखेको कुरा 'लेखकीय'मा व्यक्त गरेका छन् । समग्रमा यो कृति सफल बनेको छ । यस सङ्ग्रहका प्रत्येक कविताका विषयवस्तु र प्रस्तुति बोधयुक्त छन् । कविताहरू शिक्षााप्रद र सन्देशमूलक देखिन्छन् । सुन्दर चित्रहरूले बालबालिकाको ध्यान केन्द्रित गरेको छ । प्रकृतिका विविध रूप र रङ्ग, हाम्रो वरिपरिको भौगोलिक स्वरूप चराचुरुङ्गी र जीवजन्तुका वारेमा बालबालिकालाई ज्ञान दिलाई सिर्जनशील हुन प्रेरित गर्ने खालका कविताहरू यसमा सङ्गृहित छन् । नेपाली बालसाहित्यको विकासमा यो एक महत्त्वपूर्ण कृति साबित भएको छ ।

प्रमोद प्रधानको तेस्रो बालकवितासङ्ग्रह **सधैंभरि लुकामारी** (२०६२) हो । यस सङ्ग्रहमा सोह्रवटा कविता/गीतहरू सङ्कलित छन् । यस कृतिलाई कवितासङ्ग्रह र गीत सङ्ग्रह दुबै भनिएको छ । यस सङ्ग्रहका विभिन्न गीत/कविता मार्फत प्रधानले विभिन्न शिक्षाा प्रदान गर्न खोजेका छन् । **के हो भन नानी** तथा माकुराबाट कविले बालबालिकालाई कीराहरूको वारेमा जानकारी दिन खोजेका छन् साथै **ता ता थैया** मार्फत बालबालिकाले हरेक दिन गर्नुपर्ने काम, **ऐना** मार्फत राम्रो बानी सिक्न, **सात दिन-बार** बाट साताका सात दिन र बारको ज्ञान दिन, **टेलीफोन** मार्फत बैज्ञानिक आविस्कारको जानकारी दिन र **बाँदर नाच्छ छमछम**, कविताका माध्यमबाट विभिन्न

पशुपंक्षी तथा जनावरको जानकारी दिन खोजेका छन् । यस सङ्ग्रहको शीर्षगीतले घाम र जूनको लुकामारीलाई यसरी ब्यक्त गरेको छः-

दिनभरी रोटी खोज्दै

आगो घुमिरहने

जून भने जहिले पनि

कता-कता लुक्ने ।

यहाँ जूनलाई रोटी र सूर्यलाई आगोको रूप प्रदान गरी रूपक अलङ्कार प्रयोग गरिएको छ । दिनभरि आगो वा सूर्य जूनलाई खोज्दै हिड्ने तर जून दिनमा लुक्ने यो प्रकृतिको नियमलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । जून र सूर्यको लुकामारी खेललाई यहाँ देखाइएको छ ।

लोक लयात्मक भाकासँग नजिक रहेर लेखिएका यस सङ्ग्रहका बालकविता/बालगीतहरूमा बालबालिकालाई मनपर्ने विविध विषय समेटिएका छन् । बालबालिकाको जिज्ञासु प्रवृत्तिलाई ध्यानमा राखी लेखिएका यी कविताहरू आकारका दृष्टिले छोटा, भाषिक दृष्टिले सरल र प्रस्तुतिका दृष्टिले मनोरञ्जनपूर्ण छन् । यी बालगीतहरू बालबालिकाले खेल्नका लागि पनि उपयोग गर्न सक्ने खालका छन् । आधुनिक विज्ञानका प्रविधि र उपकरणलाई विषयवस्तु बनाइएको भए अझ राम्रो मानिन्थ्यो । कविताभित्र राखिएका चित्र तथा साज सज्जाले आकर्षण थपेको देखिन्छ ।

प्रधानको चौथो बालकवितासङ्ग्रहः- **च्याइँ-च्याइँ सारङ्गी** (२०६६)हो । यस सङ्ग्रहमा बीस वटा कविता सङ्कलित छन् । पहिलो कविता **च च हुई**..... हो । यस कवितामार्फत बालबालिकालाई खेलजगतमा पुऱ्याइएको छ । 'कति राम्रो भाले' कवितामा भालेको बारेमा चिनारी गराइएको छ थरिथरिका मुखुण्डो, सर्कसको जोकर कबितामा भरपुर मनोरञ्जन दिइएको छ । **किताव साथी** कवितामा हामी पढीलेखी ज्ञानी बन्नुपर्छ, कितावले नै असल मानिस बनाउँछ भनिएको छ । यस सङ्ग्रहका कवितामा भिन्न-भिन्न विषयवस्तु रहेका छन् । कुकुर र विरालो कविता संबादात्मक ढाँचामा रचिएको छ । यस सङ्ग्रहका सबै कविता उत्कृष्ट र ज्ञान उपयागी देखिन्छन् ।

ती मध्ये उत्कृष्ट कविताहरूमा 'विग्रन्छ है बानी' **किताब साथी**, **गाँउ र शहर**, **सानो छु म उमेरले**, **च्याइँ-च्याइँ सारङ्गी**, **कति राम्रो रुख** आदि हुन् । यस सङ्ग्रहका कविताका विषयवस्तु पशुपंक्षी, चाड, बानी व्यवहार, प्रकृति, जीवन जगत, किताव, गाउँ र सहर, गाइनेका कथा, मौसम आदि रहेका छन् ।

बालबालिकाको भविष्यप्रति चिन्तित कवि प्रधानले उनीहरूको बानीबेहोरा राम्रो भएमात्र भविष्य राम्रो मानिने कुरा कबितामा ब्यक्त गरेका छन् । के-के गर्दा बिग्रन्छ है बानी भन्ने प्रसङ्गमा कवि लेख्छन् :-

कति धेरै फुच्चा

खेलि बस्छन् गुच्चा

खेल्नु हुन्न गुच्चा

भन्छन सबैले लुच्चा ।

साना भाईबहिनीलाई गुच्चा खेल्नु हदैन् । राम्रो काम गर्नुपर्छ भनी सुझाब दिइएको छ । त्यसैगरी बालबालिकालाई रूख विरुवाको महत्त्व वारे वुझाउदै प्रधान लेख्छन्:-

कति राम्रो रुख !

रोपे हुन्छ सुख !!

काटे दु:खै दु:ख !!!

दिन्छ हामीलाई फलफूल

अनि दिन्छ छायाँ

कहिले दिन्छ बतास

सधै गर्नै माया ।

कविले वातावरण सन्तुलन राख्नका निम्ति रूख बिरुवाको महत्त्व रहेको कुरा कवितामा व्यक्त गरेका छन् । सम्पूर्ण प्राणीका थलो पृथ्वीमा गाँस, वास र कपासका

लागि रूख विरूवा अत्याबश्यक मानिन्छ । रोपे हुन्छ सुख नत्र हुन्छ दुःख भनी बालबालिकालाई ज्ञान दिएका छन् । कवि प्रधानले ज्ञानको महत्त्वलाई झल्काउने प्रसङ्गमा **किताब साथी** कवितामा ज्ञानले मानिसलाई महान बनाउछ भन्ने कुरा यसरी लेख्छनः-

किताब कति जाती

बनाउ छु म साथी

बुद्धि दिने यसले नै, दिने राम्रो ज्ञान

पढ्ने लेख्ने गरेमा नै पाइने रै छ मान

देश विदेशका कुरा अनि गाउँघरका पनि

बताइदिने हामीलाई हाम्रो साथी वनी ।

बालबालिकालाई महान व्यक्ति बन्नका लागि ज्ञान आर्जन गर्नु पर्छ भनिएको छ । किताबलाई साथी बनाउनु जाती हुन्छ । किताबले हामीलाई बुद्धि, ज्ञान, मान दिनुका साथै देश विदेशका कुराहरू बारे किताबले नै जानकारी गराउने हुनाले ज्ञानी बन्नुपर्छ भन्ने सन्देश कविले दिएका छन् ।

**सानो छु म उमेरले** कवितामा देशभक्तिपूर्ण भाव कविले यसरी लेख्छन् :-

सानो छु म उमेरले मन सानो छैन

म त केवल नेपाली हुँ, अरू केही हैन

बक्खु धोती लाउँछु कैले कैले दौरा सरुबाल

शिरमाथि बोकी हिड्छु मेरो प्यारो नेपाल !

उमेरले सानो भएपनि बालबालिकाको विचार महान हुन्छ भन्ने कुरा कवितामा ब्यक्त भएको छ । नेपाली जातिको गौरब, पहिचान र देशप्रेमी भावना यहाँ पोखिएका छन् । आफ्नो देशका लागि जस्तासुकै दुःख कष्ट झेल्न पनि तयार हुनुपर्ने देशभक्तिपूर्ण भाव झल्किएको छ ।

**च्याइँ च्याइँ सारङ्गी** कवितासङ्ग्रहमा रहेका कविता भिन्न विषय र भिन्न शीर्षकमा रचिएका छन् । कविताहरू आयाममा लघु देखिन्छन् । भाषा सरल, सहज देखिन्छन् । कविता लयात्मक र श्रुतिमधुर बनेका छन् । कविता गद्य ढाँचाका छन् । कुनै कुनै कविता पद्य ढाँचाका जस्ता देखिन्छन् । चित्रहरू सादा भएपनि सुन्दर एबम् आकर्षक मानिन्छन् । समग्रमा यस कवितासङ्ग्रहले बालसाहित्य भण्डारमा ठूलो गुन लगाएको छ । यो ऐतिहासिक कृति बनेको छ ।

प्रमोद प्रधानको हालसम्मको अन्तिम प्रकाशित कृति **मेरो साथी खोई** ? चित्रकविता (२०६६) हो । चित्रका माध्यमले बालबालिकालाई मनोरञ्जन दिने उद्देश्यले रचित यो कृति प्रयोग नै हो । पुस्तकभरि नै एउटै कविता फैलिएको छ । यो कविता चौध पृष्ठमा रहेको छ । प्रत्येक पृष्ठमा दुई-चार पाउ कविताका साथै पृष्ठभरि सफा आकर्षक चित्र संयोजन गरिएको छ । बालबालिकाको इच्छा चाहना बुझ्न सक्ने कवि प्रधानले बालमनोविज्ञान समेटेका छन् । आफूले बनाएको साथी भाले हराउँदा बालक कति सम्म दुखी वन्छन भन्ने देखाइएको छ । घर आँगनमा खेलीरहने आफ्नो साथी कतै गइदिदा बाल मस्तिष्कमा कति असर पर्छ भन्ने देखाइएको छ । बालबालिकाहरू स्वभावैले चित्रहरूमा आकर्षित हुन्छन् भन्ने कुरालाई ध्यानमा राखी यो चित्रकविता पस्किएका छन् कवि प्रधानले ।

प्रकृतिका जीवजन्तु, वरिपरिको परिवेशलाई समेटी कविता लेख्ने कवि प्रधानले यस कवितामा भालेसँग (पंक्षीसँग) बाल सम्बन्धलाई देखाउन खोजेको छ । यस कविताको भाषा सरल खालको देखिन्छ । पद्य ढाँचा जस्ता देखिए पनि सललल लयमा बग्न सकेको छैन । चित्रकविता भएकाले भरपूर मनोरञ्जन दिने खालका चित्र तथा सजसज्जाको प्रयोग गरिएको छ । बालसाहित्यमा चित्र अनिवार्य तत्त्व मानिन्छ । बालबालिकालाई आकर्षित गर्ने खालका चित्र र साजसज्जा देखिन्छन् । यो चित्रकविता बालसाहित्यमा नौलो प्रयोग नै मानिन्छ ।  बालसाहित्य सिर्जन कार्य सरल छैन । जो कोही बालसाहित्यको स्रष्टा बन्न सक्दैन् । कुशल बालसाहित्यकार बन्न बालकको आनीवानी र स्वभाव सँग पूर्ण परिचित हुनुपर्छ । प्रौढहरूलाई मन नपर्ने कुरा बालकहरूलाई मन पर्न सक्छ । बालसंसार बीचत्रको हुन्छ । यही बालसंसार भित्र रही

बालकका मन जित्ने खालका कविता सिर्जना गर्ने कवि प्रधानका कवितामा विषय चयन, सरल सहज भाषशैली , बालउपयोगी सन्देश, बालमनोभावना , रूचि र बालमनोविज्ञानलाई समेत बुझ्न सक्ने क्षमता प्रधानमा रहेको देखिन्छ । नेपाली बालसाहित्यमा थुप्रै कृतिहरू दिएका प्रधानले पाँच वटा बालकविताका पुस्तक बालबालिकासामु पस्किएका छन् । यिनै पाँच कवितासङ्ग्रहमा सँग्रहित कविताहरूको अध्ययनबाट प्राप्त प्रधानका कवितागत/काव्यगत प्रवृति वा विशेषतालाई निम्नलिखित बुँदामा उल्लेख गरिन्छ ।

### ५.१.१ मौलिकता

प्रमोद प्रधानका कवितागत प्रवृत्तिहरू मध्ये मौलिकता पनि एक हो । उनका बालकविताहरूमा बिषयवस्तु छनोट र भाषाशैलीमा विशुद्ध मौलिकता पाइन्छ । शोध सामग्री सङ्कलनका क्रममा शोध नायकसँगको अन्तर्वार्तामा शोध नायकले बताएअनुसार उनी माधबप्रसाद घिमिरेका बालकविता र देवकुमारी थापाका कथाबाट प्रभावका साथै प्रेर्‍णा पाएको बुझिन्छ । उनी जीवन यापनको क्रममा विभिन्न ठाँउको भ्रमण, बालबालिकालाई नियालेर हेर्ने अबसर पाएकाले त्यहीबाट बाल रूचि अनुकूल विषय चयन गरी कविता रचना गरेका छन् । उनका सङ्ग्रहमा भएका बालकविताहरूमा बालमनोभाबना अभिब्यक्त हुनुका साथै बालसंसार वरपरका विभिन्न विषय समेटिएका छन् । प्रधानका कविताले बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै सिर्जनशील हुन पनि उत्प्रेरणा प्रदान गरेका छन् । बालबालिका सँग निकट रही बालकृति सिर्जना गर्ने हुनाले उनका बालकविताहरू मौलिक छन् । यो उनको आफ्नै विशेषता हो । उनले अग्रज साहित्यकारहरूबाट प्रेरणा र प्रभाव पाए पनि विषय चयन र शैलीमा मौलिकता देखाएका छन् ।

### ५.१.२ संरचनामा लघुता

प्रमोद प्रधानका बालकविताहरूमा पाइने प्रबृत्तिगत विशेषताहरूमध्ये लेखनमा लघुता पनि एक हो । उनका हरेक कवितालाई हेर्दा छोटा आकारका छन् । यही छोटो आकारमा बालरोचक विषय चयन गरी बालकको मन जित्ने खालका कविता रच्नु

उनको प्रवृत्ति हो । उनका कविताहरू दुई श्लोक देखि छ श्लोक सम्मका देखिन्छन् । संरचनामा लघुता बालसाहित्यमा उपयुक्त मानिन्छ ।

### ५.१.३ विषयगत विविधता

प्रमोद प्रधानका बालकविताहरूमा पाइने प्रवृत्तिगत विशेषताहरू मध्ये विषयगत विविधता पनि एक हो । उनका कविताका विषयहरू एउटै खालका मात्र छैनन् । विभिन्न जीवजन्तु, चराचुरुङ्गी, घरसंसार, प्रकृतिका विभिन्नरूप संस्कृति, चाडपर्व, भेषभूषा, बानी ब्यवहार जस्ता बालबालिकालाई मनपर्ने विविध विषय समेटिएका छन् । बालबालिकाको जिज्ञासु प्रवृत्तिलाई ध्यानमा राखी उत्कृष्ट खालका कविता रचेका छन् । कवि प्रधानका कवितामा प्रकृतिको कुनै दृष्य, कुनै प्राणी, कुनै वस्तु वा घटना, कुनै विचार वा  अर्ती-शिक्षाा वा कुनै भाबनालाई प्रकट गरिन्छ । तर यी जुनसुकै कुरा कवितामा प्रकट गरिएपनि कुनै-न कुनै मसिनो बिषय वस्तु कवितामा पाइन्छन् । उनका कविताका विषयहरू काल्पनिक र यथार्थमुलक दुवैखालका छन् । प्रकृति र जीवन जगतका यावत विषयहरूलाई समेटी कविता लेख्ने प्रधानका कवितामा बिषयगत विविधता पाइन्छ, जुन उनको बालकविताहरूमा पाइने प्रवृत्तिगत विशेषता हो ।

### ५.१.४ प्रतीकात्मकता

कवि प्रधानका कविताहरूमा पाइने प्रवृत्तिहरूमध्ये प्रतीकात्मकता पनि एक हो । प्रतीक सामान्य अर्थमा प्रयोग नभई ब्यङ्ग्यमा भर पर्छ र ब्यङग्यको समतुल्य मानिन्छ । प्रतीकले कवितामा कविको मानसिक भावलाई सजीव रूपमा उतार्छ । उनले कतै-कतै प्रतीकहरूको प्रयोग गरी प्रतीकात्मक अर्थ पनि दिएका छन् ।  उनी बादललाई लक्ष्य गर्दै भन्छन् :-

बोट छैन विरूवा छैन, फूल्छ ढकमकक
पानी, मल चाहिदैन, पार्छ सधैँ छक्क
कुनै चाहि काली हुन्छे, कुनै चाहि सेती

आकाशमा कसले गर्छ कपासको खेती?

(कपासको खेती)

कपासको खेती कवितामा प्रतीक प्रयोग गरी कपासको खेती गरेझैं देखिने बादलाई लक्ष्य गरेका छन् । त्यस्तै गरी बादल, तीन तले घर, सधैँभरि लुकामारी लगायत अन्य कविताहरूमा प्रतीकको प्रयाग गरिएको भेटिन्छ । त्यसैले प्रधानका कवितागत प्रवृत्तिहरू मध्ये प्रतीकात्मकता पनि हो ।

## ५.१.५ प्रकृतिको मानवीकरण

कवि प्रधानका कवितामा पाइने प्रवृत्तिहरूमध्ये प्रकृतिको मानवीकरण पनि एक हो । प्रकृतिका विभिन्न चीजलाई मानवको रूप प्रदान गर्नु नै प्रकृतिको मानवीकरण हो । प्रकृतिलाई मानवीय रूप आरोपित गरी कविता लेख्ने प्रधानका **घाम राजा र जुन रानी**, **सधैँभरि लुकामारी**, **बर्षा रानी**, **कसले के भन्छ** ? जस्ता कवितामा प्रकृतिलाई मानवीय रूप प्रदान गरिएको छ । प्रकृतिलाई मानवीकृत गर्ने खुबी छ उनमा । घाम र जुनले चराचर जगतलाई पुऱ्याएको लाभ र दिएको देनप्रति साहित्यकार प्रधानले कृतज्ञता प्रकट गरेका छन् । प्रकृति आमा समान छिन् । उनको उपस्थितिबाट सम्पूर्ण प्राणीजगतलाई लाभ पुग्ने गर्छ । मान्छे प्रकृतिको एउटा अंश हो । प्रकृतिले मान्छेलाई स्यहार गरेझैं मान्छेले पनि प्रकृतिको स्याहार गर्नुपर्छ भन्ने सन्देश उनका रचनामा पाउन सकिन्छ ।

## ५.१.६ बालसुलभ भाषाशैली

कवि प्रधानका कवितामा पाइने प्रवृत्तिहरू मध्ये बालसुलभ भाषाशैलीको प्रयोग पनि एक हो । कवि प्रधानका समग्र बालकवितालाई हेर्दा सरल सहज बोधगम्य भाषा प्रयोग गरिएको पाइन्छ् । कविताका माध्यमबाट शिक्षाा दिने कवि प्रधानका कविताहरू सरल, बोधगम्य र सन्देशमूलक छन् । कविताका माध्यमबाट बालबालिकाले मनोरञ्जन पनि लिन सक्ने छन् । कविता लयात्मक एवम् श्रुतिमघुर देखिन्छन् । लयात्मक शैलीले गर्दा बालबालिकाहरूलाई वाचन गर्न सजिलो भएको छ कवि प्रधानका केही कविता का अनुच्छेद अन्तर्गतको दुई-दुई हरफका आखिरी अक्षरहरूमा अनुप्रास पारिएकाले

बालकविता भन्दा र सुन्दा अझ मीठो लाग्ने खालका छन् । उनका कविताका भाषा बालबालिकाको लक्षित उमेर अनुसारका शब्द, वाक्य गठनको राम्रो प्रयोग भएको देखिन्छ । उनका कृतिहरूका सरल भाषा र शैलीको बालसुलभ प्रस्तुतिले गर्दा बाल पाठकहरू माझ प्रिय बनेका छन् । उनका कविताहरू बालबालिकाले स्वतः कण्ठस्थ पार्न सक्ने खालका छन् र खेल्दै र गाउँदै गर्नसक्ने बालसुलभ देखिन्छन् ।

### ५.१.७ सुन्दर एवम् आकर्षक चित्र संयोजन

बालसहित्यमा चित्र तथा साजसज्जा आवश्यक मानिदै आएको छ । प्रौढ साहित्य र बालसाहित्यका बीच भेद देखाउने एउटा महन्वपूर्ण तत्त्व चित्रको प्रयोग मानिन्छ । बालसाहित्यकार प्रमोद प्रधानका कवितामा सुन्दर एवम् आकर्षक चित्र संयोजन भएको देखिन्छ । सानाकेटाकेटी शब्दमा भन्दा बढी चित्रमा आकर्षित हुन्छन र चित्रका माध्यमबाट नै उनीहरूमा कविताको भाव सम्प्रेषण सरल हुने गर्दछ । कविताको भाव अनुसार प्रत्येक कवितामा सुन्दर एवम् आकर्षक चित्रहरू समावेश गरेका छन् । बालबालिकाको मन जित्ने खालका चित्र देखिन्छन् । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषताहरूमध्ये सुन्दर एवम् आकर्षक चित्र संयोजन पनि एक हो ।

## ५.२ योगदान

बालसाहित्यको धरातलमा विचार गर्दा पाइने अविस्मरणीय हस्ताक्षरमध्येका होनहार व्यक्तित्व बरिष्ठ साहित्यकार प्रमोद प्रधानलाई कहिल्यै पनि विर्सन सकिन्न । बरिष्ठ बालसाहित्यकार प्रमोद प्रधान स्वयम्ले थुप्रै मौलिक बालसाहित्यिक कृतिहरू सिर्जना गरेर नेपाली बालसाहित्यको भण्डारलाई गुन लगाएका छन् । वि.सं २०१५ सालमा विराटनगर मोरङमा जन्मिएका प्रधानले नेपाली साहित्यमा यात्रा गर्दागर्दै उनको तेस्रो चरणमा आइपुग्दा बालसाहित्यका क्षेत्रमा कलम चलाउन थालेको कुरा खोज अधययनबाट पुष्टि हुन्छ । नेपाली बालसाहित्यमा बाल कथा, बालकविता, अनुबादित कृतिहरू र नेपाली बालसाहित्यको इतिहास लेखी प्रसिद्धि पाएका छन् । यी सम्पूर्ण कृतिहरू नेपाली बालसाहित्यलाइ दिई अमुल्य योगदान पुऱ्याएका छन् ।

मूलतः साहित्यकार प्रमोद प्रधानले थुप्रै मौलिक बालोपयोगी कृतिहरू सिर्जना गरेका छन् र बालसुलभ शैली र सरल भाषामा कविता सिर्जना गर्न सक्ने उनको वैशिष्ट्य देखिन्छ । बुलबुले ताल शीर्षक कविताको एउटा नमुनाः-

बुलबुल-बुलबुल पानी ताल बुलबुलेमा

कति राम्रो देखिन्छ आकाश खुलेमा

उपत्यका सुर्खेत वरिपरि डाँडा

ढाँड मेरो दुख्यो पानी लिन जादाँ

बुलबुलले दिन्छ पानी सुर्खेतलाई

गर्नुपर्छ मानिसले सबैको भलाइ ।

(बुलबुले तालबाट)

यसरी देशको भौगोलिक अवस्था, प्राकृतिक सौन्दर्यता, तालतलैया र त्यहाँका मान्छेहरूको मानवीय कठिनाइ र मान्छेको दायित्व एवम् कर्तब्यलाई बालबोलीमा सम्प्रेषण गर्ने कुशल कलाका पारखी साहित्यकार प्रमोद प्रधानका रचनाबाट बालबालिकाहरूले थुप्रै ज्ञान हासिल गर्न सक्छन् ।

बालसाहित्यकार प्रमोद प्रधानमा प्रकृतिलाई मानवीकृत गर्ने प्रखर खुवी छ । घाम र जुनले चराचर जगतलाई पुऱ्याएको लाभ र दिएको देनप्रति साहित्यकार प्रधानले कृतज्ञता प्रकट गरेका छन् । मान्छे चेतनशील, संवेदनशील र विवेकशील प्राणी भएकाले आफूमा भएको असल तत्त्व मानव समाजलाई दिन र अरुले दिएको देनलाई प्रेरणा एवम् प्रोत्साहित गर्नु पर्छ भन्ने कुरा सिर्जनाहरूले उजागर गरेका छन् ।

आलो पालो गरी आउने, दुबै जानीजानी

दिनमा आउने घाम राजा, राति जुन रानी ।

प्रकृति आमा समान छिन् । उनको उपस्थितिबाट सम्पूर्ण प्राणीजगतलाई लाभ पुगिरहेको हुन्छ । मान्छे स्वयं पनि प्रकृतिको एउटा अंश हो ।

पत्रकारितालाई आफ्नो मुल पेशा बनाएपनि उनले जीवनको उद्देश्य र लक्ष्य सिर्जनालाई बनाएका छन् । आफ मात्र लेख्ने नभई लेख्न चाहने सर्जकहरूलाई पनि हौसला प्रदान गर्दै समीक्षा गरिदिएका छन् । जीवन ज्यादै महत्त्वपूर्ण र मूल्यवान छ । यो जीवनलाई सेवा र सिर्जनामा लगाउन सक्नुपर्छ भन्ने सोचका साथ अगाडि बढेका छन् । साहित्यकार प्रमोद प्रधानबाट राष्ट्र र समाजलाई पुऱ्याएको सिर्जनात्मक योगदानको कदरस्वरूप-प्रतिभा पुरस्कार (२०४०), व्यथित काव्य पुरस्कार (२०४६), सर्वोत्कृष्ट युवा पुरस्कार (सन १९९१) , सिर्जनशील पत्रकारिता पुरस्कार (२०४९), नेपाल बासास बालपुस्तक पुरस्कार (२०५४), जमर्को बालपत्रकारिता पुरस्कार ( २०६०),साझा बालसाहित्य पुरस्कार (२०६२),पुस्कर गौतम बालसाहित्य पुस्कार ( २०६६) लगायतका पुरस्कार र सम्मानबाट उनलाई सम्मानित गरिएको छ । विशेषगरी बालसाहित्य विकासको क्षेत्रलाई समृद्ध बनाउनमा उनको समर्पित देन उल्लेखनीय मानिन्छ ।

उनका सिर्जनाबाट बालबालिकाहरूले जीवन जगत र प्रकृतिप्रदत्त मनोरम दृश्य र ज्ञान सहजै ग्रहण गर्न सक्छन् । बालबालिकाहरूका लागि उनका रचना स्वादिला वनेका छन् । एउटा सहज र सफल साहित्यकारमा हुनुपर्ने रचनात्मक गुणहरू उनका सिर्जनामा पाइन्छन् । साहित्य समाजको लागि अमृत हुनुपर्छ जसले उत्साह, उमंग, प्रेरणा, जोश, जाँगर, हौसला वाँड्न सकोस । साहित्यकार प्रमोद प्रधानको सिर्जनात्मक यात्रा राष्ट्र र समाजलाई सकारात्मक मार्गमा डोऱ्याउन उन्मुख देखिन्छन् ।

## ५.३ निष्कर्ष

प्रमोद प्रधान आफ्नो साहित्य यात्राको तेस्रो चरणमा आइपुग्दा बालसाहित्य तर्फ मोडिएका हुन् ।आफ्नो जागिरे जीवनका सिलसिलामा विभिन्न ठाउँमा घुम्ने अवसर मै बालबालिका सँग निकट रही उनीहरूको स्वभाव र मनोविज्ञानलाई वुझ्न सफल भएको देखिन्छन् । अग्रज स्रष्टाहरूबाट प्रेरित बनी बालसाहित्य लेखनमा र बालसाहित्यको खोज अनुसन्धानमा लागेको बुझिन्छ । बालमनोविज्ञान बुझी बालकका रूचि, क्षमता अनुकुल विषय चयन गरी सरल सहज भाषशैलीमा लयात्मक कविता सिर्जना गर्न सफल बनेका छन् । उनका कविताले बालबालिकालाई जीवन उपयोगी

सन्देश प्रदान गरेका छन । बालसाहित्यकार प्रधानका कवितामा पाइने प्रवृत्ति/विशेषताहरू मौलिकता, संरचनामा लघुता, प्रतीकात्मकता, प्रकृतिको मानवीकरण, बालसुलभ भाषा, विषयगत विविधता र देशभक्तिपूर्ण भाव पाइनु हो ।

प्रमोद प्रधानलाई अन्य स्रष्टाहरूभन्दा भिन्न बनाउने विशेषता नै बालसुलभ भाषाशैली र प्रस्तुतीमा नवीनता रहेको छ । उनको सिर्जनात्मक यात्रा उर्वर र मार्गोन्मुख रहेकोले सम्भावित भविष्य सुखद् र आशोन्मुख देखिन्छ । उनको निरन्तर लगनशीलता र साधनाबाट विशेषगरी नेपाली बालसाहित्यको भण्डार अझै बढी परिपुष्ट हुने अपेक्षा गर्न सकिन्छ ।

# अध्याय छ

# उपसंहार

**बालसाहित्यकार प्रमोद प्रधानका बालकाव्य कृतिहरूको अध्यय** शीर्षकको यस शोध पत्रमा शोधविधि अन्तर्गत रहेर पूर्वकार्यको समीक्षाका साथै बालसाहित्यको ऐतिहासिक विकास परम्पराको स्थिति, प्रमोद प्रधानको सङ्क्षिप्त जीवनी ब्यक्तित्व, बालसाहित्यिक यात्रा र बालसाहित्यिक कृतिहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन जस्ता कार्यहरू गरिएको छ । बालसाहित्य त्यस्तो साहित्य हो जुन बालबालिकाको रूचि र ग्रहण क्षमताका साथै बालमनोविज्ञान को समेत ख्याल गर्दै बालबालिकालाई लक्षित गरी रचिएको मानसिक तथा बौद्धिक खुराक दिनुका साथै चरित्र निर्माणमा सहयोगी बन्न सक्ने खालका रचना नै बालसाहित्य हुन् । लिखित बालसाहित्यको ऐतिहासिक स्थितिलाई पर्गेल्दा लोक बालसाहित्यको लामो मौलिक परम्पराको गर्भबाट जन्म लिई हुर्किएको देखिन्छ । यसको उमेर अहिले सवासय वर्ष भइसकेको छ । घरका बालबालिकालाई फुर्सदको समयमा खेलाउन,भुल्याउनका निम्ति गाइने गीतको परम्परामा बालगीत / बालकविता जन्मिएको हो । नेपाली बालसहित्यमा बालगीत /बालकविताहरूको पनि लामो परम्परा रहिआएको छ । विशेषगरी ग्रामीण नेपाली लोक जीवनको अपरिहार्य अङ्गका रूपमा रहेको बाललोकगीत/बाललोककविताको सुदीर्घ परम्पराले यसको लोकप्रियता बालबालिकामा रहिआएको तथ्यको पनि पुष्टि हुन्छ । नेपाली बालसाहित्य जन्मदै हालको जस्तो स्वतन्त्र अर्थात सिर्जनात्मक साहित्यको रूपमा जन्मिएको होइन । यो सर्वप्रथम आ-आफ्नै सन्ततीहरूलाई मनोरञ्जनका साथै व्यवहारिक र नैतिक शिक्षाा दिने हेतुले लेखिएको पाइन्छ । अहिले सम्मको खोज अनुसन्धान अनुसार ऐतिहासिक महत्त्व राख्ने पहिलो पुस्तक गोर्खा पैहला १८४९ किताव नै हो । यो पुस्तक बालबालिकालाई औपचारिक शिक्षाा दिनका लागि वि. सं. १९५८ मा विद्यालयको स्थापना भएपछि नेपाली भाषाको पाठयसामाग्री अभावलाई पूर्ति गर्नका लागि राजा जयपृथ्वीवहादुर सिंहले तयार गरेको अक्षराङ्क शिक्षाा, बालवोध भाग दुईले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यही परम्परामा उभिएर

नेपाल भित्र र वाहिरका विभिन्न व्यक्ति र संस्थाको प्रयासमा पाठ्य बालसाहित्य लेखन र प्रकाशनको परम्परा अगाडि बढेको हो ।

विद्यालयको पाठ्यक्रमलाई आधार नमानी स्वतन्त्रपूर्वक लेखिएका बाल पुस्तकहरू नै वास्तवमा बालसाहित्य हुन । नेपालमा पाठ्येतर बालसाहित्यको लेखन् धेरै पछि मात्र भएको देखिन्छ । वास्तवमा नेपाली बालसाहित्य तर्फ सचेत रूपमा पहिलो पाइला चाल्ने व्यक्ति लक्ष्मीप्रसाद देवकोटा नै हुन् । नेपाली बालसाहित्यको प्रथम कृति वा वीजभुमि देवकोटाको 'राजकुमार प्रभाकर' खण्डकाव्य वि. सं. १९९७ लाई मान्नुपर्छ । यहि परम्परामा उभिएर हाल बालसाहित्यका विभिन्न विधामा कलम चलाइ नेपाली बालसाहित्यलाई हराभरा र उर्वर बनाउने स्रष्टाहरूको संख्या हजारौ पुगेको छ । पाठ्येतर बालसाहित्यको विकासलाई चरणबद्ध रूपमा अध्ययन गर्ने हो भने वि. सं. १९९७ देखि वि. सं.२०३८ सम्मको अवधिलाई पहिलो चरण र वि. सं. २०३६ पछिको अवधिलाई दोस्रो चरणका रूपमा लिइन्छ । यहि पाठ्येतर बालसाहित्य लेखन परम्पराको दोस्रो चरणको उर्वर भूमिमा बालसाहित्यकार प्रमोद प्रधान देखा परेका हुन् । यस शोधपत्रको प्रमुख उद्देश्य प्रमोद प्रधानको  बालकाब्य कृतिहरूको अध्ययन रहेकोले सोही अनुरूप गरिएको छ ।

प्रमोद प्रधानले बालसाहित्य यात्रामा बालकथा, बालकविता, बालजीवनी जस्ता विधाका कृतिहरू दिएका छन् । बालसाहित्यमा उनले दिएका कवितासङ्ग्रहको अध्ययन यस शोधपत्रमा गरिएको छ । उनका बालकवितासङ्ग्रह **कान समात् कान** (वि. सं. २०५३), **कानाकाना कुर्र** (२०६२), **सधैंभरि लुकामारी** (२०६२), **च्याइँ च्याइँ सारङ्गी** (२०६६) र **मेरो साथी खोई** ? (२०६६) हुन् । यी पाँच कवितासङ्ग्रह भित्रका बालकविताहरूको सैद्धान्तिक र व्यावहारिक दुबै ढङ्गबाट अध्ययन  विश्लेषण गरिएको छ । यी  सङ्ग्रहका कविताहरूलाई कविताका तत्त्वका आधारमा सैंद्धान्तिक अध्ययन गरिनुका साथै बालबालिकाहरूलाई यी कविता पढ्न दिई उनीहरूको प्रतिक्रिया लिने काम गरिएको छ । बालबालिकालाई मनपर्ने खालका कविताहरू छन भन्ने प्रतिक्रिया पाइएको छ । बालमनोविज्ञानलाई ख्याल राख्दै बाल रूचि, चाहना अनुकुलका कविताहरू देखिन्छन् । साथै बालसुलभ भाषा र आकर्षक चित्र तथा साजसज्जाले थप

रौनकता थपेको देखिन्छ । बालबालिकालाई साहित्यका माध्यमबाट मनोरञ्जन प्रदान गर्नुका साथैं बौद्धिक तथा मानसिक विकासमा खुराक दिदैं सिर्जनशील हुन, उनका कविताले प्रेरित गरेका छन् । उनका सिर्जनाबाट बालबालिकाहरूले जीवन जगत र प्रकृतिप्रदत्त मनोरम दृश्य र ज्ञान सहजै ग्रहण गर्न सक्छन् । एउटा सहज र सफल साहित्यकारमा हुनुपर्ने रचनात्मक गुणहरू उनका बाल सिर्जनामा भेट्न सकिन्छं यतिमात्र नभई परशु प्रधान,किशोर पहाडी, दैवज्ञराज न्यौपाने जस्ता प्रतिष्ठित बालसाहित्यका स्रष्टाहरूको प्रतिनिधि बालकविताहरूसँग तुलनात्मक अध्ययन गरेर हेर्दा पनि उनका कविताहरू समग्ररूपमा बालउपयोगी हुनाका साथै स्तरीय देखिन्छन् । नेपाली बालसाहित्य जगतमा विचरण गर्दा पाइने अविस्मरणीय हस्ताक्षर मध्येका होनहार ब्यक्तित्व वरिष्ठ साहित्यकार प्रमोद प्रधानलाई कहिल्यै विर्सन सकिन्न । नेपाली बालसाहित्यमा संख्यात्मक र गुणात्मक रूपमा स्तरीय कृतिहरू दिन सफल कवि प्रधानका बालकाब्य कृतिहरूको अध्ययन गर्दा मौलिकता, संरचनामा लघुता, प्रतीकात्मकता, प्रकृतिको मावीकरण, बालसुलभ भाषा शैली, विष्यगत विविधता र देशभक्तिपूर्ण भाव जस्ता प्रवृत्तिहरू पाउन सकिन्छ । बालरूचि, चाहना, बालमनोविज्ञानलाई बुझी बालसाहित्य सिर्जना गर्ने कवि प्रधानले कविताका माध्यमबाट बालबालिकालाई नैतिक उपदेश मात्र नथोपरी सिर्जनशील हुन पनि प्रेरित गरेका छन् । प्रमोद प्रधानका बालकवितामा विषयगत विविधता पाइन्छ । उनका कविताका विषयहरू हाम्रा वरपरका परिवेशलाई समेटिएका देखिन्छन् । विभिन्न जीवजन्तु, चराचुररूङ्गी, घर संसार, प्रकृतिका विभिन्न रूप, संस्कृति, चाडपर्व, भेषभूषा, बानी ब्यवहार, खेल जगत जस्ता बालबालिकालाई मनपर्ने विविध विषय कवितामा समेटिएका छन् । बालबालिकाको जिज्ञासु भावलाई बुझी कविता रचना गर्ने कवि प्रधान प्राकृतिक सम्पदाको महत्त्वलाई झल्काउँछन भने कतै प्रकृतिको नियमलाइ जून राजा र तारा रानी भन्दै चिनाउन पुगेका छन् । लघु आकारका कविता लेख्ने प्रधानका कविता पद्य ढाँचाका जस्ता भएपनि छन्दमा मिलेका छैनन् । प्रायः कवितामा लयात्मकता भेटिएका छन् । पहिलो कवितासङ्ग्रहको तुलनामा पछिल्ला कविता सङग्रहहरू सरल सहज र परिस्कृत देखिएका छन् ।

कवि माधवप्रसाद घिमिरेका बालकविताबाट प्रेरित हुदै यही मार्गमा रही बालकाब्य कृतिहरूसिर्जना गरिरहेका कवि प्रधान कविता लेखनमा मात्रः सीमित रहेका छैनन् । बालकथा, जीवनी लेखन, बालसहित्य इतिहास र समालोचना जस्ता क्षेत्रमा गहन अध्ययन र अनुसन्धान गर्दै नेपाली बालसाहित्यको विकासमा विर्सनै नसकिने गुन लगाएका छन् ।

प्रमोद प्रधानलाई अन्य स्रष्टाहरूभन्दा भिन्न बनाउने विशेषता नै बालसुलभ भाषाशैली र प्रस्तुतिमा नवीनता रहेको छ । उनको सिर्जनात्मक यात्रा उर्वर र मार्गोन्मुख रहेकाले सम्भाविता भविष्य अझ सुखद र आशोन्मुख देखिन्छ । उनको निरन्तर लगनशीलता र साधनाबाट नेपाली बालसाहित्यको भण्डार अझ बढी परिपुष्ट हुने अपेक्षा गर्न सकिन्छ ।

## सन्दर्भसूची


अर्याल, अच्युतशरण, **नेपाली वालसाहित्यको अध्ययन**, विद्यावारिधि अ.प्र.शोध प्रवन्ध, त्रि. वि. कीर्तिपुर काठमाडौँ : (२०५८) ।

अर्याल अच्युतशरण, **नेपाली बालसाहित्यको रूपरेखा** स्याङ्जा डिल्लीप्रसाद अर्याल, (२०५४) ।

अवस्थी, महादेव, '**बालसाहित्यका विधा र लेखन प्रक्रिया** काठमाडौँ : एकता प्रकाशन (२०६५) ।

कटुवाल, सीता, **नेपाली बालकविताको अध्ययन,** अ.प्र. शोधपत्र एम.ए. काठमाडौं : त्रि.वि.वि. कीर्तिपुर, (२०५०) ।

खड्का, गीताकुमारी, **नेपाली बालसाहित्यमा मञ्जुश्री पराजुलीको योगदान**

अ.प्र. शोधपत्र एम.ए., पद्मकन्या बहुमुखी क्याम्पस बागबजार, काठमाडौं : (२०५९) ।

'खनाल, रुक्मिणा, **कवि प्रमोद प्रधानका कविताको अध्ययन** एम.ए.अ.प्र. शोधपत्र, स्नातकोत्तर क्याम्पस, विराटनगर : (२०६१) ।

जोशी, कुमारवहादुर, **राजकुमार प्रभाकर, महाकवि देवकोटाको कवितायात्रा र मोडको विवेचना** साझा प्रकाशन काठमाडौं : (२०४५) ।

ढकाल, शारदा अधिकारी, **बालसाहित्यको सैद्धान्तिक स्वरूप** बालसाहित्य, काठमाडौं : नेपाल बालसाहित्य समाज, (२०६६) ।

प्रधान, प्रमोद, **नेपाली बालसाहित्यको इतिहास**, विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौं : (दो.सं २०६१) ।

प्रधान, प्रमोद, **नेपाली बालवाङ्मय परिचयकोश**, काठमाडौं : मार्टिन, चौतारी, (२०६५)

______________ , 'कान समात् कान' बालकविता सङ्ग्रह, विराटनगर : वाणी प्रकाशन सहकारी संस्था लि . (२०५३) ।

________________, 'काना काना कुर्र' बालकविता सङ्ग्रह, काठमाडौं : रत्न पुस्तक भण्डार (२०६२) ।

________________, 'सधैंभरि लुकामारी' बालकविता सङ्ग्रह, काठमाडौं : साझा प्रकाशन, दो.सं. (२०६५) ।

________________, 'च्याइँ-च्याइँ सारङ्गी' बालकविता सङ्ग्रह, काठमाडौं : बालसंसार प्रा.लि. (२०६६) ।

________________, 'मेरो साथी खोई' चित्रकविता, काठमाडौं : कथालय प्रकाशन (२०६६) ।

प्रधान, प्रमोद **बालसाहित्यको विकासधारा, केही अध्ययन केही अनुसन्धान** कुमार प्रकाशन, विराटनगर, : (२०४४) ।

प्रधान, भिक्टर, **बालसाहित्यको अर्थ र आधुनिक बालसाहित्य** नेपाल बालसाहित्य समाज, काठमाडौं : (२०५३) ।

बन्धु, चूडामणि, **प्रकृतिमा देवकोटा** साझा प्रकाशन, काठमाडौं : (२०४६) ।

बन्धु, चूडामणि र अन्य, **नेपाली बालसाहित्यको सर्वेक्षण** त्रि.वि. काठमाडौं : (२०४२) ।

वारवरा जे वेकर तथा अन्य चिल्ड्रेन्स लिटरेचर : सन् २००४ ।

शर्मा, गोपीकृष्ण, **बालकथामा पौराणिक आख्यानको भूमिका,** बालसाहित्य समाज, काठमाडौं : (२०५३) ।

# परिशिष्ट

## प्रमोद प्रधानसँग लिइएको लिखित अन्तवार्ता

**१. साहित्यमा कहिलेदेखि कलम चलाउन थाल्नुभयो ?**

वि. सं. २०२५ तिर जलेश्वरस्थित ल.च.मु. उच्चाङ्गल विद्यालयमा कक्षा ६ मा अध्ययनरत हुँदा नेपाली शिक्षाक श्री रामप्रसाद सिरजज्यूले राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा कविता लेखेर ल्याउन सबै विद्यार्थीलाई भन्नुभयो । त्यसबेला कविता भनेको के हो भन्नेसमेत मलाई थाहा थिएन । तर घरमा आएर बुबा र दाईको सहयोगमा मैले एउटा कविता लेखेँ । मैले जीवनमा लेखेको पहिलो कविता त्यही हो । तर त्यस कविताका पङ्क्तिहरू मलाई अहिले सम्झना छैनन् । त्यसपछि बीचमा मैले कविताहरू लेखिनँ । त्यसबेला सोही विद्यालयबाट **सिर्जना** नामक पत्रिका पनि निस्कन्थ्यो र त्यही विद्यालयमा अध्ययनरत मेरा दाइ दिलीपकुमार प्रधानका लेख-निबन्धहरू त्यहाँ छापिन्थे । पत्रिकामा दाइको नाम छापिएको देख्दा मलाई पनि त्यसरी नाम छाप्न पाए कस्तो हुँदो हो भन्ने लाग्थ्यो । त्यसैबाट म भित्रभित्रै उत्प्रेरित भएँजस्तो लाग्छ अहिले सम्झँदा । त्यसपछि २०२८ सालदेखि भने फाटफूट रूपमा मैले कविता लेख्न थालेको हुँ ।

**२. साहित्यमा निरन्तर लाग्ने प्रेरणाका लागि कुनै घटना वा प्रसङ्ग छन् कि ?**

पत्रिकामा दाइको नाम छापिएको देखेपछि नै मलाई लेख्ने उत्प्रेरणा प्राप्त भएको हो । तर त्यत्तिमात्रले मलाई लेखनतिर निरन्तर लाग्न प्रेरणा दिएकोचाहिँ होइन । पछि म बुबाको सरुवासँगै जनकपुरस्थित सरस्वती माध्यमिक विद्यालयमा कक्षा ७ मा भर्ना भएँ र त्यहाँ कक्षा ९ सम्म पढेँ । त्यस विद्यालयमा कक्षा ८ को वार्षिक परीक्षामा जो प्रथम हुन्थ्यो, उसलाई पुस्तकालय सञ्चालनको जिम्मेवारी दिने अनौठो प्रचलन थियो । पहिलो हुने विद्यार्थीले चार जनाको समूह बनाउनु पर्थ्यो र हाफ टाइममा विद्यार्थीबाट पुस्तक फिर्ता लिने र नयाँ दिने गर्नुपर्थ्यो । कक्षा ८ को वार्षिक परीक्षामा पहिलो भएको नाताले त्यो अवसर मलाई प्राप्त भयो । पुस्तकालयको मुख्य जिम्मेवारी देवकान्त सरले हेर्नुहुन्थ्यो । त्यस एक वर्षमा मैले सो पुस्तकालयमा भएका नेपाली भाषाका थुप्रै पुस्तक पढ्ने मौका पाएँ । देवकोटाका मुनामदनलगायतका कृतिहरू, माधव घिमिरेका गौरीदेखि दीर्घबाहुका जासूसी उपन्याससम्म मैले त्यहीं पढेँ । यसले पनि मलाई साहित्यतिर लाग्न नजानिँदो किसिमले प्रेरित गऱ्यो ।

यसमा अर्को प्रसङ्ग जोड्नु पनि सान्दर्भिक नै होला । घरमा २०२४/२५ तिरै पहिलो पटक जापानी सोनी ट्रान्जिस्टर भित्रिएपछि म नेपाली/हिन्दी गीत अत्यन्तै सुन्थेँ । गीत सुन्ने क्रमसँगै मेरो नेपाली भाषा र साहित्यसँग थाहै नपाई मोह बस्यो । मलाई लाग्छ, साहित्यमा

निरन्तर लाग्नमा यी र यस्ता घटना वा प्रसङ्गहरू नजानिँदो तरिकाबाट मेरा उत्प्रेरणाका स्रोत हुन पुगेका छन् ।

**३. तपाईंको लेखनको मुख्य विधा कुन हो ?**

मेरो शुरूको रुचिको विधा भनेको कविता नै हो । मैले २०२९ सालदेखि निरन्तर रूपमा कविता लेखेँ र यो क्रम अहिलेसम्म पनि यथावत् नै छ । मेरो पहिलो कवितासङ्ग्रह **रातभरिका सुस्केराहरू** २०३१ सालमा प्रकाशित भएको थियो । सो सङ्ग्रहमा मेरा प्रारम्भकालीन १३ कविता छन् । त्यसपछि २०४० सालमा **विभाजित मान्छे** कवितासङ्ग्रह विराट साहित्य संस्थानबाट र २०५४ सालमा **एकान्तगीत** कवितासङ्ग्रह तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित भएका छन् । त्यसपछिका कविताहरू भने सङ्ग्रहका रूपमा आएका छैनन् । तथापि पुराना तीनओटै कवितासङ्ग्रह र सङ्ग्रहमा नआएका कवितामध्येबाट छानेर आफूलाई मन परेका र अरूले पनि मन पराएका कविताहरूको एउटा सङ्ग्रह **एक निर्दोष साँझ र अन्य कविता** शीर्षकमा तयार पारेको छु । सम्भवतः यो सङ्ग्रह २०६८ सालभित्रै प्रकाशित हुनेछ । बालकविताका पनि पाँच कृति प्रकाशित भएका छन् । यसबाहेक मेरो रुचिको दोस्रो विधा समालोचना र अनुसन्धानात्मक लेखरचना हो । यस क्षेत्रमा पनि **केही अध्ययन : केही अनुसन्धान** (२०४४), **नेपाली बालसाहित्यको इतिहास** (२०५७) र **नेपाली निबन्धको इतिहास** (२०६५) शीर्षकका कृतिहरू प्रकाशित भएका छन् ।

**४. तपाईंको साहित्यिक यात्रा करिब ४ दशक पुग्न लागेको छ । यति लामो समयको अनुभवपछि साहित्यलाई तपाईं कसरी परिभाषित गर्नुहुन्छ ?**

साहित्यलाई सीमित शब्दहरूद्वारा परिभाषामा बाँध्नु सजिलो छैन । फेरि जसले जसरी व्याख्या र विश्लेषण गरे पनि ती सबै अधुरा र अपूरा लाग्छन् । त्यसो हुँदाहुँदै पनि साहित्यलाई परिभाषामा बाँध्ने काम भइरहेकै छ ।

मेरो विचारमा साहित्य मानिसले विभिन्न इन्द्रियहरूमार्फत प्राप्त गर्ने अनुभव र ज्ञान, भोगाइ र चिन्तन, विचार र व्यथा आदिको अभिलेखीकरण हो । यसमा बुद्धि र हृदय दुवै तत्वको उत्तिकै भूमिका हुन्छ । मानिसपिच्छेका भोगाइ र चिन्तन, अनुभव र ज्ञान अनि विचार र व्यथा फरक-फरक हुने भएकाले पनि साहित्यको परिभाषा फरक हुने गरेको हो । वास्तवमा साहित्य पढ्दाको आनन्दलाई अर्को कुनै पनि आनन्दसँग तुलना गर्न सकिँदैन । मलाई लाग्छ, सृष्टिको सर्वोच्च आनन्द भन्नु नै साहित्यको अध्ययन हो ।

**५. तपाईं त कविता, समालोचनालगायतका विधामा बढी केन्द्रित रही सिर्जनारत व्यक्ति, कसरी एकाएक बालसाहित्य लेखनमा लाग्नुभयो ?**

तपाईंले ठीकै भन्नुभयो । म शुरूमा कविता, समालोचनालगायतका विधामा सक्रिय थिएँ र अझै पनि छु । तर त्यससँगसँगै बालसाहित्यको अध्ययन, अनुसन्धान र विश्लेषण अनि बालकविता, बालकथा, चित्रकथा र बालोपयोगी जीवनी लेखनमा पनि सक्रिय हुँदैआएको छु । बालसाहित्यका अध्ययन र लेखनमा मेरो रुचि जाग्नुको पछाडिको सन्दर्भ भन्न चाहन्छु म ।

मैले २०३५ सालमा एउटा लेख लेखेको थिएँ *नेपाली बालसाहित्य : विकासको धारा* । यो लेख त्यसबेलाको चर्चित साहित्यिक मासिक पत्रिका रूपरेखामा प्रकाशित भएको थियो । समालोचनामा भएको रुचि र बालसाहित्यबारे अत्यन्त थोरै रचना लेखिएका कारण मैले त्यो लेख विराटनगरमा उपलब्ध अत्यन्त थोरै सामग्री र बालसाहित्यका पुस्तकहरूका आधारमा तयार गरेको थिएँ । तर सम्भवतः त्यही लेखको कारणले हो- तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०४४ सालमा आयोजना गरेको नेपाली बालपुस्तकका लेखक तथा कलाकारहरूको कार्यशाला/नेपाली बालपुस्तक र पठनगोष्ठीमा मैले पनि सहभागी हुने अवसर पाएँ । त्यस कार्यशालामा बालबालिकाका लागि लेखिने सिर्जनात्मक लेखनबारे प्रसिद्ध भारतीय बालसाहित्यकार मनोरमा जफाले जानकारी दिएकी थिइन् । कार्यशालाकै क्रममा मैले १/२ ओटा बालकविता लेखेँ । ती बालकविता नै बालबालिकाका लागि लेखिएका मेरा पहिला बालकविता हुन् । त्यहाँबाट फर्केपछि म बालकविता लेखनमा सक्रिय भएर लागेँ ।

**६. बालसाहित्यका क्षेत्रमा प्रकाशित तपाईंका पुस्तकहरू के-के छन् ?**

फुटकर रूपमा २०४४ सालदेखि बालकविता लेख्न थाले पनि मेरो पहिलो बालकृति **कान समात् कान** (बालकवितासङ्ग्रह) २०५३ सालमा वाणी प्रकाशन, विराटनगरबाट प्रकाशित भएको छ । त्यसपछि रत्न पुस्तक भण्डारबाट २०६२ सालमा **कानाकाना कुर्र** (बालकवितासङ्ग्रह), सोही वर्ष साझा प्रकाशनबाट **सधैँभरि लुकामारी** (बालकवितासङ्ग्रह), बालसंसार प्रा.लि.बाट २०६६ सालमा **च्याइँच्याइँ सारङ्गी** (बालकवितासङ्ग्रह) र कथालयबाट २०६७ सालमा **मेरो साथी खोइ ?** (चित्रकविता) प्रकाशित भएका छन् । कथालयबाटै **भुर्रभुर्र चरी** (चित्रकविता) प्रकाशोन्मुख छ । यसबाहेक **पीपलको सपना** (चित्रकथा, २०६५) विद्यार्थी पुस्तक भण्डारबाट र **रामोन म्यागासेसे पुरस्कार विजेता अन्तर्राष्ट्रिय नेपाली प्रतिभाहरू** (बालोपयोगी जीवनी, २०६५) बी.एन. पुस्तक संसारबाट प्रकाशित भएका छन् । यसबाहेक मेरो सम्पादनमा **प्रतिनिधि बालकविता** (२०६४), **प्रतिनिधि नेपाली बालकविता** (२०६६) र **हाम्रा प्रेरणा** (बालोपयोगी जीवनी, २०६७) जस्ता कृतिहरू पनि प्रकाशित छन् । यस्तै चिनियाँ बालकथाको एउटा सङ्ग्रह **माहुरी र गँडेउला** शीर्षकमा विवेक

सिर्जनशील प्रकाशन प्रा.लि. बाट २०६२ सालमा छापिएको छ । यी नै हुन् अहिलेसम्मका मेरा प्रकाशित बालकृतिहरू । अरू केही सङ्ग्रह प्रकाशनका क्रममा पनि छन् ।

**७. तपाईंको विचारमा बालसाहित्य के हो ?**

बालबालिकाको आफ्नै संसार हुन्छ । हामीले बालबालिकाको त्यही संसारलाई ध्यानमा राखेर उनीहरूको उमेरअनुसारको साहित्य सिर्जना गर्नुपर्छ । यस्तो सिर्जना गर्दा ज्ञानविज्ञानका विविध विषयबारे जानकारी दिने र सिर्जनात्मक हुन प्रेरणा दिने विषयवस्तु, सम्प्रेषणको रोचक शैली तथा सरल र बोधगम्य भाषा एवम् बालबोलीका शब्दहरूको प्रयोगमा विशेष ध्यान दिनुपर्छ । यसका साथै रङ र चित्रको अनिवार्य प्रयोग तथा आकर्षक मुद्रण पनि बालबालिकाका लागि तयार पारिने पुस्तकका लागि जरुरी हुन्छन् । त्यसैले बालसाहित्य भन्नासाथ यी सबै कुराहरू आउँछन् । बालसाहित्यका पुस्तकमा लेखन, चित्राङ्कन र मुद्रण तीनै पक्ष महत्वपूर्ण हुन्छन् । सरल वा बोधगम्य भाषामा लेख्दैमा कुनै पनि कृति बालसाहित्य हुनसक्दैन ।

अर्को कुरा बालबालिकाका लागि लेखिने साहित्यमा विधालाई पनि उत्तिकै ध्यान दिनुपर्छ । बालकवितामा अन्य कुराहरूसँगै लयात्मकता अत्यन्त आवश्यक हुन्छ । कथामा व्याख्या र वर्णनले भन्दा चरित्रका माध्यमबाट आफूले भन्न चाहेको कुरा भन्नु राम्रो हुन्छ । त्यस्तै जीवनी लेख्दा कथात्मक शैलीमा लेख्न सके त्यस्ता जीवनी पढ्न बालबालिका बढी लालयित हुन्छन् । चित्रकथामा भन्न खोजेको कुरा शब्दभन्दा चित्र बढी बोल्नु पर्छ । यसो हुन सकेमा बालसाहित्य वास्तवमै बालबालिकाका लागि रुचिकर र पठनीय हुनसक्छ ।

**८. तपाईं त नेपाली बालसाहित्यको इतिहास र नेपाली बालवाङ्मय परिचयकोशको लेखक पनि हुनुहुन्छ । नेपाली बालसाहित्य अहिले कसरी अघि बढिरहेको छ ?**

हो, नेपाली बालसाहित्यको म २०५० सालदेखि निरन्तर रूपमा अध्ययन गरिरहेको छु । त्यही अध्ययनको परिणाम हुन् मेरा यी दुई कृतिहरू- **नेपाली बालसाहित्यको इतिहास** (२०५७) र **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५) । नेपाली बालसाहित्य अहिले लेखन, प्रकाशन, चित्राङ्कन र मुद्रण यी सबै दृष्टिले विगतका तुलनामा निकै अघि बढेको छ । लेखनका दृष्टिले अहिले नयाँ पुस्ता निकै सक्रियताका साथ यस क्षेत्रमा लाग्नुले यसको उज्ज्वल भविष्यको सङ्केत गर्छ । बालसाहित्य लेखक, प्रकाशक र चित्राङ्कनकर्ताको सङ्ख्या बढ्नुलाई पनि सकारात्मक मान्नुपर्छ । पहिले वर्षको १५/२० वटा बालकृति छापिने गरेकोमा अहिले वर्षको १०० देखि १७५ को बीचमा छापिनु उल्लेखनीय पक्ष हो । तर यसो भन्दैमा सबै कुरा ठीक छ भन्ने होइन । विशेषगरि हामीले बालबालिकालाई सूचनामूलक सामग्रीहरू त्यत्ति दिन सकेका छैनौं । साथै

सिर्जनात्मक कृतिहरूमा पनि अधिकांश विभिन्न धार्मिक-पौराणिक आख्यान, लोकसाहित्य र विदेशी लेखकका कृतिका आधारमा लेखिएका छन् । त्यसैले मौलिक-सिर्जनात्मक कृति तयार गर्ने काममा हाम्रो ध्यान जानु आवश्यक छ । यस्तै विषयगत रूपमा एकाङ्की/नाटक र जीवनीका पुस्तक अत्यन्त थोरै लेखिएका छन् । यी विधातर्फ पनि हाम्रो ठोस प्रयास हुनु जरुरी छ ।

अर्को पक्ष, बालकृतिमा हुने चित्राङ्कनको हो । चित्रकारको सङ्ख्या बढेको छ । तर सक्षम र मिहिनेती कलाकार भने देखिएका छैनन् । केही राम्रा कलाकारहरू महँगा भएकाले प्रकाशकहरू उनीहरूलाई प्रयोग गर्न चाहँदैनन् । यस्तो अवस्थामा बालपुस्तकमा भएका धेरै चित्र 'कामचलाउ' मात्र छन् । केही ठूला गैरसरकारी सङ्घसंस्था र केही पुराना-प्रतिष्ठित प्रकाशनसंस्थाबाट छापिएका बालपुस्तकबाहेक अन्यबाट छापिएका बालपुस्तक विषयवस्तु, प्रस्तुति, चित्र, कागज, साजसज्जा, मुद्रण आदि सबै दृष्टिले कम गुणस्तरका छन् । एउटा अर्को पक्ष के पनि हो भने अधिकांश बालपुस्तकहरू सम्पादन नभएर छापिने गरेका छन् । यसले पनि समस्या निम्त्याउने गरेको छ ।

कतिपयले बालसाहित्य लेखनलाई सरल लेखन र फुर्सदको मन बहलाउने साधनको रूपमा पनि लिएका छन् । यो उचित होइन । वास्तवमा यो अत्यन्त जिम्मेवारीपूर्ण काम हो । त्यसैले लेखक, चित्रकार, प्रकाशक सबैले आ-आफ्ना जिम्मेवारीलाई उचित ढङ्गले निर्वाह गर्नु भने आवश्यक छ ।

**९. विधागत रूपमा नेपाली बालसाहित्यको स्थिति कस्तो छ ?**

नेपाली बालसाहित्यमा सबैभन्दा बढी बालकथाका पुस्तक प्रकाशित छन् । बालबालिका कथा अत्यधिक रुचाउने हुनाले पनि बालकथाका पुस्तक बढी प्रकाशित भएका हुन् । अहिले चित्रकथाका पुस्तक बढी छापिन लागेका छन् । यो सकारात्मक कुरा हो । बालकविताका पुस्तक पनि राम्रै सङ्ख्यामा छापिने गरेका छन् । बालकविता र बालगीतका पुस्तक पनि केही न केही देखिएकै छन् । अहिले जीवनी र निबन्धका पुस्तक पनि निस्कन थालेका छन् । तर यो अत्यन्त कम छ । जीवनीमा पनि एउटै व्यक्तिको जीवनी दोहोरिने क्रम बढी छ । विविधता देखिएको छैन । फेरि जीवनीलाई लेखकहरूले परम्परागत ढङ्गले प्रस्तुत गर्ने गरेकाले पनि त्यत्ति प्रभावकारी हुन सकेका छैनन् । त्यस्तै एकाङ्की/नाटकका क्षेत्रमा पनि अत्यन्त कम पुस्तक प्रकाशित भएका छन् । अब हामीले बालसाहित्यका विषयगत विविधता र विधागत विविधतातिर पनि ध्यान दिनुपर्छ । यसो हुन सकेमा नेपाली बालसाहित्यको सन्तुलित विकासमा मद्दत पुग्छ ।

**१०. बालसाहित्यको विकासका लागि क-कसले के-कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?**

पहिलो उत्तरदायित्व त लेखक र चित्राङ्कनकर्ताकै हो । विशेष गरेर बालकृतिहरू अझ विशेष गरेर चित्रकथा तयार गर्दा लेखक र चित्रकार सँगै बसेर छलफल गर्नु आवश्यक हुन्छ । यसरी छलफल गरेर चित्रकथाका चित्र तयार गर्दा लेखकले भन्न खोजेको भाव चित्रमा प्रतिबिम्बित हुनसक्छ । बालसाहित्य प्रकाशकहरू र बालसाहित्यसम्बन्धी सङ्घसंस्थाका पनि आ-आफ्नै जिम्मेवारी छन् । ती सबैले आफ्नो जिम्मेवारीलाई उत्तरदायित्वपूर्ण ढङ्गले निर्वाह गर्नुपर्छ । यसबाहेक, राज्यको पनि उत्तिकै दायित्व छ । बालसाहित्यको विकासका लागि सरकारले एउटा बालसाहित्य एकेडेमी गठन गर्नुपर्छ र त्यसमार्फत सहुलियत दरमा कागज उपलब्ध गराएर पुस्तक प्रकाशन गर्ने र सस्तो मूल्यमा विक्री गर्ने व्यवस्था गर्नुपर्छ । किनकि भोलि राष्ट्रकै जिम्मेवारी लिनुपर्ने बालबालिकालाई सक्षम बनाउन बालसाहित्यले निर्वाह गर्ने भूमिका ज्यादै महत्वपूर्ण हुन्छ । अनि बालसाहित्यको विकासका लागि प्रत्येक जिल्लामा पुस्तकालय स्थापना गर्ने र त्यसमा बालपुस्तक कक्ष राखेर बालबालिकाबीच पठन संस्कृतिको विकास गर्ने प्रयास थालिनु पर्छ । यस्ता प्रयासले बालसाहित्यको विकासमा सहयोग पुऱ्याउने निर्विवाद छ ।

**११. नेपाली बालसाहित्यका कृतिहरूमध्ये तपाईंलाई मनपर्ने कृतिहरू कुन-कुन हुन् ?**

मलाई माधव घिमिरे, कृष्णप्रसाद पराजुली, बुँद राना आदिका बालकविता मन पर्छन् । त्यस्तै विनयकुमार कसजूका बालकथाको विषयवस्तु र प्रस्तुति मलाई मीठो लाग्छ । अरू कतिपय नयाँ लेखकका बालकथाहरूमा नयाँपन देखिन थालेका छन् । नयाँ किसिमका विषयवस्तु, शैली र भाषा भएका सबै रचना राम्रा लाग्छन् । यही-यही कृति भन्ने  छैन ।

**१२. तपाईं धेरै क्षेत्रमा संलग्न हुनुहुन्छ । समयको व्यवस्था कसरी मिलाउनु हुन्छ ?**

'खाने मुखलाई जुँगाले छेक्दैन' भन्ने नेपाली उखानै छ । लगाव र इच्छा भयो भने कुनै कुरा पनि असम्भव हुँदैन । म व्यस्तताहरूबीच पनि समय निकाल्ने प्रयास गर्छु र त्यस्तो समयको सदुपयोग गर्छु । एउटा उद्देश्यमा जुटेपछि त्यो नसकिएसम्म म त्यसमा निरन्तर लागिरहन्छु । **नेपाली बालसाहित्यको इतिहास** मैले २०५० देखि २०५६ सम्मको निरन्तर प्रयासबाट तयार गरें । त्यस्तै **नेपाली बालवाङ्मय परिचयकोश** तयार गर्न २०६३/६४ दुई वर्ष पुरै घोटिएँ । पुस्तक पसलहरू चहारेर बालपुस्तक किनें, चिनेकाहरूसँग मागे अनि पुस्तकालयहरू धाएर विवरणहरू सङ्कलन गरेँ । त्यसपछि मात्र पुस्तक तयार भयो । **नेपाली निबन्धको इतिहास** तयार गर्न पनि करिब-करिब दुई वर्ष लाग्यो । सिर्जनात्मक रचनाहरू लेख्नचाहिँ समयको व्यवस्थापन गर्न त्यति आवश्यक पर्दैन । किनभने म कथा, उपन्यास लेख्दिनँ ।

**१३. साहित्यको सिर्जनामा तपाईंको श्रीमती र छोरीको सहयोग कस्तो पाउँदै आउनुभएको छ ?**

परिवारको सहयोगविना साहित्यको साधना सम्भव छैन । साहित्यको साधनाका लागि शान्त र सहयोगपूर्ण वातावरण अपरिहार्य हुन्छ । यस हिसाबले मैले जहिलेसुकै पनि साहित्य सिर्जना र साधनाका लागि परिवारको महत्वपूर्ण सहयोग पाएको छु । धेरै साहित्यकारहरू विवाहपछि साहित्य र कलक्षेत्रबाट पलायन भएको मैले देखेको छु । तर म भने विवाहपछि अझ सक्रियताका साथ साहित्यको क्षेत्रमा लागिरहेको छु । घरव्यवहारको महत्वपूर्ण जिम्मेवारी आफ्नो काँधमा लिएर मेरी श्रीमती ब्यूटी प्रधानले मलाई साहित्यिक क्षेत्रमा लाग्ने वातावरण बनाइदिएकी छिन् । यो सबैभन्दा महत्वपूर्ण कुरा हो । त्यसअतिरिक्त मेरा रचनाहरू प्रकाशित हुँदा उनलाई सन्तोष र खुसीसमेत लाग्छ । त्यसले पनि मलाई साहित्य क्षेत्रमा लाग्न थप ऊर्जा प्राप्त हुने गरेको छ ।

यस्तै मेरी एउटी छोरी छ-सृष्टि प्रधान । मेरा रचनाहरू प्रकाशित हुँदा उनलाई अत्यन्त खुसी अनुभव हुन्छ । मैले घरमा साहित्यिक काम गरिरहेको बेलामा व्यवधान हुन नदिएर र सहयोग पुऱ्याएर पनि उनले मलाई साहित्यका क्षेत्रमा लाग्न उत्साहित गरेको मैले अनुभव गरेको छु । यसबाहेक मेरा पुस्तकहरू, पत्रपत्रिकाहरूको सुरक्षा गरिदिएर पनि दुवैले मलाई ठूलो सहयोग पुऱ्याएका छन् ।

**१४. प्रारम्भकालीन समयमा तपाईंहरू विराटनगरमा एउटा साहित्यिक समूहमा आबद्ध भएर लाग्नु भएको थियो, त्यसबारे केही जानकारी दिनुहुन्छ कि ?**

विराटनगरको महेन्द्र मोरङ आदर्श क्याम्पसमा अध्ययनरत हुँदा साहित्यमा अभिरुचि हुने त्यहाँका हामी विद्यार्थीहरू एउटा समूह बनाएर साहित्यिक सिर्जना र गतिविधिहरूमा सक्रिय भएर लागेका थियौं । त्यहाँ पूर्वाञ्चलका विभिन्न ठाउँबाट अध्ययनका लागि विद्यार्थीहरू आउने गर्थे । यो २०३१/३२ सालतिरको कुरा हो । त्यतिबेला सो क्याम्पसमा अशेष मल्ल, इन्दिरा प्रसाईं (पहिले शर्मा), कृष्णभूषण बल, नारायण तिवारी, प्रमिला उप्रेती, महेश प्रसाईं, लक्ष्मण नेवटिया, विष्णुविभू घिमिरे, शैलेश आचार्यलगायत साहित्यमा रुचि हुने थुप्रै विद्यार्थी पढ्दैथिए । म पनि त्यही क्याम्पसमा पढ्थें । हामी सबै मिलेर त्यसबेला युवा साहित्यिक परिवार नामक समूह बनाएका थियौं । हामी कुनै दिवङ्गत साहित्यकारलाई सभापति मानेर खुला आकाशमुनि चौरमा साहित्यिक कार्यक्रम गर्थ्यौं । त्यसबेला हामी आफ्ना रचना सुनाउने, सुनाइएका रचनाहरूमाथि टिप्पणी गर्ने, नयाँ पढेका पुस्तकबारे चर्चा-परिचर्चा गर्ने, बाहिरबाट आएका साहित्यकारहरूसँग भेटघाट र कुराकानी गर्ने गर्थ्यौं । सोही समूहबाट हामीले **प्रयोग** नामक कृति दुई भाग निकाल्यौं । पहिलोमा मुक्तकहरू थिए भने दोस्रोमा लघुकथा । तर लघुकथालाई लघुकथा नभनी रेच्की गल्प भनिएको

थियो । रेच्की गल्प नामचाहिँ हाम्रा गुरु प्रसिद्ध भाषाशास्त्री बालकृष्ण पोखरेलले भूमिका लेखनमा दिनुभएको थियो र हामीले त्यसैलाई स्वीकारेका थियौं । पछि अध्ययनका लागि थुप्रै साथीहरू काठमाडौं लागेपछि समूह स्वतः विघटन भयो ।

**१५. बालसाहित्यका क्षेत्रमा आगामी दिनमा के गर्ने सोच बनाउनु भएको छ ?**

नेपाली बालसाहित्यको अध्ययन र अनुसन्धानको कार्यलाई निरन्तरता दिने मेरो विचार छ । यसक्रममा अहिले **नेपाली बालसाहित्यको इतिहास**को तेस्रो संस्करण प्रकाशन गर्नका लागि अद्यावधिक, परिमार्जन र थपघट गर्ने कार्य गर्दैछु । त्यस्तै **नेपाली बालवाङ्मय परिचयकोश**मा पनि नयाँ कृतिहरूको परिचय थप्ने कार्य गरिरहेकै छु । **नेपाली बालसाहित्यको इतिहास**को तेस्रो संस्करण रत्न पुस्तक भण्डारले छाप्ने तय भएको छ । तर **नेपाली बालवाङमय परिचयकोश** कसरी छाप्ने भन्ने अहिले निर्णय भएको छैन । यसबाहेक केही प्रमुख नेपाली बालसाहित्यलेखक, प्रकाशक, बालसाहित्य पुस्तकका सम्पादकहरूको अन्तर्वार्ता लिएर पुस्तक तयार पार्ने सोच पनि छ । तर फुर्सद कति हुन्छ त्यसमा भर पर्छ । सिर्जनात्मक कृतिहरू पनि केही न केही त लेख्छु नै । एउटा जीवनीको पुस्तक तयार गर्दैछु । तर त्यो बालबालिकाका लागि नभएर किशोरकिशोरीहरूका लागि हुने छ ।